# शिक्षक

www.teacher.org.np

मूल्य रु ५०/-

मङ्सिर २०६८



शिक्षक र फूटबल !

तेस्रो पक्ष अर्थात् अभिभावक

जे पर्ला पर्ला !

हामी विद्यार्थी

भोलिको लागि शिक्षा

# घटाऊँ गृहकार्य बढाऊँ परियोजना कार्य




जाडो महिनाको आगमनसँगै आएको छ - रुघा खोकीको समस्या पनि । जति-जति चिसो बढ्दै जान्छ, त्यती नै हाम्रो रोग प्रतिरोधात्मक शक्ति पनि घट्दै जान्छ र प्रदुषण अनि किटाणुले हामीलाई बिरामी बनाउने पूरा तयारी गर्छ । त्यसकारण **४७ आयुर्वेदिक तत्व युक्त डाबर च्यवनप्राश** दैनिक २ चम्चा सेवन गरी **३ गुणा** रोग प्रतिरोधात्मक शक्ति बृद्धि गर्नुहोस् र यी सबै समस्याहरुबाट सजिलै बच्नुहोस् । डाबर च्यवनप्राश - **घरमै दुई चम्चाको तयारी, राख्छ टाढा बिमारी ।**

# शिक्षक मासिक

वर्ष ४ पूर्णाङ्क ४४

मङ्सिर २०६८
Nov–Dec 2011


आवरणः रविन सायमि

# परियोजना कार्यः लाभैलाभ



जुद्धोदय पब्लिक स्कूल, काठमाडौंका विद्यार्थीहरू भक्तपुरको कला सङ्ग्रहालय अवलोकन गर्दै ।

रिपोर्ट

पृष्ठ ४६-४९

## आफ्नै सूचना !

पूर्व सूचनाअनुसार यो अंकदेखि *शिक्षक* को पृष्ठ संख्या ७२+४ र प्रतिकपि मूल्य रू.५० कायम गरिएको छ । यसअनुसार वार्षिक ग्राहक शुल्क (सामान्य) रू.६०० हुनेछ ।

## समाचार


समाचार १२-१४

स्कूल सुधारको पैसा, शिक्षक युनियनको भवनमा ■ शिक्षक काजमा कडाइ ■ एकै समयमा दुईतिर काम गर्न नपाइने ■ शिक्षकको रिटलाई अग्राधिकार


## अन्य सामग्री


जिम्मेवारी एकातिर काम अर्कातिर १६

कमसल कागज स्तरहीन छपाइ २०

परियोजना कार्य के, किन र कसरी ?
*डा. तुलसीप्रसाद थपलिया,* ३६

यसरी गर्न सकिन्छ कार्यान्वयन
*इम नारायण श्रेष्ठ,* ४०

भोलिका लागि आजको शिक्षा
*हिदर वलपर्ट गावरोन,* ५०

विज्ञानको आँखामा फूल
*डा. तीर्थबहादुर श्रेष्ठ,* ५४

हामी कति सभ्य ?
*भरत अधिकारी,* ५८

**बहस शिक्षा र शिक्षकका समस्या** पृष्ठ २४-३१

- हेमलता उप्रेती
- रमन गौतम
- रमेशहरि शर्मा ढकाल
- रत्न के.सी.
- डम्बरबहादुर बोहरा
- युवराज दाहाल
- राजन भुजेल


## स्तम्भ


विषय-सन्दर्भ २, हेराइ र बुझाइ ३, प्रतिक्रिया र सुझाव ४, हामी विद्यार्थी ६, मनका कुरा ८, तेस्रो पक्ष ३२
जिज्ञासा र जवाफ ६४, फुर्सद ६७, आलेपालो ७२



ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेडका लागि अध्यक्ष **दीपक थापा** द्वारा प्रकाशित

**सम्पादक**
राजेन्द्र दाहाल

**सल्लाहकार सम्पादक**
केदार शर्मा

**सहायक सम्पादक**
सुदर्शन घिमिरे

**वरिष्ठ संवाददाता**
बाबुराम विश्वकर्मा

**संवाददाता**
प्रमोद आयाम

**ले-आउट**
विपेन्द्र घिमिरे
खड्गबहादुर मगर

**प्रमुख कार्यकारी अधिकृत**
पीताम्बर कट्टेल

**विज्ञापन**
रामचन्द्र घिमिरे

**लेखा**
बन्दना श्रेष्ठ

**बिक्री वितरण/ग्राहक सेवा**
हरि ढकाल, तारानिधि रेग्मी

**कार्यालय**
**ज्ञान-विज्ञान सहकारी संस्था लिमिटेड**
***(शिक्षक* मासिक)**
मचागाः (मच्छिन्द्रमार्ग), जावलाखेल, ललितपुर,
**पो.ब.नं. ३९१, ललितपुर**
फोनः सम्पादकीय- ५५४३२५२
व्यापार/विज्ञापन- ५५४८१४२
ग्राहक गुनासो (उपत्यका मात्र)- ४२६५६८६,
फ्याक्सः ५५४११९६
इमेलः mail@teacher.org.np,
वेबः www.teacher.org.np,
मुद्रणः जगदम्बा प्रेस, हात्तीवन, ललितपुर

जिप्रका लपु द.नं ५३/०६५/०६६


**ग्राहक तथा बिक्रेताहरूले समयमै पत्रिका प्राप्त नभएमा फोन नं. ९७२१५८००४८ मा तत्काल जानकारी गराउनुहोला । यो नम्बरमा जानकारी गराउँदा पनि पत्रिका प्राप्त नभएमा फोन नं. ९८५११३६३४५ मा प्रमुख कार्यकारी अधिकृतलाई खबर गरिदिनुहोला ।**

■ केदार शर्मा

# समानता र सहकार्य

**बाघ र बाख्रामा के-के समानता छन् ?**

व्यक्ति, समाज, समुदाय, भाषा, विचार, नश्ल, संस्कृति आदिका हुनसक्नेसम्मका अन्तरहरू केलाउन सिकाइएको अहिलेको अवस्थामा समानता खोज्ने यो प्रश्न कति सान्दर्भिक छ ? विविधताहरूमा गर्व गर्न सिकेका हामीले अब हाम्रा समानताहरू खोजेर तिनमा पनि गर्व गर्न सिक्नु र सक्नुपर्छ कि ?

माथिको प्रश्नको एउटा उत्तर यस्तो हुन सक्ला- बाघ र बाख्रा दुवैथरी चारखुट्टे प्राणी हुन् र दुवै नै 'बाघचाल' भन्ने खेलका गोटी पनि हुन् !

**त्यसोभए शिक्षक, अभिभावक र विद्यार्थीहरूमा के-के भिन्नता छन् त ?**

शिक्षक र अभिभावकमा धेरै अन्तर छन्- शिक्षकमा निश्चित शैक्षिक योग्यता हुनुपर्छ, अभिभावकमा त्यो हुनु जरूरी छैन; शिक्षकले पढाएबापत पारिश्रमिक पाउँछन्, अभिभावकले अभिभावक भएबापत केही पाउँदैनन्; शिक्षकले आफ्नो हकहितका लागि हड्ताल गर्न सक्छन्, अभिभावक केही गर्न सक्दैनन् आदि-आदि। विद्यार्थीसितका अन्तरका त कुरै नगरौँ; बबुराहरूलाई अभिभावक र शिक्षकले उमेर, योग्यता, हैसियत, बल, बुद्धि, अनुभव, शक्ति कुनै पनि हिसाबले आफू बराबरका ठान्न पनि चाहँदैनन्।

अब एकछिन् यी तीनथरी (शिक्षक, अभिभावक र विद्यार्थी)का समानता केलाएर हेरौँ। बाघ-बाख्राकै पाराले भन्ने हो भने तीनैथरी भविष्य नामको खेलका गोटी हुन्। तर यो खेलमा भने हारजित हुँदैन, कि जितै जित हुन्छ, कि हारै हार। जिते सबैले जित्छन्, हारे सबैले हार्छन्। यी तीनैथरीको एउटै प्राथमिक लक्ष्य छ- शिक्षा। शिक्षकहरू आफ्ना विद्यार्थीलाई राम्रो पढाएर नाम, जस, प्रतिष्ठा पाउन चाहन्छन्। अभिभावकहरू आफ्ना सन्तानलाई राम्रो शिक्षा-दिक्षा दिएर उनीहरूको र आफ्नो समेत भविष्य सुनिश्चित गर्न चाहन्छन्, आफ्ना सन्तानको नाम सुवास देशदेशावर पुगोस् भन्ने चाहन्छन्। विद्यार्थीले झन् ठूला सपना देखेका हुन्छन्। देखे-सुने अनुसार साना कक्षामा हुन्जेल 'डाक्टर/नर्स बनेर रोगीको सेवा गर्ने', भनुन् वा बढ्दै गएपछि 'पाइलट' वा 'कम्प्युटर इन्जिनियर' बन्ने भनुन् 'पढ्नु नपर्ने वा थोरै पढे पनि हुने खालका' करियर उनीहरूले पनि रोजेका हुँदैनन्। तर पनि हाम्रो शिक्षा सही गति र गन्तव्यतिर उन्मुख किन देखिँदैन ?

यसपटक मलाई विद्यार्थीका लागि सृजनशील लेखनका बारेमा कुराकानी गर्दै धेरैवटा स्कूल घुम्ने संयोग जुट्यो। दु:खको कुरा, अधिकांश स्कूलहरू हुनुपर्ने जस्ता छैनन्। 'हुनुपर्ने जस्तो'लाई अलि ठूलै माग मान्ने हो भने यसैलाई संशोधन गरे हुन्छ, अधिकांश स्कूलहरू 'हुनसक्ने' स्तरका पनि छैनन्। तीन चार ठाउँमा केही शिक्षकहरूसित अनौपचारिक छलफल पनि भयो, स्थिति किन यस्तो छ र यसलाई कसरी सपार्न सकिन्छ भन्ने बारेमा। शिक्षक साथीहरूले एकैखालका गुनासो गर्नुभयो, अभिभावकहरूका बारेमा। अभिभावकहरूले विद्यार्थीको पढाइका बारेमा ध्यान नै नदिएको, बालबालिकालाई घरमा पढ्ने समय नदिएको तर रिजल्ट भने राम्रो खोजेको, पढाइलाई चाहिने सामग्रीहरू जुटाउनमा हेलचेक्र्याइँ गरेको, छोराछोरीका सामुन्ने शिक्षकहरूका बारेमा नकारात्मक कुरा गरेर आदरभाव जाग्न नदिएको, सानै उमेरमा मोबाइल फोन दिएको- गुनासाहरू एकदमै धेरै थिए।

जुन विद्यालयका शिक्षकहरूसित मैले कुरा गरेँ, त्यही विद्यालयका अभिभावक र विद्यार्थीसित त कुरा गर्न मिलेन, तर अर्का दुईवटा समुदायका अभिभावकसित पनि पढाइका बारेमा कुरा उप्काएँ। यो कुनै व्यवस्थित अनुसन्धान थिएन, चिया पसलमा भेटिने खालका अभिभावकसित मात्र कुरा भएको हो; तर उनीहरू भने शिक्षकहरूप्रति क्रूद्ध नै पाइए। 'स्कूलमा पढाउँदैनन्, ट्युसन र कोचिङ क्लासमा बोलाउँछन्, तलब मात्र खान्छन्, राजनीति गर्छन्' आदि आदि।

अनि शिक्षकहरूलाई त्यसरी दोष लगाउने अभिभावकलाई शिक्षकका गुनासा पनि सुनाएँ मैले। 'हामीले जान्दैनौँ भनेर त सरकारले तिनीहरूलाई तलब खुवाएको नि !' एकजना अभिभावकले नेताले जस्तो कुरा गरिहाले। तर केही अभिभावकले भने सकारे, 'धेरै कुरा जानिँदैन, जानेको कुरा पनि गर्न सकिँदैन। छोराछोरी पनि अटेरी हुन थाले, साना हुन्जेल मर्लान् भन्ने पीर, हुर्केपछि मार्लान् भन्ने पीर !'

दुवैथरीको गुनासो विद्यार्थीप्रति पनि !

यसपटक विद्यार्थीसित यसै विषयमा कुरा गर्न अनुकूल परेन। तर उनीहरूसित पनि चाँडै नै यस विषयमा कुरा गर्न मन लागेको छ।

यी तीनैथरीमा विशिष्ट समानता छ, तर त्यसको प्रतिफल हासिल हुनसकेको छैन। वास्तवमा समानता मात्र भएर पुग्दैन, सहकार्य पनि हुनु आवश्यक छ। समान विचार र समान लक्ष्य भएका व्यक्ति वा समुदायहरूले मिलेर काम गरे मात्र केही हात लाग्न सक्छ।

फेरि पनि, यो सहकार्य कसले गर्ने ? हामी त सधैँ झैँ, यसका लागि पनि हाम्रै मुख्य पाठकहरू, अर्थात् शिक्षक साथीहरूलाई नै योग्य देख्छौँ। छलफल गरौँ, कुराकानी गरौँ र यो समानतालाई शक्ति बनाऔँ।

# आत्मदाह र आत्मप्रशंसाः उस्तै उस्तै

**महाभारत** युद्धको १२औं दिन; युधिष्ठिरलाई जोगाउने क्रममा छोरो (अभिमन्यु) मारिए भन्ने खबर सुन्नेवित्तिकै अर्जुनको विवेकले ठाउँ छोड्यो । 'आफ्नो प्राण जोगाउन तिमीले भतिजोलाई युद्धको आगोमा होमिदियौ । तिमी जस्ता नीच, कायर र पापी...' भन्दै अर्जुन युधिष्ठिर माथि खनिए ।

अर्जुनको मुखबाट बर्सिएको अत्यन्त निम्नस्तरको गालीले सबैलाई अक्क न बक्क पार्‍यो । व्यासले सम्झाउन खोज्दा पनि अर्जुनले केही सुनेनन् ।

समय बित्दै जाँदा अर्जुनको आक्रोश मन्थर हुँदैगयो । जब उनी सामान्य मनस्थितिमा फर्किए, आफूले धर्मराज विरुद्ध प्रयोग गरेका अपशब्द र गाली सम्झिए । त्यसपछि उनलाई ग्लानिले सताउन थाल्यो । उनी मैले यो के गरेँ; धर्मराजलाई तथानाम अपशब्द प्रयोग गरेको यो अनुहार अब संसारका अगाडि कसरी देखाउनु भन्दै गिडगिडाउन थाले । यत्तिकैमा उनले निर्णय सुनाए, "अब बाँचेर के गर्नु? त्यसैले आत्मदाह गर्छु ।"

अर्जुन उठेर आत्मदाहको अनुमति माग्न कृष्णकहाँ पुगे । अघिदेखि रुष्ट भएका कृष्णले पनि 'आफ्नो आक्रोश रोक्न नसक्ने तिमी जस्ता क्रोधीले अवश्य पनि आत्मदाह गर्नुपर्छ' भनिदिए ।



आत्मदाहको निम्ति दाउराको चिता तयार पार्न थालियो । यत्तिकैमा सुभद्रा र उत्तरा कृष्णको छेउमा गएर रुवाबासी मच्चाउन थाले । उनीहरूलाई सम्हाल्न कठिन हुँदै गएपछि कृष्णले अर्जुनलाई बोलाएर भने "युधिष्ठिर विरुद्धको तिम्रो मिथ्या प्रलापको प्रायश्चित आत्मदाह जत्तिकै कठोर दण्डबाट मात्र हुनसक्छ । तर आत्मदाहको एउटा विकल्प पनि छ ।"

अर्जुन, "त्यो के हो ?"

"तिमी आफैंले आफ्नो प्रशंसा गर्नुपर्छ । आत्मदाह र आत्मस्तुति समानस्तरकै दण्ड हुन् ।"

त्यसपछि, गम्भीर मुद्रामा एक घण्टा जति आत्मप्रशंसा गरेर अर्जुन भोलिपल्टको युद्धबारे सोच्दै आफ्नो शिविरतिर लागे ।

*(मनु शर्मा लिखित कृष्णको आत्मकथा, भाग-८)*



# प्रतिक्रिया र सुझाव




## मूल्य वृद्धिसँगै राहत पनि

*शिक्षक* ले मङ्सिर (२०६८) अङ्कदेखि आठ पृष्ठ बढाएर ग्राहकवर्गलाई थप सामग्री दिन लागेको जानकारी पाइयो। त्यसमा कम्तीमा दुई पृष्ठ युवा तथा विद्यार्थीका लागि समर्पित गर्ने भनेर भनिएको छ। त्यो दुई पृष्ठ अन्तर्गत कम्तीमा एक पेज जतिमा शिक्षा सेवामा प्रवेश गर्न खोज्ने युवाहरूको लागि शैक्षिक; सामान्य ज्ञान र नयाँ-नयाँ शैक्षिक सूचना, तथ्याङ्क समावेश गरिदिए हामीलाई थप ऊर्जा प्राप्त हुनेथियो। त्यति गरे हामी ग्राहकहरूलाई मूल्य वृद्धिसँगै राहत पनि सँगै प्राप्त हुनेथियो।

नरसिंह बुढा
बालबोध प्र. निमावि, भुम्के पेउघा, रुकुम

*(यहाँको सुझावलाई गम्भीरतापूर्वक लिएका छौं। सं.)*

## नाम छापिंदा खुसी लाग्यो

*शिक्षक* मासिक २०६८ असोज अङ्कमा शब्दखेल-३४ को पुरस्कार विजेतामा (देउरादेवी प्रावि सुतार, अछाम) छानिएको देख्दा एकदमै खुसी लाग्यो। अछाम जिल्लाको अति नै दुर्गम क्षेत्रमा अवस्थित देउरादेवी प्राविको नाम देशभरि नै फैलाइदिएकोमा *शिक्षक* मासिकलाई धेरै-धेरै धन्यवाद।

विष्णुभक्त जैसी
देउरादेवी प्रावि, सुतार, मेलकाटियाँ, अछाम

## चरम श्रमशोषण !

हामी पी.सी.एफ. अनुदानमा कार्यरत शिक्षकहरू विभिन्न कुराबाट पीडित छौं। एक त शिक्षा विभागले यो अनुदानमा काम गर्ने शिक्षकलाई निर्जीव वस्तु सम्झेर तलब सुविधामा ठूलो विभेद गरिदिएको छ। त्यसमा पनि अधिकांश विद्यालयले लक्षित अनुदानभन्दा बढी शिक्षक नियुक्ति गरी शोषण गरिरहेका छन्। यस्तो समस्या लिएर शिक्षा कार्यालयमा बुझ्न जाँदा 'पी.सी.एफ. अनुदानमा काम गर्ने व्यक्ति शिक्षक नै होइनन्, विद्यालयले जति पनि नियुक्त गरी पठनपाठन गराउन सक्छ, यस्ता कुरा लिएर यहाँ नआओ' भनी दुर्व्यवहार गरिन्छ।

जब शिक्षण अनुमतिपत्र प्राप्त दक्ष र योग्यता भएका व्यक्तिलाई आवश्यक प्रक्रिया (लिखित, मौखिक र प्रयोगात्मक) पुऱ्याएर नियुक्ति गरिन्छ, अनि विद्यालयको समयभरि पठनपाठनमा संलग्न गराइन्छ भने किन त्यस्ता व्यक्तिलाई शिक्षक भनिदैन? किन न्यूनतम तलब सुविधाबाट पनि वञ्चित गरिन्छ? के यो श्रमशोषणको चरमोत्कर्ष भएन र? यस्तो अवस्थामा कसरी स्फूर्तिलो भएर पठनपाठन गराउन सकिन्छ? अनि कसरी प्राप्त हुन्छ शिक्षाको लक्ष्य र उद्देश्य?

कल्पना खरेल,
ने.रा. उमावि, निजगढ, बारा





## *शिक्षक* सङ्ग्रह २०६७

*शिक्षक* मासिकको २०६७ सालका अंकहरू 'बाइण्डिङ' गरिएको सङ्ग्रह तयार भएको छ। इच्छुक पाठक तथा बिक्रेताहरूले नजिकको पत्रिका पसल अथवा *शिक्षक* को कार्यालयमा सम्पर्क राख्नुहोलाः

कार्यालयः ०१-५५४८१४२, ९७२१५८००४८ (हरि), मूल्य रू.: ४००/-


## शिक्षा पुरस्कारमा पनि भागबण्डा

केही समययता जिशिका म्याग्दीले हरेक निर्णय जिल्लामा क्रियाशील पेशागत संघ-सङ्गठनका नेताहरूको रोहवरमा गर्ने गरेको छ। शिक्षा दिवस २०६८ मा पुरस्कृत हुने शिक्षकहरूको नाम सिफारिस गर्दा समेत यही प्रक्रियालाई निरन्तरता दिइयो। २०६८/५/२३ को *गोरखापत्र* मा प्रकाशित पुरस्कृत शिक्षकहरूको नाम हेर्दा क्रमशः नेशि संघ म्याग्दीका अध्यक्ष, अनेशि संगठन म्याग्दीका अध्यक्ष, अनेशि संगठन म्याग्दीकै सदस्य र नेराशि संगठन म्याग्दीका सदस्य गरी चारजनाको नाम देखियो।

शिक्षक पुरस्कृत गर्ने पवित्र कार्यमा समेत शिक्षाको पेशागत दक्षता र सीपको मूल्याङ्कन नगरी यसरी राजनीतिक दलको भ्रातृसङ्गठनका रूपमा चिनिने पेशागत सङ्गठनहरूबीच भागबन्डा लगाउने हो भने जिशिकाको भूमिका के? पुरस्कार पाउन स्वाभिमानी र कर्तव्यनिष्ठ शिक्षकले पनि ती संघ-सङ्गठनको झोला बोक्नै पर्ने? कि जिशिकाका कर्मचारीको गोडा मोल्ने? आधिकारिक व्यक्तिहरूले *शिक्षक* मार्फत नै मेरा प्रश्नको जवाफ दिऊन्।

रामप्रसाद शर्मा पौडेल
बाल जागृति प्रावि, बगुवा, म्याग्दी

## सास्ती र विभेद सँगसँगै

निमावि तहको अस्थायी शिक्षण लाइसेन्स-धारीहरूलाई महेन्द्ररत्न क्याम्पस; ताहाचल काठमाडौं तथा गोरखा क्याम्पसबाट उक्त तहको शिक्षा तालिम पाउन सकिने जानकारी *शिक्षक* को साउन अङ्कबाट थाहा भयो। तर उक्त तालिममा समावेश हुनका लागि महेन्द्ररत्न क्याम्पसमा पटक-पटक जाँदा पनि अनभिज्ञता प्रकट गरियो। त्यसले गर्दा म जस्ता टाढा-टाढाका शिक्षक साथीहरूलाई निकै सास्ती भोग्नु परिरहेको छ।

आवतजावत गर्दा पटक-पटक खर्च हुने तर उपलब्धि प्राप्त नहुने समस्या रहेको छ। के यसका लागि जि.शि.का.हरूमा नै यसको फारम भर्ने व्यवस्था गर्न सकिंदैन? के शिक्षक तालिम केन्द्रहरूमा यस्तो तालिमको व्यवस्था गरेर सबैलाई एकै स्थानमा समावेश गराई पारदर्शी परीक्षामा सहभागी गराउन सकिंदैन? अथवा स्थायी लाइसेन्स प्राप्त गर्न उत्तीर्णाङ्क ६० प्रतिशत राखेर अस्थायी

**२०३६ सालदेखि सङ्घर्षरत विद्यालयका कर्मचारीहरूले अहिलेसम्म कुनै पनि किसिमको सेवासुविधा राज्य कोषबाट पाउन सकेका छैनन् । एउटै विद्यालयको छतमुनि जीवन बिताउने शिक्षकले राज्यबाट सम्पूर्ण सेवासुविधा पाउने तर कर्मचारीहरूले सेवापश्चात् बूढो शरीरसहित रित्तोहात लिएर घर फर्किनुपर्ने यो कस्तो विडम्बना; कस्तो विभेद ?**

लाइसेन्सधारीहरूलाई मात्र समावेश गराउन सक्ने गरी स्थायी लाइसेन्सको अर्को विज्ञापन गराउन मिल्दैन ? अनि; शिक्षा सङ्कायको ३५ प्रतिशत परिणाम प्राप्त गर्नेहरू धेरै 'प्यारो' अनि मानविकी, व्यवस्थापन तथा विज्ञान सङ्कायको ६० प्रतिशत हाराहारी प्राप्त गर्नेहरूलाई राज्यबाट यस्तो घृणा र अपमान किन ? हामीले कति सास्ती भोग्नुपर्ने ?

शिक्षाको क्षेत्रमा शिक्षकको मूल्याङ्कन सङ्कायको आधारमा होइन, मौजुदा क्षमता र पारदर्शी प्रतिस्पर्धाको आधारमा हुनुपर्छ । ब्राइटफ्युचर उमावि दुलेगौडा, तनहुँका मानविकी सङ्काय पढेर सफल गणित शिक्षक घोषित भएका नेत्रराज अधिकारीको अद्वितीय क्षमता, बलियो इच्छाशक्ति तथा विना तालिमको सफल अध्यापनलाई पनि आत्मसात् गरेर अगाडि बढ्ने हो कि ! डा. विद्यानाथ कोइरालाले लेख्नुभएको जस्तै तालिमको विकल्प स्वतालिम अनुसरण गर्ने कि ? शिक्षक छनोट प्रक्रियालाई नै परिष्कृत, वैज्ञानिक, व्यवस्थित तथा पारदर्शी रूपले सञ्चालन गरेको खण्डमा तालिमको मारमा केही कमी हुने देखिन्छ ।

**विजयराज महतो**
**किसाननगर-८, महोत्तरी**

## विद्यालय कर्मचारीको बेहाल

म *शिक्षक* मासिक पत्रिकाको नियमित ग्राहक हुँ । यो पत्रिकामार्फत देशको शिक्षा क्षेत्रमा भइरहेका विकास र त्यहाँका समस्या छर्लङ्ग हुन्छन् । तर *शिक्षक* पत्रिका केवल शिक्षकहरूको नभई विद्यार्थी, अभिभावक सबैको हुनुपर्दछ । त्यसमा सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरू पनि पर्नुपर्छ। तसर्थ शिक्षाको विकासको निमित्त विद्यालयमा कार्यरत कर्मचारीहरूको योगदानका बारेमा उनीहरूले पाइरहेको सेवा-सुविधाका बारेमा र उनीहरूले पाउनुपर्ने सेवा-सुविधाका बारेमा *शिक्षक* पत्रिकामार्फत चर्चा गर्नु अपरिहार्य हुन्छ ।

२०३६ सालदेखि सङ्घर्षरत विद्यालयका कर्मचारीहरूले अहिलेसम्म कुनै पनि किसिमको सेवासुविधा राज्य कोषबाट पाउन सकेका छैनन् । एउटै विद्यालयको छतमुनि जीवन बिताउने शिक्षकले राज्यबाट सम्पूर्ण सेवासुविधा पाउने तर कर्मचारीहरूले सेवापश्चात् बूढो शरीरसहित रित्तोहात लिएर घर फर्किनुपर्ने यो कस्तो विडम्बना; कस्तो विभेद ?

शिक्षा मन्त्रालय र विद्यालय कर्मचारीबीच समय-समयमा कैयौं पटक आन्दोलन र सहमति भएका छन् तर कुनै पनि सहमति कार्यान्वयन हुनसकेका छैनन्। पछिल्लो पटक २०६७/७/११ गते हालसम्म विद्यालयमा कार्यरत कर्मचारीलाई सेवा अवधि गणना हुने गरी सामायोजन गर्ने, कर्मचारीको छनोट, नियुक्ति तथा सेवा सुविधा सम्बन्धी शर्तहरू शिक्षा नियमावलीमा व्यवस्था गर्ने; सेवामा रहँदा वा अवकाशप्राप्त हुँदा सम्पूर्ण सुविधा कानुनद्वारा सुनिश्चित गर्ने; विद्यालयलाई व्यवस्थापन खर्चबापत सरकारबाट प्रदान गरिने बजेटमध्ये कर्मचारीहरूको लागि भनेर सशर्त बजेटको व्यवस्था गर्ने, आ.व. २०६६/६७ मा प्राथमिक, निम्नमाध्यमिक तथा माध्यमिक विद्यालयलाई क्रमशः रु.२२०००, रु.२७००० र रु.३१००० उपलब्ध गराउने; आ.व. २०६७/६८ मा प्राथमिक, निम्नमाध्यमिक तथा माध्यमिक विद्यालय तहको लागि क्रमशः रु.४२०००, रु.५२०००, र रु.६२००० तहगत रूपमा व्यवस्था गर्ने तथा आ.व. २०६८/६९ मा कर्मचारीको खर्च वापतको पूर्ण रकम उपलब्ध गराउने भनी सहमति भएको थियो ।

सम्झौता अनुसार आ.व. २०६७/६८ मा नेपाल सरकारबाट विद्यालयलाई रकम उपलब्ध त भयो तर उक्त रकमबाट आन्तरिक स्रोत नभएका विद्यालयमा कार्यरत कार्यालय सहयोगी मात्रको आधा पेट मात्र भरिन सक्थ्यो । त्यसमाथि सरकारी अनुदान प्राप्त हुनासाथ शिवजीको (वि.व्य.स.) तेस्रो नेत्र खुलिहाल्यो । तसर्थ विद्यालयमा कार्यरत कर्मचारीलाई दरबन्दीमा समायोजन गरी शिक्षकको जस्तै निकासाको व्यवस्था यथासक्य मिलाउनु हुन सम्बन्धित निकायको ध्यान आकर्षित गर्न चाहन्छु ।

**शैलेन्द्र ताजपुरिया**
**नेपाल विद्यालय कर्मचारी परिषद्**
**जिल्ला कार्यसमिति, मोरङ**


विश्वविद्यालयका प्राध्यापकहरूबाट अध्यापन गराइने यस काठमाडौं शिक्षा क्याम्पसमा
एम.एड. (अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, शैक्षिक योजना तथा व्यवस्थापन र पाठ्यक्रम)
बी.एड. एकवर्षे र तीनवर्षे (अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, गणित, जनसंख्या, सामाजिक, शैक्षिक प्रशासन र सुपरिवेक्षण)
+२ (शिक्षा, मानविकी, व्यवस्थापन र कम्प्युटर विज्ञानका कक्षा सञ्चालन भइरहेको छ । तीनथाना, काठमाडौं, फोन: ४३११८४३)

नेपालको पहिलो सामुदायिक शिक्षा क्याम्पस
**काठमाडौं शिक्षा क्याम्पस**
पद्मोदय उमाविको भवन, रामशाहपथ, काठमाडौं,
फोन: ०१-४२३०२४०, ९८५१०११६४६, ९८४१३२५९००, ९८४१२६५५४४,
नोटिस बोर्ड नं.: क्याम्पस सूचना-१६१८०१४२३०२४०, विद्यार्थी सूचना-१६१८००००३०२४१
उक्त नं. हरूमा नेपालभरिका लोकल फोनबाट सम्पर्क गर्न सकिनेछ ।
E-mail: kscram@ksc.edu.np, URL: www.ksc.edu.np

**KSC Notice**
✓ विभिन्न विषयका विशेषज्ञहरूद्वारा छुट्टै स्रोत कक्षाको व्यवस्था गरिएको ।
✓ वेबसाइट नोटिस बोर्ड तथा फेसबुकमार्फत सूचना प्रदान र आधुनिक प्रविधिबाट अध्यापन ।
✓ कक्षा सञ्चालन साँझ ४ देखि ८ तथा प्रशासन दिनको १ देखि साँझ ८ बजेसम्म
✓ अभ्यास शिक्षण (एम.एड., एक वर्ष बि.एड र बि.एड. तेस्रो वर्ष ) कार्तिक २० गतेबाट
**बि.एड. प्रथम वर्षमा छात्रवृत्ति सहित भर्ना खुल्यो ।**

जगदीश उप्रेती



# सोधौं, सोधिरहौं !

**हामी धेरै विद्यार्थीहरूको साझा समस्या हो– आफूले नजानेको वा नबुझेको कुरा सोध्न हिच्किचाउने। सरले 'बुझ्यौ त !' भनेर सोध्दा नबुझे पनि मुन्टो हल्लाउने बानी रहेसम्म हामी सफल विद्यार्थी त बन्दैनौं नै, असल विद्यार्थी समेत कहलिन सक्दैनौं। त्यसैले साथीहरूलाई मेरो विनम्र आग्रह छ, नजानेसम्म शिक्षकलाई सोधौं, सोधिरहौं।**

हाम्रो घर काभ्रे जिल्लाको दोलालघाटमा हो। तर मेरा बा-आमा काठमाडौं; सीतापाइलामा किराना पसल थापेर बस्नुभएकाले (जुन अद्यापि छ) म सानैदेखि यतै बसें। सानोमा आफूहरू शिक्षाको अवसरबाट बञ्चित भएको कारणले गर्दा होला, मेरा बा-आमाले मलाई राम्रोसित पढोस् भनेर निजी स्कूलमा भर्ना गरिदिनुभयो। थोरै विद्यार्थी, सानो ठाउँ। पाँच कक्षासम्म मैले एउटा निजी स्कूलमा पढें।

बोर्डिङमा पढ्न थालेको विद्यार्थीलाई हत्तपत्त सरकारी स्कूलमा पठाइँदैन। तर मेरो हकमा त्यो लागू भएन। प्राथमिक तह मात्र भएको उक्त स्कूलबाट ५ कक्षा उत्तीर्ण गरिसकेपछि मलाई केहीपर; बाफलस्थित ज्ञानोदय मावि (सरकारी स्कूल)मा भर्ना गरियो। दाइ (फुपूको छोरा)ले २०५८ सालमा ज्ञानोदयबाटै विशिष्ट श्रेणीमा एसएलसी उत्तीर्ण गरिसक्नुभएको थियो। छरछिमेकका धेरै केटाकेटी पनि ज्ञानोदयमै पढ्न जान्थे।

ज्ञानोदयमा प्रवेश गरेको पहिलो दिन मलाई बडो अनौठो महसुस भयो। पुरानो स्कूलका पूरै विद्यार्थी भन्दा ज्यादा एउटै कक्षामा (९० जनाभन्दा बढी) देख्दा मलाई अचम्म लागेको थियो। उताको स्कूलमा अङ्ग्रेजीमा पढाइ हुन्थ्यो। अङ्ग्रेजी शब्दसित म अभ्यस्त थिएँ तर त्यही कुरालाई नेपालीमा के भनिन्छ भन्ने कुरा थाहा थिएन। 'एङ्गल'लाई 'कोण', 'लाइन' लाई 'रेखा' भनेर आत्मसात् गर्न मलाई महिनौं लाग्यो।

थोरै विद्यार्थी भएको कक्षामा पढ्ने बानी बसेकाले ठूलो कक्षामा अभ्यस्त हुन मलाई निकै समय लाग्यो। पछिल्ला बेञ्चमा बस्दा कहिलेकाहीँ शिक्षक देख्नै मुस्किल पर्दथ्यो। धेरै साथीहरूको बीचमा हराइएला कि; पुरानो स्कूलमा जस्तो राम्रो गर्न सक्दिनँ कि भन्ने भयले मलाई पहिलो त्रैमासिक परीक्षासम्म धेरै नै सतायो। त्यो परीक्षामा ७५ जनालाई उछिन्दै प्रथम स्थान हासिल गरेपछि मन केही ढुक्क भयो। आत्मविश्वास बढ्न थाल्यो। त्यतिबेला मैले बुझें, पढाइमा सफलता हासिल गर्न आत्मविश्वासको कति ठूलो हात हुँदोरहेछ। त्यही आत्मविश्वास, लगन र बुझेर पढ्ने बानीका कारण हरेक कक्षामा राम्रो गर्दै गएँ र संयोगवश २०६७ को एसएलसी बोर्डमा चौथो (९३.५ प्रतिशत) एवं सामुदायिक विद्यालयतर्फ प्रथम स्थान हासिल गर्न पुगें।

खोइ किन हो, मलाई सानैदेखि डाक्टर बन्ने चाहना पलायो। एक सफल डाक्टर बन्ने मेरो उत्कट अभिलाषा छ। त्यही सपना पूरा गर्न म अहिले कक्षा ११ मा विज्ञान पढिरहेको छु। आफ्नो तर्फबाट हुनेसम्म प्रयास गर्नेछु, सफलता कसो हात नलाग्ला ! पैसा तिरेर डाक्टरी पढाउन मेरा अभिभावकको हैसियत छैन। त्यसैले छात्रवृत्तिमा नाम निकाल्न सकिन्छ भन्ने विश्वासका साथ पढिरहेको छु।

एसएलसीमा राम्रो अङ्क ल्याएपछि मलाई धेरैले 'यो केटो त अब नेपालमा के बस्ला र विदेश गइहाल्छ नि !' भन्ने गरेका छन्। तर म त्यसो गर्दिनँ। उच्च शिक्षा हासिल गर्ने सन्दर्भमा केही समय विदेश गइहालें भने पनि फर्केर नेपाल नै आउनेछु र नेपालकै सेवामा आफूलाई समर्पित गर्नेछु। यो मेरो अठोट हो। नेपाल र नेपालीको सेवामै जीवन बिताउने मेरो लक्ष्य छ।

"साधारण सरकारी स्कूल पढेर कसरी उत्कृष्ट विद्यार्थी बनिस्" भनेर आजकाल धेरैले मलाई सोधिरहन्छन्। सत्य कुरा के हो भने, म कहिल्यै पढन्ते विद्यार्थी थिइनँ। स्कूलमा शिक्षकले भनेका कुरा राम्रोसित सुन्ने, नबुझेको कुरा तत्काल सोधेर बुझिहाल्ने, घरमा आएर तुरुन्तै गृहकार्य गर्ने मेरो नियमित दिनचर्या रह्यो। त्यस बाहेक आफूलाई रुचि लागेको विषयमा म स्कूलको पुस्तकालयमा गएर पढ्थें। घरमा टुप्पी कसेर पढ्ने काम कहिल्यै गरिनँ। त्यसमा मलाई विश्वास पनि थिएन र त्यो मेरो क्षमताभन्दा बाहिरको कुरा थियो। शिक्षकहरूले पनि कण्ठ गरेर भन्दा बुझेर पढ्न नै जोड दिनुहुन्थ्यो। भनिहालुँ, मेरा कति साथीहरू अनुच्छेदका अनुच्छेद कण्ठस्थ गरेर पानी बनाउँथे तर म त्यसो गर्न सक्दिनथें। मैले 'थोरै पढ्ने तर बुझेर पढ्ने' मन्त्रलाई अनुसरण गरेको हुँ, अहिले पनि त्यसै गर्दैछु।

सफल विद्यार्थी कसरी बन्ने ? यस बारेमा मलाई धेरै कुरा थाहा छैन। तर मेरो अनुभवले भन्छ, जिज्ञासु र लगनशीलताले नै हामीलाई सफल बनाउँछ। हामी धेरै विद्यार्थीहरूको साझा समस्या

हो- आफूले नजानेको वा नबुझेको कुरा सोध्न हिच्किचाउने। सरले 'बुझ्यौ त!' भनेर सोध्दा नबुझे पनि मुन्टो हल्लाउने बानी रहेसम्म हामी सफल विद्यार्थी त बन्दैनौं नै, असल विद्यार्थी समेत कहलिन सक्दैनौं। त्यसैले साथीहरूलाई मेरो विनम्र आग्रह छ, नजानेसम्म शिक्षकलाई सोधी रहौं। हो, धेरै जिज्ञासा राखिरहँदा शिक्षकले कहिलेकाहीं झण्झट मान्न सक्छन्। उनीहरू झोक्किए पनि हामी नम्र भएर प्रस्तुत हुनुपर्छ। किनकि हाम्रो लक्ष्य आफ्नो जिज्ञासा शान्त पार्ने हो, नयाँ ज्ञान हासिल गर्ने हो। त्यसैले हामीले धैर्य राख्नुपर्छ। शिक्षकको *मुड फ्रेस* बनाउनुपर्छ र फेरि सोध्नुपर्छ। र; एउटा कुरामा ढुक्क भए हुन्छ, सिक्न खोज्ने, मिहिनेत गर्ने र अनुशासित विद्यार्थीलाई शिक्षकले जहिल्यै माया गर्छन्, कहिल्यै तिरस्कार गर्दैनन्।

पढाइमा सफलता हात पार्न नभई नहुने कुरा हो, कक्षामा नियमितता। आजको कक्षा त्यति महत्त्वपूर्ण छैन, छुटाए पनि केही फरक पर्दैन भनेर मैले कहिल्यै अल्छी मानिनँ। त्यस्तै, प्रस्तुतिमा मौलिकता सफल विद्यार्थी हुन आवश्यक अर्को महत्त्वपूर्ण गुण रहेछ। जाँचको तयारी गर्दा गाइड, गेसपेपर मैले पनि पढें। तर परीक्षामा मैले कहिल्यै पनि पाठ्यपुस्तक, गाइड, गेसपेपर वा शिक्षकले लेखाएको भाषामा लेखिनँ। कुरा बुझिएको छ भने उही कुरालाई आफ्नै पाराले पनि त लेख्न सकिन्छ नि ! प्रस्तुतिमा जति मौलिकता हुन सक्यो, उति नै बढी सृजनशील हुन सकिँदोरहेछ। म सानैदेखि अरूको भन्दा भिन्न र राम्रो तरिकाले कसरी लेख्न/प्रस्तुत गर्न सकिन्छ भनेर सोच्थें। अहिले आएर मलाई थाहा भो, सफल विद्यार्थी बन्न यो अत्यावश्यक कुरा पो रहेछ !

स्कूलमा अतिरिक्त क्रियाकलापहरू भइरहन्थे। हाजिरीजवाफ प्रतियोगिता होस् वा वक्तृत्वकला, खेलकुद होस् वा निबन्ध, म सबैजसो प्रतियोगितामा भाग लिने गर्थें। एउटा निबन्ध प्रतियोगितालाई म कहिल्यै भुल्न सक्दिनँ जसले मेरो स्कूले जीवनलाई झंकृत तुल्याइरह्यो। कक्षा ८ मा हुँदा 'आधुनिक युगमा टेलिभिजन च्यानलको चमत्कार' शीर्षकमा मैले लेखेको निबन्धले स्कूलमा सर्वोत्कृष्ट पुरस्कार पायो। त्यसले मलाई विद्यार्थी साथी र शिक्षकहरू दुवैको बीचमा थप लोकप्रिय बनायो। नेपाली विषयका सरहरूले त 'यस्तै गरी लेख्दै गयौ भने भविष्यमा तिमी राम्रो साहित्यकार बन्न सक्छौ' भनेर समेत हौस्याउनुभयो। भविष्यमा साहित्यकार त म के बनुँला र; तर त्यो निबन्धलेखनपछि मलाई एउटा कुरा बोध भयो, 'म लेख्न सक्छु।'

निबन्ध, वक्तृत्वकला, सङ्गीत, खेलकुदलगायतका प्रतियोगिताहरू हरेक स्कूलमा नियमित रूपमा भइरहनुपर्ने कुरा रहेछन्। तिनले हामीभित्र अन्तरनिहित प्रतिभा र क्षमताको प्रस्फुटन र विकसित गर्न महत्त्वपूर्ण योगदान गर्ने रहेछन्। हामीले त्यस्ता प्रतियोगिताहरू सकभर नछुटाई भाग लिनुपर्दछ जसले हाम्रो क्षमता तिखार्न र 'म सक्छु' भन्ने आत्मविश्वास बढाउन ठूलो टेवा पुऱ्याउँछ।

ज्ञानोदयमा नेपाली र अङ्ग्रेजी दुवै भाषामा पढाइ हुन्छ। एकोहोरो अङ्ग्रेजी वा नेपाली माध्यममा मात्र शिक्षण क्रियाकलाप हुनुभन्दा दुवै भाषामा हुनु राम्रो हो भन्ने कुरा मैले त्यहीं अनुभव गर्न पाएँ। किनकि यसले हामीलाई दुवै भाषामा राम्रोसित सोच्न, पढ्न, बुझ्न र अभिव्यक्त गर्न सक्ने बनाउँदोरहेछ। अङ्ग्रेजी माध्यममा मात्र पढाइ हुने निजी स्कूलका साथीहरू

**सत्य कुरा के हो भने, म कहिल्यै पढन्ते विद्यार्थी थिइनँ। स्कूलमा शिक्षकले भनेका कुरा राम्रोसित सुन्ने, नबुझेको कुरा तत्काल सोधेर बुझिहाल्ने, घरमा आएर तुरुन्तै गृहकार्य गर्ने मेरो नियमित दिनचर्या रह्यो। त्यस बाहेक आफूलाई रुचि लागेको विषयमा म स्कूलको पुस्तकालयमा गएर पढ्थें। घरमा टुप्पी कसेर पढ्ने काम कहिल्यै गरिनँ।**

नेपालीमा कमजोर छन् भने अरू सरकारी स्कूलका साथीहरू चैं अङ्ग्रेजीमा। *मिक्स मोडेल* कक्षामा हुर्किएको कारणले गर्दा मलाई दुवै भाषामा सञ्चार गर्न सजिलो भएको छ। नेपालमा जन्मेपछि नेपालीमा पनि पोख्त हुनैपऱ्यो नि !

धेरैजसो विद्यार्थीलाई गृहकार्य टाउकोदुखाइको विषय बन्ने गरेको पाइन्छ। शायद अर्काले जबरजस्ती थोपरेको काम भन्ने तरिकाबाट बुझिएका कारण यस्तो मनोविज्ञान बनेको होला। तर गृहकार्य हाम्रो आफ्नै ज्ञान र क्षमता बढाउनका लागि दिइने कुरा रहेछ। त्यसैले हामी विद्यार्थीले यसलाई आफ्नो काम ठान्नुपर्दछ। बरु नियमित रूपमा गृहकार्य नदिइने वा दिइए पनि जाँच नगरिने स्कूलका विद्यार्थी साथीहरूलाई मेरो सुझाव छ, गृहकार्य नियमित गरिरहनुहोस् र शिक्षकले नदिए माग्ने पनि गर्नुहोस्। किनकि यो काम तपाईंले शिक्षकका लागि होइन, आफ्नै लागि गर्ने हो। स्कूलमा पढेको कुरा घरमा फर्केर हरेक साँझ दोहोऱ्याएर एकपटक पढ्दा दिमागमा राम्रोसित बस्दोरहेछ।

हामीले पाठ्यपुस्तकमा मात्र पनि आफूलाई सीमित गर्नुहुँदैन। पाएसम्म म पाठसित मिल्ने अरू किताबहरू खोजी-खोजी पढ्ने गर्दथें। चार-पाँच वर्षअघि पढेका कुरा अहिले पनि उत्तिकै काम लाग्दोरहेछ। स्कूलको वा सामुदायिक पुस्तकालयमा त्यस्ता किताबहरू भेटिन्छन्। पाठसित सम्बन्धित मात्र होइन, कोर्ष बाहिरका रुचि लाग्ने किताब पनि भ्याएसम्म पढ्नुपर्नेरहेछ। किताब सँगसँगै समसामयिक कुराहरूमा चासो दिने, टोलछिमेकका गतिविधिहरू नियाल्ने, राष्ट्रिय र अन्तर्राष्ट्रिय गतिविधिहरूमा अद्यावधिक हुन पत्रपत्रिका पढ्ने, रेडियो सुन्ने, टिभी हेर्न छुटाउनु हुँदोरहेनछ। किताब त पुरानो हुन्छ, यी समाचारमाध्यमले हरेक दिन नयाँ-नयाँ कुरा जानकारी दिन्छन्, जुन हाम्रो किताबमा हुँदैनन्। त्यसैले, यो पनि हाम्रो पढाइको एक अङ्ग नै रहेछ।

हामी हरेक विद्यार्थी जीवनमा केही बन्न र गर्न चाहन्छौं। त्यसमा कुनै शङ्का छैन। भविष्यमा जे बन्ने/गर्ने भए पनि त्यसको लागि ज्ञान, सीप र क्षमता चाहिन्छ। त्यो त्यतिकै हासिल हुँदैन। त्यसनिम्ति हामीसित बलियो इच्छाशक्ति, दृढ अठोट अनि निरन्तर लागिपर्ने लगनशीलता र धैर्य चाहिन्छ। विद्यार्थी जीवनमा सफल हुन हामीसित नभई नहुने कुरा यही हो। त्यसैले, साथीहरूलाई मेरो अनुरोध छ, सर्वप्रथम हामी सफल र असल विद्यार्थी हुने अठोट गरौं। यही अठोटले नै हामीलाई सफलता दिलाउनेछ।

*१७ वर्षीय उप्रेती हाल कुमारीपाटी, ललितपुरस्थित क्यास्पियन भ्याली कलेजमा कक्षा ११ मा अध्ययनरत छन्।*




# हामी फूटबल !

**"वास्तवमा नेपालका शिक्षक केही पनि होइनन्, केवल फूटबल हुन्। खेल्न आउनेले हान्दा पनि हुने, नआउनेले हान्दा पनि हुने। जता मन लाग्यो उतै हान्दा हुने; जसरी मन लाग्यो त्यसरी नै हान्दा पनि हुने।"**

■ **चन्द्रकला खनाल**

"शिक्षक गुरु हो, शिक्षक पथप्रदर्शक हो, शिक्षक अभिभावक हो, शिक्षक विद्वान् हो, शिक्षक ज्ञाता हो, शिक्षक दाता हो ..." जस्ता विशेषणयुक्त भनाइ सुन्दा पनि अचेल शिक्षकको सम्मान होइन, उपहासै पो गरिएको हो कि भन्ने लाग्न थालेको छ। कहिलेकाहीं मनमनै भन्छु, "वास्तवमा नेपालका शिक्षक केही पनि होइनन्, केवल फूटबल हुन्। खेल्न आउनेले हान्दा पनि हुने, नआउनेले हान्दा पनि हुने। इच्छा अनुसार जता मन लाग्यो उतै हान्दा हुने; जसरी मन लाग्यो त्यसरी नै हान्दा पनि हुने। अरु गोलपोस्टमा निशाना लगाएर हान्दा त आफ्नो अभीष्ट नै पूरा हुने।"

खै किन हो, मलाई त शिक्षक र फूटबल, फूटबल र शिक्षक एकअर्काका पर्याय झैं लाग्न थालेका छन्। उ.मा.शि.प. +२ का शिक्षकहरूलाई फूटबल बनाएर निरुद्देश्य खेलाइरहेछ। शिक्षकहरू युनियन गठन गरी विभिन्न ठाउँमा गोष्ठी गर्छन्, समस्या पर्गेल्छन्, विरोध जनाउँछन् र बल झैं उफ्रेर कहिले राजधानी त कहिले यथास्थानमा आएर मिल्किन्छन्, थोत्रो प्वाल परेको बल झैं कामै नलाग्ने भएर। थन्किनु, मिल्किनु र विरोध गर्नु दुर्बलताको प्रतीक हो। +२ का शिक्षकहरूको न टेक्ने ठाउँ छ, न त समाउने हाँगो नै। विरोध नगर्दा थन्किनुपर्छ, विरोध गर्दा मिल्किनुपर्छ। अरु विरोधीको पीडा सुन्ने/सुनाउने सबै पीडितहरू, पीडकको उपस्थिति हुँदैन। सबै माग्ने, माग्नेको भीडमा दिने कसले?

साँढेको जुधाइ, बाच्छाको मिचाइ झैं प्रशासकको गोटीचलाइमा किचिएका छन् शिक्षकहरू। कसैलाई स्थायित्वको चिन्ता छ, कसैलाई अनुभवको घमण्ड। कसैलाई ठूला नेताको साथ छ, कसैको शिरमा तथास्तुको हात। हात र साथको अगाडि नतमस्तक भएर शिर झुकाइ बुद्धिमानीको प्रमाणपत्र देखाउँदै हीनताबोधले ग्रसित जीवन बाँचिरहेका छन् +२ का शिक्षकहरू। कति सस्तो जीवन? कति सस्तो इज्जत? कति शून्य अस्तित्व? कति सम्मानित पेशा? जसलाई जतिबेला मन लाग्यो जागिरमा लगाउन सकिने, आफूले भनेको नमाने तलब घटाउन, नचाहिँदा लाञ्छना लगाउन र यतिबाट पनि नभए बाटो देखाउन सकिने! एउटा शिक्षकले बाटो तताए के भो र! बजारमा छ्यासछ्यास्ती छँदैछन् प्रमाणपत्रधारीहरू! विश्वबजारले विभिन्न दामका बल उत्पादन गरेकै छ, अरु त्यसमा बम्पर उपहार पनि। त्यसैले त शिक्षक पेशा बाठाका लागि मालामाल, सोझा र इमानदारका लागि फूटबलकै हाल।

जसका लागि शिक्षक दिनरात चक झैं घोटिइरहेका छन्, कालोपाटी झैं पोतिइरहेका छन्, तिनै विद्यार्थी र अभिभावक पनि शिक्षकलाई फूटबल बनाएर खेलिरहेका छन्। कसैको 'फि' तिर्ने पैसा छैन, शिक्षकको जिम्मेवारी। कसैको किताब छैन, शिक्षककै जिम्मेवारी। परीक्षा आयो; उनीहरूको भविष्यकै जिम्मेवारी। अरूको भविष्यको पहरेदार बनेर खटेको शिक्षक आफ्नै अन्धकार भविष्यसँग पौंठेजोरी खेलिरहेको वास्ता नगरी विद्यार्थीले शङ्खघोष गर्छन्, "फलानो शिक्षक परीक्षामा आउनु भएन।"

त्यसपछि प्रशासकको फोन, व्यवस्थापकको फोन, अभिभावकको फोन। ओहो! कस्तो व्यस्त जीवन! कति सम्मानित पेशा! मानौं, सबैले शिक्षकलाई 'सम्मान गरेरै' फोन गरिरहेका छन्! शायद त्यतिबेला आफ्नो खिइएको शरीरलाई पनि शिक्षकले हात्ती भएको महसुस गर्छ। क्लान्त शरीरमा पनि स्फुर्ती अनुभव गर्छ। एक वर्ष पढाएका कुरालाई तीन घण्टामा टुङ्ग्याएर विद्यार्थीलाई ८० प्रतिशतको हकदार बनाउँछ, भविष्यप्रति निश्चिन्त भएर सुखको उच्छ्वास छोड्छ।

तर जब शिक्षकका अगाडि जीवन र जगतका वास्तविक समस्याका कङ्गालहरू जिडरिङ्ग भएर उभिन्छन्, त्यसपछि लाचार भएर प्रा.वि. भन्दा तल गिरेर आफ्नो अस्तित्व जोगाइरहेका हुन्छन्। त्यतिबेला तिनका 'पुरुषत्व', 'स्थायित्व' र 'अनुभवी'का अहम् लर्बराइरहेका हुन्छन्- फूटबल झैं। यदि उनीहरू उड्न खोजे भने उम्रन लागेका पखेटा काटिन्छन्, बोल्न मुख खोले भने हजारौं 'क्याकटस'ले घाँटी अठ्याउँछन्। उनीहरूको इमानदारी र श्रम अकालमै मारिन्छ। यही डरले बल झैं कुनै कुनामा मिल्किरहन बाध्य छन् +२ का शिक्षकहरू। यद्यपि सुनिरहेका छन्, "दुई/तीन घण्टा पढाएर यत्रो तलब खाने शिक्षक! क्याबात्!"

अलिकति भए पनि दुःख पोख्न पाएकोमा *शिक्षक* मासिकलाई धन्यवाद!

*श्री मसीलाल जनता उमावि, कुशाहा, सप्तरी*

**अनुरोध:** *मनका कुरा* स्तम्भका निम्ति देशभरबाट धेरै शिक्षक मित्रहरूले आफ्ना लेख, रचना पठाइ रहनु भएको छ। प्राप्त सबै रचना तत्काल प्रकाशित गर्न हामी सक्षम छैनौं। तथापि शिक्षकका भावना र विचारलाई अत्यधिक सम्मान र महत्व दिने हाम्रो घोषित नीति भने कायमै छ। यसर्थ, यो स्तम्भका निम्ति लेख, रचना पठाउनु हुने शिक्षक मित्रहरूलाई धैर्यपूर्वक केही महिना प्रतीक्षा गरिदिनु हुन सादर अनुरोध गर्दछौं। किनभने कतिपय रचना ३/४ महिना पछि पनि सान्दर्भिक र प्रकाशनयोग्य ठहर्न सक्छन्। - **सं.**

# संसार त विद्यालय नभए पनि चल्छ, तर...

■ रमेश खनाल

**विद्यार्थीले जति सिक्न सक्छ र जे सिक्न सक्छ, उसलाई त्यही सिकाउनुपर्छ। गणित विषय पास गर्न सकेन भनेर कक्षा चढ्नबाट रोक्नु न्याय होइन। कि त विद्यार्थीलाई पास गराउनै पर्छ कि उसलाई 'अब विद्यालयमा पढ्न नआऊ' भन्न सक्ने हिम्मत राख्न सक्नुपर्छ। यो संसार विद्यालय नभए पनि चल्छ तर मानिसको खुबी र प्रतिभाको विकास भएन भने सबै कुरा ठप्प हुन्छ।**

*फूलको आफ्नै रङ र सुगन्ध हुन्छ*
*त्यसलाई मौलाउन दिनुपर्छ मलजल गरेर,*
*कृत्रिम रङ पोतेर होइन।*
*बालकको आफ्नै प्रतिभा हुन्छ*
*त्यसको विकास हुन दिनुपर्छ प्रेरणा प्रदान गरेर,*
*मस्तिष्कमा सूचनाका पोका कोचेर होइन।*

हामी भन्छौं; शिक्षा बालकको रुचि र क्षमता अनुसारको हुनुपर्छ। हुनपर्ने त यही नै हो, तर जब कक्षाकोठामा प्रवेश गर्छौं हामी बदलिन्छौं। हामी ठान्न थाल्छौं, "विद्यार्थीका मस्तिष्क सूचना रेकर्ड गर्ने मेशिन हुन्।" त्यसैले सर्वप्रथम हामी ती मेशिनलाई सतर्क बनाउँछौं। किताबका लामा-लामा पाठलाई कच्चा पदार्थको रूपमा प्रयोग गर्छौं। पाठभित्र भएका कुरा र त्यससँग सम्बन्धित हामीसँग भएका जानकारीहरू हामी दोहोऱ्याइ-तेहेऱ्याइ कानको माध्यमबाट उनीहरूको मस्तिष्कसम्म पुऱ्याउने सक्दो प्रयास गर्छौं। अर्को दिन हामी उनीहरूलाई 'प्ले' गरेर हेर्छौं र विद्यार्थीले सिक्यो/सिकेन निर्धारण गर्छौं। रेकर्ड गर्न खोजिएका कुराहरू 'प्ले' गर्दा दुरुस्त बाहिर ओकलिए भने हामी सन्तुष्ट हुन्छौं; विद्यार्थीलाई स्याबासी दिन भने बिर्सिन पनि सक्छौं। तर; परिणाम हामीले खोजेजस्तो भएन भने हामी विद्यार्थीको मस्तिष्कलाई थोत्रो काम नलाग्ने मेशिनसँग दाँजेर गाली गर्न भने कहिल्यै बिर्संदैनौं।

हामी चाहन्छौं विद्यार्थी हाम्रो मोडेलको होस्, हामीले भनेको कुरा बुझोस्, सिकाउन खोजेको कुरा सिकोस् र हामीले चाहेको कुरा कण्ठ गरोस्; किनकि हामी चाहन्छौं ऊ जाँचमा पास होस्। हामी सोच्छौं, विद्यार्थी पास भयो भने हामी पनि पास भयौं। हामीलाई डर छ शतप्रतिशतभन्दा तलको नतिजा र अभिभावकको गालीसँग। तर हामीलाई कत्ति पनि डर छैन विद्यार्थीको भविष्यसँग। त्यसैले त हामी हाम्रा विद्यार्थीलाई पृथ्वीनारायण शाहले कुन कुन सालमा कुन कुन राज्यमाथि विजय हासिल गरे भनेर घोक्न लगाउँछौं; गणितका ५० वटा सूत्रहरू जबरजस्ती मस्तिष्कमा कोच्न लगाउँछौं। विद्यार्थीले भविष्यमा के गर्न सक्ला भन्ने कुरामा भन्दा न्युटनले विगतमा के के गरे, उनका नियम र सिद्धान्त के के हुन् भन्ने कुरामा हामी जोड दिन्छौं। विद्यार्थीले बुझोस् नबुझोस्; हामी ती नियम उसको मस्तिष्कमा भण्डारण गर्न लगाउँछौं। हामीलाई मतलब हुँदैन विद्यार्थीले के सिक्न सक्छ र के सिक्न चाहन्छ!

तिर्खा लागेको व्यक्तिलाई मुठीमा पानी लिएर पिलाइरहनु पर्दैन; पानी कहाँ छ, बताइदिए पुग्छ। तर जसलाई पानी पिउन मन नै छैन, उसको मुखमा पानीको पाइप नै फिट गरे पनि उसले पानी पिउँदैन। तसर्थ; खुट्टै नभएकोलाई दौड प्रतियोगितामा प्रथम बनाउन खोज्ने र हात नै नभएकोलाई बक्सर बनाउन खोज्ने हाम्रो संस्कार बदल्नु जरुरी छ।

जसरी गुलाबको फूलमा हामीले चाहेअनुसारको रङ भर्न सक्दैनौं र भर्ने प्रयास गरियो भने त्यसको सुगन्ध हराउँछ, फूल ओइलिएर जान्छ; ठीक त्यसरी नै बालकलाई आफूले चाहेजस्तो मात्रै बनाउन खोजियो र त्यसका लागि कृत्रिम रङ भर्न खोजियो भने उसले आफ्नो मौलिकता र पहिचान दुवै गुमाउँछ; उसको जिन्दगी पनि फूल ओइलिएजस्तै ओइलिएर जान्छ।

हरेक विद्यार्थीको आफ्नै क्षमता, प्रतिभा र पहिचान हुन्छ। त्यसलाई हामी बदल्न सक्दैनौं। क्षमता र प्रतिभा शिक्षकले दिने दान पनि होइनन्। यस संसारमा जे जति महान् मान्छेहरू जन्मिए के तिनीहरूका शिक्षक त्यस्तै महान् थिए? कुन शिक्षकले पढायो राइट दाजुभाइलाई जहाज यसरी बनाऊ भनेर? गणितका सूत्र र न्युटनका नियमको लक्ष्मीप्रसादलाई के काम? त्यसैले अब विद्यार्थीलाई फेल गराएर उसका मूल्यवान वर्षहरू खाल्डोमा हालिदिने शिक्षाको कुनै औचित्य छैन। विद्यार्थीले जति सिक्न सक्छ र जे सिक्न सक्छ, शिक्षकले उसलाई त्यही सिकाउनुपर्छ। अब गणित विषय पास गर्न सकेन भनेर विद्यार्थीलाई कक्षा चढ्नबाट रोक्नु न्यायपूर्ण शिक्षाको काम हुनसक्दैन। कि त विद्यार्थीलाई पास गराउनै पर्छ कि उसलाई 'अब विद्यालयमा पढ्न नआऊ' भन्न सक्ने हिम्मत विद्यालयहरूले राख्न सक्नुपर्छ। त्यसरी बीचमै स्कूल छाडेर पनि महान् बन्न सकेका धेरै मान्छेहरू इतिहासले जन्माइसकेको छ। यो संसार विद्यालय नभए पनि चल्छ तर मानिसको खुबी र प्रतिभाको विकास भएन भने सबै कुरा ठप्प हुन्छ।

शैक्षिक सोचमा परिवर्तन खोज्ने हो भने सर्वप्रथम बालकको मस्तिष्क पहिचान गर्नु नै आजको शिक्षाको पहिलो कर्तव्य हो। बालकको मस्तिष्क धान भर्ने भकारी जस्तो रित्तो भण्डारकोठा होइन जहाँ केही पनि नहोस् र बाहिरबाट जति खन्याउँदै गयो त्यति भरिँदै जाओस्। उसको मस्तिष्कले त केही लिएर आएको हुन्छ; जुन सुषुप्त अवस्थामा हुन्छ; त्यसलाई चिन्न सक्नुपर्छ, जगाउन सक्नुपर्छ। त्यसैले अबको शिक्षक विद्यार्थीको मस्तिष्कभित्र के छिराउने भन्नेतर्फ होइन, विद्यार्थीको मस्तिष्कलाई मन्थन गरेर के निकाल्न सकिन्छ भन्नेतर्फ लाग्नु जरुरी छ। यहाँनेर; विद्यार्थीलाई सूचना र ज्ञान प्राप्त गर्नुबाट बन्चित गर्नुपर्छ भन्ने आशय व्यक्त गर्न खोजिएको होइन। भन्न खोजिएको कुरा के मात्र हो भने सूचना दोस्रो प्राथमिकता हो र के कस्ता सूचना र ज्ञान दिने भन्ने कुरा शिक्षक र पाठ्यपुस्तकमाथि होइन विद्यार्थीमाथि भर पर्ने परिपाटी बसालिनुपर्छ।

*ब्लुस्टार उमावि, दुम्कीवास- १, नवलपरासी*




# सफल शिक्षक बन्ने कि ?

■ प्रभात सुवेदी

शिक्षाले जैविक मानव पिण्डलाई सामाजिक मानवमा रुपान्तरण गर्दछ। शैक्षिक प्रक्रियामा शिक्षक, अभिभावक, विद्यार्थी, समुदाय, सामाजिक संरचना तथा संस्थाहरू, पाठ्यक्रम तथा पाठ्यपुस्तक, सन्दर्भ सामग्रीहरू, विद्यार्थीको रुचि, विद्यालयको संरचना, भौतिक व्यवस्था, वातावरणीय अवस्था, कक्षाकोठाको उपयुक्त व्यवस्थापन जस्ता पक्षहरूको महत्त्वपूर्ण भूमिका रहन्छ। व्यक्तिको आन्तरिक क्षमता पहिचान गरी त्यसलाई प्रस्फुटित गराउनु नै शिक्षाको मुख्य ध्येय हो।

विविध क्षमताका बालबालिकाको प्रतिभा फस्टाउन दिनका लागि शिक्षकको भूमिका अति नै महत्त्वपूर्ण रहन्छ। अत: यहाँ शिक्षकले आफूलाई कसरी सफल र सबैको प्रियपात्र बनाउन सक्छन् भनी केही अनुसरणीय पक्षहरू उल्लेख गर्ने प्रयास गरिएको छ।

शिक्षक साथीहरू;

- आफूलाई शारीरिक तथा मानसिक रूपले हरबखत स्वस्थ र सुन्दर राख्नुहोस्। यसका लागि बिहान सबेरै उठेर केही व्यायाम या योगाभ्यास गर्नुहोस्, खानपानमा ध्यान दिनुहोस्, अखाद्य पदार्थहरूको सेवनबाट जोगिनुहोस्।
- अध्ययनले मात्र ज्ञानलाई निखारता प्रदान गर्छ। त्यसैले नियमित अध्ययन गर्ने र नवीनतम ज्ञान तथा समसामयिक विषयवस्तुप्रति आफूलाई सधैँ उत्सुक राख्नुहोस्।
- पेशाप्रति जिम्मेवार रहेर कसैको डर र त्रासमा नपरिकन आफू र आफ्नो पेशालाई गौरवशाली सम्झेर बालबालिकाको समुन्नत भविष्य निर्माणका लागि आफूलाई समर्पित गर्नुहोस्।
- समयको भरपूर उपयोग गर्नुहोस्; किनकि ठीक समयमा ठीक कार्य गर्ने मानिस विरलै निरास या असफल हुन्छ।
- विना योजना र तयारीको अध्यापन कहिल्यै नगर्नुस्। वार्षिक, मासिक तथा दैनिक कार्ययोजना बनाउनुहोस्।
- प्रार्थनाको समयमा विद्यालयमा नियमित रूपले उपस्थित हुनुहोस्, आफ्नो कक्षाको लाइन अगाडि रहेर आवश्यक निर्देशन दिनुहोस्; विद्यार्थीको सरसफाई तथा पोशाकको जाँच गर्नुहोस्।
- विद्यालय परिसरको सरसफाइमा विद्यार्थीसँगै सहभागी रहनुहोस्।
- कक्षाकोठामा हँसिलो मुहारका साथमा आफैँले अभिवादन गर्दै प्रवेश गर्नुहोस्। पस्ने वित्तिकै 'ल बस' (Sit down) नभनी सबै विद्यार्थीको अनुहारमा हेर्नुहोस्।
- कक्षामा प्रवेश गर्ने बित्तिकै पढाउन वा 'गृहकार्य' बटुल्न पनि नथाल्नुहोस्। केही प्रेरक प्रसङ्ग वा सकारात्मक कुराकानीबाट कक्षा शुरु गर्नुहोस्। ४/५ मिनेट सहज वातावरण बनाउनुहोस्, त्यसपछि मात्र पढाउन शुरु गर्नुहोस्।
- प्रत्येक कक्षामा स्थायी तथा अस्थायी प्रकृतिका समूह निर्माण गरेर समूह कार्यमा अत्यधिक सरिक गराउनुहोस्। यसो गर्दा बालबालिकाको सामाजिक र सामुदायिक भावना बढ्न जान्छ। यसरी सिकेका र सिकाइएका विषयवस्तुहरू अविस्मरणीय पनि हुन्छन्।
- विद्यार्थीको बसाइलाई समावेशी प्रकृतिको बनाउनुहोस्। सबैलाई समान अवसर र व्यवहार प्रदान गर्नुहोस्।
- राम्रो कार्य गर्नेलाई 'स्याबास्' भन्न नबिर्सनुहोस्। सानोतिनो पुरस्कार, हौसला दिनुहोस्। प्रोत्साहन दिन कहिल्यै नछोड्नुहोस्।
- बालबालिकाका कमजोरी मात्र नहेर्नुहोस्, सकारात्मक पक्ष पनि पहिल्याउनुहोस्। सबल पक्षलाई खोतलेर सतहमा ल्याइदिएपछि दुर्बल पक्ष स्वत: हराएर जान्छन्।
- आवश्यकतानुसार नैतिक शिक्षा र मानव जीवनको वास्तविकता तथा यसको महत्त्वलाई प्रस्ट्याउनुहोस्।
- सधैँभर पुस्तककै विषयवस्तुमा मात्र केन्द्रित नरहेर पाठ्यक्रम, शिक्षक निर्देशिकालगायत अन्य सन्दर्भ सामग्रीको अधिकतम सदुपयोग गर्नुहोस्।
- कक्षाकोठामा बालबालिकासँग सम्मानजनक भाषाको प्रयोग गरी उनीहरूलाई सकभर अङ्ग्रेजी बोल्न पनि प्रेरित गर्नुहोस्।
- अभ्यासका समाधान आफैँले नदिई निर्देशन मात्र दिनुहोस्; समाधानका लागि मध्यस्थकर्ताको भूमिका निर्वाह गर्नुहोस्।
- विद्यालयको योजना अनुसार आयोजना गरिने सहकार्यकलापहरू तथा विभिन्न भेला, महोत्सव तथा प्रदर्शनीहरूमा सक्रिय रूपमा सहभागी रहनुहोस्।
- दैनिकी लेखनले स्मरण तथा लेखन क्षमता वृद्धि गर्ने भएकाले विद्यार्थीलाई नियमित रूपमा दैनिकी लेख्न प्रेरित गर्नुहोस् र आफूले पनि दिनभरका क्रियाकलापको समीक्षा गरी भोलिको योजनाका साथ दैनिकी लेख्ने गर्नुहोस्।
- अनुपस्थित व्यक्ति वा विद्यार्थीको नकारात्मक टीकाटिप्पणी वा चर्चा अरूको सामु सकेसम्म नगर्नुहोस्। गर्नै पर्ने परिस्थिति आएमा प्रत्यक्ष रूपमा सम्बन्धित व्यक्तिलाई नै भेटेर प्रतिक्रियात्मक रायसुझाव दिनुहोस्।
- आफ्ना सफल शिक्षण विधि तथा कौशलताहरू अन्य शिक्षक सहकर्मीका निम्ति खुला राखिदिनुहोस्।
- शैक्षिक सामग्रीहरूको प्रयोग गरी शिक्षणलाई रोचक, ज्ञानमूलक र उपलब्धिमूलक बनाउनुहोस्।
- ठूलो सानो भन्ने भावना त्यागेर समान व्यवहारको प्रत्याभूति दिलाउने प्रयास गर्नुहोस्।
- आफूले गरेका कार्यबारे विद्यालय प्रशासनलाई नियमित रूपमा जानकारी दिने र अद्यावधिक गर्ने गर्नुहोस्।
- आफूले नजानेका विषयवस्तुका बारेमा अरू शिक्षक साथीलाई सोध्दा नराम्रो सोच्दछन् कि भन्ने भावना त्यागी, छलफललाई सीप तथा ज्ञान सिकाइको सशक्त माध्यमका रूपमा प्रयोग गर्नुहोस्।

उपर्युक्त कुरालाई ध्यानमा राखी शिक्षण कार्य गर्दा 'सफल शिक्षक' बन्न मद्दत पुग्छ; साथै शिक्षामा राज्यले गरेको लगानीको सदुपयोग पनि हुनसक्छ। 📖

*श्री नेपाल राष्ट्रिय मावि, पूर्णपुर, सानोश्री, बर्दिया*

# शिक्षक बनेको जोगी हुन त हैन नि !

■ मीना पौडेल

सार्वजनिक शिक्षाको दुरवस्थाको विषयलाई लिएर शिक्षकमाथि दोष थोपर्ने गरिन्छ र भनिन्छ शिक्षकले राजनीति गरे। हो, शिक्षकलाई राम्रोसँग काम गर्ने वातावरण तयार हुने हो भने अहिलेको सार्वजनिक शिक्षाको स्तर मात्र राम्रो हुँदैन, समाज र अन्ततः राष्ट्रलाई नै लाभ पुग्छ। तर शिक्षकलाई न त राम्रो सुविधा नै छ न त पेशागत सुरक्षा नै। सधैं स्थायी/अस्थायीको पिरलोमा हीनताबोध गरेर शिक्षण गर्नुपर्ने बाध्यतामा बाँचिरहेको शिक्षकले कसरी सार्वजनिक विद्यालयको शिक्षाको स्तर उकास्न सक्छ !

शिक्षकलाई बलियो नबनाउने हो शिक्षा क्षेत्रको कदापि सुधार गर्न सकिन्नँ। शिक्षकलाई बलियो बनाउने भनेको उसको अहिलेको सेवा-सुविधामा वृद्धि र उसको पेशागत सुरक्षाको ग्यारेन्टी हो। आज शिक्षण पेशा कमैको आकर्षण बनिरहेको छ। जो सक्षम, सबल छ ऊ शिक्षणमा आउनै चाहँदैन। अब्बल विद्यार्थीको रोजाइ शिक्षण भएको देखिँदैन। आज शिक्षक जो कमजोर छ, जसले पढाइमा राम्रो गर्न सक्दैन, ऊ नै विभिन्न तिकडम गरेर शिक्षक बनिरहेको छ, जसबाट असल नागरिक उत्पादन गर्न सक्ने अवस्था सिर्जना हुनसक्दैन।

शिक्षा क्षेत्रमा मानिसहरू आकर्षित हुन नसक्नुको कारण पेशागत असुरक्षा पनि एक हो। आजको लोकतान्त्रिक परिवेशमा कोही पनि सक्षम नागरिक दलविशेष वा अन्य कसैको फेरो समातेर पेशामा प्रवेश गर्न चाहँदैन। ऊ आफ्नै क्षमताले इज्जत आर्जन गर्न चाहन्छ र यसैमा गर्व गर्छ। तर शिक्षा क्षेत्रमा निजामती कर्मचारीको जस्तो निष्पक्ष, नियमित र विश्वसनीय आयोग छैन। एकदशकमा एकपटक हुने परीक्षाका बारेमा पनि अनेक प्रश्न उठ्छन्। शिक्षा क्षेत्रमा चाकडी, चाप्लुसी, नातावाद, कृपावाद बढ्दो छ। यो कतै पार्टीको छ कतै व्यक्तिको।

आज महँगी चुलिँदो छ। अन्यको तुलनामा यस्तो महँगी सामना गर्न सक्ने शिक्षकको अवस्था निकै कमजोर छ। शिक्षकका पनि घर परिवार छन्। बालबच्चालाई उचित पालनपोषण गर्नुपर्ने बाध्यता छ। जोगी बन्नका लागि त कोही पनि शिक्षक बन्दैन नि ! त्यसकारण शिक्षा क्षेत्रमा देखापरेका समस्या समाधान गर्न सर्वप्रथम शिक्षकका समस्या सम्बोधन गरी शिक्षकलाई बलियो बनाइनुपर्छ। योभन्दा सही उपाय अरू हुनसक्दैन।

त्यसनिम्ति विधि र नियमका आधारमा शिक्षकको सेवा सुविधामा वृद्धि तथा पेशागत सुरक्षाको ग्यारेन्टी गरिनुपर्छ। त्यसपछि निश्चित नियम बनाएर दण्ड, पुरस्कारको व्यवस्था थपिनुपर्छ। तब मात्र राज्यले पनि कारबाही गर्न सक्ने अवस्था सिर्जना हुन सक्छ। होइन शिक्षकलाई सेवा-सुविधा पनि नदिने र पेशागत सुरक्षाको ग्यारेन्टी पनि नगर्ने हो भने सार्वजनिक शिक्षाको गति अझ ओरालो लाग्ने क्रम रोकिन सक्दैन। 📖

*धवलागिरी बहुमुखी क्याम्पस, बाग्लुङ*

# विद्यार्थीलाई 'तपाईं' भन्दाको प्रतिफल

■ तारानाथ नेपाल

"ओइ ! यता आइज, तैंले सुनिनस्, तेरो कान छैन ? थुइय् ! गधा तैंले पढेर खाँदैनस्, तेरो करङ भाचौं, भनेको मान्दैनस्, ल थाप् हात !"

माथिका जस्ता बोली कुनै भट्टीपसल वा जुवाडेको खालमा नभई हाम्रा विद्यालयका कक्षाकोठाभित्र प्रायः सुनिने गर्छन्। यस्तो तुच्छ बोली कक्षाकोठामा कसले कसलाई प्रयोग गर्छ त भन्ने प्रश्नको उत्तर पनि स्पष्टै छ, शिक्षकले विद्यार्थीलाई। तर सबै शिक्षक यस्तो भाषा प्रयोग गर्छन् भन्ने चाहिँ होइन।

बालबालिकालाई हामीले जस्तो संस्कार दियौं उनीहरूले त्यस्तै सिक्ने हो। यसर्थ आदरणीय शिक्षक मित्रहरूसँग विद्यार्थीलाई कहिल्यै 'तँ' नभन्नोस् भन्ने मेरो आग्रह छ।

विद्यार्थीलाई ठूलो बनाउन 'तँ' नभनेर 'तपाईं' भन्नोस् भन्न खोजिएको पक्कै हैन। तर संस्कार सिकाउन यो कदम महत्त्वपूर्ण हुन सक्छ भन्ने मेरो धारणा हो। मलाई पनि शुरुमा विद्यार्थीलाई 'तपाईं' भन्न अत्यन्तै सङ्कोच लाग्थ्यो; तर अहिले बानी परिसकेको छ। म सबै; त्यसमा पनि प्राथमिक तहका विद्यार्थीहरूलाई सधैं 'तपाईं' भनेर सम्बोधन गर्छु। यस्तो व्यवहारबाट विद्यार्थीहरू खुसी भएको अनुभव गरेको छु। उनीहरू आजकल पहिले भन्दा बढी मसँग झुम्मिन्छन् र फिटिक्कै डराउँदैनन्। दोस्रो भाषाका रूपमा नेपाली भाषा सिकिरहेका विद्यार्थीहरू समेत आदरसँग शिष्ट भाषा प्रयोग गर्न सक्ने भएका छन्। मेरो बुझाइमा यो 'तपाईं' भन्दाको सकारात्मक परिणाम नै हो।

यही सन्दर्भमा अर्को कुरा गाँस्न चाहन्छु- प्राथमिक तहमा जो कसैले अध्यापन गरे हुन्छ, के नै पढाउनुपर्छ र? फेरि प्राथमिक तहमा पढाउने शिक्षक एस्.एल्.सी. मात्रै गरेका हुन्छन् वा प्राथमिक तहका शिक्षकको न्यूनतम योग्यता एस्.एल्.सी. भए पुग्छ भन्ने जस्ता मानसिकता हटाउनु जरुरी छ। यो किनभने प्राथमिक तहमा 'के पढाउनुपर्छ' भन्दा पनि 'कसरी, कस्तो सिकाउने?' 'कसलाई सिकाउने?' भन्ने पक्ष प्रधान हुन्छ। अर्थात् प्राथमिक तहमा विशिष्ट परिवेश, उमेर समूह, रुचि समूहलाई ख्याल गर्दै अधिकतम् सिकाइ उपलब्धि हासिल गराउन बालमैत्री सहज र रमाइलो वातावरण सृजना गर्न सक्ने कुशल कालिगडको खाँचो पर्छ। यसका लागि कम्तीमा शिक्षाशास्त्रमा स्नातक गरेको र लामो अध्यापन अनुभव भएको व्यक्तिले मात्र प्राथमिक तहमा अध्यापन गर्ने व्यवस्था हुनुपर्दछ। त्यस्ता विशेषज्ञले मात्र 'तँ' को संस्कारलाई उखेल्न सक्छन्। मसँग माध्यमिक तहमा पढाउने योग्यता र पढाएको अनुभव दुवै छ तर प्राथमिक तहमा पढाउन नै बढी पूर्वतयारी र मिहिनेत गर्नुपर्छ। यो मेरो भोगाइ हो। 📖

*श्री झिर्पू उमावि, फुल्पिङकट्टी- ४, सिन्धुपाल्चोक*

# स्कूल सुधारको पैसा, शिक्षक युनियनको भवनमा

**सप्तरीमा** विद्यालयको शैक्षिक गुणस्तर सुधारका निम्ति सरकारले दिएको अनुदान रकम नेपाल शिक्षक युनियन, सप्तरीको भवन खरिद गर्न खर्च गरिएको छ। आर्थिक वर्ष २०६७/६८ मा सप्तरीका विद्यालयका निम्ति गएको 'पीसीएफ नन-स्यालरी' अनुदानको रु.१८ लाख १२ हजार सप्तरीका तत्कालीन जिशिअ शत्रुघन महतो र शिक्षक युनियन सप्तरीका नेताको मिलेमतोमा भवन खरिदमा लगाइएको हो।

जिशिका सप्तरीको ४ वैशाख २०६७ को निर्णय अनुसार उक्त रकम तीन महिनामा नेपाल शिक्षक युनियन सप्तरीको शाखाको राष्ट्रिय वाणिज्य ब्याङ्कको खाता नम्बर ४७१८ मा निकासा गरिएको थियो।

विद्यालय सुधारको रकमबाट युनियनले राजविराज- ८ मा ६ कोठे भवन खरिद गरेको छ *(हे. तस्बिर)*। शिक्षक युनियन सप्तरीका अध्यक्ष भवेन्द्र यादव सप्तरीको प्रायः सबै विद्यालयका प्रअ, शिक्षक र व्यवस्थापन समितिसँग छलफल गरेर नै स्कूलमा जाने बजेट भवन खरिदमा प्रयोग गरेको बताउँछन्। उनको कथन छ- "युनियनका लागि काम लाग्ने घर फेला परेपछि तुरुन्त पास गर्नुपर्ने भयो। त्यसपछि जिशिअलाई अनुरोध गरेर सोझै युनियनको खातामा रकम निकासा गरिएको हो। त्यही रकमले युनियनको भवन किनिएको हो।"

तर, सप्तरीका तत्कालीन जिशिअ शत्रुघन यादव 'पीसीएफ नन-स्यालरी' अनुदानको रकम युनियनलाई भवन खरिदका निम्ति नभएर शैक्षिक कार्यक्रम सञ्चालन गर्न दिएको बताउँछन्। जिल्लाका करिब ३०० वटा स्कूलले आफूले पाउने 'पीसीएफ नन-स्यालरी'को रु.३ हजारदेखि रु.७ हजार युनियनलाई शैक्षिक कार्यक्रम सञ्चालनका लागि दिन लिखित अनुरोध गरेकाले आफूले शिक्षक युनियनलाई उक्त रकम उपलब्ध गराएको जिशिअ यादवको कथन छ। उनले भने, "शैक्षिक कार्यक्रम अन्तर्गत विद्यार्थी भर्ना अभियान, शिक्षक तालिम, शैक्षिक सामग्री खरिद जस्ता काम होला भन्ने मेरो अपेक्षा थियो। तर, एउटा कामका लागि दिएको रकम अरू नै काममा प्रयोग भएको छ।" हाल महोत्तरीमा जिशिअ रहेका यादव शिक्षक युनियनका नेता र शिक्षकहरूको अनुरोधमा उक्त







**लिने र दिने:** **तत्कालीन जिशिअ शत्रुघन यादव र शिक्षक युनियनका सप्तरी अध्यक्ष भवेन्द्र यादव।**

निकासा दिइए पनि त्यसको गलत प्रयोग भएकाले रकम फिर्ता गरिनुपर्ने धारणा राख्छन्।

महालेखा परीक्षकको कार्यालयले विद्यालयको शैक्षिक गुणस्तर सुधारका निम्ति विनियोजन गरिएको रकम युनियनको भवन खरिदमा प्रयोग गर्न नपाइने भन्दै उक्त रु.१८ लाख १२ हजार ६०५ शिक्षक युनियनको नाममा बेरुजु देखाएको छ। सो रकम युनियनबाट भराउन जिशिका सप्तरीलाई महालेखाले पत्राचार पनि गरेको छ। तर, युनियनका नेताहरू उक्त रकम फिर्ता गर्ने पक्षमा छैनन्। अध्यक्ष यादव भन्छन्, "महालेखाको टोलीले रकम फिर्ता गर्न भनेको हो तर, हामीले फर्स्योट मिनाह गर्न आग्रह गरेका छौं।"

शिक्षा विभागका बजेट तथा कार्यक्रम शाखाका उपनिर्देशक दीपक शर्माका अनुसार "पीसीएफ नन-स्यालरी'बाट पाठ्यपुस्तक, छात्रवृत्ति र विद्यालयको शैक्षिक गुणस्तर सुधार गरिनुपर्छ। त्यो रकम शिक्षक युनियनको भवन खरिद गर्नका निम्ति विनियोजन गरिएको होइन। त्यसकारण त्यो रकम तुरुन्त सरकारी कोषमा दाखिला हुनुपर्छ।"

जिशिकाबाट रकम हात पार्न अध्यक्ष यादवसहित युनियनका सल्लाहकार विजयानन्द झा, नथुनी दास, पूर्वअध्यक्ष नारायण साहले मुख्य भूमिका खेलेका थिए। शिक्षक युनियनको केन्द्रीय नेतृत्व चाहिँ सप्तरी शाखाको यो चर्तिकलाप्रति बेखबर छ। युनियनका केन्द्रीय अध्यक्ष दिलबहादुर जोशी युनियनका कुनै जिल्ला शाखाले भवन निर्माण लागि सरकारी कोषबाट सहयोग नपाएको धारणा राख्छन्। उनको कथन छ, "मङ्गलसिद्धि मानन्धर शिक्षा मन्त्री हुँदा शिक्षा मन्त्रालयले युनियनलाई एक लाख सहयोग दिएको हो। मानन्धरले सानोठिमीमा युनियनको भवन बनाउन घडेरी पनि दिन्छु भन्नुभएको थियो। तर, त्योभन्दा पछिका मन्त्रीले हामीलाई सहयोग गरेका छैनन्। कुनै पनि जिल्ला शाखाले जिशिकाबाट रकम लिएको हामीलाई आजसम्म थाहा छैन।"

**श्रवण देव,** राजविराज

# शिक्षक काजमा कडाइ

**आफ्नो** स्कूल छाडेर सुविधासम्पन्न ठाउँमा काज बस्ने प्रवृत्तिलाई निरुत्साहित तुल्याउन शिक्षा मन्त्रालयको ८ बुँदे निर्देशन कार्यान्वयन गर्न शिक्षा विभागले पाँचवटै क्षेत्रीय शिक्षा निर्देशनालयलाई परिपत्र गरेको छ।

विभागको परिपत्र अनुसार, स्वास्थ्य उपचारको कारण देखाएर केही वर्षदेखि काजमा रहेका शिक्षकले अब थप उपचार आवश्यक परे/नपरेको बारे मेडिकल बोर्डबाट पुष्टि गराउनुपर्नेछ। थप उपचार आवश्यक नभए ती शिक्षकलाई दरबन्दी रहेकै विद्यालयमा फिर्ता गर्नुपर्नेछ।

असुरक्षाको कारण देखाएर काज बसेका शिक्षकका हकमा हालसम्म पनि सुरक्षा खतरा रहेको भनी पछिल्लो ६ महिनाभित्र सुरक्षा समितिले दिएको सिफारिस पेश गर्नुपर्नेछ। अन्यथा ती शिक्षकको पनि काज थपिने छैन। मेडिकल बोर्ड र जिल्ला सुरक्षा समितिबाट थप सिफारिस भए पनि हाललाई देशव्यापी रूपमा काजको अवधि २०६८ पुस मसान्तसम्म मात्रै कायम गरिएको छ। विभागका उपनिर्देशक गणेशप्रसाद पौडेलले भने, "शिक्षकले जुन कामका लागि काज लिएको हो, त्यो काम सकिएपछि पनि काजमै बस्ने नराम्रो परिपाटी बस्यो। त्यस्ता शिक्षकलाई आफ्नै विद्यालयमा फर्काउन खोजिएको हो।"

त्यस्तै द्वन्द्व र असुरक्षाका कारण देखाएर सुरक्षा समितिको सिफारिसमा काज माग्ने शिक्षकलाई काठमाडौं उपत्यका बाहिरको जिल्लामा बढीमा ६ महिनाको काजको स्वीकृति दिने व्यवस्था गरिएको छ। बिरामी शिक्षकको हकमा पनि अधिकतम ६ महिनाको लागि उपचारपायक ठाउँमा काज व्यवस्था मिलाइने छ।

परिपत्रमा विभागले काजको अवधि तोकी शिक्षकलाई काज अवधि सकिनासाथ विद्यालयमा स्वत: फिर्ता हुने व्यहोरा किटान गर्न समेत क्षेशिनिलाई निर्देशन दिएको छ। जिल्लान्तर सरुवाको अवधि पुगेको र काजमा रहेकै विद्यालयको रिक्त दरबन्दीबाट तलब पाउँदै आएका शिक्षकलाई सोही विद्यालयमा पदस्थापन गराउन भनिएको छ। तर, पदस्थापनको यो निर्णयले भने दरबन्दी मिलान गर्ने सरकारी नीतिलाई प्रभावित पार्ने देखिन्छ। दरबन्दी मिलानको नीति अन्तर्गत शिक्षक अनुपात बढी भएका विद्यालयमा रिक्त दरबन्दी जिशिकाको पुल दरबन्दीमा राख्ने व्यवस्था छ।

# एकै समयमा दुईतिर काम गर्न नपाइने

**सरकारी** कोषबाट तलब/सुविधा पाउने शिक्षकले विद्यालय समयमा अर्को संस्थामा काम गर्न नपाउने भएका छन्। अहिले दुई ठाउँमा काम गरिरहेका शिक्षकलाई तिनकै रोजाइमा स्कूल समयमा कुनै एक ठाउँमा मात्र काम गराउन शिक्षा विभागले ६ कात्तिक २०६८ मा सबै जिशिकालाई निर्देशन दिएको छ।

कैलालीमा एक जना शिक्षकले सार्वजनिक गुठी अन्तर्गतको विद्यालय र सामुदायिक विद्यालयमा दोहोरो नियुक्ति लिएको भेटिएपछि जिशिकाले विभागसँग यसबारे राय मागेको थियो। जवाफमा विभागले शिक्षकले दोहोरो नियुक्ति नपाउने प्रस्ट्याउँदै दुईबुँदे निर्देशन सबै जिशिकामा पठाएको छ।


...नियुक्त गरी यस कार्यालयमा अभिलेख ...
...आवश्यक निर्देशन उपलब्ध गराई दिनु हुन अनुरोध छ" भन्ने व्यहोरा...
...हा हुँदा यस विभागको मिति २०६८/०७/०२ को निर्णय भए बमोजिम निम्नानुसार
...नु हुन अनुरोध छ।

तपसिल :

१. समय खप्टिने गरी कुनै पनि शिक्षकले दुईओटा संस्थामा अध्यापन एवम् अन्य काम गर्न नपाउने र यस्तो अवस्था कहिं कतै पाइएमा समय खप्टिने गरी दोहोरो नियुक्ति र पारिश्रमिक लिने शिक्षकलाई स्पष्टिकरण माग गरी शिक्षकको रोजाइमा कुनै १ (एक) पदमा मात्र नियुक्ति कायम गर्ने गराउने,

२. समय नखप्टिने अवस्थामा आंशिक रूपमा कामकाज गर्नु पर्दा शिक्षा नियमावलीको नियम १३३ (ज) बमोजिम स्वीकृति लिनु पर्ने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्ने गराउने।

उक्त निर्देशन अनुसार विद्यालयको समय बाहेक शिक्षकले विद्यालय व्यवस्थापन समिति र जिशिकाको स्वीकृति लिएर अरू ठाउँमा आंशिक रूपमा काम गर्न भने पाउने छन्। विभागका शाखा अधिकृत खिमबहादुर भुजेलले भने, "शिक्षा नियमावलीको नियम ११३(ज) मा शिक्षकले व्यवस्थापन समिति र जिशिकाको स्वीकृति नलिई विद्यालय बाहिर काम गर्न नहुने प्रावधान रहे पनि यसको कार्यान्वयन भएको छैन। अब चाहिँ यसलाई लागू नै गर्न खोजिएको छ।" विद्यालय समयमा अरू ठाउँमा काम गरी दोहोरो पारिश्रमिक लिँदै आएका शिक्षकलाई स्पष्टीकरण माग्न पनि विभागले निर्देशन दिएको छ।

# शिक्षकको रिटलाई अग्राधिकार

**बालविकास** केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताले सरकारी मापदण्ड अनुसारको न्यूनतम तलब पाउनुपर्ने माग गर्दै नेपाल शिक्षक संघकी उपाध्यक्ष इन्दिरा सापकोटाले दायर गरेको रिटमा सर्वोच्च अदालतले विपक्षीका नाममा कारण देखाउ आदेश जारी गरेको छ। ७ कात्तिक २०६८ मा न्यायाधीश कल्याण श्रेष्ठको इजलासले उक्त रिटलाई अग्राधिकारमा राख्न समेत आदेश दिएको छ।




रिटमा सहयोगी कार्यकर्ताले पाउँदै आएको तलब न्यून रहेको र त्यसलाई सरकारले तोकेको न्यूनतम तलब सरह काय गर्नुपर्ने माग गरिएको छ। रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, व्यवस्थापिका संसद्, शिक्षा मन्त्रालय, शिक्षा विभाग लगायतलाई विपक्षी बनाइएको छ।

सरकारले ९ जेठ २०६८ मा राजपत्रमा सूचना प्रकाशित गरी चिया बगान बाहेकका प्रतिष्ठानमा काम गर्ने सबै कामदार वा कर्मचारीको न्यूनतम पारिश्रमिक रु.३,५५० र महङ्गी भत्ता रु.२,६५० तोकेको थियो। बाल विकास कार्यकर्तालाई पनि सोही बमोजिम मासिक न्यूनतम रु.६,२०० पारिश्रमिक दिनुपर्ने दाबी रिटमा गरिएको छ। शिक्षा विभागको तथ्याङ्क अनुसार, देशभरका विद्यालयहरूमा २८ हजार ७७२ बाल विकास सहयोगी कार्यकर्ता कार्यरत छन्। उनीहरूमध्ये कर्णाली क्षेत्रका विद्यालयमा कार्यरतले मासिक रु.२,००० र अन्य विद्यालयमा कार्यरत सहयोगी कार्यकर्ताले रु.१,८०० पाउँदै आएका छन्।

### सहयोगी कार्यकर्ताको तलब बढ्यो

यसैबीच सरकारले बालविकास सहयोगी कार्यकर्ताको मासिक तलबमा रु.६०० बढाएको छ। मन्त्रिपरिषद् बैठकले कात्तिकदेखि लागू हुने गरी तलब वृद्धिको निर्णय गरेको जानकारी शिक्षा मन्त्रालयका सहसचिव जनार्दन नेपालले दिएका हुन्। यो निर्णयसँगै हिमाली जिल्लाका सहयोगी कार्यकर्ताले रु.२,६०० र बाँकीले रु.२,४०० पाउनेछन्।

अजय दीक्षित

# परिवर्तित भविष्यमा दह्रो बन्ने विधि

जलवायु परिवर्तनको कारक मानिएको हरितगृह ग्याँस उत्सर्जन कम गर्ने चुनौती अहिले विश्व राजनीतिको महत्त्वपूर्ण मुद्दा भएको छ र यसबारे थुप्रै बहस-विवाद पनि चल्दै आएको छ। उत्सर्जन रोक्न ल्याइएका विभिन्न नीतिका बाबजुद पनि जलवायु परिवर्तनको क्रम जारी छ र रहनेछ। एकथरी विज्ञहरूको कथनमा, त्यस्तो उत्सर्जन कम गर्न नसक्ने हो भने उत्तरी आन्ध्र महासागरको थर्मोहाइलान प्रणाली, अमेजन क्षेत्र वा मनसुनी वर्षा जस्ता विश्वव्यापी प्राकृतिक प्रणालीहरूको चरित्रमा समेत स्थायी परिवर्तन हुनेछन् र ती कहिल्यै पूर्वावस्थामा फर्किन सक्ने छैनन्। यस्ता परिवर्तनले अकल्पनीय सामाजिक र आर्थिक असर ल्याउने छन्।

जलवायु परिवर्तन औद्योगिक राष्ट्रहरूले विगतमा असीमित हरितगृह ग्याँस वायुमण्डलमा फालेका कारण सृजना भएको समस्या हो। तर अफसोच ग्यास नफाल्ने गरिब मुलुक एवं त्यहाँका बासिन्दाहरू सबैभन्दा बढी सङ्कटमा पर्दैछन्। म्यापल क्रोफ्ट नामक एउटा अनुसन्धान संस्थाले हालसालै गरेको एक विश्वव्यापी विश्लेषणले नेपाललाई जलवायु परिवर्तनका कारण सङ्कटमा पर्ने चौथो मुलुकमा राखेको छ।

अनुमान गरौँ, यो विश्लेषणका आधारमा अन्तर्राष्ट्रिय समुदायले नेपाललाई सङ्कट कम गर्न रकम उपलब्ध गराउने भए। ऐतिहासिक उत्सर्जनले सिर्जना गरेको हुँदा सङ्कट निवारणका लागि आर्थिक रकम र अन्य स्रोत जुटाउनु पनि समृद्ध राष्ट्रहरूको नै दायित्व हो। तर हामीले अर्बौं अर्ब डलर पाउने छैनौं। किनभने सङ्कटमा पर्ने अरू मुलुकहरू पनि छन्, त्यसैले रकम बाँडिनेछ। र प्रश्न बाँकी नै रहन्छ– उपलब्ध रकम नेपालको कुन ठाउँमा, कसका लागि, केका लागि खर्च गर्ने?

जलवायु परिवर्तनले ल्याउने दुष्परिणाम घटाउन वा अनुकूल रहन नेपालले कस्तो नीति लिनुपर्छ त भन्ने प्रश्नको जवाफका लागि 'कहाँ, को दुर्बल छ' भनी पत्ता लगाउने वैज्ञानिक आधार आवश्यक हुन्छ। यसो गर्दा प्रभाव न्यूनीकरण गर्दै अनुकूल रहन सहयोग पुग्छ। म्यापल क्रोफ्टको विश्लेषणले हाम्रो समग्र भूगोललाई आधार मान्यो स्तर छुट्याउन, तर यति मात्र पर्याप्त छैन। नेपालको हिमाल, तराई, पहाड उपत्यका, बेंसी, टार, चुरे र भावर क्षेत्रमा जलवायु परिवर्तन सिर्जित वर्षाको चरित्रमा हुने फेरबदल जस्ता प्रभाव फरक हुन्छ भने स्थानीय बासिन्दाहरूमा विविध किसिमले असर पार्छ। कसैलाई कम असर पर्छ भने कसैलाई धेरै।

दुई दशकपछि हिमाल, पहाड वा तराईका जिल्लाको स्थिति कस्तो होला? त्यहाँ जलवायु परिवर्तनले कस्तो सङ्कट ल्याउला र को बढी दुर्बल होला? प्रश्नहरूको जवाफ त्यति सजिला छैनन्। सजिलो नभए पनि आकलन गर्दा २० वर्षपछि यसक्षेत्रमा जलवायु परिवर्तनको परिदृश्य कस्तो छ र असर कस्तो पर्ला भन्ने अनुमान गर्नु आवश्यक हुन्छ। त्यसपछि आउन सक्ने विषम स्थितिसँग जुध्ने क्षमता दह्रो पार्न र विकल्प छान्न सजिलो हुनेछ। आर्थिक स्रोतको उचित बाँडफाँडका लागि पनि दुर्बलताको ठीक पहिचान आवश्यक भएको हो।

हाम्रो विद्यमान प्रशासनिक व्यवस्थाअनुरूप रकमको बाँडफाँड जिल्ला, निर्वाचन क्षेत्र, नगरपालिका र गाविस स्तरमा गरिन्छ। अन्य सरकारी निकायले पनि आफ्नो क्षेत्रमा लगानी गर्छन्। रकम केका आधारमा बाँडफाँड गर्ने? कुन जिल्ला, कुन गाविस र गाविसको कुन वडालाई रकम दिने? अहिले हाम्रो चुनौती भनेको कुन क्षेत्र वा समुदाय के कति कारणले कम वा बढी भन्ने आधार तयार गर्ने हो। तीनवटा कुरालाई आधार मानेर विश्लेषण शुरु गर्न सकिन्छ। (क) सूचना निर्णयकर्ताको आवश्यकता सुहाउँदो छ/छैन, (ख) त्यो कति पत्यारिलो छ र, (ग) सामाजिक एवं राजनीतिक हिसाबले स्वीकार्य छ/छैन। त्यसैले निर्णयकर्ता र सरोकारवाला दुवैलाई सहभागी गराउन सकियो भने रकम बाँडफाँडमा कम विवाद हुन्छ।

**जलवायु परिवर्तनका कारण पानी पर्ने चरित्रमा फेरबदल भई खडेरी र बाढी निरन्तर भोग्नुपर्ने स्थिति आयो भने अभ्यस्त रहन कस्तो रणनीति आवश्यक पर्ला? भविष्यमा यस्तै होला भन्न नसकिने हुँदा हरेक परिस्थितिसित जुध्न सक्षम सामाजिक क्षमता निर्माण गर्नु नै सबैभन्दा उत्तम उपाय हो।**

तथापि, दुर्बलता न्यून भई सधैँका लागि स्थिति सधैं एकैनासे रहिरहँदैन। स्थानीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय घटनाहरूले दुर्बलता झन् बढाउन सक्छन्। जलवायु परिवर्तन विश्वव्यापी स्तरमा भइरहेको छ र यसको असर स्थानीयस्तरमा हुन्छ। रोचक कुरा के भने, स्थानीय घटनाको पनि विश्वस्तरमा असर पार्छ भन्ने दृष्टान्त हालसालैको एउटा घटनाले देखाएको छ। केही दिनअघि एउटा अन्तर्राष्ट्रिय सङ्गठनले आफ्ना कर्मचारीलाई ल्यापटप आवश्यक भए किनिहाल्न सूचना गऱ्यो, मूल्य बढ्ने आशङ्कामा। थाइल्याण्डको ब्याङ्कस्थित ल्यापटपको हार्डडिस्क बनाउने कम्पनीहरू हालसालैको बाढीले नराम्रोसँग प्रभावित भएका कारण तत्कालका लागि उत्पादन घटेको छ र यसले विश्व बजारमा ल्यापटपको हार्डडिस्कको आपूर्ति कम हुनुको साथै मूल्य पनि बढ्न सक्ने त्यो संस्थाको अनुमान छ।

ब्याङ्कको घटनाले के देखाउँछ भने बाढीको स्रोत वर्षा त हो तर समाजसँग जेलिएपछि त्यसले व्यापक प्रकोपको रुप लिन्छ। जलवायु परिवर्तनका कारण पानी पर्ने चरित्रमा फेरबदल भई खडेरी र बाढी निरन्तर भोग्नुपर्ने स्थिति आयो भने अभ्यस्त रहन कस्तो रणनीति आवश्यक पर्ला? भविष्यमा यस्तै होला भन्न नसकिने हुँदा हरेक परिस्थितिसित जुध्न सक्षम सामाजिक क्षमता निर्माण गर्नु नै सबैभन्दा उत्तम उपाय हो। यो पाठ नेपालका लागि पनि उत्तिकै सान्दर्भिक छ।

**रिपोर्ट** स्रोतकेन्द्र र स्रोतव्यक्ति

बाबुराम विश्वकर्मा

# जिम्मेवारी एकातिर काम अर्कातिर

**सार्वजनिक स्कूलको शिक्षण कार्यलाई सहज र स्तरीय बनाउन सघाउने उद्देश्यले खोलिएका स्रोतकेन्द्र तथा त्यहाँ नियुक्त स्रोतव्यक्तिहरू जिशिकाको नियमित काममै सीमित भएका कारण स्कूल निरीक्षण, कक्षा अवलोकन र नमुना पाठ प्रदर्शन जस्ता महत्त्वपूर्ण कार्यहरू ओझेलमा परिरहेका छन्।**

शिक्षा मन्त्रालयले १३ असोज २०६८ मा जारी गरेको *स्रोतव्यक्ति व्यवस्थापन निर्देशिका* मा स्रोतव्यक्तिले एक महिनामा कम्तीमा १० वटा विद्यालय निरीक्षण गरी तिनमा कम्तीमा दुईवटा नमुना पाठ प्रदर्शन गर्नुपर्ने व्यवस्था गरिएको छ। यस अनुसार एउटा स्रोतव्यक्तिले एक महिनामा कम्तीमा २० वटा नमुना कक्षा लिनुपर्ने हुन्छ।

निर्देशिकाले नमुना पाठ प्रदर्शनपछि शिक्षक र छात्रछात्रासँग अन्तरक्रिया गर्ने, अर्को पटक कक्षा अवलोकन गर्दा आफूले लागू गरेको विधि स्कूलमा लागू भए/नभएको हेर्ने र त्यसबारे जिशिकालाई प्रतिवेदन बुझाउनुपर्ने जिम्मेवारी पनि स्रोतव्यक्तिको काँधमा हालेको छ। उक्त निर्देशिकामा स्रोतव्यक्तिले स्कूलको सिकाइ उपलब्धि बढाउन शैक्षिक सत्र शुरु भएको एक महिनाभित्र सबै स्कूलको कक्षा १ देखि १० सम्मको परीक्षाफल विश्लेषण गरी स्रोतकेन्द्र मातहतका स्कूलहरूमा प्रदर्शन गर्ने तथा सबै अनिवार्य विषयको विषयगत नतिजा विश्लेषण गरी कमजोर विद्यालयको पठनपाठन सुधार गर्ने जिम्मेवारी पनि राखिएको छ। त्यस्तै स्रोतकेन्द्र अन्तर्गतका विद्यालयको नतिजा सुधार गर्ने योजना बनाइ कार्यान्वयन गराउने जिम्मेवारी पनि स्रोतव्यक्तिलाई नै दिइएको छ।



मीनरत्न वज्राचार्य

**स्रोतकेन्द्रको हालत:** शान्ति शिक्षा मन्दिर मावि ठहिँटी स्रोतकेन्द्रका लागि दिइएको एक कोठा।

स्रोतकेन्द्र सञ्चालन सम्बन्धी पुरानो निर्देशनमा पनि स्रोतव्यक्तिलाई 'प्राविधिक शिक्षक' भन्दै स्कूलको शैक्षिक गुणस्तर सुधारका निम्ति कक्षा अवलोकन, नमुना पाठ प्रदर्शन, विद्यालय निरीक्षण जस्ता जिम्मेवारी तोकिएका थिए। नयाँ तथा पुराना दुवै निर्देशिकाको मर्म देशभरिका १०५३ स्रोतकेन्द्रमा खटिएका स्रोतव्यक्तिलाई विद्यालयको पठनपाठन सुधार गर्नका लागि अधिकतम परिचालन गर्नु रहेको देखिन्छ। तर, यथार्थ चाहिँ केही बेग्लै भेटिन्छ। स्रोतव्यक्तिहरूलाई जिशिकाले आम रूपमा प्रशासनिक काममा लदाउने गरेको र स्कूलको सिकाइ सुधारको काम ओझेलमा पार्ने गरेको पाइन्छ। व्यवहारमा, स्रोतव्यक्तिहरू स्रोतव्यक्ति नभएर जिशिकाका कर्मचारीमा परिणत भइसकेका छन्।

काठमाडौंको नक्सालस्थित नन्दी मावि स्रोतकेन्द्रकी उमा रेग्मीले स्रोतव्यक्तिको जिम्मेवारी पाएको १४ वर्ष पूरा भए पनि उनले स्कूलको शैक्षिक अवस्था सुधारका निम्ति सार्थक भूमिका निर्वाह गर्न नसकेको अनुभव बटुलेकी छन्। उनले गोर्खा, कपिलवस्तु, काभ्रे र काठमाडौंका आठ वटा स्रोतकेन्द्रमा काम गरिन्। नेपाली र सामाजिक विषयमा बीएड सकेर स्रोतव्यक्ति बन्दा उमालाई आफूले स्कूल सुपरीवेक्षण, कक्षा अवलोकन, नमुना पाठ प्रदर्शन आदि जस्ता विद्यालयको शैक्षिक गुणस्तर सुधार सम्बन्धी काम गर्नुपर्ला भन्ने नै लागेको थियो। तर, स्रोतव्यक्ति भएपछि उनले स्कूलको शैक्षिक उपलब्धि सुधारका काममा भन्दा बढी अरू नै काम गर्नु परेको छ। "म स्रोतव्यक्ति भन्दा बढी जिशिकाको प्रशासनिक कर्मचारी भएको छु। किनभने अहिले मलाई जिशिकाले लगाएको काम सक्न नै भ्याईनभ्याई छ", रेग्मीले भनिन्।

उमाको कात्तिक महिनाभरिको कार्यसूचीमा तथ्याङ्क सङ्कलन मुख्य काम थियो। सैनिक मुख्यालयले जिशिका काठमाडौंसँग काठमाडौंका विद्यालयलाई भूकम्पीय जोखिमबाट बचाउने रणनीति तय गर्न आवश्यक सूचना माग गरेकाले जिशिकाले रेग्मीसँग नन्दी मावि स्रोतकेन्द्र अन्तर्गतका ८१ वटा विद्यालयको भौतिक अवस्था, शिक्षक-विद्यार्थी विवरण, विपत व्यवस्थापनको तयारी, स्कूल नक्साङ्कन जस्ता पक्ष समेटेर तथ्याङ्क पठाउन भनेको छ। जिम्मेवारी बाहिरको र भैपरी आएको भए पनि यो कामका निम्ति अहिले देशभरिकै स्रोतव्यक्ति संलग्न छन्। "मेरो क्षेत्रका सबै स्कूलको विवरण तयार गर्न एक महिनाभन्दा बढी लाग्छ। अरू काम छाडेर पनि अहिले यही काम गरिरहेकी छु, जिम्मेवारी बाहिरका यस्ता काम आइरहन्छन्, ती नगरी सुख पाईंदैन", रेग्मीले भनिन्।

कक्षा ८ को जिल्लास्तरीय परीक्षाका निम्ति छात्रछात्राको रजिष्ट्रेशन फारम भराउने चटारोले पनि उमालाई छोपेको छ। ८१ स्कूलका कक्षा ८ को रजिष्ट्रेशन जिशिकामा पठाएपछि मात्र जिशिकाले प्रश्नपत्र, उत्तरपुस्तिका र परीक्षा तालिका तय गर्छ। रजिष्ट्रेशन समयमा नगरे जाँच नै प्रभावित हुन्छ। त्यसैले उमा अहिले सेनाले मागेको तथ्याङ्क र कक्षा



**टेबुल नै स्रोतकेन्द्र ! नन्दी मावि, नक्सालको कार्यालयको एउटा टेबुलमा स्रोतव्यक्ति उमा रेग्मी।**

८ का छात्रछात्राको रजिष्ट्रेशन भराउने काममा व्यस्त देखिन्छिन्। स्रोतकेन्द्र अन्तर्गतका ८१ स्कूलको जिल्लास्तरीय परीक्षा सञ्चालनको जिम्मा पनि स्रोतव्यक्तिकै काँधमा हुन्छ।

उमाको तात्कालिक कामको सूची यतिमै टुङ्गिँदैन। केही समयअघि गएको भूकम्पले उनको काँधमा अर्को काम पनि थपिदिएको छ- आफ्नो स्रोतकेन्द्र अन्तर्गतका विद्यालयलाई भूकम्पमा जोगिने कार्ययोजना बनाएर पूर्वाभ्यास गर्न लगाउने। यसका लागि विद्यालयहरूलाई उनले सूचित गरिसकेकी छन्। उनी भन्छिन्, "समय मिलेपछि यो काम अघि बढाउँछु।"

शिक्षकको पेशागत विकास (टीपीडी) तालिम लिएका शिक्षकको कक्षा अवलोकन गरी तिनलाई फिडब्याक दिने, तालिम आवश्यक रहेका शिक्षक पहिचान गरी तालिम आयोजन गर्ने, शिक्षा विभागले वर्षको दुईपटक निकाल्ने फ्ल्यास रिपोर्ट का लागि आफ्नो कार्य क्षेत्रका स्कूलको तथ्याङ्क तयार गरी जिशिकामा पठाउने जस्ता स्रोतव्यक्तिका नियमित जिम्मेवारी हुन्। उमा भन्छिन्, "म त कक्षा अवलोकन, नमुना कक्षा प्रदर्शन र स्कूल अनुगमनमा सीमित हुन पाए खुशी हुन्थे। तर, मेरो धेरै समय तथ्याङ्क सङ्कलन र बैठकमै जान्छ।" उमाले महिनामा ४/५ वटा कक्षा पनि हेर्न भ्याएकी छैनन्।

यी जिम्मेवारी पूरा गर्न एउटा स्रोतव्यक्तिलाई कम्तीमा एउटा कम्प्युटर, इन्टरनेटसहितको कार्यालय वा कोठा, कार्यालय सहयोगी, विद्यालय तहका पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, शिक्षा मन्त्रालय र विभागले निकालेका शैक्षिक प्रकाशन तथा निर्देशिका आदि जरुरी हुने देखिन्छ। तर, नन्दी स्रोतकेन्द्रसँग अरू त के एउटा कोठासम्म पनि छैन। स्कूलले दिएको एउटा टेबुल देखाउँदै उमा भन्छिन्, "यो पनि म र विनि चन्द्रा थापाले प्रयोग गर्ने गरेका छौं।"

स्रोतव्यक्तिले शिक्षकको दरबन्दी अनुसारको तलबमा 'फिल्ड भत्ता' भनेर मासिक रु.१८०० पाउँछन्। हरेक स्रोतकेन्द्रलाई जिशिकाले वार्षिक रु.५० हजार उपलब्ध गराउँछ। त्यसबाट रु.२५ हजार आफ्नो क्षेत्रको शैक्षिक अवस्था अनुसन्धान गर्न र बाँकी कार्यालय

# नमुना बन्दै बौद्ध स्रोतकेन्द्र

**विद्यालयको** शैक्षिक गुणस्तर सुधार गर्नका निम्ति व्यवस्था गरिएका स्रोतकेन्द्रको भौतिक अवस्था कस्तो हुनुपर्ला भन्ने जिज्ञासा राख्दा धेरैजसोको जवाफ हुन्छ- छुट्टै कार्यालय, इन्टरनेट जडान गरिएको कम्प्युटर, टेलिफोन, स्रोतव्यक्तिका लागि टेबुल, कुर्सी, दराजसहितको न्यूनतम फर्निचर व्यवस्था, एक थान पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, तालिम निर्देशिका आदि। यस्तो स्रोतकेन्द्र स्थापना गर्न शिक्षा मन्त्रालयले कुनै स्रोतको व्यवस्था गरेको छैन। तर, सरकारी बजेट विना पनि काठमाडौंको बौद्ध माविले उपलब्ध गराएको एउटा कोठालाई त्यहाँका स्रोतव्यक्ति रामनारायण साहले स्रोतसाधनयुक्त तुल्याएका छन्।

विद्यालयहरूको आर्थिक सहयोगमा साहले टेबुल, कुर्सी, स्रोतव्यक्तिको कार्यकक्ष, दराज, कम्प्युटर प्रिन्टर, पिजन होल, टेलिफोन आदि व्यवस्था गरेका छन्। उक्त स्रोतकेन्द्रमा विद्यालय तहको पाठ्यक्रम/पाठ्यपुस्तक; शिक्षक निर्देशिका, तालिम निर्देशिका, शिक्षा मन्त्रालयका शैक्षिक प्रकाशन, स्रोतव्यक्तिका निम्ति जारी गरिएका निर्देशिका तथा निर्देशनका अतिरिक्त स्रोतकेन्द्रको वार्षिक योजना, कार्यक्रम आदि पनि राखिएको छ। साह भन्छन्, "काम गर्ने हो भने स्रोत-साधनको खाँचो हुने रहेनछ। मैले स्थानीय स्रोतकै भरमा कार्यालय व्यवस्थापन गरेको छु।"

शिक्षा बजेट तथा कार्यक्रममा स्रोतव्यक्तिको सहयोगी रहने व्यवस्था गरिएको छैन। तर, साहले मासिक रु.४१०० तलब दिएर कार्यालयमा एक जना सहयोगी पनि राखेका छन्। यो व्यवस्थाले स्रोतकेन्द्र अन्तर्गतका स्कूल र शिक्षकलाई सजिलो पारेको छ। स्रोतव्यक्ति कतै जाँदा पनि स्रोतकेन्द्र सधैँ १०-५ खुलेको हुन्छ। साहले आउँदो शैक्षिक सत्रसम्ममा स्रोतकेन्द्रका निम्ति एउटा क्यामरा र तालिम सञ्चालन गर्न प्रोजेक्टरको व्यवस्था गर्ने योजना बनाएका छन्।

शिक्षक तालिम चलाउँदा हुने आम्दानी र आफ्नो क्षेत्रका विद्यालयले गर्ने आर्थिक सहयोगबाट स्रोतकेन्द्र व्यवस्थापन गरिएको साह बताउँछन्। स्थानीय स्रोत परिचालन गर्ने सीप साहले तालिमबाटै सिकेका हुन्। महोत्तरीका बासिन्दा साह २०५८ सालमा माविमा गणित शिक्षण छाडेर स्रोतव्यक्ति भएका थिए। स्रोतकेन्द्र व्यवस्थापन सम्बन्धी एकमहिने तालिम लिँदा साहले स्थानीय स्रोतबाट स्रोतकेन्द्र व्यवस्थापन कला सिकेका हुन्। उनले स्कूलहरूकै सहयोगमा कार्यालय व्यवस्थापन, शिक्षक तालिम, सरकारी निजी स्कूलबीच सहकार्य गरेर सिकाइ आदानप्रदान जस्ता कार्यक्रम सञ्चालन गर्दै आएका छन्। साह भन्छन्, "काठमाडौंका २३ वटै स्रोतव्यक्तिलाई मैले गरेको काम हेर्न आग्रह गरेको छु। कम्तीमा काठमाडौंका स्रोतकेन्द्रलाई नमुना बनाऊँ भन्ने मेरो मान्यता हो। तर, साथीहरूले मेरो

व्यवस्थापनमा खर्च गर्नुपर्छ। सो रकम स्रोतकेन्द्रका प्रअ र शिक्षकको बैठक राख्दाको चियाखाजामै सकिन्छ।

देशका अधिकांश स्रोतकेन्द्रको अवस्था नन्दी स्रोतकेन्द्रको भन्दा भिन्न छैन। स्रोतव्यक्तिको रूपमा १० वर्ष काम गरेकी काठमाडौंको शान्ति शिक्षा मन्दिर मावि ठहिटी स्रोतकेन्द्रकी स्रोतव्यक्ति त्रिपुरा शाह (५८) को भागमा ६० वटा स्कूल पर्छन्। शान्ति शिक्षा मन्दिर माविले स्रोतकेन्द्रका लागि स्कूलको एउटा कोठा दिए पनि त्यो कोठा बस्न लायक भने छैन। त्यो कोठमा स्रोतकेन्द्रका भन्दा बढी स्कूल पाठ्यपुस्तक र प्रयोगमा नआउने थोत्रा सामग्री थन्क्याइएका छन्। त्रिपुरा भन्छिन्, "विद्यालयको गुणस्तर सुधार सम्बन्धी काम गर्ने हो भने पनि एउटा स्रोतव्यक्तिलाई १० वटा भन्दा बढी विद्यालयको जिम्मेवारी दिनुहुँदैन, त्यसमाथि स्रोत-साधन नै नभएपछि कसरी काम गर्नु?"

### अध्ययनको सार

सान्त्वना मेमोरियल एकेडेमीले जुलाइ २०११ मा सार्वजनिक गरेको *रोल अफ रिसोर्स सेन्टर फर इम्प्रुभिङ क्वालिटी एजुकेशन इन स्कूल* नामक अध्ययनले विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नमा स्रोतव्यक्तिको भूमिका कमजोर रहेको देखाएको छ। उक्त अध्ययनमा स्रोतकेन्द्रहरू 'स्रोतकेन्द्र' नभई तथ्याङ्क सङ्कलन केन्द्र भएको निचोड पेश गर्दै १६.६६ प्रतिशत स्रोतव्यक्तिले मात्र कक्षा अवलोकन र नमुना कक्षा प्रदर्शन गरेको उल्लेख छ। त्यस्तै ३३.३३ प्रतिशत स्रोतव्यक्तिले साँच्चै विद्यालय निरीक्षण गरेको र २५ प्रतिशतले चाहिँ विद्यालय निरीक्षण गरेको फर्जी प्रतिवेदन तयार गर्ने गरेको खुलासा पनि गरेको छ। उक्त अध्ययनमा संलग्न अध्येता गोपाल शुभेच्छु जिम्मेवारी एकातिर र काम अर्कोतिर भएकाले स्रोतव्यक्तिले जिम्मेवारी अनुसार काम गर्न नसकेको बताउँछन्। उनी भन्छन्, "जे जिम्मेवारी हो त्यही काम दिनुपर्छ, एउटै व्यक्तिलाई सबै काम गर भनिएकाले स्रोतव्यक्ति र स्रोतकेन्द्रको औचित्यमै प्रश्न उठेको छ।" उक्त अध्ययनले कागजी योजना र कार्यतालिका निर्माण, तथ्याङ्क सङ्कलन र रेकर्ड व्यवस्थापनको शतप्रतिशत कार्य स्रोतव्यक्तिले गर्ने गरेको देखाएको छ।

स्रोतव्यक्तिले जिम्मेवारी अनुसार काम गर्न नसक्नुमा कुनै एउटा कारण मात्र जिम्मेवार देखिँदैन। देशभरिका ३३ हजार १६० विद्यालयको गुणस्तर सुधारको जिम्मा १ हजार ५३ जना स्रोतव्यक्तिको काँधमा छ। यो १:३३ को अनुपात हो। एउटै व्यक्तिको भागमा धेरै स्कूल परेकाले स्रोतव्यक्तिलाई भ्याईनभ्याई भएको छ।



मीनरत्न वज्राचार्य

**नमुना स्रोतकेन्द्रः बौद्ध मावि स्रोतकेन्द्रको कार्यालयमा स्रोतव्यक्ति रामनारायण साह (दायाँ) र उनका निजी सहायक।**

स्रोतकेन्द्र भ्रमण गर्ने फुर्सद पाउनुभएको छैन।"

साहले विद्यालय निरीक्षण र कक्षा अवलोकनलाई मुख्य प्राथमिकता दिएका छन्। गत वर्ष मात्र उनले शिक्षकको पेशागत विकास तालिममा सहभागी आफ्नो स्रोतकेन्द्र अन्तर्गतका स्कूलका ६० जना शिक्षकका कक्षा अवलोकन गरेर तिनलाई 'फिडव्याक' दिए। धेरै स्कूलमा कठिन मानिएको 'निरन्तर विद्यार्थी मूल्याङ्कन'का लागि आफैँले फारम तयार गरेर यही वर्षदेखि आफ्नो क्षेत्रका स्कूलमा लागू गरेका छन्। "अधिकांश स्कूलमा निरन्तर विद्यार्थी मूल्याङ्कन कठिन भएको छ। तर म हाम्रो स्रोतकेन्द्रका स्कूलमा सफल बनाएर नमुना बन्न चाहन्छु", उनी आफैं विद्यालयमा गएर शिक्षकहरूलाई निरन्तर विद्यार्थी मूल्याङ्कनको फारम भर्न सिकाउँछन्। राम्रो स्रोतव्यक्तिका रूपमा जिशिकाले साहलाई गत वर्ष पुरस्कृत पनि गरेको थियो।

स्रोतव्यक्ति साहले आफ्नो स्रोतकेन्द्रका स्कूलमा कक्षा ३, ५ र ८ का परीक्षालाई स्रोतकेन्द्रस्तरीय तुल्याउनका निम्ति प्रस्ताव पनि गरेका छन्। तर सबै स्कूलका प्रअ त्यसका निम्ति तयार नभएका कारण आफ्नो प्रस्ताव सार्थक नभएको उनको कथन छ। निजी विद्यालयका शिक्षक र सरकारका शैक्षिक कार्यक्रमबीच ठूलो खाडल देखिएपछि साहले आफ्नो स्रोतकेन्द्रमा निजी र सरकारी विद्यालयका शिक्षकलाई एउटै थलोमा राखेर तालिम दिने गरेका छन्। उनी भन्छन्, "सामुदायिक र संस्थागत स्कूलबीचको सहकार्यले दुवैलाई फाइदा भएको छ। यो अभियान देशभरि नै सञ्चालन गरिनुपर्छ।"

सान्त्वनाको अध्ययनले हिमालमा १: ८-१०, पहाडमा १: १०-१५, उपत्यका र तराइमा १: १५-२५ को स्रोतव्यक्ति-विद्यालयको अनुपात कायम गरिनुपर्ने सुझाव दिएको छ। तर यो अनुपात कायम गर्न अरू २००० स्रोतकेन्द्र थप्नुपर्ने हुन्छ।

स्रोतव्यक्तिको योग्यताको मापदण्ड र नियुक्ति प्रक्रियामा पर्याप्त पनि सुधारको खाँचो देखिन्छ। सिद्धान्ततः मावि शिक्षकको शैक्षिक योग्यता स्नातकोत्तर तुल्याइसकिएको छ। तर, स्रोतव्यक्ति व्यवस्थापन निर्देशिका मा स्रोतव्यक्ति अझै पनि शिक्षाशास्त्रमा स्नातक उत्तीर्ण गरेको वा सो सरहको परीक्षा उत्तीर्ण गरी १० महिने तालिम लिएको हुनुपर्ने व्यवस्था छ। यसमा स्रोतव्यक्ति शाह भन्छिन्, "हामीलाई आफूभन्दा माथिल्लो शैक्षिक योग्यताको शिक्षकको कक्षा अवलोकन गरेर 'फिडब्याक' दिन असजिलो हुन्छ। किनभने कतिपय स्कूलमा हाम्रो भन्दा बढी शैक्षिक योग्यताका शिक्षक छन्।"

एउटा स्रोतव्यक्तिले मावि तहका सबै विषयको कक्षा अवलोकन गर्न विभिन्न विषयको नमुना पाठ प्रदर्शन गर्न स्वाभाविक रूपमै असम्भव हुन्छ।

विगतमा स्रोतव्यक्ति नियुक्तिमा प्रमुख भूमिका स्रोतकेन्द्र अन्तर्गतका विद्यालयका प्रअको हुने गरेको थियो। नयाँ निर्देशिकामा स्रोतव्यक्ति नियुक्तिमा स्रोतकेन्द्र अन्तर्गतका प्रअको भूमिका कटौती गरेर जिशिअलाई बढी जिम्मेवार बनाइए पनि स्रोतव्यक्ति नियुक्ति प्रक्रिया अझै पनि विश्वासिलो र पारदर्शी हुने देखिँदैन। निर्देशिकामा व्यवस्था गरिएका स्रोतव्यक्ति नियुक्तिका नयाँ मापदण्ड पर्याप्त देखिँदैनन्। स्नातकोत्तर गरेका बीच प्रतिस्पर्धा गराएर लोक सेवा आयोग वा त्यस्तै निकायले खुल्ला प्रतिस्पर्धाबाट स्रोतव्यक्ति नियुक्ति गरिनु उचित हुने राय सान्त्वनाको अध्ययनमा प्रकट गरिएको छ।

स्कूलको शैक्षिक गुणस्तर सुधार र शिक्षकको पेशागत विकासमा सहयोग पुऱ्याउने उद्देश्यले व्यवस्था गरिएका स्रोतव्यक्तिलाई शिक्षा विभाग र जिशिकाको प्रशासनिक खाँचो पूर्ति गर्ने काममा सीमित गरिएका कारण स्रोतव्यक्तिको औचित्य र आवश्यकतामै प्रश्न उठ्न थालेको छ। स्रोतव्यक्तिलाई स्कूलको पठनपाठन सुधारका काममा लगाउने हो भने तिनको काँधमा हालिएका प्रशासनिक काम जिशिकाका कर्मचारी स्वयंले गर्नुपर्ने हुन्छ। कक्षा अवलोकन, नमुना पाठ प्रदर्शन र स्कूल निरीक्षणकै काममा केन्द्रित नगरी स्रोतव्यक्तिलाई दिइएका जिम्मेवारी पूरा हुने अपेक्षा गर्न सकिँदैन।

रिपोर्ट सरकारी पाठ्यपुस्तकको गुणस्तर

प्रमोद आयाम

# कमसल कागज स्तरहीन छपाइ

**सरकारले सामुदायिक विद्यालयका विद्यार्थीलाई उपलब्ध गराएका पाठ्यपुस्तकको गुणस्तर झन्-झन् खस्कँदो छ। न पुस्तकका चित्र र तस्बिर स्पष्ट बुझिन्छन् न त पुस्तकको बाइण्डिङ टिक्ने खालको छ। कतिपय पुस्तकमा त यतिसम्म कमसल कागज प्रयोग गरिएको छ कि अक्षर पनि अनुमान गरेर पढ्नुपर्ने हुन्छ।**

काठमाडौं, जीतपुरफेदीस्थित जीतपुर उमाविकी छात्रा विना अर्यालसँग रहेको सामाजिक अध्ययन पुस्तकको पृष्ठ १२५ मा जुलुस जस्तो देखिने एउटा तस्बिर छापिएको छ। तस्बिरको माथि लेखिएको छ, 'तलको तस्बिरमा तपाईं कुन-कुन कुरा देख्नुहुन्छ ? त्यसका आधारमा राष्ट्रिय पत्रपत्रिकाका लागि सम्पादकीय तयार गर्नुहोस्।' तर, उक्त तस्बिर यति कालो छ कि कुनै पनि कुरा (अनुहार, झण्डा, प्लेकार्ड आदि) स्पष्ट देखिँदैनन्। विना भन्छिन्, "बुझ्नै नबुझिने फोटो हेरेर हामीले के बुझ्नु र के लेख्नु ?" अरू विद्यार्थीसँग रहेको सामाजिकको पुस्तकमा पनि यही समस्या छ।

जनक शिक्षा सामग्री केन्द्रबाट प्रकाशित उक्त पुस्तकको पृष्ठ ५८ मा 'नागरिक चेतना' शीर्षक मुनि छापिएको अर्को तस्बिरमा पनि मसी लतपतिएको छ। सामाजिक अध्ययन अन्तर्गत भूगोल, इतिहास, राजनीतिक, धार्मिक, सांस्कृतिक विषयवस्तुहरू पर्छन्। जीतपुर उमाविमा सामाजिक पढाउने शिक्षक राजन भट्ट भन्छन्, "सामाजिकका धेरैजसो पाठहरू तस्बिर, चित्र देखाएर व्याख्या गर्नुपर्ने हुन्छ। तर, किताबमा छापिएका चित्र गतिलो नहुँदा विद्यार्थीलाई राम्रोसँग बुझाउनै सकिएको छैन।" समस्या तल्ला कक्षाको पाठ्यपुस्तकमा उस्तै छ। मङ्गल उमावि, कीर्तिपुरमा कक्षा ६-८ मा सामाजिक पढाउने शिक्षक रमा




**स्टिच नै छैन:** जनक शिक्षाद्वारा मुद्रित कक्षा ८ को गणित किताब।

पौडेल पनि चित्रहरू स्पष्ट नभएका कारण विद्यार्थीहरू अलमलिने गरेको बताउँछिन् ।

जीतपुर उमाविमै भेटिएको त्रियुगा अफसेट (प्रेस)द्वारा मुद्रित कक्षा ८ को नेपाली किताबको 'दरबार' शीर्षकमा राखिएको नारायणहिटीको तस्विरमा केही पनि देखिँदैन। उक्त पुस्तकको प्रायः जसो पृष्ठमा कतै मसी लतपतिएको देखिन्छ भने कतै अक्षरै नदेखिने मधुरो छपाइ छ। "तस्विर र चित्र बुझिएन भन्ने गुनासो विद्यार्थीले गरिरहन्छन्", शिक्षक विष्णुमैयाँ तिमिल्सिना भन्छिन्। जानकारहरूका अनुसार प्राविधिक लापरवाही, न्यून गुणस्तरको मसीको प्रयोग र कम मसीबाट बढी 'इम्प्रेशन'(छपाइको मात्रा) दिँदा पुस्तकका अक्षर र तस्विर स्तरीय छापिँदैनन् ।

पाल्पाको एउटा स्टेशनरीमा भेटिएको शैक्षिक वर्ष २०६६ का लागि सिद्धबाबा अफसेट प्रेसद्वारा मुद्रित कक्षा ४ को नेपाली किताबमा राखिएका अधिकांश चित्र र स्केचहरू फाटेका र कतिपय चित्रहरू चाहिँ फिक्का देखिन्छन्। पाठ्यक्रम विकास केन्द्रका वरिष्ठ छविकार टार्जन राईका अनुसार, चित्र यसरी बिग्रनुमा मूलतः दुई वटा कारण छन् । पहिलो, पुस्तकमा प्रयोग गरिएको कागज कम गुणस्तरको हुनु र दोस्रो, छपाइपूर्व नेगेटिभ नबनाई सीधै ट्रेसिङ पेपरको प्रयोग गरेर प्लेट बनाउनु ।

ट्रेसिङ पेपरबाट प्लेट बनाउँदा नेगेटिभको तुलनामा सस्तो पर्ने मुद्रण व्यवसायीहरू बताउँछन् । एक व्यवसायी भन्छन्, "२०० पृष्ठको पुस्तकका लागि नेगेटिभबाट प्लेट बनाउँदा रु.४० हजार खर्च हुन्छ भने ट्रेसिङ पेपरको प्रयोग गर्दा रु. २५-३० हजारमै हुन्छ।" त्यसो त तस्विर स्पष्ट नदेखिनुमा मुद्रकहरू मात्रै दोषी छैनन् । कमजोरी पाठ्यक्रम विकास केन्द्रको पनि देखिन्छ। उसले मुद्रण कम्पनीलाई दिने मुद्रणीय प्रति (सीआरसी) मा राखिएका कतिपय चित्र/तस्विरहरू पनि आफैंमा अस्पष्ट लाग्छन्। वरिष्ठ छविकार राई भन्छन्, "तस्विरको छनोट र डिजाइनमा हाम्रो पनि कमजोरी छ। हामी पनि यसलाई सुधार्न खोज्दैछौं।"

## कमजोर बाइण्डिङ

काठमाडौंको कीर्तिपुर माविका कक्षा ८ का छात्र गणेश तामाङलाई गत वैशाखमा गणितको नयाँ पुस्तक दिइएको थियो । तर, पुस्तक हातमा परेको केही दिनमै १९४ पृष्ठको पुस्तकबाट ज्यामितिको खण्ड पूरै छुट्टियो । जनक शिक्षाले २०६६ मा निकालेको यो पुस्तकमा स्टिच नै गरिएको रहेनछ। गणेश भन्छन्, "गम मात्रै टाँसिएको रहेछ । बिस्तारै गम उप्किँदै गयो र किताबै दुई फ्याक भयो।" कक्षा ८ कै छात्रा पूजा शर्माको गणित पुस्तक पनि त्यसैगरी दुई फ्याक भएको छ। *(हे. तस्विर)* सोही कक्षाका सुस्मिता थापा र सीता लामाका गणित पुस्तकमा पनि स्टिच गरिएको छैन, ती पनि उप्किने अवस्थामा पुगिसकेका छन् । जनक शिक्षाका प्रबन्ध सञ्चालक रामचन्द्र सिलवाल स्पष्टीकरण दिन्छन्, "त्यो वर्ष यहाँ नभ्याएर भारतमा




**यस्तो चित्रले के अर्थ दिन्छ ?** कक्षा ४ को नेपाली किताबमा छापिएको चित्र। जुन सिद्धबाबा प्रेसमा मुद्रित हो।

लगेर पनि छापिएको थियो। त्यसैले राम्रो बाइण्डिङ नभएको हुनसक्छ।"

निजी प्रकाशनका पाठ्यपुस्तकमा पनि छपाइ र बाइण्डिङको उस्तै समस्या देखिन्छ। *शिक्षक* ले पाल्पाबाट झिकाएका त्रियुगा, सिद्धबाबा, रोशन अफसेट, माँ तारा, प्रिन्टर्स वर्ल्ड, इम्प्रेशन लगायतका प्रेसले छापेका कक्षा १ देखि ८ सम्मका पाठ्यपुस्तकको सेटमा आधाजसो पुस्तकको बाइण्डिङ टिकाउ खालको छैन। ती पुस्तकमा स्टिच गरिए पनि बाइण्डिङ गर्दा पुस्तकको आवरण राम्रोसँग टाँसिएको छैन। जसले गर्दा पुस्तकको कभर छिट्टै च्यातिने र उप्किने गरेको गुनासो शिक्षक-विद्यार्थीहरूले गरेका छन्। पाल्पाको पद्मपब्लिक नमुना उमाविका प्राचार्य नारायण शर्मा जनक शिक्षाको तुलनामा निजी मुद्रकको बाइण्डिङ अरू कमजोर रहेको बताउँछन्।

बाइण्डिङको गुनासोसँगै पाठ्यपुस्तकको चित्र/अक्षरमा छायाँ देखिनु, पछिल्लो पृष्ठका अक्षर अघिल्लोमै 'ओभरल्याप' भएर छापिनु, पृष्ठ उल्टोपाल्टो पर्नु, कटिङ नमिल्नु, पाठ्यवस्तुहरू विषयसूची अनुसार क्रमैसँग नभएर यताउता परेको जस्ता समस्या बग्रेल्ती भेटिन्छन्। 'किताबलाई वर्ष दिनसम्म पनि टिकाउन सकिएन' भन्ने साझा गुनासो शिक्षक र विद्यार्थीको छ। विद्यालयलाई पाठ्यपुस्तक बिक्री गर्दै आएका पाल्पा, तानसेनस्थित 'हाम्रो पुस्तक पसलका सञ्चालक नरेश भट्टराईलाई पनि यस्ता गुनासा आइरहन्छन्। "निजी प्रकाशनले पुस्तक छाप्न थालेपछि पुस्तक बढी चाहिँ आउन थालेका छन् तर सँगै गुणस्तरको गुनासो पनि बढ्दो छ।" उनी भन्छन्।

## कागज पनि कमसल

पाठ्यक्रम विकास केन्द्रले निजी पाठ्यपुस्तक

# रिपोर्ट सरकारी पाठ्यपुस्तकको गुणस्तर




**के बुझ्नू् विद्यार्थीले! इम्प्रेसन मटेरियल्सद्वारा छापिएको कक्षा ३ को अङ्ग्रेजी किताब।**

छपाइसम्बन्धी 'स्पेशिफिकेशन'मै पुस्तकमा प्रयोग गर्नुपर्ने कागजको मापदण्ड खुलाइएको हुन्छ। केन्द्रले शैक्षिक वर्ष २०६८ को निम्ति निजी कम्पनीलाई दिएको स्पेशिफिकेशनमा कक्षा १-८ का लागि कभर पृष्ठमा १५० ग्राम र भित्री पृष्ठमा ७० ग्रामको कागज प्रयोग गर्नुपर्ने उल्लेख छ। अघिल्लो वर्ष चाहिँ भित्री पृष्ठका लागि कक्षा १-३ र कक्षा ४-८ को भित्री पृष्ठका लागि क्रमशः ७० र ६० ग्रामको कागज प्रयोग गर्ने गरी स्पेशिफिकेशन दिइएको थियो। तर, 'ल्याब टेस्ट' गरेर हेर्दा कतिपय पाठ्यपुस्तकमा तोकिएको भन्दा निकै कम तौलको कागज प्रयोग भएको पाइएको छ। रोशन अफसेट, इम्प्रेसन, माँ तारा, सिद्धबाबा र प्रिन्टर्स वर्ल्डले शैक्षिक वर्ष २०६६ का लागि छापेको कक्षा २ को 'मेरो विज्ञान, स्वास्थ्य तथा शारीरिक शिक्षा' को आवरण पृष्ठको कागज १३५ ग्रामको मात्रै रहेको पाइयो, जुन १५० ग्राम हुनुपर्थ्यो। त्यस्तै, भित्री पृष्ठको कागज ७० ग्राम हुनुपर्नेमा कुनै पृष्ठमा ६३ र कुनैमा ६६ ग्रामको कागज प्रयोग भएको पाइयो। सोही मुद्रकको कक्षा २ कै अङ्ग्रेजी किताबको कभर र भित्री पृष्ठमा क्रमशः १४३ र ६३ ग्रामको कागज प्रयोग गरिएको छ। त्यही मुद्रकको कक्षा ३ को अङ्ग्रेजी किताबमा भने कभर पृष्ठ १५२ र भित्री पृष्ठ ७० ग्रामकै राखिएको छ, जुन स्पेशिफिकेशन अनुरुपकै हो।

यता, रोशन अफसेट प्रिन्टर्सद्वारा शैक्षिक वर्ष २०६७ का लागि मुद्रित कक्षा ३ को नेपाली किताबको आवरणमा ११७ ग्रामको कागज राखिएको छ। सो पुस्तकको भित्री पृष्ठमा कतै ५२ र कतै ७० ग्रामको कागज प्रयोग गरिएको छ। सिद्धबाबाले २०६७ मा छापेको कक्षा ३ को गणितको कभर पृष्ठमा १४३ ग्राम र भित्री पृष्ठमा ६२ देखि ७८ ग्रामसम्मकै कागज राखिएको छ। साथै, प्रिन्टर्स वर्ल्डद्वारा सोही वर्ष मुद्रित कक्षा ५ को विज्ञानको कभर र भित्री पृष्ठमा क्रमशः १४६ र ६० ग्रामको कागज रहेको पाइएको छ। २०६७ मा प्रकाशित कतिपय पुस्तकमा भने तोकिएकै गुणस्तरका कागज प्रयोग गरिएका छन्। जस्तो कि; इम्प्रेशन एण्ड मटेरियल्सको कक्षा ६ र ८ को गणित र पञ्चकन्या प्रिन्टर्स, विराटनगरको कक्षा ८ को नेपाली किताबको 'ल्याब टेस्ट' गर्दा मा तोकिएकै कागज राखेको पाइयो। यस्तै, जनक शिक्षाको तीन वटा नमुना प्रतिको परीक्षण गर्दा पनि मापदण्ड अनुरुपकै भेटिएको थियो।

विभिन्न अध्ययन कार्यदल र अनुगमन समितिहरूका प्रतिवेदनले पनि निजी मुद्रकले छापेका पाठ्यपुस्तकमा कम गुणस्तरको कागज प्रयोग गरिएको निष्कर्ष दिएका छन्। पाठ्यपुस्तक वितरणमा देखिएको समस्याबारे छानबिनका निम्ति गत २६ वैशाखमा पूर्व शिक्षा सचिव जयराम गिरीको संयोजकत्वमा गठित समितिको प्रतिवेदनमा बढीजसो निजी मुद्रकले कमसल कागजमा पुस्तक छापी वितरण गरेको जनाइएको छ। शिक्षा विभागले गत वैशाखमा विभिन्न जिल्लामा खटाएको अनुगमन समितिले पनि निजी मुद्रकका कागजको गुणस्तर कमसल रहेको राय दिएका छन्। पूर्व सहसचिव लवप्रसाद त्रिपाठीसहितको टोलीले अर्घाखाँचीको अनुगमनपछि दिएको प्रतिवेदनमा उक्त जिल्लाको भगवती गाविसस्थित जनकल्याण माविमा खरीद गरिएका पाठ्यपुस्तकमध्ये विराटनगरको कञ्चन शैक्षिक सामग्री गृहले छापेका पुस्तक अत्यन्तै न्यून गुणस्तरका रहेको उल्लेख गरिएको छ।

कमसल कागज प्रयोग भएको तथ्यलाई मुद्रण सञ्चालकहरू पनि स्वीकार गर्छन्। तथापि सबै कम्पनीले त्यसरी बद्मासी नगरेको तिनको दाबी छ। इम्प्रेशन एण्ड मटेरियल्सका सञ्चालक दीपक भण्डारी भन्छन्, "यसमा सबै मुद्रकलाई मुछ्न मिल्दैन। केही मुद्रकबाट बद्मासी भएको चाहिँ पक्कै हो।" पाठ्यक्रम विकास केन्द्रबाट छपाइको स्वीकृति पाएपछि निजी मुद्रकहरूले हरेक पाठ्यपुस्तकको ३-३ वटा नमुना प्रति केन्द्रमा बुझाउनुपर्छ। केन्द्रले गुणस्तर तथा नापतौल विभागमा लगेर त्यसको पुस्तकको गुणस्तर परीक्षण गर्दा ती नमुना प्रतिमा मापदण्ड अनुरुपकै कागजको प्रयोग गरिएको पाइन्छ। तर, बिक्री/वितरणका निम्ति ठूलो परिमाणमा पठाइने पाठ्यपुस्तकमा चाहिँ मुद्रकले कमसल कागज प्रयोग प्रयोग गर्ने गरेका छन्। केन्द्रका पाठ्यक्रम अधिकृत लोकप्रकाश पण्डित भन्छन्, "नमुना पुस्तकमा कागजको मापदण्ड पुगे तापनि 'मास स्केल'मा पठाइएको पुस्तकको गुणस्तर कमसल रहेको पाइएको छ।"

छपाइको लागत कम पर्ने र बिक्रेतालाई बढी कमिसन दिएर पाठ्यपुस्तकको बिक्री अनुपात बढाउन सकिने सम्भावनाका कारण मुद्रकले कमसल कागजको

प्रयोग गर्ने व्यवसायीहरू बताउँछन् । हुन पनि ६० र ७० ग्रामको कागज किन्दा प्रति रिममा रु.१०० भन्दा बढीको अन्तर हुन्छ । एपोलो अपसेट प्रेसका सञ्चालक कृष्ण खनालको भनाइमा वितरकलाई ३० प्रतिशतभन्दा माथि कमिसन दिँदा मुद्रकलाई नोक्सान पर्छ । तर, पाल्पाका एकजना स्टेशनरी सञ्चालकका भनाइमा निजी मुद्रकले ३५ प्रतिशतसम्म कमिशन दिने गरेका छन् । अरु गिरी कार्यदलको प्रतिवेदनमा त मुद्रकले ४४ प्रतिशतसम्म कमिसन दिएर पुस्तक बिक्री गरेको उल्लेख छ । यसबाट पनि प्रस्ट हुन्छ, छपाइमा कमसल कागज र सामग्रीको प्रयोग गरेर लागत खर्च नघटाइ त्यति बढी कमिसन दिन सकिँदैन। जबकि जनक शिक्षाले साझालाई १८.५ प्रतिशत मात्रै कमिसन दिन्छ ।

**क्रियाकलाप**

१. तलको तस्बिरमा तपाईं कुनकुन कुराहरू देख्नुहुन्छ ? त्यसका आधारमा राष्ट्रिय पत्रिकाका लागि सम्पादकीय तयार गर्नुहोस् ।



**के को तस्बिर हो ?** कक्षा १० को सामाजिक अध्ययनमा छापिएको जुलुसको तस्बिर ।

## अनुगमन चुस्त बनाउ

२०२८ सालमा नयाँ शिक्षा लागू भएदेखि नै पाठ्यपुस्तक छपाइमा जनक शिक्षा सामग्री केन्द्रको एकाधिकार रहँदै आएको थियो । तर, यताका समयमा जनक शिक्षाले आवश्यक सङ्ख्यामा पाठ्यपुस्तक पुऱ्याउन नसकेपछि सरकारले २०६४ सालदेखि निजी मुद्रण कम्पनीलाई पनि पुस्तकको छपाइ र वितरणमा सामेल गराउँदै आएको छ । निजीलाई पहिलो वर्ष पूर्वाञ्चलका १६ जिल्लाका लागि मात्रै पाठ्यपुस्तक मुद्रण र वितरणको अनुमति दिइएकोमा दोस्रो वर्ष त्यसलाई पश्चिमाञ्चलका १६ जिल्लासम्म विस्तार गरिएको हो ।

पाठ्यक्रम विकास केन्द्रले हरेक वर्ष पुस्तक छपाइ/वितरणका लागि सार्वजनिक सूचनामार्फत निजी मुद्रण कम्पनीलाई आह्वान गर्छ । मापदण्ड पुगेका कम्पनीलाई रु.५ लाख धरौटी लिएर केन्द्रले पुस्तक छपाइ/वितरणको अनुमति दिन्छ। शैक्षिक वर्ष २०६८ सम्म पाठ्यक्रम विकास केन्द्रबाट पाठ्यपुस्तक छपाइ तथा वितरणको अनुमति लिने निजी मुद्रण कम्पनीको सङ्ख्या १८ पुगेको छ। हाल निजी क्षेत्रले कक्षा १-८ को लागि पाठ्यपुस्तक छाप्दै आएका छन् । शिक्षा विभागका अनुसार, शैक्षिक वर्ष २०६८ का लागि लगभग ५१ लाख ६२ हजार ३01 सेट पाठ्यपुस्तक प्रकाशन गरिएका छन् । त्यसमध्ये २१ लाख ८२ हजार ६१३ थान निजी मुद्रण कम्पनीका छन्। (यसमा १८ वटा निजी मुद्रकमध्ये एउटाको छपाइ संख्या समावेश छैन ।)

पाठ्यपुस्तकको गुणस्तर कमसल रहेको तथ्यसँग पाठ्यक्रम विकास केन्द्र पनि राम्रोसँग जानकार छ । तर, त्यसबारे चुस्त ढङ्गले छानबिन गरेर लापरवाही गर्ने मुद्रकलाई कारबाही गर्ने तदारुकता उसले देखाएको छैन। 'विद्यालय पाठ्यपुस्तक तथा पाठ्यसामग्री छपाइ तथा वितरण निर्देशिका, २०६७' ले छापाखानामा छापिँदै गर्दा, गोदाम, बजार वा विद्यालय जहाँबाट पनि थुतेर पाठ्यपुस्तकको गुणस्तर परीक्षण गर्न सक्ने अधिकार केन्द्रलाई दिएको छ । छपाइमा तोकिएको शर्त पूरा नगर्ने मुद्रकलाई सचेत गराउने, कालो सूचीमा राख्ने, धरौटी जफत गर्ने, तीन वर्षसम्म सरकारी काममा आवेदन दिनबाट रोक्न सिफारिस गर्ने जस्ता कारबाही उसले गर्न सक्छ । तर, केन्द्रले आजसम्म छड्के गुणस्तर परीक्षण गरेको छैन । केन्द्रका उपनिर्देशक गणेशप्रसाद भट्टराई भन्छन्, "त्यो तहसम्मको अनुगमन चाहिँ हामीले गर्न सकेका छैनौं। अब चाहिँ यसबारे सोच्दैछौं ।"

अर्कोतिर, पाठ्यपुस्तक व्यवस्थापनको अनुगमनका निम्ति शिक्षा विभागका महानिर्देशकको अध्यक्षतामा १६ सदस्यीय केन्द्रीय समिति पनि गठन गरिएको छ। विभागले यस अन्तर्गत क्षेत्रीय उप-समिति बनाएर बितेका दुई वर्षमा विभिन्न जिल्लामा अनुगमन समेत गराएको छ । ती समितिलाई पाठ्यपुस्तक वितरण र वितरित पाठ्यपुस्तकको गुणस्तरको अनुगमन गर्ने जिम्मेवारी दिइए तापनि तिनको अनुगमन वितरणमा मात्रै केन्द्रित भएको देखिन्छ। तिनका प्रतिवेदनमा छिटपुट सङ्ख्यामा मात्रै गुणस्तरको प्रश्न उठाइएको पाइन्छ।

निजी मुद्रण कम्पनीका पाठ्यपुस्तकको गुणस्तर कमसल रहेकै दातृ संस्थाहरूले भने निजीलाई पाँचै वटा विकास क्षेत्रमा छपाइ र वितरणको जिम्मेवारी दिन शिक्षा मन्त्रालयमा दबाब दिइरहेका छन्। शिक्षा सचिव शङ्करप्रसाद पाण्डेले भने, "प्रतिस्पर्धामा लैजान निजी मुद्रण कम्पनीलाई सबै क्षेत्रमा विस्तार गर्नुपर्छ भन्ने आशय दातृ संस्थाको देखिन्छ। तर, निजीको गुणस्तरको हेर्दा त्यसरी विस्तार गर्न सक्ने अवस्थामा हामी छैनौं।" मुद्रण व्यवसायीले पनि मन्त्रालयसँग कार्य क्षेत्र बढाउन माग गरिरहेका छन्। प्रतिस्पर्धाको दृष्टिकोणले निजी मुद्रणको कार्यक्षेत्र विस्तार गर्नुलाई अन्यथा मान्न सकिँदैन । तर, एकातिर निजी मुद्रकको क्षेत्र विस्तार गर्दै जाने र अर्कोतिर पाठ्यपुस्तकको गुणस्तर चाहिँ खस्कँदै जाने हो भने त्यसले राज्यको स्रोत खेर मात्रै फाल्छ। तसर्थ; त्यसपूर्व पाठ्यपुस्तकको गुणस्तर कायम राख्नका निम्ति शिक्षा मन्त्रालय र यस मातहतका निकाय बढी जिम्मेवार बन्नुपर्ने देखिन्छ । 📖

**माधव अर्याल,** पाल्पा

# थोत्रो गाडी र हाम्रो नियति

**शैक्षिक दुर्घटनामा परेर स्वयं शिक्षाका ड्राइभरहरू अस्तित्व गुमाइरहेका छन्। तथापि कलङ्कित उनीहरू नै भइरहेका छन्। त्यसैले भन्न मन लाग्छ, "ए बुज्रुकहरू हो; कम्तीमा दुर्घटना गराउने ड्राइभर नै हो भनेर ठोकुवा गर्नु अगाडि उसलाई कस्तो गाडी कुदाउन दिइएको थियो, त्यो त विचार गरिदिनुहोस्!"**

■ हेमलता उप्रेती

शिक्षक कुनै पनि देशको शिक्षा प्रणालीलाई हाँकेर गन्तव्यसम्म पुऱ्याउने ड्राइभर हुन् भने तिनले हाँक्ने गाडी भनेको देशको शैक्षिक व्यवस्थापन हो। जब गाडीको अवस्था नै राम्रो छैन भने ड्राइभर जतिसुकै सिपालु भए पनि राम्रोसँग हाँक्न सक्दैन। यति मात्र होइन; दुर्घटना हुनसक्छ र त्यो दुर्घटनामा ड्राइभर पनि बाँकी रहन्नन्। यहाँ त्यस्तै भइरहेको छ। शैक्षिक दुर्घटनामा परेर स्वयं शिक्षाका ड्राइभरहरू आफ्नो पहिचान र अस्तित्व गुमाइरहेका छन्। तथापि कलङ्कित उनीहरू नै भइरहेका छन्। दुर्घटनाका जिम्मेवार उनीहरू नै ठहरिएका छन्। त्यसैले भन्न मन लाग्छ, "ए बुज्रुकहरू हो; कम्तीमा दुर्घटना गराउने ड्राइभर नै हो भनेर ठोकुवा गर्नु अगाडि उसलाई कस्तो गाडी कुदाउन दिइएको थियो, त्यो त विचार गरिदिनुहोस्। विश्लेषण गरी दिनुहोस् कि गाडी किन दुर्घटना भयो? खोजी दिनुहोस् कि दुर्घटनाका कारण के के थिए?"

एउटा एसएलसी पास गरेर कक्षा ११ मा भर्ना हुन गएको विद्यार्थीले आवेदन फर्म भर्न नजान्नु शैक्षिक दुर्घटनाको उदाहरण हो। हामी शिक्षकको बेइज्जती हो। देशको शिक्षा प्रणालीको चुनौती हो। तर यसमा त्यो विद्यार्थीको कुनै दोष छैन, किनकि उसलाई त्यस किसिमको व्यावहारिक शिक्षा दिइएको नै छैन। यस्ता लाजमर्दा उदाहरणहरू हामीकहाँ प्रशस्त छन्। हामी शिक्षकले यसलाई स्वीकार गर्नै पर्छ। हामीले भन्न सक्नुपर्छ, "यसनिम्ति म पनि जिम्मेवार छु, दोषी छु।"

तर जब म (शिक्षक) यथार्थको धरातलमा उभिन्छु र खोजी गर्छु, मेरो कमजोरी कहाँ-कहाँ भयो? तब मलाई महसुस हुन्छ; यदि यो समाजले शिक्षकका रूपमा मलाई उचित सामाजिक सम्मान र प्रतिष्ठा दिएको भए शायद म सन्तुष्ट हुन्थें, जसले मलाई आफ्नो पेशाप्रति लगनशील भएर काम गर्न प्रेरित गर्ने थियो; आज जस्तो मैले अर्को कुनै सम्मानित पेशाको सोचाइमा आफ्नो शैक्षिक कार्य गर्ने अमूल्य समय खेर फाल्नुपर्ने थिएन। यदि यो पेशामा प्रवेशका, स्थायित्वका, वृत्ति विकासका, बढुवा र सरुवाका प्रक्रिया र सम्भावनाहरू नियमित र स्वच्छ भइदिएका भए मैले तिनै कुराका लागि कुनै राजनीतिक दलको झण्डा बोकेर हिँड्नुपर्ने थिएन, चाकडी र चाप्लुसीको सीप सिक्नुपर्ने थिएन; एउटा विशुद्ध शिक्षक मात्र भएर पनि बाँच्न सक्थें।

# प्रलयकालको सङ्केत !

■ रमन गौतम

सहायक कारणहरू अरू पनि छन्; तर मूल रूपमा शैक्षिक क्षेत्र राजनीतिकरणको नाङ्गो नृत्यले गर्दा नै नयाँ नेपालको शैक्षिकजगत अस्तव्यस्त हुन पुगेको हो।

**त्यो कसरी भने–**

- राजनीतिक हस्तक्षेपकै कारण कहिले शिक्षण संस्था बन्द हुने गर्छन् त कहिले शिक्षकको हत्या, घाइते र अङ्गभङ्ग भएका खबर सुनिन्छन्। आम विद्यार्थीहरू नचाहेर पनि कलमकापी समाउने हातले ईंट्टा, ढुङ्गा, टायर र मसालका ज्वालाहरू उठाउन विवश देखिन्छन्। अनि शिक्षकहरूलाई क्यारमबोर्डको गोटी झैं प्रयोग गरिन्छ।
- प्राविदेखि क्याम्पस तहसम्मका सबै शिक्षण संस्थामा 'राजनीतिक सहमति'को खोल ओढेर शैक्षिक योग्यता, क्षमता र अनुभव नभएका शिक्षक, कर्मचारी र व्यवस्थापन समितिको प्रवेश हुनु।
- राजनीतिक भागबण्डाकै नाममा विज्ञान, व्यवस्थापन र मानविकी पढेकाहरूलाई शिक्षक तालिमका प्रशिक्षक बनाउनु। शिक्षा-शिक्षण विषय र त्यो विषय पढेकाहरूको हदैसम्मको उपहास गर्नु हो।
- महिनाको एकपटक विद्यालयमा आई पूरै महिनाभरको हाजिर लगाउँदा पनि उसलाई चेपिहाल्ने प्रवृत्ति राजनीतिकर्मीहरूको अर्को निकृष्ट दृष्टान्त हो।
- के सम्पूर्ण राजनीतिज्ञले विद्यार्थीलाई नै केन्द्र बनाई राजनीति गर्नुपर्ने? आमसभा, तालिम, गोष्ठी गर्नुपर्ने? के अन्य विकल्प नै छैनन्? किन हामी सुन्छौं फलानो विद्यालय/क्याम्पस त यो पार्टीको अखडा, त्यसमा त्यो पार्टीको बाहुल्य छ रे! के यसरी नै दिइन्छ गुणस्तरीय शिक्षा?
- विशेष गरी शहरी क्षेत्रमा प्रत्येक शैक्षिक संस्थाभित्र आ-आफ्ना पार्टीका अफिस राखेको पनि हाम्रोसामु स्पष्ट छ। अझै उनलाई चाहिन्छ आफ्नै पार्टी अनुकूलको शिक्षा नीति। थुप्रै मन्त्रालयलाई लिएर राजनीतिक पार्टीको लुछाचुँडी हुने गरेको पाइन्छ तर शिक्षा मन्त्रालय 'बेवारिसे' बन्न पुग्छ; किन?

यदि यो समाजका हुनेखाने परिवारका छोराछोरीले बाँचेको जीवनस्तर देखेर मेरो परिवार र छोराछोरीले आत्मग्लानि नगर्ने भए म तिनको खिन्नता देखेर लाचार हुनुपर्ने थिएन। बरु उक्त समयलाई शिक्षणसम्बन्धी सिर्जनात्मक र रचनात्मक काममा प्रयोग गर्न सक्थें।

एउटा शिक्षकको मनमा भरिने यी र यस्ता अनेकन संवेदनाको फलस्वरुप नेपालको शिक्षाले प्रतिभा अनाकर्षण, प्रतिभा पलायन र असन्तुष्टिका अवस्थाहरू झेलिरहेको छ। स्तरहीनताको आरोप खेपिरहेको छ। यहाँ स्वयं एउटा शिक्षकले आफ्नो कुनै पनि शुभचिन्तकलाई शिक्षक बन्ने सल्लाह दिँदैन। बरु शिक्षण पेशा छाडेर अर्को पेशामा जाने बाटो देखाउँछ। यसलाई म कसरी बुझौं? कसरी विश्लेषण गरौं? र कसरी खोजौं कि यहाँ शिक्षा र शिक्षकका समस्या के के हुन् भनेर?

तथापि मैले बिर्सेको छैन, म एउटा शिक्षक हुँ। शिक्षकको नाम धारण गरेर मैले यो देशको नुन खाएको छु। कम्तीमा दुई छाक त टारेको छु। त्यसैले फेरि पनि आफ्नो पेशाप्रति नैतिक बन्न चाहन्छु। अत: म खोजी गर्छु कि मेरो मुख्य पेशागत समस्या के हो? यो अवस्थामा पनि मैले गर्न सक्ने चाहिँ के हो?

धेरै दिनसम्मको सोचविचार, मस्तिष्क मन्थन र शिक्षक साथीहरूसँगको छलफल तथा अन्तरक्रियाबाट यही निष्कर्षमा पुगेको छु, 'हामी शिक्षकले गर्न सक्ने कुराहरू पनि केही रहेछन्।' हामीले यत्तिका वर्षसम्म इमानदार भएर पढाउँदा पनि हाम्रा विद्यार्थीलाई किन सिकाउन सकेनौं भन्ने कुराको खोजी मात्र गर्‍यौं भने पनि रचनात्मक हुने रहेछौं। यसले हामीलाई विगतदेखि शिक्षणमा अपनाउँदै आएका विधि, ज्ञान, सीप, कौशल तथा प्रयोग गरेका सामग्री एवं मूल्याङ्कनका लागि अपनाएका तरिकाहरूको विश्लेषण गराउने रहेछ। तिनका कमजोरीहरू पत्ता लाग्ने रहेछन्। हामी अनुसन्धाता बन्ने रहेछौं! यस्ता प्रयासले हामीलाई शिक्षणका नवीन, समयसापेक्ष र विद्यार्थीका लागि उपयुक्त विधिहरूको खोजी गराउने रहेछ। त्यस्तै यसले हामीलाई आफ्नो वास्तविक परिवेशमा काम दिने नयाँ र आफ्नैपनका शिक्षण विधि, सीप र कौशलहरूको निर्माण गरी प्रयोग समेत गर्न प्रेरित गर्ने रहेछ। हामी त स्रष्टा बन्ने रहेछौं!

यी र यस्ता अभ्यासहरू गर्दै जाँदा हामीमा कुनै पनि कुरालाई आफ्नै र छुट्टै दृष्टिले हेर्ने बानीको विकास हुने रहेछ। तब हामी विद्यार्थीलाई पढाउने (सूचना दिने) मात्र नगरेर उनीहरूमा निहित क्षमता र प्रतिभाको प्रस्फुटन गराउनेतर्फ लाग्ने रहेछौं। जसले हामीलाई शिक्षकबाट गुरुतिर धकेल्ने रहेछ। हामी गुरु बन्न थालेपछि स्वत: हाम्रा विद्यार्थीले हामीलाई आदर गर्न थाल्नेछन्। उनीहरूले यो कुराको सन्देश आ-आफ्नो घरमा पुर्‍याउनेछन् वाहक बनेर। जसबाट सिङ्गो समाजले हामीलाई आदर गर्न थाल्नेछ। आजका यिनै विद्यार्थी जब भोलि यो देश हाँक्ने व्यक्तित्व  हुनेछन्, नीतिनिर्माणको तहमा पुग्नेछन् तब तिनले हाम्रा यावत् समस्याप्रति संवेदनशील भएर सोच्नेछन्। आजका नेताहरू जस्तो उनीहरू कुर्सीको घृणित खेलमा मात्र सीमित हुने छैनन्। किनकि हाम्रो गुरुत्वको प्रभाव उनीहरूमा आजीवन रहनेछ। तब हामीले शिक्षामा आजको जस्तो आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक आदि समस्याबाट गुज्रनुपर्ने छैन। त्यसैले लाग्छ देशका यावत् शिक्षा र शिक्षकका समस्याको समाधानको सुरुआत हामी शिक्षक आफैंले गर्न सक्छौं। हामी यो देश हाँक्ने व्यक्तित्वहरू उत्पादन गर्ने तहमा छौं भन्ने सोचको विकास गर्न सके हामी आफ्नो पेशालाई सम्मान पनि गर्न सक्छौं। खाँचो हामी सकारात्मक र रचनात्मक बन्नुमा मात्र रहेको छ। समस्याको समाधान आफैभित्र खोज्नुमा मात्र रहेको छ। त्यस्तो प्रवृत्तिको विकास गर्नुमा मात्र रहेको छ। के हामी त्यस्तो प्रवृत्तिको विकास गर्न सक्छौं त?

*आदर्श उमावि, इलाम*

---

किन आयोगमार्फत स्वच्छ प्रतिस्पर्धा गराएर शिक्षक भर्ना गर्ने कुरा कुनै पनि पार्टीको प्राथमिकतामा पर्दैन? कुरो स्पष्टै छ, त्यसो गर्‍यो भने यता स्कूल/विद्यार्थीले त योग्य-इमानदार शिक्षक पाउँछन् तर पार्टीहरूले आफ्नो झण्डा बोक्ने मान्छे कहाँ खोज्ने? शायद सबैलाई यही त्रास छ कि!

- महिला, दलित, जनजाति, आदिवासी, पिछडिएका वर्गका नाममा विभिन्न शीर्षकमा पैसा छुट्याई वर्गीय द्वन्द्व सिर्जना गर्नु।
- राजनीतिक दरिद्रताले गर्दा शिक्षामा अयोग्य व्यक्तिहरूको प्रवेश गराउँदै जानु।
- शिक्षकहरूको योग्यता, कुशलता, इमानदारी आदिको आधारमा कुनै मूल्याङ्कन नहुनु; सत्ताकै वरिपरि प्रदक्षिणा गर्न सक्नेहरू मात्र राम्रा अवसर लिन सफल हुनु।

**त्यस्तै अन्य केही पक्षहरू पनि बुँदागत रूपमा हेरौं!**

- विकसित मुलुकहरूको नमुना हेरेर नेपालका महलहरूमा बसेर अपनाइएको शिक्षा नीति।
- शिक्षाको लक्ष्य राष्ट्रिय लक्ष्यपूर्ति गर्ने खालको नभई, क्षेत्रीय, वर्गीय, भेगीय, जातीय लक्ष्य पूरा गर्ने खालको हुनु।
- हाल एसएलसीमा चिट चोर्ने/चोराउने, पास गराउनै पर्ने खराब मनोभावना वृद्धि भएको छ। तर पनि कम प्रतिशत ल्याउने विद्यार्थीलाई किन निगरानीमा राख्ने? जुन विद्यालयले चिट चोरेन/चोराएन; जसले इमानदारी देखायो; त्यही कारण त्यसको प्रतिशत कम भयो भन्ने थाहा नपाउने निकायलाई के भन्ने?
- शिक्षा दिने शिक्षालयहरू बेरोजगार उत्पादन गर्ने थलो मात्र हुनु तथा एउटै पेशामा जीवनभर लागिपरेका पुराना थाकेका शिक्षकहरूलाई बेलैमा अवकाश नदिई पदमा राखिरहने परिपाटी।
- उचित मूल्याङ्कन नहुनाले मनोभावना गिर्दै गई सरकारी शिक्षकहरूमा जाँगर ओइलाउन थाल्नु।
- अल्लारेपन भएका, अनुशासनमा बस्न नरुचाउने, स्कूल प्रशासनलाई नै चुनौती दिँदै हिँड्ने खराब आचरण भएका उच्छृङ्खल विद्यार्थीहरूको जुर्मुराहट।
- २१औं शताब्दीको शिक्षाको महत्त्वलाई बुझ्पचाएका अज्ञानी अभिभावकहरू।
- शिक्षामा प्रलयकालको सङ्केत देखिन थाल्नु।

*बालकन्या उमावि, कोटबारा, सल्यान*

# सुधारको सुरुआत 'ऊ'बाट हैन 'म'बाट !

■ रमेशहरि शर्मा ढकाल

*आफ्ना दशै इन्द्रिय शत्रु जान्नू*
*जित्या तिनै इन्द्रिय मित्र मान्नू*
- आदिकवि भानुभक्त आचार्य

प्रसङ्ग छ सामुदायिक शिक्षाको शत्रु को ? राजनीति ? नेता ? व्यवस्था ? सरकार ? शिक्षक ? अभिभावक ? सञ्चालक समिति ? विद्यार्थी ? वा अरू नै कुनै वा केही ? उत्तर सहज छैन। एक पक्षले अर्को पक्षतिर चोरऔंलो सोज्याएर दोषी देखाउने प्रयत्न गर्दा आफूतिर फर्केका औंलाले आफैंलाई तीन गुणा बढी दोषी देखाइरहेका हुन्छन्।

विकासको जग शिक्षा हो। शिक्षित व्यक्ति, समाज र राष्ट्रले हरेक क्षेत्रमा आफ्नो सम्पन्नता स्थापित गर्दछ। त्यसैले राष्ट्रहरूको ठूलो लगानी शिक्षामा हुन्छ। हाम्रै देशको पनि वार्षिक बजेटको ठूलो अंश शिक्षाका लागि छुट्याइन्छ। तर अपेक्षित परिणाम आएन भन्ने गुनासाहरू व्यापक छन्, र ती नाजायज पनि होइनन्। तर त्यसभित्रको नियतमा शङ्का गर्ने ठाउँ छ। शैक्षिक बजेटको ठूलो अंश विश्वविद्यालयहरूले पनि जिप्ट्याउँछन्। परीक्षाको परिणामलाई हेर्दा उत्साहप्रद त पक्कै छैन, बरु तीन वर्षको पढाइलाई पाँच वर्ष पुऱ्याएर र सही समयमा परीक्षा र परिणाम नहुँदा सरकारी तथा जनताको पैसा र समय नष्ट भएको तर्फ खासै ध्यान गएको पाईंदैन। प्राध्यापक महोदयहरू सरकारी क्याम्पसलाई भन्दा निजी क्याम्पसलाई समय दिनुहुन्छ, प्रत्यक्ष राजनीति गर्नुहुन्छ र पनि वन्दनीय हुनुहुन्छ। तर सामुदायिक विद्यालयका शिक्षकहरू सधैँ निन्दनीय छन्। मन्त्रीदेखि साधारण नागरिकले पनि सार्वजनिक रूपमै अपमान गर्दछ र शिक्षकहरू नाजवाफ भई सुन्न विवश छन्। आखिर यसको कारण के हो त ? शिक्षकका शत्रु को हुन् ? त्यो कुन तत्व हो जसले उसलाई लाचार बनाइरहेछ अपमानका भ्टाराहरू भेल्न ?

●●●

**प्राध्यापक महोदयहरू सरकारी क्याम्पसलाई भन्दा निजी क्याम्पसलाई समय दिनुहुन्छ, प्रत्यक्ष राजनीति गर्नुहुन्छ र पनि वन्दनीय हुनुहुन्छ। तर सामुदायिक विद्यालयका शिक्षकहरू सधैँ निन्दनीय छन्। मन्त्रीदेखि साधारण नागरिकले पनि सार्वजनिक रूपमै तिनको अपमान गर्दछन्। आखिर यसको कारण के हो त ?**

शैक्षिक मूल्याङ्कनका अनेकौं साधनहरूमध्ये हामी एउटै साधनमाथि निर्भर छौं: वार्षिक परीक्षा। त्यो परीक्षामा कति उत्तीर्ण वा अनुत्तीर्ण भए भन्ने आधारमा समग्र शैक्षिक प्रक्रियाको हचुवा मूल्याङ्कन हुने गर्दछ। जबकि मूल्याङ्कन भनेको परीक्षा मात्र होइन। हामी रोगको पछि लाग्दैछौं; त्यसका कारणहरू खोज्दैनौं। यदि सरकारी शिक्षाको समग्र परिपाटीलाई खोतल्यौं भने; पाउनेछौं दोषको ठूलो प्रतिशत अन्य क्षेत्रमा जाँदोरहेछ र शिक्षक त निमित्त मात्र बनेका रहेछन्। तर्कको मूढे बलले सत्यलाई बङ्ग्याएर आफ्नो निमित्त तर्कको ढाल नतेर्स्याइकन केही वास्तविकताहरू माथि सिंहावलोकन गरौं र सोचौं त को कति दोषी छौं ?

वास्तविकता यस्तो छ:

१. अन्य मन्त्रालयहरूले मन्त्री पाइसक्दा पनि शिक्षा मन्त्रालयले प्राय: मन्त्री पाउँदैन।
२. विद्यालय सुधार योजना (एसआईपी) जस्ता कार्यक्रमहरूको लागि छुट्याइएको रकम मन्त्री र पि.ए.को असम्बद्ध वैदेशिक भ्रमणमा स्वाम हुन्छ। (मन्त्री सर्वेन्द्रनाथ शुक्ला र उनका पि.ए.को अन्तिम विदेश भ्रमणलाई सम्झौं।)
३. शिक्षामन्त्रीले शिक्षा अधिकारीको नियुक्तिमा करोडौंको शुभलाभ गर्छन्। (शुक्लाभन्दा पहिलेका शिक्षामन्त्री कुसवाहको कृत्यलाई सम्झौं।)
४. सरकारले बजेट वितरण गरेपछि दायित्व पूरा भएको ठान्दछ, त्यसको अनुगमन गर्दैन।
५. शिक्षा अधिकारीहरू, जो लाखौंको भेटी चढाएर आएका हुन्छन्- शिक्षक कोटा वितरणदेखि लिएर छात्रवृत्ति र भवन निर्माणसम्मबाट आफ्नो हिस्सा छुट्याउनु अधिकार ठान्दछन्।
६. स्रोतव्यक्तिहरू कोठे तालिम कागजमा सञ्चालन गरेर दायित्व पूरा गर्दछन्।
७. विद्यालय निरीक्षकहरूलाई विद्यालयमा पुग्नै पर्दैन। (२७ वर्षमा कुनै वि.नि.ले मेरो कक्षा अवलोकन गरेको छैन।)
८. शिक्षकलाई दिइने तालिम पनि औपचारिकतामै सम्पन्न हुन्छन्। (मैले लिएको पाठ्यक्रम पाठ्यपुस्तक परिचयात्मक तालिममा तालिम अवधिभरि नै पाठ्यक्रम, पाठ्यपुस्तक उपलब्ध भएनन्-२०५६ जेठ।)
९. शैक्षिक सत्र सकिँदासम्म पनि पाठ्यपुस्तकहरू उपलब्ध हुँदैनन्।
१०. विद्यालय व्यवस्थापन समितिको गठनमा दादागिरी चल्छ। विद्यालयको बजेटमा समितिका पदाधिकारीले अंशबण्डा खोज्छन्।
११. पहुँचका आधारमा नियुक्ति पाएका र पछि पहुँच बनाएका शिक्षकहरू लगाम विनाका घोडा भइदिन्छन्।

धाक, धम्की र रवाफको भरमा हाजिर गरेर तलब खान्छन् अन्य पेशालाई प्रमुख ठान्दछन् ।

१२. केही पहुँच नहुने शिक्षकहरूमा नैराश्य उत्पन्न हुन्छ र 'मैले मात्र गरेर के हुन्छ ?' भनेर अकर्मण्य बन्दछन् ।
१३. दण्ड र पुरस्कारको उचित व्यवस्था छैन । विद्यालय छोडी कार्यालय धाउनेहरू पुरस्कृत हुन्छन् ।
१४. अभिभावकहरू सामुदायिक विद्यालयप्रति उदासीन र आफ्ना सन्तानप्रति आग्रही छन् । निजी विद्यालयमा पढ्ने विद्यार्थीका लागि खाजापानीको व्यवस्था गर्ने अभिभावक सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीका लागि कापी र कलम समेत किनिदिन आवश्यक ठान्दैनन् ।
१५. नपढे पनि उत्तीर्ण होइने र उद्दण्ड भए पनि दण्डित नहोइने विद्यार्थी ठान्दछन्- विद्यालय आएकै छु र चोरेर पास भएकै छु, अरू के चाहियो ?
१६. सामुदायिक विद्यालयमा राम्रो गर्ने विद्यार्थीलाई निजी विद्यालयमा पठाउने र निजी विद्यालयमा नराम्रो गर्ने विद्यार्थीलाई सामुदायिकमा पठाउने अभिभावकीय प्रवृत्तिले गर्दा पनि सामुदायिक विद्यालयले यस्तो हविगत भोग्नु परेको छ ।

यी तथ्यले के देखाउँछन् भने दोष जसले जसलाई दिए पनि सामुदायिक शिक्षाको मूल शत्रु भनेको हाम्रो प्रणाली हो । मैले हिन्दीको एउटा प्रचलित भनाइलाई यहाँ उद्धृत गर्नु सान्दर्भिक होला भन्ने मानेको छु । भनाइ यस्तो छ- 'सौ में निन्यानब्बे बेइमान, फिर भी मेरा देश महान् ।'

तर हाम्रो सरकारी शिक्षा प्रणालीमा त सयमा सय नै बेइमान भेटिन्छन् । अनि कसरी हुन्छ राम्रो ?
एकपल्ट छातीमा हात राखेर सबैले सोच्ने हो कि ? याद राखौं सुधारको सुरुआत 'ऊ'बाट हैन, 'म'बाट हुनुपर्दछ ।

*जनज्योति उमावि, चन्द्रनिगाहपुर, रौतहट*

# आफैं सोचौं !

■ रत्न के.सी.

हाम्रो सार्वजनिक शिक्षालाई उथलपुथल पार्ने राजनीतिक दल हुन् भन्ने कुरा एउटा सभासद् जस्तो व्यक्तिले कर्तव्यनिष्ठ शिक्षक प्रतापसिंह धामीलाई चिल्लीबिल्ली (*शिक्षक* २०६८ साउन) पारेबाट पनि पुष्टि हुन्छ । यस्तो गलत कार्य गर्ने सभासद्ले दण्ड नपाउनु शिक्षा क्षेत्र तहसनहस हुनुको एउटा कारण हो ।

केही कामचोर र गैरजिम्मेवारी स्थायी शिक्षकले अस्थायी माथि गरेको कुविचारले गर्दा पनि सरकारी विद्यालयको शैक्षिक गुणस्तर खस्कन पुगेको छ । यसमा सरकारले शिक्षा नीतिमार्फत 'कामचोर' शिक्षकलाई दण्ड र सजाय दिनुपर्छ भने इमानदार र कर्तव्यनिष्ठ अस्थायी शिक्षकलाई पुरस्कृत र सम्मान गर्नुपर्छ । तर सरकारको कमजोरीले गर्दा ठीक उल्टो भइरहेछ- इमानदार र कर्तव्यनिष्ठ शिक्षक हेला र बेवास्ताका पात्र बन्न पुगेका छन् । यस्तो अवस्थामा शिक्षा र शिक्षकका 'शत्रु' को भन्ने प्रश्नको उत्तर प्रस्ट छ । हामी सम्पूर्ण शिक्षकहरूले एक भएर राजनीतिक दलका नेता, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समितिलाई 'हामी सबै सुध्रौं, अनि विद्यालय सुध्रिन्छ' भन्ने कुरामा सहमत गराउन सक्यौं भने मात्र शिक्षा क्षेत्रमा वास्तविक सुधार सम्भव हुन्छ ।

'विद्यालय मन्दिर हो, सकिन्छ द्रव्य-फूल चढाऔं सकिँदैन मन चढाऔं' भन्ने भावना जगाऔं । अनि शिक्षण कार्य गर्दा लिङ्कनको पत्र (*शिक्षक* २०६८ साउन)लाई आधार मानी शिक्षा दिऔं ।

*देउती मावि, तल्लो मलई, दाङ*

## बहस लम्बिएको सूचना !

**पूर्व घोषणा अनुसार 'शिक्षा र शिक्षकका समस्या'मा केन्द्रित बहसको यो शृङ्खला मङ्सिर अङ्कमा सम्पन्न हुनुपर्ने थियो । तर, त्यस विषयमा देशभरबाट मत-अभिमत र विश्लेषण आउने क्रम यताका दिनमा बढ्दै गएकाले बहसको क्रमलाई आगामी पुस र माघ अङ्कमा पनि जारी राख्ने निधो गरिएको छ । अब, पुरस्कारको राशी रु.१० हजारको सट्टा रु.२० हजार हुनेछ र एकजनाको सट्टा दुई जनालाई पुरस्कृत गरिनेछ । – सम्पादक**

दोस्रो संस्करण बजारमा

प्रा. डा. विद्यानाथ कोइरालाको बहुचर्चित पुस्तक *शिक्षामा वैकल्पिक चिन्तन* दोस्रो संस्करण सर्वत्र बजारमा उपलब्ध छ ।




सम्पर्क: ९७२१५८००४८

# जे पर्ला पर्ला !

**सोचौं- के हामी शिक्षण पेशाप्रति वफादार शिक्षक साथीहरू एउटै स्वतन्त्र शिक्षक युनियन वा संस्थाभित्र अटाउन सक्दैनौं ? अन्य पार्टीका भ्रातृ सङ्ठनका रूपमा रहेका संघ-सङ्ठनहरू विघटन गर्न सकिन्छन् कि सकिँदैनन् ? शिक्षकको अस्मिताका लागि यो अत्यन्तै महत्त्वपूर्ण सवाल हो । होइन; अहिले जस्तै गरिरहने हो भने सम्पूर्ण शिक्षकजगत दुष्चक्रको बाढीमा फँस्नेछ; कहिल्यै नउम्कने गरी ।**

■ **डम्बरबहादुर बोहरा**

हाल जताततै चर्चा चलिरहेको छ- शिक्षाको स्तर घट्यो; गुणात्मक हिसाबमा विद्यार्थी उत्पादन भएनन् । सरकार, शिक्षाविद्, स्वयम् शिक्षक र विद्यार्थीले पनि शिक्षाको स्तर खस्किँदै गरेको स्वीकार गरेका छन् । तर कोही पनि जिम्मेवारी लिन तयार छैनन् । भनिन्छ; शिक्षकले पढाएनन्, विद्यार्थीले पढेनन्, शिक्षा नीति ठीक भएन, परीक्षा प्रणाली बिग्रियो, शिक्षक आफैं चिट चोराउँछन्, विद्यार्थी चिट चोर्छन्, शिक्षामा व्यापक राजनीति भयो, जताततै अस्तव्यस्त छ आदि, आदि । यसरी हामी सबै आ-आफ्नै डम्फु त बजाइरहेका छौं तर को हुन् त शिक्षा र शिक्षकका शत्रु ?

जे पर्ला पर्ला ! हुन त आफ्नै खुट्टामा बन्चरो हान्ने यो कस्तो लट्ठक रहेछ भन्ने साथीहरू पनि निस्कलान् । तर म यथार्थता र वास्तविकताको धरातलबाट उम्कन नसक्ने मान्छे; यस्तै देखें, यस्तै लाग्यो र यस्तै लेखें: 'शिक्षा र शिक्षकको पहिलो शत्रु आफैं शिक्षक होइनौं र ?'

शिक्षकको पहिलो कर्तव्य बालबालिकालाई सही मार्गदर्शन गराई भविष्यमा यस संसारमा सुखी जीवन व्यतीत गर्नका लागि सक्षम बनाउनु हो । अनि स्वाबलम्बी, सजग र विवेकपूर्ण नागरिक तयार पार्नु हो । शिक्षण एक आफैँमा पवित्र र सम्मानित पेशा हो । शिक्षक र शिक्षणलाई व्यक्ति, समाज र राष्ट्रले उच्च सम्मान दिन सक्नुपर्दथ्यो । शिक्षक स्वयम्ले व्यक्ति, समाज, विद्यार्थी र राष्ट्रबाट सम्मान लिन सक्नुपर्दथ्यो । तर हामी सार्वजनिक विद्यालयका शिक्षकहरू चुक्यौं । र चुक्दै पनि छौं । के कहिल्यै हामीले विचार गर्‍यौं किन समाजले हामीलाई पत्याउँदैन ? किन हामी शिक्षक हेलाका पात्र बनेका छौं ? किन आफ्नै विद्यार्थीले भनेको टेर्दैनन् ? किन राज्य र राजनीतिज्ञहरूले सम्मान गर्दैनन् शिक्षकलाई ? खै अरू कर्मचारीसरह शिक्षक अस्पताल ? खै शिक्षकका छोराछोरीका लागि अलग विद्यालय ? खै शिक्षक आकस्मिक र कल्याणकारी कोष ? खै शिक्षकलाई राष्ट्रसेवकको सम्बोधन ? खै शिक्षक संघ, सङ्ठनसँग सरकारले गरेका सम्झौताहरूको कार्यान्वयन ?

हो; हामी त्यहीं चुक्यौं, हामीले कहिल्यै पनि विचार पुर्‍याउन सकेनौं- कसरी सुधार गर्ने शिक्षा प्रणाली भनेर, यस्तो हुनुपर्छ पाठ्यक्रम भनेर, शिक्षाको स्तर माथि कसरी उकास्न सकिन्छ भनेर; हामी पनि अङ्ग्रेजी माध्यममा पठाउन सक्छौं भनेर वा अङ्ग्रेजी मात्र सबै थोक होइन भनेर छलफल, बहस, सल्लाह, विचार, भाव, समस्या र समाधानको आदानप्रदान गर्न सकेनौं; जसको फलस्वरुप आज स्वयं शिक्षक र शिक्षण पेशा धरासायी हुनपुगेको छ । उल्टै हामी विभिन्न राजनीतिक पार्टीहरूको पुच्छर बन्न पुग्यौं, आफ्नो व्यक्तिगत निहित स्वार्थका लागि । पार्टीको पुच्छर समातेका केही अल्पसङ्ख्यक शिक्षक नेताको पछि हामी सबै डोरियौं । काङ्ग्रेस, माओवादी, एमाले, मधेशी आदि भयौं । शिक्षकको मर्यादा, स्वाभिमान र इमानदारी भुल्यौं । राजनीतिज्ञ र समाजका प्रभुत्वशाली व्यक्तित्वहरू सल्लाह, सुझाव, नीति, कार्यक्रम र देशको अग्रगामी दिशाबोधको लागि हामीकहाँ आउनुपर्ने हो तर यसको विपरित हामी निहित स्वार्थको लागि पार्टी कार्यकर्ता, नेता, मन्त्री, सभासद् र सचिवको ढोकामा लम्पसार हुन पुग्यौं । सरुवा, बढुवा, नियुक्ति, काज, प्रअ आदि नितान्त निजी स्वार्थका लागि घिउ, महका डब्बा मात्र होइन दामका पुला (मुठा) समेत खुट्टामा राखी ढोग्न पुग्यौं । यहीं समाप्त भयो र हुँदैछ हाम्रो इज्जत, स्वाभिमान र अस्तित्व ।

यसको अर्थ सबै शिक्षकहरू दोषी छन् भन्न मिल्दैन । हाम्रा सार्वजनिक विद्यालयहरूमा धेरै राम्रा, इमानदार र प्रतिष्ठित शिक्षकहरू हुनुहुन्छ । उहाँहरूलाई हामीले सम्मान र कदर गर्नै पर्छ तर "कुवामा कुहेको एउटा भ्यागुतोले पूरै कुवा दुर्गन्धित बनाउँछ" भने झैं ती साथीहरू जसले आफ्नो निहित स्वार्थको लागि एक शिक्षकलाई अनेक पारी पार्टीको पुच्छर समातेका छन्, जसले आफूलाई 'यो त मेरो मान्छे' भन्ने कुरो नेतालाई चिनाउन खोजेका छन्, त्यस्ता शिक्षक नेताहरूले हाम्रो स्वच्छन्द, निश्छल, पवित्र शिक्षकको तलाउलाई नै दुर्गन्धित पारिदिएका छन् ।

हो; लोकतन्त्रमा विचार अभिव्यक्ति नितान्त स्वतन्त्र कुरो हो तर राजनीतिक पार्टीकै हतियार बनी पछिपछि दौडिनु- शिक्षक आफैंको लागि घातक विषय हो । यसको लागि समस्त शिक्षक वर्गले सोचौं- के हामी शिक्षण पेशाप्रति वफादार शिक्षक साथीहरू एउटै स्वतन्त्र शिक्षक युनियन वा संस्थाभित्र अटाउन सक्दैनौं ? अन्य पार्टीका भ्रातृ सङ्ठनका रूपमा रहेका संघ-सङ्ठनहरू विघटन गर्न सकिन्छन् कि सकिँदैनन् ? शिक्षकको साङ्गठनिक बल र अस्मिताका लागि यो अत्यन्तै महत्त्वपूर्ण सवाल हो । होइन; अहिले जस्तै गरिरहने हो भने सम्पूर्ण शिक्षकजगत दुष्चक्रको बाढीमा फँस्नेछ; कहिल्यै नउम्कने गरी ।

'शिक्षा र शिक्षकको शत्रु'को दोस्रो पुरस्कार राज्य, शिक्षानीति र राजनीतिक पार्टीहरूलाई प्रदान गर्न कञ्जुस्याइँ गर्नु नपर्ला जस्तो लाग्दछ । किनभने; प्रस्ट शिक्षा नीति ल्याउने दायित्व सरकारको हो । विद्यालय तथा कलेजमा पढाइ हुने विषयहरू समय, काल, परिस्थिति, भूगोल, हावापानी, समाज, भाषा, धर्म र संस्कृति समेतलाई समेटी उत्पादनमुखी हुनु आवश्यक हुन्छ । पाठ्यक्रमभित्रका पाठ्यवस्तुहरू पढाउने होइन सिकाइने हुनुपर्दछ र विद्यार्थीले सिक्ने हुनुपर्दछ । पाठ्यक्रमले काठमाडौं

उपत्यकालाई मात्र नमुना नमानी डोल्पा, हुम्ला, रौतहट, बझाङ, मुस्ताङ, कैलाली, मनाङ जस्ता जिल्लाको वस्तुस्थिति समेट्न सक्नुपर्छ। तर हाम्रो राज्यरुपी मेसिनका हरेक पार्टपुर्जामा राजनीतिक दुर्गन्धको खिया पोतिएको छ। शिक्षा मन्त्रालय, जिल्ला शिक्षा कार्यालय र विद्यालयसम्मलाई विविध पार्टीको खोल ओढाइएको छ। राज्यसँग सम्बन्धित नेता तथा विद्वत्वर्गले कर्मचारीतन्त्रलाई सल्लाह सुझावको साटो आदेश, दबाब दिने गरेका छन्। नेताको सिफारिस भएन भने सर्वसाधारणको कुनै पनि काम बन्दैन।

विद्यालय खोल्ने अनुमति दिनु स्वागतयोग्य कुरो हो; तर यो सँगसँगै विद्यालय सञ्चालनको लागि भौतिक पूर्वाधार, शैक्षिक सामग्री र दक्ष जनशक्ति चाहिन्छ कि चाहिँदैन ? एक दुई मात्र प्रावि दरबन्दी भएको विद्यालयलाई +२ सम्मको अनुमति दिनु तर शिक्षक दरबन्दी प्रदान नगर्नु कहाँसम्मको लापरवाही हो शिक्षा नीतिमा ? त्यति मात्र नभई राज्यले शिक्षकलाई स्थायी, अस्थायी, राहत, पी.सी.एफ, करार, बालकोटा आदि नाममा विभाजन र सेवासुविधा, लुगाभत्ता र निकासामा समेत विभेद गरेको छ। समान कार्यको लागि समान तहमा समान पारिश्रमिक हुनुपर्ने होइन र? सार्वजनिक विद्यालय वा कलेजमा हुने आर्थिक, सामाजिक भ्रष्टाचार र अनियमितता निर्मूल गर्न राज्यले निरन्तर अनुगमन र निरीक्षण गर्नुपर्ने हो। तर उल्टै भ्रष्टहरूले नै राज्य र पार्टीबाट संरक्षण पाउने गरेका छन्। हुँदाहुँदा विश्वविद्यालयका उपकुलपति, परीक्षाको लागि केन्द्राध्यक्ष, तालिमको लागि प्रशिक्षक नियुक्ति गर्दा समेत पार्टीका भागबण्डाको आधारमा गरिन्छ। यो कतिसम्म लाजमर्दो कुरा हो? राजनीतिक पार्टीका नेताहरू आफैं कलेज, विद्यालयमा आएर राजनीतिक वितण्डा मच्चाउने गर्छन्। छात्रवृत्ति, पुस्तक, राहत नियुक्ति जस्ता कुराहरूमा व्यापक धाँधली भएको छ।

अरु देशभरि च्याउ झैं उम्रेका उच्च माविको अवस्था रुन् गिर्दो अवस्थामा छ। कतिपय उच्च माविमा राहत दरबन्दी कोटामा शिक्षक नै नियुक्ति नगरी कामचलाउको आधारमा विद्यार्थीको जीवनमाथि खेलबाड गरेका छन्। कतिपय उच्च माविहरूमा ६ महिना पनि कक्षा सञ्चालन हुँदैन। अनि कतिपयमा चाहिँ घण्टी पनि ५० मिनेटबाट छोट्याएर ४०-४५ मिनेटका पारिएका छन्। के यो समय (घण्टी)मा गरिएको भ्रष्टाचार होइन र? यसमा राज्यले निरीक्षण, अनुगमन गर्नुपर्दैन? आखिर; उच्च माविहरूलाई 'नक्कली सामान उत्पादन' गर भनेर त अनुमति दिएको होइन होला !

सार्वजनिक विद्यालयहरूलाई सहज किसिमले सञ्चालन गर्नको लागि विद्यालय व्यवस्थापन समितिको गठन गरिएको हो। तर विद्यालय व्यवस्थापन समिति पनि 'शिक्षा र शिक्षकको शत्रु' हुनबाट अछुतो रहनसकेको छैन। कतिपय विद्यालयहरूमा विव्यसको नै सबै हालीमुहाली देखिन्छ- सबै ठाउँमा आफ्नो निर्णय लाद्न खोज्ने; शिक्षा ऐन, नियमावली भन्दा पनि आफू अनुकूल निर्णय गर्न खोज्ने र शिक्षक नियुक्तिमा आफ्नो आसपासको नियुक्ति गर्न दबाब दिने गरिन्छ। कतिपय सार्वजनिक विद्यालयमा विव्यस अध्यक्ष, प्रअ र लेखा कर्मचारीको मिलेमतोमा आर्थिक अनियमितता हुने गरेको पाइन्छ भने कतिपय विद्यालयमा अध्यक्ष र प्रअबीच तालमेल नमिली लथालिङ्गको अवस्था पनि छ। अर्कोतिर कतिपय विद्यालयमा औंठाछाप अध्यक्षले डिग्री होल्डर प्रअलाई च्यापी आफ्नो हैकमवाद चलाउने गरेका छन्। अत: विद्यालय व्यवस्थापन समिति पनि शिक्षा र शिक्षकको दुश्मनबाट अछुतो रहनसकेको छैन।

**राज्यले शिक्षकलाई स्थायी, अस्थायी, राहत, पी.सी.एफ, करार, बालकोटा आदि नाममा विभाजन र सेवासुविधा, लुगाभत्ता र निकासामा समेत विभेद गरेको छ। समान कार्यको लागि समान तहमा समान पारिश्रमिक हुनुपर्ने होइन र ?**

●●●

सार्वजनिक विद्यालयसँग प्रत्यक्ष रूपमा सम्बन्धित, विद्यार्थी तथा अभिभावकहरूलाई 'शिक्षा र शिक्षकका दुश्मन'को रूपमा पाउन सकिने कुनै गठिलो आधार नभएको कुरामा म प्रस्ट छु। किन त भन्दा, प्राय: जस्तो अभिभावक अशिक्षित छन्; तिनीहरूलाई परिचालन गर्ने/गराउने त्यो समाजका राजनीतिक पार्टी, शिक्षक र बुद्धिजीवी वर्ग भनिनेहरू नै हुन्। तर पनि मेरो बच्चाले के गर्दछ; विद्यालय जान्छ/जाँदैन; के कुरा पढ्छ विद्यालयमा, पढाइ हुन्छ कि हुँदैन, बच्चाको लागि शैक्षिक सामग्री र विद्यालय पोशाक छ कि छैन जस्ता कुरामा अभिभावकले कम चासो दिनु भने कमजोरीको विषय हो। विद्यार्थी त काँचो माटोसरह हुन्; उनीहरूलाई आकारप्रकारमा ढाल्ने साँचो शिक्षक, अभिभावक र शिक्षा नीतिले हो। कहिलेकाहीं राजनीतिक पार्टी, शिक्षक वा अभिभावकको उक्साहटमा परी नाराजुलुस र तोडफोड गर्ने; विद्यालय बन्द गराउने जस्ता कार्यहरू विद्यार्थीका कमजोरीका विषय हुन्। तर तिनले आफ्नो हकहित र संरक्षणको लागि गर्ने माग तथा आन्दोलनलाई नाजायज भन्न मिल्दैन। विद्यार्थीलाई हरेक कुरामा बन्धन भन्दा पनि स्वतन्त्र, अनुशासित, लगनशील, कर्तव्यनिष्ठ र इमानदार तुल्याउन शिक्षक सक्षम हुनुपर्छ।

समग्रमा भन्नु पर्दा; सर्वप्रथम स्वयं शिक्षकले आफैंलाई परिवर्तन गर्न सक्नुपर्दछ। जबसम्म शिक्षक एक इमानदार र सहज सञ्चार वाहक बन्न सक्दैन तबसम्म शिक्षाको स्तर माथि उठ्न सक्दैन। त्यति नहुँदासम्म समाज, विद्यार्थी र राज्यले पनि विश्वास गर्न थाल्दैनन्।

सरकारले पनि व्यावहारिक शिक्षा नीतिसँगै शिक्षाको चौतर्फी विकासको लागि शिक्षकका सेवा-सुविधामा कन्जुस्याईं गर्नुहुँदैन। बीसौं वर्ष कार्यरत राहत, पी.सी., करार र अस्थायी शिक्षकहरूलाई नियमानुसार स्थायी गर्नुपर्दछ भने दायराभित्र पर्न नसक्ने साथीहरूलाई स-सम्मान बिदा दिनुपर्दछ। शिक्षक सेवा आयोगले आफ्नो कार्य निरन्तर गर्न नसकिरहेको अवस्थामा शिक्षकको जिम्मा पनि लोकसेवा आयोगलाई दिनुपर्दछ।

शिक्षकको पेशागत हकहितको लागि स्वतन्त्र शिक्षक युनियन गठन हुनुपर्दछ। शिक्षकका राजनीतिक भ्रातृ सङ्गठनहरूलाई विघटन गर्नुपर्दछ भने राज्यले शिक्षकका सेवासुविधा बढाउनुपर्दछ। राजनीतिक पार्टीहरूले विद्यालयमा हस्तक्षेप गर्न छोड्नुपर्छ; अभिभावक तथा विद्यार्थी वर्गलाई जागरुक पार्नुपर्दछ; भ्रष्टाचार/अनियमितता गर्ने प्रअ, विव्यसका पदाधिकारी वा सरकारी अधिकारी जो कोही भए पनि कारबाही गर्नुपर्छ र राम्रो काम गर्ने व्यक्तिलाई पुरस्कारको व्यवस्था गरिनुपर्दछ। शिक्षक बढुवाको आधार शैक्षिक योग्यता र नोकरी अवधिको रूपमा मात्र नभई क्षमताको आधारमा गरिनुपर्दछ।

*गर्जेपानी उमावि, रायल, बझाङ*

# नीति नै बर्बाद

**छात्रवृत्ति जात, लिङ्गका आधारमा निकासा हुन्छ। गरिब र जेहेन्दार छात्रछात्राहरूले पाउने छात्रवृत्ति कोटा न्यून हुँदै गएको छ। यसले गुणस्तर माथि धावा बोलेको छ। मिहिनेती विद्यार्थी हीनताबोधको सिकार बनेका छन्।**

■ युवराज दाहाल

गुणात्मक दृष्टिकोणले मूल्याङ्कन गर्ने हो भने हाम्रो सार्वजनिक शिक्षा कमजोर मात्र नभएर असक्षम प्रमाणित हुन पुगेको छ। राष्ट्रमा बढ्दै गएको हत्या, हिंसा, अपहरण, चोरी, डकैती, आत्महत्या, भ्रष्टचार र अशान्ति जस्ता गैरमानवीय र असामाजिक क्रियाकलाप तथा बर्सेनि लाखौं युवायुवतीहरू विदेशिनु, हाम्रा स-साना प्राविधिक कार्य (साइकल पञ्चर टाल्ने) गर्न समेत विदेशी भित्रनुबाट यो कुरा पुष्टि हुन्छ। यसनिम्ति शिक्षासँग सरोकार राख्ने हरेक पक्षहरू दोषी तथा अनुत्तरदायी छन्। तर असफलताको जड भनेको सरकारको शिक्षानीति नै हो। तल उल्लिखित अनुच्छेदहरूले यो कथनलाई पुष्टि गर्छन्।

### नीतिमै दोष

*'देशको तालिम र राष्ट्रप्रतिको माया नै शिक्षा हो'–कौटिल्य*

कोही राजनेता हुन्छु भन्छ भने उसमा देश निर्माणका लागि आवश्यक दक्षता, प्राविधिक ज्ञान र सो कुरा प्राप्त गर्ने, गराउने सीपका साथै देशको लागि ज्यानको बलिदान दिन समेत पछि नपर्ने इच्छाशक्ति हुनुपर्छ। यस्तो शक्ति शिक्षाले प्रदान गर्ने हो। त्यसैले राजनेता भन्दा पनि शिक्षाका नीति-निर्माता अझ बढी योग्य र कर्मठ व्यक्तित्व हुनुपर्दछ।

तर दुर्भाग्यवश, भ्रष्टाचारका जानकारहरूको बाहुल्य रहने गरेको छ राष्ट्रको शिक्षा नीति निर्माण गर्ने निकायमा। तब कसरी आशा गर्ने कि राजनीतिक भागवण्डाबाट सिला खोजेर उभ्याइएका नीति निर्माताहरूबाट राम्रो शिक्षा ऐन, पाठ्यक्रम, नियम र नियमावली तयार हुन्छ भनेर!

शिक्षानीति लचिलो नै भए पनि बनेका ऐन, नियम, पाठ्यक्रम तथा व्यवस्थापन प्रक्रिया कार्यान्वयनमा कठोर हुनु आवश्यक हुन्छ। यो महत्त्वपूर्ण गुण हाम्रो शिक्षा नीतिमा छैन। सैनिक नीति कठोर भएकै कारण ज्यानको बलिदान गर्न सेनाहरू तम्तयार हुने गर्छन्। नीति उचित हुनसके शिक्षकलगायत समाजका हरेक पक्षहरू सहभागितामा जुट्ने थिए।

### हावादारी पाठ्यक्रम

*'पाठ्यक्रम सामाजिक व्यवहार र आवश्यकतासँग सम्बन्धित बनाउनुपर्छ' –जोन डिवे*

हाम्रा पाठ्यक्रम ज्ञानरुपका चक्कीहरू दिमाग रूपको बैंकमा निक्षेपका रूपमा राख्ने खालका छन्। जीवनका समस्या समाधानमा अधिकांश ज्ञान प्रयोगमा आउँदैनन्। ठूला र लामा सिद्धान्त केन्द्रित पाठ्यक्रम प्रयोगात्मक समस्याहरू सम्बोधन गर्न असफल छ।

शिक्षानीतिले प्राविधिक शिक्षा सम्पन्नहरूको भागमा राखिदिएको छ। यो अति महँगो भएका कारण सर्वसाधारण शिक्षाका व्यावहारिक ज्ञानबाट बञ्चित छन्। शिक्षानीतिलाई बल चाहिन्छ भने यसले सर्वसाधारणका जीवनमा आर्थिक, सामाजिक, भौतिक, राजनीतिक र शारीरिक सुधार ल्याउन सकिने खालको पाठ्यक्रम बनाउनुपर्दछ।

### रणनीतिः फुटाउ र राज गर

एकता नै बल हो। तर नेपालको शिक्षानीतिले यस कथनलाई उपेक्षा गरेको छ। शिक्षक नियुक्तिदेखि सेवा, सुविधा र शर्तमा समेत शिक्षकको मनोबल चकनाचूर पार्ने गरिएको छ। अंश अंशमा कित्ताकाट भएका शिक्षकहरूमा दक्षता, क्षमता र सिर्जनशीलताका आधारमा हुने प्रतिस्पर्धालाई कसको सङ्गठन ठूलो ? कसको छाता राजनीतिक सङ्गठन सरकार र शक्तिमा भन्ने सबालतिर मोडिदिएको छ। शिक्षामा अति आवश्यक दक्षता र योग्यताको कुरालाई ओझेलमा पारेको छ।

शिक्षक समुदायलाई समानताका आधारमा एउटै निकाय, प्रक्रिया र सङ्गठन अन्तर्गत व्यवहार गर्ने व्यवस्था शिक्षानीतिले कठोरताका साथ कार्यान्वयन गर्न ढिलो भइसकेको छ।

### दोहोरो चरित्रको शिक्षानीति

हाम्रो शिक्षा नीतिले दोहोरो चरित्र बोकेको छ। ठूलाबडा, हुनेखानेहरूले संघर्ष गरी सार्वजनिक शिक्षा सुधार्न कठोर कार्य गर्नुभन्दा भिन्न पहिचान प्रस्तुत गर्न सक्ने निजी शिक्षाको व्यवस्थाले समाजलाई पनि दुई वर्गमा बाँडेको छ।

एउटै घरमा श्रीमान सार्वजनिक विद्यालयको प्रअ र श्रीमती निजी विद्यालयको प्राचार्य हुनसक्ने व्यवस्थाले सार्वजनिक शिक्षा 'कसैको' हुनसकेको छैन। हाल विद्यालयहरूमा रहेको निजी र सार्वजनिक भावना हटाउन विकल्परहित राष्ट्रिय शिक्षा बनाउनु आवश्यक छ। यसैभित्र सुधार र विकल्प खोज्ने बाध्यता बनाउन सके पक्कै हाम्रो शिक्षा आदर्श, अनुपम र व्यावहारिक बन्न सक्छ।

सार्वजनिक विद्यालयमा निम्न कुराहरूको व्यवस्था गर्नु नितान्त आवश्यक छ-

- प्रतिस्पर्धाबाट प्रअको व्यवस्था
- भौतिक सुधारमा प्रयोगात्मक प्रयोजन
- व्यावहारिक पाठ्यक्रम
- नियमित निरीक्षण र परामर्श
- पारदर्शी मूल्याङ्कन र प्रोत्साहन
- पूँजीको वृद्धि
- शिक्षा करको व्यवस्था

### प्रशासक नियुक्तिमा स्वार्थ

हाम्रा प्रअहरू खुला प्रतिस्पर्धाबाट नियुक्त गरिँदैनन्। विव्यसको तजबिज, राजनीतिक भागवण्डा, जि.शि.अ र सि.डि.ओ.का

घनिष्ट मित्रहरू नै प्रअ बन्न सक्ने क्षमता राख्छन्। पछिल्लो समयमा, जात र लिङ्गका आधारमा भाग लगाई प्रअ पद बाँडिन्छ। हजारौं विद्यार्थी र दर्जनौं शिक्षकहरूको नेतृत्व लिने प्रअ पदलाई ठाडै उपहासको वस्तु बनाइएको छ।

## छात्रवृत्तिमा पक्षपात

विद्यालयमा वितरण हुने छात्रवृत्ति जात, लिङ्गका आधारमा निकासा हुन्छ। गरिब र जेहेन्दार छात्रछात्राहरूले पाउने छात्रवृत्ति कोटा न्यून हुँदै गएको छ। यसले गुणस्तर माथि धावा बोलेको छ। मिहिनेती विद्यार्थी हीनताबोधको सिकार बनेका छन्। 'मिहिनेत गर' भन्ने शिक्षकका कथन प्रभावहीन बनेका छन्। मिहिनेत एकको फल अर्काको हुने अस्वाभाविक स्वभाव यस शिक्षानीतिले लिएको छ।

*'पृथ्वीमा ज्ञानभन्दा शुद्ध चिज अरू केही छैन' –भागवत गीता*

शिक्षा त्यही चिज हो जसले मानवका हरेक दुर्गुण, कुभावना र फोहोरलाई उसबाट विस्थापन गरी शुद्ध, सफा, ताजा र पवित्र गुणहरूको उसमा स्थापन गर्छ। जातीय, लिङ्गीय, वर्गीय र धार्मिक भावना त्याग्ने चिज शिक्षा हो तर हाम्रो शिक्षा नीतिले त्यसकै आधारमा उच्च शिक्षाको अवसर बाँडेको छ। यो शिक्षा कसरी गुणस्तरीय हुन्छ? शिक्षकको मान कसरी बढ्छ?

यस वर्षको एमबीबीएस छात्रवृत्ति कोटा विचार गर्दा मौन बस्न बाध्य बनाउँछ। खुलातर्फ ८६ प्रतिशत र दलित र मधेशीतर्फ ६३ प्रतिशत अङ्क ल्याउनेलाई लिइएको छ। यसले ठूलो अन्याय जन्माएको छ। क्षमता बढाउने तालिम र गोष्ठीमा अवसर दिनुपर्छ तर प्रतिस्पर्धा शुद्ध, सफा र पवित्र हुनु आवश्यक छ। प्रतिस्पर्धा रंग, वर्ग, लिङ्ग, भाषा र जातरहित बनाउनुपर्छ।

विद्यार्थीमा हाम्रो सार्वजनिक शिक्षाप्रति वितृष्णा जन्माउने वातावरण यही पक्षपातपूर्ण चरित्रले सिर्जना गरेको छ। समावेशी नामको खराब अस्त्रको अन्त्य गर्नु आजको आवश्यकता हो। शैक्षिक क्षेत्रलाई सरल, सहज र सारगर्भित बनाउन नयाँ, सशक्त शिक्षा नीति बन्छ आशा गरौं।

## चोरलाई चौतारो, साधुलाई शूली

शिक्षक पुरस्कारको कुरा गर्दा लाजमर्दो अवस्था छ। पढाउने, मिहिनेत गर्ने, नियमित हुने, अध्ययन, परीक्षण गर्ने शिक्षक हैन, पार्टीका नेतासँग सुमधुर सम्बन्ध राखेर उनीहरूको विचार प्रचार प्रसार गर्न सक्रियहरूलाई प्रदान गर्ने संस्कृतिले शिक्षण गर्ने शिक्षकको खोज र नवप्रविधि आविष्कारमा शिथिलता आएको छ। जिम्मेवारीबोध गर्ने शिक्षा क्षेत्रका व्यक्तिको खिल्ली उडेको छ। अरु चम्चे, भरौटे, स्वार्थका पछि कुद्ने शिक्षकहरूले पुरस्कारको तक्मा भिर्दा शिक्षा पुरस्कार 'बेइज्जतको तक्मा' प्रमाणित भएको छ।

बर्सेनि प्रकाशित हुने बढुवा सूची हेर्दा 'राम्रो काम' हैन 'हाम्रो काम' गर्नेलाई बढुवा गरेको भान हुन्छ। नियमित कामका अतिरिक्त बर्सेनि कम्तीमा एउटा नयाँ काम गर्ने शिक्षकलाई पाँच वर्षमा बढुवा गरिदिंदा यो देशमा बर्सेनि कम्तीमा ५० हजार नयाँ विचार; प्रयोग र प्रविधि थपिने कुरामा शङ्का गर्नुपर्दैन। तर तालिममा सिकेका कुरा प्रयोग गर्न त कता हो कता नियमित कक्षासमेत नजाने; हाजिर नहुने शिक्षकहरू बढुवा हुने परिपाटीको कहिले अत्य हुन्छ? जवाफ कसले दिन्छ?

## प्रभावहीन निरीक्षण

निरीक्षण भनेको तोकिएका शर्त र निर्धारित काम कारबाही सुचारु रूपमा अघि बढे नबढेको जानकारी लिने र बढ्न नसक्ने कारणहरू केलाई तिनीहरूको निराकरण गरी समग्र शैक्षिक पद्धतिमा पृष्ठपोषण दिने कार्य हो। हाम्रा विद्यालय उल्लिखित परिभाषा अनुसार निरीक्षण भएको पाईंदैन। यदाकदा निरीक्षक विद्यालयमा देखिँदा कि विद्यालयमा झगडा छ, कि पार्टी छ, कि नयाँ नियुक्तिको काम छ!

निरीक्षक वर्षमा कति पटक, कुन कामका लागि, कसका लागि विद्यालयमा जाने भन्ने कुरा प्रस्ट नीति खै? सो कार्य पूरा नगर्ने निरीक्षकलाई अनुगमन कसले गर्ने? के कारबाही गर्ने? सङ्ख्यामा वि.नि र आर.टी.को कमी छैन। तर पृष्ठपोषण दिन सक्षम कम छन्। नेतृत्वकला, शिक्षण कौशल, समूहकार्य दक्षता भएका निरीक्षक नियुक्ति नहुँदा यो समस्या आएको हो।

## शिक्षा केन्द्रीकृत; अधिकार विकेन्द्रीकृत

देशभरि एकैखालको सार्वजनिक शिक्षा दिने व्यवस्था छ। तर यसको सञ्चालन र व्यवस्थापनमा स्थानीयतालाई स्वीकार गरिएको छ। परिणामतः राम्रा काम जति हाम्रा; नराम्रा जति अरूका भनी दोष पन्छाउन सजिलो भएको छ। आफ्नो स्वार्थका लागि केन्द्रमा दबाब दिने वि.व्य.स., प्रअ र अभिभावकको जमात जुन विद्यालयको ठूलो र सशक्त छ त्यही विद्यालय समाजमा उदाहरणीय हुन्छ भन्ने बुझाइ स्थापित हुँदै गएको छ। स्थानीय स्रोत र साधन; आवश्यकता र क्षमता खोज्ने कार्य छायाँमा पारेको छ।

*लक्ष्मीपुर उमावि, त्रि.न.पा-५, पोर्ताहा, उदयपुर*

# राज्यले दायित्व पूरा गरेन

■ **राजन भुजेल**

**समग्रमा** राजनीतिक दल, शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स. पदाधिकारी, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण विधि, विद्यालय प्रशासन सबै नै शैक्षिक गुणस्तर खस्किनुमा दोषी छन्। तथापि यी सम्पूर्ण तत्वहरूलाई सही मार्गदर्शन गरी शैक्षिक गुणस्तर वृद्धि गर्ने जिम्मेवारी राज्यको हो। अतः देशको आवश्यकतालाई ध्यानमा राखी उपलब्ध स्रोत र साधनहरूको उचित उपयोग गर्दै शैक्षिक गुणस्तर सुधार्नतर्फ राज्यको ध्यानाकर्षण हुनु अति जरुरी छ। र, यो राज्यकै दायित्व पनि हो।

*भाषा निमावि, बडकादियाले-५, खोटाङ*

## अब 'तेस्रो पक्ष' पनि

**विद्यालय-शिक्षालाई सार्थक र समयानुकूल तुल्याउन सघाउने आफ्नो घोषित लक्ष्य अनुरुप *शिक्षक* मासिकले आजपर्यन्त शिक्षक, शिक्षण, शिक्षा नीति र शिक्षा प्रशासनसँग जोडिएका मुद्दालाई प्रमुखता प्रदान गर्दै आइरहेको थियो। यसअघिका अङ्कहरूमा, विद्यालय र शिक्षकका बारेमा *शिक्षक* का पानामा जति धेरै चर्चा भएको छ, विद्यालय-शिक्षाका अन्य दुई महत्त्वपूर्ण पक्षहरू– अभिभावक र विद्यार्थीले त्यति नै कम स्थान पाएका छन्। तर, यसै अङ्कदेखि त्यो क्रम टुट्दैछ। यस उप्रान्त *शिक्षक* का हरेक अङ्कमा विद्यालय-शिक्षामा अभिभावक र विद्यार्थीको भूमिका, उनीहरूका मत-अभिमत र सुझावले पनि स्थान पाउनेछन्।**

**विद्यालय-शिक्षाको सन्दर्भमा हामीले विद्यार्थीसहितको विद्यालयलाई पहिलो, शिक्षकलाई दोस्रो र अभिभावकलाई तेस्रो पक्षका रूपमा हेरेका छौं। 'अभिभावक' अर्थात् 'तेस्रो पक्ष' भित्र विद्यालय व्यवस्थापन समिति, तिनका पदाधिकारी, स्थानीय समुदाय, समाजसेवी तथा तिनका शिक्षासम्बन्धी क्रियाकलाप समेत पर्नेछन्।**

**'तेस्रो पक्ष' स्तम्भका लागि विद्यालय-शिक्षामा अभिभावकको भूमिका, दायित्व, सुझाव, गुनासा र मार्मिक संस्मरण एवं अनुभवहरू पठाउन हार्दिक अनुरोध छ।**

**– सम्पादक**

# स्कूल सफल पार्न 'अभिभावक-शिक्षा'

■ **रमाकान्त शर्मा**

कैलालीको फूलबारी गाविसमा पर्ने आइगाउँबाट बेलुकीपख साइकलमा फर्कंदैथिएँ। रक्सीको मातमा लड्खडाउँदै विपरित दिशाबाट आउँदै गरेका एक पुरुष मलाई सुनाउने किसिमले भन्दैथिए, "जिल्लाबाट एक जना निरीक्षक आएको छ रे, उसले सबै बालबालिकालाई ड्रेस अनिवार्य सिलाउन भनेको छ रे; हामी गरिबको घरमा कस्तो समस्या छ? बिहान-बेलुकी हातमुख जोर्न कति मुस्किल पर्दछ? उसलाई के थाहा!"

दलित विद्यार्थी बढी भएको आइगाउँको विद्यालयमा दिउँसो अभिभावकको उपस्थितिमा करिब डेढ सय बालबालिकालाई आफ्नै हातले छात्रवृत्ति बाँडेको थिएँ। त्यही रकमबाट रक्सी पिएर 'ड्रेस'को विरोध गरेको सुन्दा मलाई साह्है दु:ख लाग्यो। मैले 'ड्रेस अनिवार्य' भन्नुको कारण पनि कमसेकम विद्यालयमा गरिब र धनीका बच्चाहरू लगाएको कपडाले भिन्न नदेखियुन् भन्ने मात्र थियो। भोलिपल्ट सुनें, त्यो साँझ आइगाउँको पसलमा निकै रक्सी बिक्यो रे!

यस्तो अवस्था आउनुको कारण के हो? हामी शिक्षामा काम गर्नेहरूले बालबालिकाप्रति गर्नुपर्ने व्यवहारका बारेमा अभिभावकलाई सचेत गराउन नसकेर हो अथवा त्यसमा अरू नै कारक छन्?

बालबालिकालाई अभिभावकत्व प्रदान गर्नु भनेको चुनौतीपूर्ण कुरा हो। शिशु, बालबालिका र किशोर-किशोरीको संरक्षण र विकासमा सहयोग पुऱ्याउने कार्य उपयुक्त र प्रभावकारी किसिमबाट सम्पादन गर्न आवश्यक ज्ञान, सीप अभिभावकमा हुनै पर्छ। नवजात शिशुदेखि वयस्कसम्म शिशु, बालबालिका, किशोर-किशोरी र युवामा शारीरिक, मानसिक तथा बौद्धिक र सामाजिक विकास, सुरक्षा संरक्षण, सरसल्लाह र आर्थिक सहयोगसम्मको कार्यमा सहयोग पुऱ्याउन अभिभावकलाई शिक्षा दिनु अथवा उसमा त्यस्तो शिक्षा हुनु आवश्यक हुन्छ। हाम्रो परिवेशमा अभिभावकलाई शिक्षा दिनकै लागि समर्पित संघसंस्था, निकाय, पत्रपत्रिका आदि भेटिँदैनन्। परम्परागत रूपमा परिवारका जेष्ठ सदस्य तथा आमाबाबुले सन्ततिहरूलाई आफूले जानेका, भोगेका आधारमा अभिभावक–शिक्षा दिँदै आएको पाइन्छ। आधुनिक जीवन र परिवेशसँगै अभिभावक-शिक्षाको त्यो क्रम भङ्ग हुँदै गएको भान हुन्छ।

समाजको आवश्यकता अनुसार अभिभावक-शिक्षा पनि फरक-फरक हुनसक्दछ। हाम्रो समाजमा कति अभिभावकले साधन र स्रोतको अभावमा आफ्ना बालबालिकालाई पर्याप्त सहयोग पुऱ्याउन सकेका छैनन् भने कतिपयले चाहिँ साधन स्रोतको दुरुपयोग गरेर बालबालिकाको भविष्य बर्बाद पारेको समेत भेटिन्छ। साधनस्रोत कम हुनेले पनि त्यसलाई सही तरिकाले उपयोग गर्न सकेको देखिँदैन। भनाइको मतलब; साधन-स्रोत नहुनु भन्दा पनि भएको सीमित साधन-स्रोतलाई उपयुक्त ठाउँमा प्रयोग गर्न नसक्नु प्रमुख समस्याको रूपमा रहेको पाइन्छ। दिनभर लगाएर कमाएको कमाइ अथवा राज्यले बालबालिकाको निम्ति उपलब्ध गराएको छात्रवृत्तिको रकम समेत पोषणयुक्त खाना, बालबालिकाको लागि उपयुक्त कपडा, कापी, कलम, पुस्तक जस्ता अतिआवश्यक कार्यमा लगाउनुको सट्टा जाँडरक्सी र जुवातासमा खर्च गर्नुलाई साधन-स्रोतको दुरुपयोग भन्दा अरू केही मान्न सकिँदैन।

साधन र स्रोत पर्याप्त भएका बाबुआमाले पनि शिशु अवस्थादेखि प्राकृतिक खानाको सट्टा पाकेटमा आउने खाना,

'जङ्क फुड', खर्चिला तर स्वास्थ्यलाई कुनै फाइदा नपुऱ्याउने, पोषणरहित खाना खुवाउनु, घर-परिवारको दैनिक-व्यावहारिक काम गर्न सिकाउनुको सट्टा आफ्नै छोराछोरीको उमेरका गरिब बालबालिकालाई सहयोगीको रूपमा राखेर आफ्ना बालबालिकालाई सानातिना काम समेत गर्न नदिनु, आफ्ना बालबालिकालाई खेलौना तथा पुतलीको व्यवहार गर्नु, उमेर अनुसार आवश्यक जिम्मेवारी र चुनौती थप्दै जानुपर्नेमा चुनौती सामना गर्नै नदिनु, 'मेरो बच्चा त्यसै ठूलो, मैले आर्जन गरेको सबै सम्पत्ति मेरा छोराछोरीलाई हो' भन्ने र आफ्नै खुट्टामा उभिन सक्ने बनाउनुको सट्टा परजीवीसरह बनाउने गरेको भेटिन्छ। यस्तो परिवेशमा हुर्काइएका बालबालिकाहरू मिहिनेत नगर्ने, खर्चालु हुने तथा लागूपदार्थ दुर्व्यसनी हुने समेत गरेको पाइन्छ।

एकले अर्काका समस्या, चाहना र विचार नबुझ्दा बालबालिका र अभिभावकबीच सधैँ झगडा हुने गरेको पनि पाइन्छ। किशोर-किशोरी वय भनेको ज्यादै संवेदनशील समय हो। यो अवस्थामा उपयुक्त सरसल्लाह र संरक्षण भएन भने बालबालिकामा निकै ठूलो मनोवैज्ञानिक प्रभाव पर्न सक्दछ। त्यस्तै संचारका आधुनिक उपकरण इन्टरनेट, टेलिभिजन, रेडियो, कम्प्युटरको उपयोग उपयुक्त तरिकाले हुन सकेन भने त्यसबाट पनि बालबालिका र परिवारमा ठूलो नकारात्मक असर पर्न सक्छ।

केही संस्थाहरूले बालविकास केन्द्रका बालबालिकाका बाबुआमालाई अभिभावक शिक्षा दिने प्रयास गरे पनि पर्याप्त र प्रभावकारी हुनसकेको देखिँदैन। शिक्षा विभागले बालविकास केन्द्रका अभिभावकलाई शिक्षा दिन आ.व. २०६७/६८ को अन्त्यमा ल्याएको कार्यक्रम लागू नै हुनसकेको छैन। केही विद्यालयले यदाकदा अभिभावकलाई अभिमुखीकरण गर्ने गरे पनि ती कार्य खाँचोको तुलनामा निकै कम छन्।

अभिभावक-शिक्षा कार्यक्रम राम्ररी सञ्चालन गर्ने विद्यालयहरूमा विद्यार्थीको शैक्षिक स्तरसँगै समग्र बानी-व्यवहारमा सुधार भएको पाइएको छ। त्यस्ता विद्यालयका अभिभावकहरूले आफ्ना बालबालिकालाई घरमा पढ्ने वातावरण मिलाउन र ठीक समयमा विद्यालयमा पठाउन सहयोग गरेको तथा आवश्यक मात्रामा पुस्तक, कापी किनिदिने जस्ता कार्य गरेको पनि भेटिएको छ।

**दलित विद्यार्थी बढी भएको आइगाउँको विद्यालयमा दिउँसो अभिभावकको उपस्थितिमा करिब डेढ सय बालबालिकालाई आफ्नै हातले छात्रवृत्ति बाँडेको थिएँ। त्यही रकमबाट रक्सी पिएर 'ड्रेस'को विरोध गरेको सुन्दा मलाई साह्रै दुःख लाग्यो। भोलिपल्ट सुनें, त्यो साँझ आइगाउँको पसलमा निकै रक्सी बिक्यो रे!**

अभिभावक-शिक्षा अन्तर्गत शिशु गर्भमा रहँदा आमाको स्वास्थ्य संरक्षण, प्रसूति र नवजात शिशुको हेरचाह, विद्यालय जानुभन्दा पहिला घरमा भाषा सिकाउने तरिका, शारीरिक व्यायाम, खेलकुद, सामाजिक व्यवहार, विद्यालयमा उपयुक्त समयमा भर्ना, पाठ्पुस्तक र अन्य सामग्रीको व्यवस्था, विद्यालय पोषक, विद्यालय पठाउँदा र विद्यालयबाट फर्केपछि गर्नुपर्ने व्यवहार, आफूले जानेका ज्ञान-सीपहरूको हस्तान्तरण, विद्यालयको पठनपाठनमा बिहान बेलुका सहयोग, बिदाको समयको उपयोग, सञ्चारका आधुनिक उपकरणको सदुपयोग, किशोर अवस्थाको संरक्षण, विद्यालयका नीतिनियम, अभिभावकले बालबालिकालाई घरमा गर्नुपर्ने व्यवहार, बालबालिकाको पोषणमा ध्यान पुऱ्याउनुपर्ने पक्षहरू, जानेर नजानेर अभिभावकबाट हुने गरेका कमि-कमजोरी हटाउने उपाय जस्ता कुराहरू सिकाइनु उपयोगी हुने देखिन्छ।

विद्यालयहरूले अभिभावक-शिक्षा कार्यक्रम विभिन्न तरिकाबाट सञ्चालन गर्न सक्दछन्। जस्तो; सम्पूर्ण अभिभावकहरूको भेला, कक्षागत अभिभावक भेला, विषयगत छलफल कार्यक्रम, गोष्ठी, अन्तरक्रिया, विद्यार्थीले प्राप्त गरेको नतिजाको विषयमा समीक्षा, वार्षिक उत्सव, घरदैलो कार्यक्रम, परिचयात्मक कार्यक्रम आदि अवसरलाई अभिभावक-शिक्षाका निम्ति उपयोग गर्न सकिन्छ।

*जिल्ला शिक्षा अधिकारी, पर्वत*


**सम्भव भएसम्म मुलुककै स्रोत र साधनको प्रयोग गरी मुलुकलाई आर्थिक एवं औद्योगिक रूपमा टेवा पुऱ्याउने बानी बसालौं।**

**नेपाल सरकार**
**सूचना तथा सञ्चार मन्त्रालय**
**सूचना विभाग**

# घातक चासो !

■ हेमन्तराज पन्त

आचार्य चाणक्यले लेखेका छन्, *'माता शत्रुः पिता बैरी येन बालो न पाठितः'* अर्थात् जुन आमाबाबुले आफ्ना छोराछोरीलाई पढाएनन्, ती आमाबुबा आफ्नै सन्तानका शत्रु हुन्। अहिले बालबालिकालाई विद्यालय पठाउँदैमा अभिभावकको दायित्व पूरा हुने अवस्था छैन।

विद्यार्थीको सिकाइ प्रक्रिया मूलतः तीनतिरबाट प्रभावित र नियन्त्रित हुन्छः विद्यार्थी स्वयं, शिक्षक र अभिभावक। यी तीन पक्षमध्ये विद्यार्थीमा शैक्षिक अनुशासन कायम राख्न अभिभावकको भूमिका महत्त्वपूर्ण हुन्छ। कुशल अभिभावकत्व प्राप्त गरेको विद्यार्थीको शैक्षिक अनुशासन अन्य विद्यार्थीको भन्दा उन्नत र उसको सिकाइ-प्रक्रिया सहज एवं परिणाममुखी हुन्छ।

आचार्य चाणक्यले लेखेका छन्, *'माता शत्रुः पिता बैरी येन बालो न पाठितः'* अर्थात् जुन आमाबाबुले आफ्ना छोराछोरीलाई पढाएनन्, ती आमाबुबा आफ्नै सन्तानका शत्रु हुन्। यो भनाइले बालबालिकाको शिक्षामा अभिभावकको दायित्व बोध गराउँछ। आज समय धेरै अगाडि बढिसकेको छ। प्रतिस्पर्धी विश्व शैक्षिक बजारमा प्रत्येक बालकलाई गुणस्तरीय शिक्षाको खाँचो छ। अहिले बालबालिकालाई विद्यालय पठाउँदैमा अभिभावकको दायित्व पूरा हुने अवस्था छैन।

विद्यार्थी असफलताको एउटै कारण शिक्षकको अक्षमता देखाउने अभिभावक तथा सबै सरोकारवालाहरूले एउटा विद्यार्थीले विद्यालयमा व्यतीत गर्ने वार्षिक करिब १२०० घण्टासँगै करिब ७५०० घण्टा अभिभावकको प्रत्यक्ष वा अप्रत्यक्ष निगरानीमा बिताउने कुरा बुझ्नु जरुरी छ। यति धेरै समय सँगै बिताउँदा विद्यार्थीले आफ्ना अभिभावकहरूबाट अधिकतम बानी-व्यवहारहरू सिक्ने कुरा प्रस्ट नै छ। आम नेपाली अभिभावकहरूले आफ्ना छोराछोरीको शिक्षामा जति चासो र सक्रियता देखाउनुपर्ने हो, त्यति देखाएको पाईदैन। हामीकहाँ छोराछोरीलाई कापी, किताब र पोशाक किनिदिएर विद्यालय पठाइदिनुमै आफ्नो जिम्मेवारी पूरा भएको ठान्ने अभिभावकहरूको बाहुल्य छ। विद्यालय पठाइएको विद्यार्थीको शिक्षाको सम्पूर्ण जिम्मेवारी शिक्षकको हो भन्ने त्रुटिपूर्ण सोचाइ रहेको छ।

विद्यार्थीप्रति **अभिभावकको चासो** कस्तो छ भन्ने कुरा तलको तालिकाले स्पष्ट पार्छः

| चासो छ | चासो छैन |
|---|---|
| विद्यालय पठाउनमा | विद्यालयमा पूरा समय बिताउँछ/बिताउँदैन |
| पोशाक, कापी, किताब किन्नमा | ड्रेस लगाउँछ/लगाउँदैन, किताब कापीको सही उपयोग गर्छ/गर्दैन |
| कक्षा उकास्ने अन्तिम परीक्षाको नतिजामा | आन्तरिक तथा त्रैमासिक परीक्षाको नतिजामा |
| फेल हुने विद्यार्थीलाई पास गराउनमा | परीक्षाको तयारी गराउनमा/पढाउनमा |

घर पहिलो विद्यालय हो र अभिभावक पहिलो शिक्षक। तर अधिकांश अभिभावकमा यो कुराको हेक्का नै रहेको पाईदैन। तिनले छोराछोरीलाई विद्यालय पठाउनुपर्छ भन्ने कुरा त बुझिसकेका छन् तर छोराछोरी विद्यालयमा पूरा समय बिताउँछन् वा बिताउँदैन, सही समयमा घर फर्किन्छन् वा फर्किँदैनन्, गृहकार्य गर्छन् वा गर्दैनन्, किताब बोक्छन् वा बोक्दैनन् भन्ने कुरामा निकै कम चासो राख्छन्।

त्रैमासिक र आन्तरिक परीक्षाहरूमा छोराछोरीले कस्तो उपलब्धि हासिल गरेका छन् र कमजोरीहरू कसरी सुधार्न सकिन्छ भन्नेतर्फ अभिभावकहरूको चासो देखिने गरेको छैन। कक्षा उकास्ने अन्तिम परीक्षाप्रति उनीहरू निकै चासो राख्छन्। यसबाट अभिभावक स्वयंले आफ्ना छोराछोरीहरूलाई नपढिकनै पनि परीक्षा पास गर्न सकिन्छ भन्ने गलत पाठ सिकाइरहेका छन् र विद्यार्थीहरूलाई परिश्रमी हुनबाट विमुख बनाइरहेका छन् भन्ने कुराको सहज आकलन गर्न सकिन्छ। पढाइलाई वास्ता नगरी कक्षा चढाउने अन्तिम परीक्षाको परिणामप्रति मात्रै राखिने चासो आफैंमा घातक हुन्छ।

कुरो यतिमा मात्रै सीमित छैन, हाम्रो समाजमा आफ्नो व्यवहारबाट प्रेरणा दिने सक्ने, बालबालिकालाई अनुशासन र सदाचारको दीक्षा दिने अभिभावकको कमी हुनुले पनि शैक्षिक अनुशासनहीनता बढ्दो छ। हो, अभिभावकहरू अशिक्षित होलान् र विषयवस्तुमा बालबालिकालाई मद्दत गर्न उनीहरू सक्षम नहोलान्, यो एउटा पाटो हो तर अभिभावकको आचरण र प्रवृत्ति नै सही नहुनु एउटा विद्यार्थीको शैक्षिक विकासका लागि सबैभन्दा घातक पक्ष हो। एउटा अपठित अभिभावकले पनि आफ्ना केटाकेटीका लागि पढ्नका लागि उपयुक्त वातावरण सिर्जना गरिदिनसक्छन्। आफ्ना बालबालिकाको दिनचर्यामा चासो नै नदिने, शिक्षक वा विद्यालयको सम्पर्कमा नै नआउने, आफ्ना बालबालिकासँग कुनै कुरा नै नगर्ने, बालकसँग पुलिस र चोरको झैं दूरी बनाइराख्ने जस्ता प्रवृत्तिहरू जिम्मेवार अभिभावकका लागि शोभनीय हुँदै होइनन्। त्यस्तो व्यवहार केटाकेटीको सकारात्मक चरित्र निर्माणका निम्ति बाधक हुन्। तर विडम्बना ! हाम्रो समाजमा अधिकांश अभिभावक यस्तै अवगुणहरूले भरिएका कारण विद्यार्थीले घरबाट केही कुरा सिक्नुको सट्टा विद्यालयमा सिकेका कुराहरूको पनि क्षय हुने खतरा रहेको छ।

शिक्षकहरूलाई कुशल, दक्ष बनाउन बर्सेनि विभिन्न तालिम, गोष्ठी, कार्यशाला आदिको व्यवस्था गरिएको पाइन्छ; जुन सकारात्मक छ। यसबाट विद्यालयमा दिइने शिक्षाको गुणस्तरीयता वृद्धिमा अवश्य मद्दत पुग्ला। तर सबैले बुझ्नुपर्ने कुरा के हो भने; जबसम्म विद्यार्थीको शैक्षिक विकासका पक्षमा गैर जिम्मेवार रहेका अभिभावकहरूको प्रवृत्ति सुधार गर्न सकिँदैन; तबसम्म शैक्षिक उपलब्धिमा अपेक्षाकृत सुधार हुन असम्भव छ। विद्यालय शिक्षाको स्तर उन्नति गर्नका लागि जति जिम्मेवारी शिक्षकको हो त्योभन्दा बढ्ता जिम्मेवारी अभिभावकको हो भन्ने कुरा सबै अभिभावकलाई बुझाउन सकेमा मात्रै विद्यार्थीको सिकाइ-प्रक्रिया प्रभावकारी हुने देखिन्छ।

*महेन्द्र नमुना उमावि, खलङ्गा, डडेलधुरा*


Healthy and Cheerful life Style from
FITNESS CHOICE
MNBC Pvt. Ltd.
Kalikasthan, Baneshwari, Kathmandu
Tel.: 4429435, 4429855
Fax: 4434823
www.fitness.com.np
DEALER
Fitness Choice
Lions Chowk, Narayangarh
Mob.: 9845046763, 9845325445
Fitness Choice
Kamalalaya Complex, Janakpur-5
Tel.: 041-520090 | Cell: 9744020444
Dharan Physical Fitness Centre
Dharan-4 (Siddicharan Marga)
Tel.: 025 520919 | Cell : 9852045709


गुञ्जन्छ राष्ट्रको हरेक कुनामा...
नेपाल एफएम नेटवर्क
NEPAL FM 91.8
NEPAL FM
91.8
Socially Inclusive Radio of New Nepal
तपाई जहाँ भए पनि नेपाल एफ एम
विस्तृत जानकारीका लागि : नेपाल एफ.एम. 91.8, रविभवन, काठमाडौं
फोन: ४२८९१२१, ४२८९१२३, ईमेल : radio@nfm.com.np
www.nfm.com.np



अवधारणा

डा. तुलसीप्रसाद थपलिया

# परियोजना कार्य के, किन र कसरी ?

**ज्ञान प्राप्त गरिने विषय नभई निर्माण गरिने विषय हो; यो दिएर दिइन्नँ, खोजेर भेटिन्नँ- बरु जुन परिवेशमा बाँचिएको छ, त्यही परिवेशसँग सक्रिय अन्तरक्रिया गरेर मात्र ज्ञानको निर्माण हुनसक्छ । विद्यार्थीले आफैं सक्रिय भई ज्ञान निर्माण गर्ने अवसर जुटाइदिने शिक्षण-सिकाइ पद्धति र मूल्याङ्कन विधि तथा त्यसको व्यावहारिक प्रयोगबारे चर्चा र खोजी गर्नु जरुरी देखिन्छ ।**

दिइएको पाठ मुखाग्र भन्न सक्ने दक्षता मात्रै अहिलेको युगमा पर्याप्त छैन । अहिलेको श्रमबजारले खोज गर्न सक्ने, सिकेका सीप नयाँ-नयाँ परिवेशमा प्रयोग गर्न सक्ने, उत्पादन गर्न सक्ने र समस्या समाधान गर्न सक्ने क्षमतालाई विशेष महत्त्व दिन्छ। अर्थात् यो नै अहिलेको समयको माग हो ।

यस्तो मागको सन्दर्भमा विचार गर्दा हाम्रा शिक्षण र मूल्याङ्कनका विधि तथा सिकाइका प्रक्रिया र प्रचलन कत्तिको सहायक एवं उपयोगी छन् भनेर लेखाजोखा गर्नुपर्ने र तिनको विकल्पबारे सोच्नुपर्ने हुन्छ । बन्द कोठाभित्र पाठ्यपुस्तकका पाठहरू खार्ने वा सामान्य गणितीय समस्या हल गर्न सक्ने सीपबाट मात्रै वास्तविक जीवनका समस्यासँग साक्षात्कार गर्ने तागत विकास गर्न कठिन हुँदोरहेछ भन्ने कुरा हाम्रा अनुभवका साथै विभिन्न अनुसन्धानले पनि सावित गरिसकेका छन् ।

विभिन्न अनुसन्धाता (हातानो र इनागाकी, १९८६; ब्रान्सफोर्ड आदि)हरूका अध्ययन-निष्कर्षलाई संश्लेषण गर्दै कोर्ते (Corte-2010) भन्छन्, "शिक्षा र सिकाइको अन्तिम लक्ष्य भनेको सन्दर्भ अनुरुप ज्ञानको अनुकूलन गर्ने दक्षता (Adaptive Competence) हो ।" अर्थात्, यी सबै प्रक्रियाको अन्तिम लक्ष्य- सिकिएका ज्ञान र सीपहरूलाई अर्थपूर्ण र सिर्जनशील रूपमा विभिन्न परिस्थितिमा प्रयोग गर्ने तागतको विकास गर्नु नै हो ।

त्यसो भए त्यस्तो तागत विकास गर्ने अर्थमा हामी कहाँ छौं, अनि त्यसनिम्ति हाम्रा शिक्षण र सिकाइ पद्धति कत्तिको सहायक छन् त ?

कोर्ते अगाडि भन्छन्, "ज्ञानको अनुकूलन गर्ने दक्षता विकास गर्न तथ्य, अवधारणा, नियम जस्ता आधारभूत पक्षमा पारङ्गत हुनुपर्छ नै, त्यसका साथै समस्या विश्लेषण गर्ने तथा त्यसको सही योजना र अनुगमन गर्ने सीप समेत उत्तिकै महत्त्वपूर्ण हुन्छ । आफ्नो क्षमतामाथि विश्वास गर्ने सिकारु नै आफूले सिकेका ज्ञान र सीपलाई नयाँ परिस्थितिमा सफलतापूर्वक प्रयोग गर्न सफल हुन्छन् ।"

तर यी गुण र दक्षता विकास गर्न हाम्रा शिक्षण र सिकाइ प्रक्रिया कत्तिको सहयोगी छन् त ?

सिकाइका सिद्धान्तले के भन्छन्, एकचोटि त्यतातिर पनि हेरौं। सम्बलन (Reinforcement)मार्फत अपेक्षित उत्प्रेरणालाई अरु सघन बनाउन सकिन्छ भन्ने व्यवहारवादी सिद्धान्त (Behaviorist Approach) ले उपयुक्त उद्दीपक (Stimulus) को छनोट गर्ने र सम्बलन दिने तथा अभ्यास (Drill) गराउने पक्षलाई महत्त्वपूर्ण ठान्यो । संज्ञानात्मक सिकाइ मार्ग (Cognitivist Approach) ले भने सूचनाको प्रशोधनका प्रक्रियामा जोड दियो । पहिलो सिद्धान्तले वातावरण पक्षलाई प्रधान मान्यो; दोस्रोले, सिकारुको वैयक्तिक पक्षलाई । यी दुवै सिद्धान्तको आफ्नै महत्त्व छ । तर हामी अहिले; सिकाइ निश्चित परिवेशमा हुन्छ र यसका निमित्त सिकारुको सक्रिय सहभागिताले बढी महत्त्व राख्दछ भन्ने मान्यता बोक्ने निर्माणवादी दृष्टिकोण (Constructivist Approach) को जमानामा छौं । ज्ञान प्राप्त गरिने विषय नभई निर्माण गरिने विषय हो; यो दिएर दिइन्नँ, खोजेर भेटिन्नँ- बरु जुन परिवेशमा बाँचिएको छ, त्यही परिवेशसँग सक्रिय अन्तरक्रिया गरेर मात्र ज्ञानको निर्माण हुनसक्छ भन्ने दृष्टिकोणलाई मान्ने हो भने, विद्यार्थीले आफैं सक्रिय भई ज्ञान निर्माण गर्ने अवसर जुटाइदिने शिक्षण-सिकाइ पद्धति र मूल्याङ्कन विधि तथा त्यसको व्यावहारिक प्रयोगबारे चर्चा र खोजी गर्नु जरुरी देखिन्छ ।

विभिन्न अनुसन्धानका निचोडहरू केलाउँदै ब्यारोन र डार्लिङ-ह्यामोन्ड (२०१०) भन्छन्, "वास्तविक जीवनका समस्या अनुभव गर्ने यथार्थमा आधारित सिकाइ (Authentic Learning) को अवसरबाटै सिकारुमा जटिल समस्या हल गर्ने क्षमता विकास हुनसक्छ । सिक्ने क्रममा नै विश्लेषण गर्ने तथा व्यावहारिक समस्याहरू हल गर्ने अवसर दिएर विद्यार्थीमा त्यस्ता क्षमता विकास गर्न सकिन्छ र पछि आइपर्ने समस्यासँग जुध्न उनीहरू तयार हुन्छन् ।" उनीहरूको ठम्याइ छ, "यसका लागि शिक्षण र सिकाइको प्रक्रियालाई खोजमा आधारित बनाउनु सबैभन्दा महत्त्वपूर्ण हुन्छ ।"

ब्यारोन र डार्लिङ-ह्यामोन्डले 'खोजमा आधारित सिकाइ'का यस्ता विधिहरूमध्ये- परियोजनामा आधारित सिकाइ (Project

Based Learning); समस्यामा आधारित सिकाई (Problem Based Learning) तथा डिजाइनमा आधारित सिकाइ (Design Based Learning) का बारेमा चर्चा गरेका छन्। परियोजना कार्यको अन्त्यमा कुनै निश्चित वस्तुको उत्पादन हुने वा दर्शकका साम् प्रस्तुतीकरण हुने गर्दछ। समस्यामा आधारित सिकाइमा कुनै विषय (Case) दिएर त्यससँग गाँसिएका बहुपक्षीय मुद्दाहरू केलाउने र यथार्थ अवस्था बुझ्ने प्रयास हुन्छ। चिकित्सा विज्ञान, कानुन, शिक्षा-शिक्षणमा यस प्रकारको शिक्षण विधि उपयोग गर्ने गरिएको उदाहरण लेखकहरूले दिएका छन्। त्यसैगरी डिजाइनमा आधारित सिकाइमा सिकारुलाई कुनै निश्चित वस्तु डिजाइन गर्ने अवसर प्रदान गरिन्छ। यसमा सिकारु समस्यालाई अर्थ्याउने, नयाँ वस्तुको रचना गर्ने, त्यसको लेखाजोखा गर्ने र पुनः डिजाइन गर्ने जस्ता चरणहरू पूरा गरी सिकाइमा संलग्न हुने भएकाले गहिरो सिकाइ हुने अपेक्षा गरिन्छ। यस लेखमा भने यी तिनै सिकाइ विधिलाई समान अर्थमा–परियोजना कार्य (Project Work) को नाममा बयान गरिएको छ।

## परियोजना कार्य– सामान्य अर्थ

परियोजना कार्य (Project Work) ले सिकारुको सक्रिय सहभागितामा जोड दिन्छ। सिकारुलाई सक्रिय बनाई समूहमा काम गर्ने अवसर प्रदान गर्न र सामाजिक जीवनका यथार्थतालाई सिकाइको विषय बनाई सिकाइलाई सान्दर्भिक बनाउन उद्देश्यपरक रूपमा तयार गरिएका कार्यलाई नै परियोजना कार्य भनेर बुझ्ने गरिन्छ। त्यसैले यसलाई प्रयोगात्मक अनुभव दिलाउने विधिका रूपमा पनि चिनिन्छ। शिक्षण विधिका रूपमा प्रयोग गर्दा यसलाई 'परियोजना विधि' भन्ने गरिएको छ।

## 'परियोजना कार्य'को इतिहास

यसको स्पष्ट इतिहास केलाउन सजिलो छैन। अनुभवजन्य सिकाइका अर्थमा हेर्ने हो भने, पूर्व या पश्चिमी सभ्यतामा यस विधिको प्रयोग परापूर्वकालदेखि नै हुँदै आएको मान्न सकिन्छ। यसले खास विधिका रूपमा औपचारिक चिनारी पाएको भने धेरै भएको छैन। 'Encyclopedia of Education' का अनुसार जोन डिवेको शिक्षाको प्रगतिवादी दर्शनलाई व्यवहारमा उतार्ने गरी किलप्याट्रिकले सन् १९१८ मा पहिलोपटक 'The Project Method' नामको एउटा लेख प्रकाशित गरेर यस विधिको औपचारिक नामकरण गरे। त्यस लेखमा उनले निश्चित उद्देश्य प्राप्तिका सन्दर्भमा विद्यार्थीलाई पूर्ण सहभागी बनाउने विधिका रूपमा ('Whole Hearted Purposeful Activity Proceeding in a Social Environment') परियोजनालाई चिनाएका छन्।

## उपयोग

विद्यालय-शिक्षाको सन्दर्भमा मूलतः तीन प्रयोजनका लागि 'परियोजना विधि' (Project Method) उपयोग हुनसक्ने देखिन्छः क) शिक्षण विधिका रूपमा (विद्यार्थी सहभागी हुने प्रोजेक्ट) ख) पेशागत विकास विधिका रूपमा (शिक्षक सहभागी हुने प्रोजेक्ट) र, ग) विद्यालय विकासका सन्दर्भमा (प्र.अ.लगायतका सरोकारवालाहरू सहभागी हुनसक्ने प्रोजेक्ट)। यस लेखमा चाहिँ हामी शिक्षण विधिका रूपमा, विद्यार्थी सहभागी हुने प्रोजेक्टमा नै केन्द्रित रहनेछौं।

### अपेक्षित उपलब्धि

**विभिन्न** क्षेत्रबाट प्राप्त सिकाइलाई संश्लेषण गर्न र समीक्षात्मक तथा सिर्जनात्मक रूपमा वास्तविक जीवनमा त्यसको प्रयोग गर्ने सन्दर्भमा परियोजना कार्यलाई उपयोग गरेको पाइन्छ। तलका चार वटा सिकाइ उपलब्धिहरूमार्फत विद्यार्थीलाई जीवनभर निरन्तर सिक्न सक्ने बनाउने र परिआउने जस्तोसुकै चुनौतीको सामना गर्न सक्ने तुल्याउने अपेक्षा गरेको पाइन्छः

१. **ज्ञानको उपयोग पक्षः** ज्ञानका विभिन्न क्षेत्रहरूबीच संयोजन गरी ती सीपहरूलाई आफ्नो काममा उपयोग गर्ने;
२. **सञ्चारः** आफ्ना विचारलाई लिखित तथा मौखिक रूपमा प्रभावकारी ढङ्गले सञ्चार गर्ने;
३. **सहकार्यः** साझा उद्देश्य हासिल गर्न समूहमा काम गर्दै सहकार्यको सीपको विकास गर्ने;
४. **स्वतन्त्र सिकाइः** आफैं स्वतन्त्र रूपमा सिक्न सक्ने; सिकाइको आत्म-प्रतिबिम्बन गर्ने तथा त्यसमा सुधार गर्न उपयुक्त कार्य गर्ने।

स्रोतः www.moe.gov.sg/education/programmes/project-work

सिकाइका हिसाबले यो विधि 'गरेर सिक्ने' सिद्धान्तमा आधारित छ र यथार्थपरक सन्दर्भमा सिक्ने अवसर दिने गरी यसको डिजाइन हुने गरेको पाइन्छ। संलग्नताका हिसाबले- समूहमा काम गर्ने, जिम्मेवारी लिने; एक-अर्काको सहयोग लिने-दिने जस्ता सामाजिक सीप विकास गर्न पनि यो विधि उपयोगी मानिन्छ। यसभित्र पाठ्यक्रमसँग सम्बन्धित सरलदेखि जटिलसम्म विभिन्न कामहरूलाई अटाउन सकिन्छ- जस्तै; एउटा चिठी लेख्ने; रोपाईंमा सहभागी भई आफ्ना अनुभवहरू बयान गर्ने; माकुराको जालोभित्र माकुराको गतिविधि अवलोकन गर्ने र यसको जीवन-चक्रको बारेमा बयान गर्ने; पहिरोको अवलोकन गर्ने, त्यसका कारण र असरका बारेमा विभिन्न स्रोतबाट सूचना सङ्ग्रह गरी विश्लेषण गर्ने; कुनै ठोसवस्तुका नमुना (Model) तयार गर्ने; बुढेसकालको जीवनबारे खोज गरी प्रस्तुत गर्ने; बजारमा गई किनमेलको अवस्था, त्यहाँ हुने कारोबार; त्यसलाई प्रभाव पार्ने विषयबारे विश्लेषण गर्ने इत्यादि।

कक्षा शिक्षणको सन्दर्भमा 'परियोजना विधि' उपयोग गर्दा विभिन्न पक्षमा ध्यान पुऱ्याउनु आवश्यक देखिन्छ; तीमध्ये केही आधार यस्ता हुनसक्छन्: सान्दर्भिकता (पाठ्यक्रम, विद्यार्थीको विशेषता र स्थानीय परिवेश); व्यावहारिकता (समय, स्रोत-साधन, सीप र क्षमता इत्यादि); परियोजनाप्रति उत्प्रेरणा (रुचिको काम, त्यसको मूल्याङ्कन व्यवस्था); व्यवस्थापन र अन्य-विषयसँग समन्वय (प्रोजेक्ट कार्य गराउँदा ४५ मिनेटको पिरियडमा भन्दा पनि ब्लकमा काम गराउनुपर्ने हुन्छ र एउटा प्रोजेक्टले एकभन्दा बढी विषय क्षेत्रलाई समेट्न सक्छ)।

## 'परियोजना' का प्रकार

**क) विषय क्षेत्रका हिसाबले– एउटा विषय वा अन्तर–विषयक परियोजनाः** एकजना शिक्षकले आफ्नो पाठ्यविषयको उद्देश्य हासिल गर्न सहयोगी हुने गरी परियोजना कार्यको डिजाइन गर्न सक्छन्। तर अन्तर-विषयक परियोजना पनि निर्माण हुनसक्छ।

जस्तै; 'बजार' लाई परियोजनाको मूल विषय बनाएर भाषा, सामाजिक शिक्षा, गणित, विज्ञानलगायत विभिन्न विषयलाई अन्तर-सम्बन्धित गरेर सिक्ने अवसर दिन पनि सकिन्छ अथवा कुनै एउटा विषयमा मात्र सीमित रहन पनि सकिन्छ। अन्तर-विषयक परियोजना सिकाइलाई अर्थपूर्ण बनाउन बढी सहयोगी हुने मानिन्छ। यसका निमित्त विषय-शिक्षकका साथै प्रअ वा संयोजकले संयुक्त रूपमा यस्ता कार्यको योजना र समन्वय गर्नु उचित हुन्छ।

ख) **समूह संलग्नताका हिसाबले- व्यक्तिगत वा समूहगत प्रोजेक्टः** प्रत्येक विद्यार्थीलाई आफ्नो परिवारको बारेमा खोज गरेर कक्षामा प्रस्तुत गर्न लगाउन सकिन्छ। यसो गर्दा यो कार्य व्यक्तिगत तहको बन्न पुग्यो। त्यसैगरी, स-सानो समूह निर्माण गरेर समूहले गर्ने गरी पनि परियोजनाको डिजाइन गर्न सकिन्छ। समूहमा काम गराउँदा सामाजिक सीपको विकास गर्ने अवसर समेत मिल्छ।

ग) **समयावधिका हिसाबले छोटो वा लामो अवधिको प्रोजेक्टः** विद्यार्थीको उमेर, रुचि, पाठ्यक्रमको उद्देश्य समेतका आधारमा परियोजनाको अवधि छोटो वा लामो हुन सक्छ। फूल रोप्नेदेखि त्यसको नियमित हेरचाह गरी फूल फुल्दासम्मका विभिन्न अवस्था र चरणको अवलोकन गरी प्रतिवेदन बनाउने परियोजनाबाट कुनै विषय वा घटनालाई सम्पूर्णतामा अध्ययन गर्ने अवसर मिल्छ।

घ) **मूल उद्देश्यका हिसाबले विभिन्न प्रोजेक्टः** हुन त सबै परियोजना कार्यले खोज गर्ने, केही गरेर सिक्ने र वास्तविक परिवेशमा ज्ञान निर्माण गर्ने उद्देश्य नै राख्दछन्; तर पनि विशिष्टताका हिसाबले ती उद्देश्यमा केही फरक खुट्याउन सकिन्छ। जस्तै, उत्पादन वा सिर्जनामुखी (केही नयाँ वस्तुको निर्माण वा सिर्जना गर्ने); उपभोगमुखी (केही पढेर, कुनै सामग्री-जस्तै गीत सुनेर; कतै घुमेर, अनुभव गर्ने; खोज गर्ने; अन्वेषण गर्ने र प्रस्तुति गर्ने); वा समस्यामूलक (कुनै समस्या समाधान गर्ने कार्यमा सहभागी हुने) वा अभ्यासमुखी (भर्खरै सिकेका विषयलाई स्थायित्व दिन- पर्याप्त अभ्यासको अवसर प्रदान गर्ने)

## परियोजना कार्यका विशेषता र यसका फाइदा

परियोजना कार्य (Project Work) को मूल विशेषता भनेको- खोजमुखी चरित्र नै हो: सिकारुको सक्रिय सहभगिता; र वास्तविक जीवनका समस्यामा आधारित सिकाइ नै यसको मूल ध्येय हो।

विभिन्न अनुसन्धानका निष्कर्ष प्रस्तुत गर्दै परियोजना कार्यका लाभदायक पक्षका बारेमा ब्यारोन र डार्लिङ-ह्यामण्ड (२०१०) भन्छन्:

- कक्षाकोठाबाट बटुलेका जानकारी र ज्ञानलाई वास्तविक जीवनका समस्या समाधान गर्न प्रयोग गर्ने अवसर पाउँदा सिकाइ अझ सघन र गहिरो हुँदोरहेछ। खोजमा आधारित सिकाइबाट सञ्चार सीप विकासमा टेवा पुग्नुका साथै सिर्जनशीलता र गहिरो सोचाइलाई प्रवर्द्धन गर्न समेत मद्दत पुग्दोरहेछ। अर्को पक्षबाट विचार गर्दा; यस्तो अभ्यासले आपसी सहकार्य गर्ने सामाजिक सीपको विकासमा समेत टेवा पुग्दोरहेछ।
- दोस्रो कुरा, खोजमा आधारित सिकाइलाई प्रवर्द्धन गर्न के खोज्ने भन्ने कुरा होसियारीसाथ चयन गर्नुका साथै मूल्याङ्कन व्यवस्थालाई पनि सोही अनुकूल बनाउनुपर्ने रहेछ।
- तेस्रो, यो विधिको सफलता यसको प्रयोगकर्ताको क्षमता र दक्षतामा समेत निर्भर गर्दोरहेछ, अर्थात् दक्ष व्यक्तिबाट यो विधि प्रयोग हुँदा लाभ पनि बढी हुने सम्भावना हुँदोरहेछ।
- परम्परागत शिक्षणबाट भन्दा परियोजना विधिबाट शिक्षण गर्दा विद्यार्थीको सिकाइ उत्प्रेरणामा सकारात्मक प्रभाव पर्नुका साथै काम गर्ने बानी, समीक्षात्मक सोचाइ (Critical Thinking) को विकास र समस्या समाधान गर्ने क्षमताको विकासमा सकारात्मक योगदान पुग्दोरहेछ।
- यस प्रकारको शिक्षण विधिको प्रयोग गर्दा मूल्याङ्कन व्यवस्थामा पनि सोही अनुसार छनोट र समायोजन गर्नुपर्ने रहेछ। खासगरी, कण्ठ गरेर उत्तर दिने पद्धतिभन्दा पनि के गऱ्यो, कुन प्रक्रियाबाट गुज्रियो, कस्तो अनुभव बटुल्यो भन्ने पक्ष बढी महत्त्वपूर्ण हुने रहेछ। यसका लागि अपेक्षित कार्य, मूल्याङ्कनका आधार समेत खुल्ने गरी विद्यार्थीलाई पूर्व जानकारी दिने र मूल्याङ्कनका निमित्त वर्णनात्मक आधार (Rubrics) को अभ्यास गर्ने कुरा महत्त्वपूर्ण हुने रहेछ। वास्तविक सिकाइलाई प्रवर्द्धन गर्न 'गरेरै देखाउने' वास्तविक मूल्याङ्कन (Authentic Assessment) को अवसर जुटाउनुपर्ने रहेछ।
- परियोजनामार्फत जोडीमा वा समूहमा सहकार्यको अवसर दिनाले सामाजिक सीपको विकासमा समेत टेवा पुग्ने रहेछ।

## चुनौती

- एकघण्टीको पिरियडमा आधारित शिक्षणमा परियोजना लागू गर्न कठिनाइ हुने हुँदा 'ब्लक'मा शिक्षण गर्ने गरी समायोजन गर्ने उपाय खोज्नुपर्ने रहेछ।
- विभिन्न विद्यार्थीका क्षमता अनुरुप परियोजना छनोट गर्ने, समूह कार्यको व्यवस्थापन गर्ने, विद्यार्थीलाई सो काममा उत्प्रेरित गरी राख्ने, निरन्तर पृष्ठपोषण प्रदान गर्ने जस्ता काममा लाग्नुपर्ने हुँदा शुरु शुरुमा शिक्षकका निमित्त समय व्यवस्थापन पनि चनौतीपूर्ण हुनसक्ने रहेछ।

सारांशमा, यो विधिबाट विद्यार्थीको सिकाइमा सकारात्मक योगदान पुग्ने अनुसन्धानले देखाएका छन्। यसका निमित्त परियोजनाको छनोट, कार्यान्वयन तथा मूल्याङ्कनबारे शिक्षकको दक्षता ज्यादै महत्त्वपूर्ण हुने देखिन्छ। त्यसैले हरेक शिक्षकले राम्ररी चयन गरिएका परियोजनाबाट अर्थपूर्ण सिकाइ र वास्तविक जीवनका समस्या समाधान गर्ने क्षमता विकास हुने र सामाजिक सीपको विकास पनि हुने तथ्यलाई विचार गरी आफ्नो सन्दर्भमा कस्ता परियोजना सान्दर्भिक होलान् भनेर खोजी गर्नु राम्रो हुने देखिन्छ।

### References

*Barron, B., and Darling-Hammond, L. (2010). In Dumount, H.; Istance D., and Benavides, F. (eds.),* The nature of learning: using research to inspire practice (Chapter 9). *OECD: Centre for Educational Research and Innovation.*

*Corte, Eric de. (2010). Historical developments in the understanding of learning. In Dumount, H.; Istance D., and Benavides, F. (eds.),* The nature of learning: using research to inspire practice *(chapter 2). OECD: Centre for Educational Research and Innovation.*

*Encyclopedia of Education (second edition). (vol. 1-8)*


Most demanded by students
सरकारी तथा निजी विद्यालयका लागि
TALEJU
ENGLISH
PRACTICE BOOK
By : Surya Prasad Ghimire
For Class VII, VIII, IX, & X Classwise Book
तलेजु प्रकाशन
काठमाडौं, फोन ४२५२९६६, ४२२९२६८


तपाई जहाँ हुनुहुन्छ त्यहीँ
तपाई जहाँ पुग्नुहुन्छ त्यहीँ
अर्थात
देशैभरि
उज्यालो 90 नेटवर्क
तपाई ढुक्कले
व्यवसाय गर्नुहोस्
देशभरिका ९० वटा एफएम
स्टेशनहरूबाट एकसाथ प्रवर्द्धन गर्न
हामी साथमा छौं ।
Broadcast System
Partner Radio Stations
National Coverage
बिहानदेखि रातीसम्म
सीधा कुरा, प्रष्ट विचार
थप जानकारीका लागि
विज्ञापन शाखा
Communication Corner Pvt. Ltd.
Kupondole, Lalitpur, Tel: 5546277
Fax: 977-1-5549357, E-mail: info@unn.com.np, URL : www.unn.com.np
Ujyaalo 90 Network
Sanepa, Lalitpur, Tel: 5551716



## परियोजना कार्य: व्यावहारिक पक्ष

इम नारायण श्रेष्ठ

# यसरी गर्न सकिन्छ कार्यान्वयन

**परियोजना कार्यले कक्षाकोठामा सिकेको कुरालाई दैनिक जीवनमा अथवा व्यवहारमा प्रयोग गर्न सिकाउँछ। त्यसैले यो शिक्षण विधि मात्र नभई मूल्याङ्कनको साधन पनि हो। हाम्रो विद्यालय तहको पाठ्यक्रमको सही कार्यान्वयनका लागि पनि कक्षाकोठा शिक्षणमा 'परियोजना कार्य'को उपयोग जरुरी छ।**

शिक्षालाई व्यवहारमा काम लाग्ने बनाउनु हाम्रा लागि अहिलेको एउटा चुनौती नै बन्न पुगेको छ। शिक्षालाई जीवन या व्यवहारोपयोगी बनाउने धेरै उपाय हुनसक्छन्। तीमध्ये एउटा सरल उपाय चाहिँ शिक्षण विधिमा गरिने सुधार नै हुनसक्छ। खासगरी; शिक्षणमा 'परियोजना कार्य' (Project Work) को उपयोगबाट शिक्षालाई व्यावहारिक तुल्याउन सकिन्छ भन्ने विभिन्न अध्ययन र अनुभवले देखाएका छन्। प्रायः सबैजसो विषयको पाठ्यक्रमको उद्देश्यमा 'दैनिक जीवनमा आइपर्ने समस्या समाधान गर्ने सीपको विकास गर्ने' भन्ने उल्लेख भएको सन्दर्भमा पनि यो विधिको उपयोगिता छर्लङ्ग हुन्छ।

### 'परियोजना कार्य' कसरी प्रयोग गर्ने ?

परियोजना कार्यलाई शिक्षण विधिका रूपमा प्रयोग गर्ने दुई वटा तरिका वा मार्ग (Approaches) छन्:

#### पहिलो तरिका

यो तरिका अन्तर्गत पहिले शिक्षकबाट निश्चित विषयवस्तु शिक्षण गरी विद्यार्थीलाई निश्चित ज्ञान र सीप प्राप्त गर्ने अवसर प्रदान गरिन्छ; अनि यसरी सिकेको ज्ञान र सीपको सिर्जनात्मक र स्वनिर्देशित रूपमा उपयोग गरी 'परियोजना कार्य' सम्पादन गर्न लगाइन्छ। उदाहरणको लागि; एक जना शिक्षकले कक्षा ५ को गणित विषयको 'क्षेत्रफल' भन्ने एकाइ/पाठ यसरी शिक्षण गरे: उनले सर्वप्रथम कक्षामा क्षेत्रफलको अवधारणा, आयताकार वस्तुहरूको क्षेत्रफल निकाल्ने सूत्रबारे बताएर त्यही सूत्र प्रयोग गरी क्षेत्रफल निकाल्ने तरिका सिकाए। यति गरिसकेपछि विद्यार्थीलाई समूहमा विभाजन गरी विद्यालयको आयताकार चौरको क्षेत्रफल निकाली कक्षामा प्रस्तुत गर्ने 'परियोजना कार्य' दिए। यहाँ ती शिक्षकले परियोजना कार्यलाई पहिलो तरिका वा मार्गअनुरुप शिक्षण विधिका रूपमा प्रयोग गरे।

#### दोस्रो तरिका

यो तरिका शिक्षकबाट हुने शिक्षण कार्य र परियोजना कार्य सँगसँगै एकीकृत (Integrated) रूपमा अघि बढ्छ। यसमा पहिले विद्यार्थीहरूलाई दिइने परियोजना कार्य तोकिन्छ, उक्त कार्य/समस्या सम्पादन/समाधान गर्न जान्नुपर्ने कुराहरू (ज्ञान, सीप) यकिन गरी आवश्यक पर्ने विधि र अवधारणाका बारेमा छलफल गरिन्छ। अनि विद्यार्थीले परियोजना कार्य आफ्नै अगुवाइमा सम्पादन गर्दछन्। उदाहरणको लागि; एक जना शिक्षकले कक्षा ५ को गणित विषयको 'क्षेत्रफल' भन्ने एकाइ/पाठ यसरी शिक्षण गरे; विद्यार्थीहरूलाई समूहमा विभाजन गरी विद्यालयको आयताकार चौरको क्षेत्रफल निकाली कक्षामा प्रस्तुत गर्ने परियोजना कार्य तोके। उक्त कार्य सम्पादनका लागि विद्यार्थीले जान्नुपर्ने र गर्नुपर्ने कुराहरू (जस्तै आयताकार वस्तुको क्षेत्रफल निकाल्ने सूत्र, तरिका आदि)का बारेमा आवश्यकता अनुसार छलफल गर्दै 'परियोजना कार्य' गराए।

यो दोस्रो तरिकालाई परियोजनामा आधारित सिकाइ (Project Based Learning- PBL) पनि भनिन्छ। परियोजनामा आधारित सिकाइ भनेको विद्यार्थीलाई सशक्तिकरण गर्ने शिक्षण रणनीति हो; जसबाट उनीहरूले आफ्नै प्रयासमा विषयवस्तुको ज्ञान प्राप्त गरी आफ्नो नयाँ बुझाइलाई प्रस्तुतीकरणका विविध विधिमार्फत प्रदर्शन गर्दछन्।

### मूल्याङ्कन गर्ने साधनको रूपमा परियोजना कार्य

'परियोजना कार्य'लाई मूल्याङ्कनको साधनको रूपमा पनि प्रयोग गरिन्छ। परियोजना कार्यलाई मूल्याङ्कनको साधनको रूपमा प्रयोग गर्दा विद्यार्थीको क्षमतालाई वास्तविक संसारको परिवेशमा मूल्याङ्कन गर्न सकिन्छ। यसबाट विद्यार्थीहरूको उच्च तहका दक्षताहरू, जस्तै; विश्लेषणात्मक सीप, संश्लेषात्मक सीप, समस्या समाधान सीप, समालोचनात्मक सीप, सृजनात्मकता, सहयोगात्मक सीप, लिखित वा मौखिक अभिव्यक्ति सीप आदिको मूल्याङ्कन गर्न सकिन्छ। उच्च तहका यस्ता दक्षताहरू प्रायः कापी-कलमका आधारमा लिइने परीक्षाबाट मूल्याङ्कन गर्न सकिँदैन। परियोजना कार्यलाई मूल्याङ्कनको साधनका रूपमा प्रयोग गर्दा विद्यार्थीको सिकाइ उपलब्धि र सिकाइ प्रक्रियाको पनि साथसाथै मूल्याङ्कन गर्न सकिन्छ। परियोजना कार्यलाई मूल्याङ्कनको साधनको रूपमा उपयोग गर्नका लागि विद्यार्थीहरूलाई परियोजना कार्य सम्पादन गर्न लगाउनुपूर्व विद्यार्थीहरूको समेत सहभागितामा उक्त कार्यसँग सम्बन्धित 'रुब्रिक्स' तयार पार्नुपर्दछ। रुब्रिक्स प्रयोग गरी परियोजना कार्यको माध्यमबाट विद्यार्थीमा विकास भएको उच्च तहका दक्षताहरू यथार्थपरक रूपमा मूल्याङ्कन गर्न सकिन्छ।

## परियोजना कार्य दिँदा ध्यान दिनुपर्ने कुरा

**१. पाठ्यक्रमको उद्देश्य**

जुनसुकै विषयको पाठ्यक्रममा पनि 'कक्षाकोठामा सिकेका ज्ञान र सीपलाई दैनिक जीवनमा उपयोग गर्न सक्षम बनाउने' भन्ने कुरा उद्देश्यका रूपमा उल्लेख भएको पाइन्छ। यसप्रकारको उद्देश्य परिपूर्तिका लागि परियोजना कार्य आवश्यक पर्दछ। त्यसैले विद्यार्थीलाई दिइने परियोजना कार्य अर्थपूर्ण र वास्तविक संसारको परिवेशसँग मेल खाने हुनुपर्दछ। अर्थात् विद्यार्थीले कक्षाकोठामा सिकेको ज्ञान, सीपलाई दैनिक जीवनको परिवेशमा प्रयोग गरी उच्च तहको दक्षता हासिल गर्ने अवसर प्राप्त हुने खालको हुनुपर्दछ। उदाहरणका लागि; कक्षा ३ को *विज्ञान तथा वातावरण शिक्षा* को 'सजीव वस्तुहरू' भन्ने क्षेत्र अन्तर्गतका बिरुवाहरूको वर्गीकरण पाठ शिक्षण गर्ने क्रममा 'क' भन्ने शिक्षकले विद्यार्थीलाई आफ्नो घर वरिपरि पाइने कुनै सात ओटा बिरुवा सङ्कलन गरी ल्याउने र कापीमा ती बिरुवाका चित्र कोरी प्रस्तुत गर्ने परियोजना कार्य दिए।

सोही पाठ शिक्षणका क्रममा 'ख' भन्ने शिक्षकले विद्यार्थीलाई आफ्नो घर वरिपरि पाइने कुनै सात ओटा फरक फरक खालका बिरुवा सङ्कलन गरी ल्याउने र ती बिरुवा फूल फुल्ने वा फूल नफुल्ने, पानीमा पाइने वा जमिनमा पाइने, एकवर्षे वा बहुवर्षे के हुन् भन्ने छुट्याई ती बिरुवाका विशेषताहरू सचित्र वर्णन गरी कक्षामा प्रस्तुत गर्ने परियोजना कार्य दिए। यहाँ 'क' शिक्षकले दिएको परियोजना कार्यबाट पाठ्यक्रममा उल्लिखित उद्देश्य पूरा हुँदैन।

**२. विद्यार्थीको दक्षता/स्तर**

विद्यार्थीलाई दिइने परियोजना कार्य धेरै कठिन हुनुहुँदैन। परियोजना कार्यको दायरा विद्यार्थीको स्तर सुहाउँदो हुनुपर्दछ। पाठमा सिकेका ज्ञान, सीप, दक्षता र अनुभव प्रयोग गरी सम्पादन गर्न सक्ने हुनुपर्दछ। विद्यार्थीको दक्षता भन्दा बाहिरको परियोजना कार्य दिँदा विद्यार्थीमा नैरास्य सिर्जना हुन सक्छ। विद्यार्थीले आफूसँग भएको ज्ञान र सीपको गहिराइ यकिन गरी त्यसबाट गर्न सक्ने कुरा नतिजाका रूपमा प्रदर्शन गर्न सक्ने हुनुपर्दछ। उदाहरणका लागि; *सामाजिक अध्ययन* विषय अन्तर्गत 'आफू, आफ्नो परिवार र छरछिमेक' पाठ/एकाइबाट कक्षा १ का विद्यार्थीलाई आफ्ना दौंतरीहरूको नाम सोधेर/लेखेर ल्याउने पनि परियोजना कार्य हुनसक्छ भने सोही एकाइ/पाठबाट कक्षा ५ का विद्यार्थीलाई आफ्नो छिमेकमा रहेका विभिन्न पेशामा संलग्न व्यक्तिहरूसँग भेटघाट गरी उनीहरूले गर्ने कामको सूची बनाई ल्याउने परियोजना कार्य दिन सकिन्छ। तल्लो कक्षाका विद्यार्थीहरूलाई प्रायः अभ्यासमुखी वा उपभोगमुखी परियोजना कार्यहरू दिनु उपयुक्त हुन्छ भने माथिल्लो कक्षाका विद्यार्थीलाई सिर्जनामुखी वा समस्यामूलक परियोजना कार्य दिनु राम्रो हुन्छ।

**३. विद्यार्थीको रुचि**

परियोजना कार्य दिँदा विद्यार्थीको रुचिलाई ख्याल गर्नुपर्दछ। विद्यार्थीको रुचिका आधारमा परियोजनाकार्यमा विविधता ल्याउन सकिन्छ। उदाहरणको लागि वातावरण प्रदूषण भन्ने पाठ पढिसकेपछि वातावरण प्रदूषणबाट जोगाउनका लागि जनचेतना

**विद्यार्थीलाई दिइने परियोजना कार्य धेरै कठिन हुनुहुँदैन। परियोजना कार्यको दायरा विद्यार्थीको स्तर सुहाउँदो हुनुपर्दछ। पाठमा सिकेका ज्ञान, सीप, दक्षता र अनुभव प्रयोग गरी सम्पादन गर्न सक्ने हुनुपर्दछ। विद्यार्थीको दक्षता भन्दा बाहिरको परियोजना कार्य दिँदा विद्यार्थीमा नैरास्य सिर्जना हुन सक्छ।**

जगाउने सामग्री तयार गर्ने परियोजना कार्य दिन लागिएको छ भने विद्यार्थीहरूको रुचि अनुसार गीत, कविता, चित्र वा अन्य कुनै माध्यमबाट सामग्री तयार पार्ने कार्य दिन सकिन्छ।

**४. लाग्ने समय**

परियोजना कार्य सम्पन्न गर्न वास्तविक रूपमा लाग्ने समयको हिसाब गरी समयसीमा तोक्नुपर्दछ। भर्खर उम्रेको एउटा बिरुवाको अध्ययन गरी प्रस्तुत गर्ने परियोजना कार्यको लागि केही दिनको समय चाहिन्छ भने बिरुवा रोपेदेखि फल लागेसम्मको जीवन चक्र अध्ययन गरी प्रस्तुत गर्ने परियोजना कार्यको लागि कैयौं महिना समय दिनुपर्ने हुन्छ। परियोजना कार्य सम्पादन गर्नुपर्ने समय सीमा चाहिनेभन्दा कम वा चाहिने भन्दा बढी पनि हुनुहुँदैन। अन्तरविषय परियोजना कार्यका लागि तुलनात्मक रुपमा बढी समय लाग्ने हुन्छ।

**५. साधन स्रोतको उपलब्धता**

परियोजना कार्य दिँदा साधनस्रोतको उपलब्धतालाई राम्ररी ख्याल गरिनुपर्दछ। विद्यार्थीको परिवेशमा उपलब्ध हुन नसक्ने खालको साधनस्रोतको उपयोग गरी सम्पादन गर्नुपर्ने परियोजना कार्य दिनुहुँदैन। परियोजना कार्यका लागि चाहिने सामग्रीको उपलब्धता अनुसार एक खालको सामग्री नपाइएमा अर्को खालको सामग्री पनि प्रयोग गर्न सकिने गरी विकल्पहरू दिनुपर्दछ। जस्तै, शहरका विद्यालयका विद्यार्थीका लागि प्लास्टिक सिट प्रयोग गरी भूकम्पका बेला महाद्वीपीय प्लेटहरू सर्दा पर्ने असर देखाउने मोडेल तयार पारी प्रस्तुत गर्ने परियोजना कार्य दिन सकिन्छ भने गाउँका विद्यालयका विद्यार्थीका लागि चिम्ट्याइलो माटोबाट उक्त मोडेल तयार पार्ने परियोजना कार्य दिन सकिन्छ।

**६. सामाजिक, सांस्कृतिक परिवेश**

'परियोजना कार्य' सकेसम्म विद्यार्थीको सामाजिक, सांस्कृतिक परिवेशसँग मेल खाने हुनुपर्दछ। दशैं बिदाको समयमा परियोजना कार्य दिँदा सबै विद्यार्थीलाई दशैं कसरी मनाइयो भनेर निबन्ध लेख्न दिइयो र कक्षामा कुनै विद्यार्थी क्रिश्चियन वा मुस्लिम रहेछ भने त्यो परियोजना कार्य उसको लागि परिवेश अनुकूल (Contextual) हुँदैन, त्यसको सट्टा उसलाई क्रिसमस वा इद बारे लेख्न दिनुपर्दछ।

**७. नतिजा/कार्य सम्पादन स्तर**

कस्तो नतिजा/प्रतिफल पेश गर्नुपर्ने भन्ने कुरा पहिल्यै स्पष्ट पारि नुपर्छ। जस्तै; कक्षा ५ का विद्यार्थीलाई *हाम्रो आर्थिक क्रियाकलाप* एकाइ/पाठ शिक्षणको क्रममा घरधुरी सर्भेक्षण गरी आयआर्जन

# परियोजना कार्य: व्यावहारिक पक्ष

## विषयगत परियोजना कार्यको उदाहरण

**कक्षा: ३; विषयवस्तु: घर**

**सामाजिक शिक्षा:** तिमीले आफ्नो घरमा प्रयोग गर्ने कुनै पाँच वटा सामानको नाम लेख। ती सामानको जतन कसरी गर्नुपर्दछ ? बुवाआमा अथवा दाजुदिदीसँग सोधर लेख।

**नेपाली:** तिम्रो घरको चित्र बनाई बर्णन गर।

**वातावरण विज्ञान:** तिम्रो घर वरिपरिको वातावरण सफा राख्न तिमी र तिम्रो परिवारका सदस्यले गरेका कामहरू गर्ने गरेका छौ ? ती कामहरू परिवारका सदस्यहरूसँग सोधेर लेख।

**गणित:** तिम्रो घरमा भएका सामानहरूमध्ये कुन-कुन सामान चतुर्भुज आकारका छन् ? चतुर्भुज आकार भएका कुनै ५ सामानको चित्र कोरी नाम लेख।

सम्बन्धी कुराहरू अध्ययन गर्ने परियोजना कार्य दिइएको छ भने उनीहरूलाई परियोजना कार्य पश्चात् के-के कुरा कसरी पेश गर्ने भन्ने कुरा पहिल्यै जानकारी हुनुपर्दछ। अनुच्छेदमा लेखिएको प्रतिवेदन तयार पार्ने कि, तालिकामा देखाउने कि, ग्राफमा देखाउने ? यदि अनुच्छेदमा लेखिएको प्रतिवेदन हो भने कति अनुच्छेद वा पेजको हुने, ग्राफ कुन साइजको हुनुपर्ने भन्ने कुरा पूर्व यकिन हुनुपर्दछ। विद्यार्थीले ठ्याक्कै के जान्नुपर्ने हो ? के गर्नुपर्ने हो ? अथवा कार्य सम्पादनको अपेक्षित स्तर के हो भन्ने बारेमा विद्यार्थीहरूलाई शुरुमा नै जानकारी दिनुपर्दछ। यसका लागि विद्यार्थीहरूलाई परियोजना कार्य गर्न शुरु गर्नुपूर्व नै रुब्रिक्सका बारेमा जानकारी गराउनुपर्दछ।

### ८. मूल्याङ्कनका आधार

परियोजना कार्यको मूल्याङ्कनको आधार विषय, परिवेश, विद्यार्थीको स्तर, परियोजना कार्यको प्रकार आदि कुराहरूमा भरपर्दछ। जस्तै, नेपाली वा अङ्ग्रेजी भाषा विषयका शिक्षकले विद्यार्थीहरूलाई कुनै विषयवस्तुमा निबन्ध वा कथा लेखी प्रस्तुत गर्ने परियोजना कार्य दिएका छन् भने भाषिक शुद्धता, विषयवस्तुको प्रस्तुतीकरण, शब्द चयन आदि मूल्याङ्कनका आधार हुनसक्छन्। सामाजिक विषयका शिक्षकले कुलतबाट पर्ने असर देखाउने पोष्टर तयार पारी प्रस्तुत गर्ने परियोजना कार्य दिएका छन् भने पोस्टरको आकार, दिने सन्देश आदि मूल्याङ्कनका आधार हुनसक्छन्। सकेसम्म परियोजना कार्यको मूल्याङ्कनका आधारहरू वास्तविक प्रतिफल र प्रकृयासँग सम्बन्धित हुनुपर्दछ। परियोजना कार्य कार्यान्वयन शुरु गर्नुपूर्व नै रुब्रिक्स तयार गर्नुपर्दछ। रुब्रिक्समा उल्लिखित आधारहरू अनुसार परियोजना कार्यको मूल्याङ्कन गरिनुपर्दछ। परियोजना कार्य सम्पादन गरेपश्चात् सर्वप्रथम विद्यार्थीहरूलाई नै रुब्रिक्स प्रयोग गरी स्व-मूल्याङ्कन गर्ने अवसर पनि प्रदान गर्न सकिन्छ।

●●●

**शहरका विद्यालयका विद्यार्थीका लागि प्लास्टिक सिट प्रयोग गरी भूकम्पका बेला महाद्वीपीय प्लेटहरू सर्दा पर्ने असर देखाउने मोडेल तयार पारी प्रस्तुत गर्ने परियोजना कार्य दिन सकिन्छ भने गाउँका विद्यालयका विद्यार्थीका लागि चिम्ट्याइलो माटोबाट उक्त मोडेल तयार पार्ने परियोजना कार्य दिन सकिन्छ।**

### परियोजना कार्यका चरण

**चरण १: परियोजनाको विषयवस्तु/समस्या पहिचान**

परियोजनाको विषयवस्तु वा समस्या पहिचान गर्दा पाठ वा एकाइ र पाठ्यक्रम अनुसार सो एकाइको उद्देश्यलाई ख्याल गर्नुपर्दछ। परियोजनामा आधारित सिकाइ रणनीति (पीबीएल) नै प्रयोग गरिएको अवस्थामा बाहेक हाम्रो परिप्रेक्ष्यमा सामान्यत: एउटा एकाइ शिक्षण गरिसकेपश्चात् उक्त एकाइमा सिकेको ज्ञान, सीप प्रयोग गर्दै उक्त एकाइपश्चात् हासिल हुनुपर्ने उच्च तहको उद्देश्य प्राप्त हुने गरी परियोजना कार्यको लागि विषयवस्तु वा समस्या चयन गर्ने गरिन्छ। जस्तै कक्षा ५ का विद्यार्थीहरूलाई *वातावरण प्रदूषण* भन्ने एकाइ शिक्षण गरिसकेपश्चात् उनीहरू घर वा बसेको स्थान वरिपरिको वातावरण के कारणले र कसरी प्रदूषित भइरहेको छ भन्ने कुरा खोजी गरी प्रस्तुत गर्ने कार्य दिन सकिन्छ।

**चरण २: अन्तिम प्रतिफल निर्धारण**

परियोजना कार्य सम्पादन गरिसकेपश्चात् के प्रतिफल आउनुपर्ने हो भन्ने कुरा परियोजना कार्य शुरु गर्नुपूर्व नै निर्धारित हुनुपर्दछ। प्रतिफल निर्धारण गर्दा पाठ्यक्रममा उल्लिखित उद्देश्य, विद्यार्थीको स्तर, क्षमता, रुचि, साधन स्रोतको उपलब्धतालाई राम्ररी ख्याल गर्नुपर्छ। प्रतिफल निर्धारणपश्चात् त्यसको स्तर पनि यकिन गरिनुपर्दछ। उदाहरणको लागि; चरण १ मा उल्लिखित परियोजना कार्यको अन्तिम प्रतिफल 'खोजी गरी तयार गरिएको प्रतिवेदन' हुन सक्छ। उक्त प्रतिवेदन हस्तलिखित हुने कि, कम्प्युटर टाइप गरिएको हुने कि, चित्र वा फोटोसहितको हुने कि, अनुच्छेदमा वर्णन गरिएको हुने कि तालिका/सूचीबद्ध गरिएको हुने भन्ने कुरा पहिले नै निर्धारित हुनुपर्दछ। यसका साथै कति पेजको हुने भन्ने कुरा पनि पहिले निर्क्योल गरिनुपर्दछ।

**चरण ३: प्रक्रियाको निर्धारण (सूचनाको स्रोत, प्राप्त गर्ने तरिका, प्रयोग, लाग्ने समय, मूल्याङ्कनको तरिका आदि)**

परियोजना कार्य सम्पादन गर्ने प्रक्रिया शिक्षक विद्यार्थी बीच छलफल गरी निर्धारण गर्नुपर्दछ। दिइएको परियोजना कार्य सम्पन्न गर्नका लागि के-के गर्नुपर्ने, कसरी गर्नुपर्ने, कहाँ जानुपर्ने, को-कोसँग छलफल गर्नुपर्ने, के-के अवलोकन गर्नुपर्ने, कति समय लाग्ने आदि कुराहरूका बारेमा विद्यार्थीलाई स्पष्ट पारिनुपर्दछ। जस्तै, चरण १ मा उल्लेखित परियोजना कार्य सम्पादन गर्नका लागि घर वरिपरि के-के कुरा अवलोकन गर्ने, कसरी टिपोट गर्ने, को-कोसँग अन्तरक्रिया गर्ने, कस्तो खालको प्रश्नावली (साधन) प्रयोग गर्ने, कति समय लगाउने वा लाग्ने, प्राप्त सूचनालाई कसरी प्रस्तुत गर्ने आदि कुराहरूका बारेमा विद्यार्थीसँग पहिल्यै छलफल गरिएको हुनुपर्छ।

**चरण ४. रुब्रिक्सको तयारी**

अपेक्षित प्रतिफल र प्रक्रियाको स्तर मापनका लागि रुब्रिक्स प्रयोग

## परियोजना कार्यको उदाहरण
### विषयगत परियोजना कार्यः कक्षा ५

| विषय | क्षेत्र | परियोजना कार्य | व्यक्तिगत वा सामूहिक | चाहिने सामग्री | मूल्याङ्कनका आधार (Criteria) | विकास हुने सीप, मूल्य वा गुणहरू |
|---|---|---|---|---|---|---|
| सामजिक अध्ययन | आफू, आफ्नो परिवार र छरछिमेक | आफ्ना छिमेकीहरूमध्ये कुनै १० जनालाई भेटेर उनीहरूले अपनाएका मुख्य पेशा सोधी टिपोट गर। नाम र पेशाको सूची तयार गरी कक्षामा प्रस्तुत गर। | व्यक्तिगत | कापी, कलम | भेटेको मानिसको सङ्ख्या, बुझाएको समय, लेखाइमा शुद्धता, प्रस्तुतिकरण | सञ्चार, विनयशीलता, लेखन, प्रस्तुतिकरण |
| गणित | तथ्याङ्क | आफ्नो नजिकमा भएको कुनै पसलमा गई त्यहाँ उपलव्ध कुनै ५ सामग्रीको मूल्य सोधेर टिपोट गर। सामग्री र मूल्यको तालिका तयार गरी सो तालिकाको आधारमा बार ग्राफ खिच र कक्षामा प्रस्तुत गर। | व्यक्तिगत | कापी, कलम, ग्राफ पेपर, रुलर | सामग्रीको सङ्ख्या, बुझाएको समय, लेखाइमा शुद्धता, तालिका, बार ग्राफ, प्रस्तुतिकरण | सञ्चार, विनयशीलता, लेखन, चित्र निर्माण, प्रस्तुतिकरण |
| नेपाली | बोलाइ, लेखाइ | कुनै एक जना छिमेकीलाई भेटेर उनको नाम, थर, ठेगाना, उमेर, परिवार सङ्ख्या टिपोट गर। उनको बारेमा एक अनुच्छेद लेख र कक्षामा सुनाउ। | व्यक्तिगत | कापी, कलम, | बुझाएको समय, लेखाइमा शुद्धता, प्रस्तुतिकरण | सञ्चार, विनयशीलता, लेखन, प्रस्तुतिकरण |
| विज्ञान | वातावरण | तिम्रो छिमेकीहरूमध्ये कुनै ५ जनालाई भेटी उनीहरूले दिनभरि गर्ने कामको सूची बनाऊ। उनीहरूको कामबाट वातावरणमा पर्ने असरहरू तालिका बनाई कक्षामा प्रस्तुत गर | व्यक्तिगत | कापी, कलम, रुलर | मानिसको सङ्ख्या, बुझाएको समय, लेखाइमा शुद्धता, तालिका, प्रस्तुतिकरण | सञ्चार, विनयशीलता, लेखन, तालिका निर्माण, प्रस्तुतिकरण |

गरिन्छ। परियोजना कार्यबाट अपेक्षित उद्देश्य के-कति मात्रामा हासिल भयो भनेर यकिन गर्नका लागि चरण २ र चरण ३ का आधारमा रुब्रिक्स तयार गर्न सकिन्छ। रुब्रिक्सले विद्यार्थीहरूलाई परियोजना कार्य कार्यान्वयनको लागि सहज बनाउँदछ। रुब्रिक्समा परियोजना कार्यको प्रतिफल के-के आधारमा मापन गरिने, कुन आधार (Criteria) का लागि अधिकतम कति अङ्क र न्यूनतम कति अङ्क प्राप्त हुने (Scoring Range) र निश्चित अङ्क प्राप्त गर्ने सूचकहरू (Indicators) के-के हुने भन्ने कुरा उल्लेख गरिन्छ। उदाहरणको लागि नेपाली विषयमा कक्षा ५ का विद्यार्थीलाई आफ्नो आफ्नो परिवार वा छिमेकका एकजना जेष्ठ नागरिकलाई भेटी उनको जीवनमा घटेका घटना सोधेर सो आधारमा एउटा कथा लेख्ने परियोजना कार्य दिइएको छ। यसका लागि रुब्रिक्स तयार गर्दा एउटा आधार 'भाषिक शुद्धता' हुनसक्छ। भाषिक शुद्धतामा बढीमा ४ र घटीमा १ दिने कुरा (Scoring Range) तय गरियो भने उक्त कथालाई भाषिक शुद्धताको आधारमा कस्तो अवस्थामा ४, कस्तो अवस्थामा ३, कस्तो अवस्थामा २ र कस्तो अवस्थामा १ दिने भन्ने कुरा (Indicators) पनि स्पष्ट उल्लेख हुनुपर्दछ। जस्तै, भाषिक शुद्धता ७५ प्रतिशतदेखि माथि भए ४ अङ्क, ५० प्रतिशतभन्दा माथि ७५ प्रतिशतसम्म भए ३ अङ्क, २५ प्रतिशतभन्दा माथि र ५० प्रतिशतसम्म भए २ अङ्क र २५ प्रतिशत वा सोभन्दा कम भए १ अङ्क दिने गरी सूचक (Indicator) राखेर रुब्रिक्स तयार गर्न सकिन्छ। रुब्रिक्समा हरेक आधारका लागि बेग्लाबेग्लै सूचक राखिन्छ।

**चरण ४: कार्यान्वयन**

प्रक्रियाको निर्धारणपश्चात् विद्यार्थीलाई परियोजना कार्य सम्पादन गर्न लगाइन्छ। परियोजना कार्य कार्यान्वयनका क्रममा शिक्षकले

# परियोजना कार्यः व्यावहारिक पक्ष

## माथि परियोजना कार्यको मूल्याङ्कनको लागि रुब्रिक्सको उदाहरण

| आधार (Criteria) | मापन/अङ्कनको विस्तार (Scoring Range) | | | |
|---|---|---|---|---|
| | अति-उत्तम (४) | उत्तम (३) | मध्यम (२) | निम्न (१) |
| भेटेर काम सोधिएका मानिसको सङ्ख्या | ८ देखि १० जना | ६ देखि ८ जना | ४ देखि ६ जना | ४ जना भन्दा कम |
| तालिका निर्माण | काम, व्यक्तिको सङ्ख्या र वातावरणमा पर्ने असर एकएक गरी मिलेको तालिका | तीन कुरामध्ये कुनै दुई कुरा एकएक गरी मिलेको तालिका | तालिकाको स्तम्भ शीर्षक मिलेको तर भरेको कुरा नमिलेको | तालिका नबनाएको वा स्तम्भ शीर्षक र भरेको कुरा नमिलेको |
| अनुच्छेदको विषयवस्तु | तालिका अनुसार अनुच्छेद लेखन शतप्रतिशत मिलेको | तालिका अनुसार अनुच्छेद लेखन ७५ प्रतिशतसम्म मिलेको | तालिका अनुसार अनुच्छेद लेखन ५० प्रतिशतसम्म मिलेको | तालिका अनुसार अनुच्छेदलेखन ५० प्रतिशतभन्दा कम मिलेको |
| भाषिक शुद्धता | ७५ प्रतिशत भन्दा माथि | ५० प्रतिशतदेखि ७५ प्रतिशतसम्म | २५ प्रतिशतभन्दा माथि ५० प्रतिशतभन्दा कम | २५ प्रतिशत वा सोभन्दा कम |
| समय | तोकिएको समयमा बुझाएको | तोकिएको समयभन्दा १ दिन ढिलो बुझाएको | तोकिएको समयभन्दा २ दिन ढिलो बुझाएको | तोकिएको समयभन्दा २ दिन भन्दा ढिलो बुझाएको |

आवश्यकता अनुसार विद्यार्थीलाई सहजीकरण गर्नुपर्ने हुन्छ। शिक्षकले परियोजना कार्य कार्यान्वयनको क्रममा विद्यार्थीको सहभागिता, कार्यसम्पन्न गर्न लागेको समय, विद्यार्थीहरूबीचको पारस्परिक सहयोग आदि कुराहरूको अवलोकन गर्नुपर्ने हुन्छ। तोकिएको प्रतिफल तयारीका लागि विद्यार्थीलाई आवश्यकता अनुसार पृष्ठपोषण प्रदान गर्नुपर्ने हुन्छ।

**चरण ५ः प्रस्तुतिकरण**

तोकिएको परियोजना कार्य सम्पादन गरी निर्धारित प्रतिफल निकालिसकेपश्चात् विद्यार्थीलाई प्रस्तुतिकरणको अवसर प्रदान गरिन्छ। प्रस्तुतीकरण पनि मूल्याङ्कनको आधार हुन्छ। सकेसम्म सबै विद्यार्थीलाई पालैपालो प्रस्तुत गर्ने अवसर प्रदान गर्नुपर्दछ।

**चरण ६ः मूल्याङ्कन (विद्यार्थीबाट स्वमूल्याङ्कन र शिक्षकबाट मूल्याङ्कन)**

विद्यार्थीले परियोजना कार्य सम्पादन गरी प्रस्तुतीकरण गरिसकेपश्तात् तयार गरिएको रुब्रिक्सका आधारमा उनीहरूलाई स्वमूल्याङ्कन गर्ने अवसर दिनुपर्दछ। यसबाट उनीहरूमा स्वप्रतिबिम्बनको अवसर प्राप्त हुन्छ। त्यसपछि सोही रुब्रिक्सका आधारमा शिक्षकले मूल्याङ्कन गरी सोको जानकारी विद्यार्थीलाई दिनुपर्दछ।

●●●

**के प्रतिफल आउनुपर्ने हो भन्ने कुरा परियोजना कार्य शुरु गर्नुपूर्व नै निर्धारित हुनुपर्दछ। प्रतिफल निर्धारण गर्दा पाठ्यक्रममा उल्लिखित उद्देश्य, विद्यार्थीको स्तर, क्षमता, रुचि, साधन स्रोतको उपलब्धतालाई राम्ररी ख्याल गर्नुपर्छ। प्रतिफल निर्धारणपश्चात् त्यसको स्तर पनि यकिन गरिनुपर्दछ।**

**अन्तरविषयक परियोजना कार्यः**

माथि उल्लिखित विषयगत परियोजना कार्यलाई एकीकृत गरी अन्तर-विषयक परियोजना कार्यको रूप पनि दिन सकिन्छ। जस्तै आफ्ना छिमेकीहरूमध्ये कुनै १० जना व्यक्तिलाई भेटेर उनीहरूले गर्ने मुख्य काम सोधी टिपोट गर। उनीहरूको काम, सो काम गर्ने व्यक्तिको सङ्ख्या, सो कामबाट वातावरण पर्ने असर राखी एउटा तालिका तयार पार। उक्त तालिकाको वर्णन गरी एक अनुच्छेद लेख। यस परियोजना कार्यले सामाजिक अध्ययन, गणित, वातावरण विज्ञान र नेपाली विषयलाई समेटेको छ।

**निष्कर्ष**

परियोजना कार्यले कक्षाकोठामा सिकेको कुरालाई दैनिक जीवनमा अथवा व्यवहारमा प्रयोग गर्न सिकाउँछ। परियोजना कार्य शिक्षण विधि मात्र नभई मूल्याङ्कनको साधन पनि हो। हाम्रो विद्यालय तहको पाठ्यक्रमको सही कार्यान्वयनका लागि पनि कक्षाकोठा शिक्षणमा 'परियोजना कार्य'को उपयोग जरुरी छ। विद्यालय तहका प्रायः सबै जसो विषयको पाठ्यक्रमको उद्देश्यमा "दैनिक जीवनमा आइपर्ने समस्याहरू समाधान गर्ने सीपको विकास गर्ने" भन्ने उल्लेख भएको पाइन्छ। पाठ्यक्रमको यो उद्देश्य हासिल गर्न शिक्षकले 'परियोजना कार्य'को प्रयोग गर्नु जरुरी छ। परियोजना कार्यका यी सामान्य उदाहरण मात्र हुन्। कुन विषयमा कस्तो खालको परियोजना कार्य दिने भन्ने कुरा शिक्षकको दक्षतामा भर पर्दछ।

*(लामो समय शैक्षिक जनशक्ति विकास केन्द्रमा प्रशिक्षक रहेका श्रेष्ठ हाल शिक्षा मन्त्रालयको उपसचिव पदमा कार्यरत छन्।)*

# शिक्षक पत्रिका प्राप्त गर्ने काइदा

**पहिल्यै सूचना दिइएअनुसार, यो अंकदेखि *शिक्षक* को प्रतिकपी मूल्य रू.५० र सामान्य वार्षिक ग्राहक शुल्क रू.६०० गरिएको छ ।**




ग्राहकले इच्छाएको बिक्रेता/पसल वा एजेन्टमार्फत् पत्रिका प्राप्त गर्ने गरी सीधै *शिक्षक* मासिकको कार्यालयमा ग्राहक बन्न सकिनेछ । यस्ता ग्राहकको प्रति ग्राहकले इच्छाएको पसल वा बिक्रेतासम्म पुऱ्याउने दायित्व *शिक्षक* मासिकको व्यवस्थापनले वहन गर्छ । बिक्रेता वा पसलबाट पत्रिका प्राप्त गर्ने व्यवस्था सम्बद्ध ग्राहक आफैंले गर्नुपर्छ ।

वार्षिक शुल्क रू.६००/-




**रजिष्ट्री हुलाक ग्राहक:** नियमित रूपमा पत्रिका प्राप्त गर्न चाहने खासगरी दुर्गम क्षेत्रका पाठकहरूको निम्ति यो सबैभन्दा भरपर्दो उपाय हो । पत्रिकाको नयाँ अंक प्रकाशित भएलगत्तै हुलाकबाट रजिष्ट्री गरी पत्रिका पठाइन्छ । रजिष्ट्री गर्दा लाग्ने शुल्क ग्राहकले ग्राहक शुल्कसँगै एकमुष्ट बुझाउनुपर्छ । यसरी रजिष्ट्री गरी पठाइएको पत्रिका हराएमा, नासिएमा वा ग्राहकले नपाएमा *शिक्षक* को व्यवस्थापनले सम्बद्ध हुलाक कार्यालयमा हर्जना (प्रत्येक अंकको रू. ३००/-) दावी गरी कारवाही अगाडि बढाउँछ ।)

वार्षिक शुल्क रू.७२०/- रजिष्ट्री खर्च समेत ।




***शिक्षक* को ग्राहक बन्ने/पैसा पठाउने सजिलो उपाय:** ***शिक्षक* मासिक, चल्ती खाता नं. १६१३, राष्ट्रिय वाणिज्य बैंक, पुल्चोक शाखा, ललितपुर । यो खातामा रकम जम्मा गर्दाको रसिद भने सुरक्षित राख्नुहोला ।**

सुदर्शन घिमिरे

# विद्यार्थीलाई लाभै लाभ

**कक्षामा विद्यार्थीलाई निरश 'लेक्चर' सुनाउनुभन्दा परियोजना कार्य गराउँदा उनीहरूले एकसाथ धेरै कुरा सिक्न पाउँदा रहेछन्।**

२७ कात्तिकको बिहान धुम्म परेको आकाशबाट पानी बिर्बिराउँदा काठमाडौंमा निकै चिसो भइसकेको थियो। तर पाटनको मल्लकालीन दरबारसितै जोडिएको आदर्शकन्या स्कूलका कक्षा ९ का २० जना विद्यार्थीलाई बढ्दो चिसोको कुनै पर्वाह थिएन। उनीहरू अर्थशास्त्र विषयको सहकारी पाठको व्यावहारिक ज्ञान लिन आफ्ना विषय शिक्षक होमनाथ अधिकारीका साथमा मङ्गलबजार-लगनखेलको बाटोमा रहेको *क्रिएसन ऋण तथा बचत सहकारी*को कार्यालयमा पुगेका थिए। कक्षाको पट्यारलाग्दो पढाइ छाडेर फिल्ड अवलोकन गर्न र नयाँ मानिसहरूसित अन्तरक्रिया गर्न पाउँदाको खुसी उनीहरूको अनुहारमा छचल्किएको प्रस्टै देखिन्थ्यो।

आदर्शकन्याका विद्यार्थीले झैं क्षेत्रपाटी, काठमाडौंको पुरानो विद्यालय जुद्धोदय पब्लिक हाइस्कूलका कक्षा १० का विद्यार्थीले पनि २५ कात्तिकमा भक्तपुरको दरबार क्षेत्रमा रहेको कला सङ्ग्रहालयको अवलोकन गरे। उनीहरू मुख्य रूपमा नेपालको पुरानो हस्तकला, काष्ठकला, पुरातात्विक महत्त्वका कुराहरू र संस्कृतिबारे जानकारी हासिल गर्ने ध्येयका साथ त्यहाँ पुगेका थिए। पहिलो पटक भक्तपुर दरबार क्षेत्र पुगेकाले होला, विद्यार्थीका आँखा जिज्ञासु र चञ्चल देखिन्थे।

यी दुवै स्कूलले आफ्ना विद्यार्थीलाई परियोजना कार्य अन्तर्गत स्थलगत अध्ययन अवलोकनको निम्ति सहकारीको कार्यालय र भक्तपुरको दरबार क्षेत्र पठाएका हुन्।

### फाइदै फाइदा

कक्षामा शिक्षकले प्रश्न गर्ने र विद्यार्थीले उत्तर दिने काम गर्छन्। तर आदर्श कन्याका विद्यार्थी स्थलगत अध्ययनमा जाँदा स्थिति ठ्याक्कै उल्टो देखिन्थ्यो। त्यहाँ विद्यार्थी एकपछि अर्को प्रश्न गरिरहेका थिए भने सहकारीका अध्यक्ष र कर्मचारी तिनको चित्त बुझाउने गरी उत्तर दिने प्रयास गर्दै थिए। र, अघिपछि सधैं प्रश्न सोध्ने र उत्तर दिने भूमिकामा रहने शिक्षक अधिकारी चाहिँ त्यतिखेर मौनतापूर्वक विद्यार्थीको प्रस्तुतिको सूक्ष्म अध्ययन र मूल्याङ्कन गरेर बसेका थिए।

विद्यार्थीहरूले सोधे, "सहकारी भनेको के हो? यो सहकारीको स्थापना कहिले र किन भएको हो? सहकारीले के के फाइदा दिएको छ? काम गर्दा के कस्ता समस्याहरू आएका छन्?" १५/१६ वर्षका किशोर विद्यार्थीले स्कूलमा पनि छलफल गरी यी र यस्ता प्रश्नहरू लिपिबद्ध गरेर ल्याएका थिए। उनीहरूले लिपिबद्ध गरेका मात्र होइन, मनमा आएका अरू जिज्ञासा पनि राखिरहेका थिए। जस्तो विद्यार्थी गोमा थापाले सोधिन्, सहकारी र ब्याङ्कमा के फरक हुन्छ? पहिले नै थाहा दिइएका कारण राम्रो तयारी गरेर बसेका सहकारीका अध्यक्ष महेश्वरराज बज्राचार्यले यी प्रश्नहरूको उत्तर राम्रोसित दिए। त्यस क्रममा उनले संस्थाको आम्दानी खर्चको विवरण, ऋण लगानीको स्थिति मात्र जानकारी दिएनन्, सहकारीको सञ्चालक समितिको बैठकको निर्णय कसरी हुन्छ भन्ने कुरा पनि सुसूचित गराए। शिक्षक अधिकारीका अनुसार, केही दिनभित्र विद्यार्थीले यसको प्रतिवेदन तयार पारी कक्षामा प्रस्तुत गर्नेछन्।

दशैंको ठ्याक्कै अगाडि चाहिँ सोही कक्षाको अर्को सेक्सनका विद्यार्थी कार्यालय सञ्चालन र लेखा विषयभित्र पर्ने हुलाक विषयको व्यावहारिक ज्ञान लिन पाटनढोकास्थित ललितपुर जिल्ला हुलाक कार्यालय गएका थिए। त्यहाँ उनीहरूले चिठीका किसिम र चिठी पठाउने तरिकाबारे प्रत्यक्ष अवलोकन गरे। "हुलाक टिकट कस्तो हुँदोरहेछ भनेर जीवनमै पहिलो पल्ट देख्न पाइयो", विद्यार्थी पुष्पा महर्जनले खुशी व्यक्त गर्दै



क्रिएशन सहकारीका अध्यक्षसँग अन्तरक्रिया गर्दै आदर्श कन्या उमावि, ललितपुरका विद्यार्थी ।

भनिन्, "अब त कसैलाई चिठी पठाउनु पर्‍यो भने त्यो समेत गर्न सकिने भइयो।" विज्ञान, सामाजिक शिक्षा, अर्थशास्त्र र लेखा विषयमा केही परियोजना कार्यको अनुभव लिएका यहाँका विद्यार्थीको समान निष्कर्ष थियो, "कक्षामा कोर्सका किताब एकोहोरो रूपमा मात्र पढ्नु र पढेको कुराको बारे व्यावहारिक अवलोकन गर्नु, प्रयोग र परीक्षण गर्नुमा आकाश जमिनको अन्तर हुँदोरहेछ। वास्तविक सिकाइ त अवलोकन, परीक्षण अनि त्यसलाई विश्लेषण गरेर प्रस्तुत गर्दा मात्रै हुँदोरहेछ। यसरी सिकेको कुरा दिमागबाट कहिल्यै नहट्ने हुनाले कण्ठ गर्ने भन्ने कुरै हराउने रहेछ।"

कला सङ्ग्रहालयहरूको अवलोकन गरिसकेपछि सविना परियार, सृजना तामाङ, निशा राई लगायतका जुद्धोदय हाइस्कूलका विद्यार्थीले परियोजना कार्यको फाइदा बारे एकै स्वरमा भने, "जे कुरा अवलोकन गरेर, प्रत्यक्ष देखेर, अनुभव गरेर थाहा पाइन्छ, किताबमा पढेर मात्र त्यो कदापि थाहा हुँदैन। किताबमा पढेको भरमा मात्र दरबार क्षेत्र र यहाँको हस्तकला, काष्ठकला बारे राम्रोसित बुझ्न सकिँदोरहेनछ। अब त देखेका कुरा मज्जासित लेख्न सक्छौं नि !"

यस प्रकारका परियोजना कार्यबाट विद्यार्थीले व्यावहारिक रूपमा सिक्ने तरिका, प्रश्न गर्ने बानीको विकास, सहकार्य, धक नमानी बोल्ने बानी र सिक्ने शैली मात्र होइन, नयाँ व्यक्तिसितको साक्षात्कारबाट प्रेरणा पनि लिने रहेछन्। जुद्धोदयकी विद्यार्थी निशा राईलाई भक्तपुरको हस्तकला सङ्ग्रहालयमा नेपाली पोशाकमा ठाँटिएका कर्मचारीको लवाइ र भनाइ दुवैले प्रभावित पार्‍यो। "हाम्रो संस्कृति र परम्परा छाडेर विदेशी संस्कृतिको पछि लाग्नु हुँदोरहेनछ, आफ्नै संस्कृतिको जगेर्ना गर्नुपर्दोरहेछ भन्ने कुरा आज सिकें", उनले *शिक्षक* सित भनिन्।

परियोजना कार्यले विद्यार्थीलाई दिने एउटा महत्त्वपूर्ण लाभ के हो भने; यसले सिक्ने रुचि र जाँगर पैदा गराउँछ। यसले विद्यार्थीलाई ऊर्जाशील पनि बनाउँछ–कक्षामा शिक्षकको लेक्चरप्रति कुनै रुचि नभएका विद्यार्थीलाई पढाइ र नयाँ-नयाँ कुरा सिक्न रुचि जगाउन होस् वा चकचके विद्यार्थीलाई उत्साहपूर्वक सिकाइ कार्यमा व्यस्त राख्न।

परियोजना कार्य आफ्ना निम्ति समेत अचुक अस्त्र सावित हुने शिक्षकहरूको अनुभव छ। त्यति मात्र होइन, यसले विद्यार्थीको बहु क्षमता र रुचिलाई पनि उजागर गर्न पनि मद्दत गर्छ। कुन विद्यार्थी समूहलाई नेतृत्व प्रदान गर्न सक्छ, कसले चाहिँ राम्रोसित प्रश्न गर्न सक्छ, कसले राम्रोसित विश्लेषण गर्न सक्छ, कसले समस्या समाधान गर्न सक्छ, कुन विद्यार्थीले चाहिँ नयाँ तरिकाले सोच्न सक्छ आदि कुराहरू शिक्षकले विद्यार्थीहरूसित काम गर्दा झन् राम्रोसित थाहा पाउँछन्। आदर्श कन्याका अर्थशास्त्र तथा लेखा विषयका शिक्षक अधिकारी भन्छन्, "विद्यार्थीलाई सही ज्ञान दिन, ज्ञानको दायरा फराकिलो पार्न, वास्तविक जीवनका कुराहरू बारे बढी भन्दा बढी अनुभव गर्न र विद्यार्थीलाई जिज्ञासु बनाई सिक्ने कार्यमा निरन्तर सक्रिय बनाउन परियोजना कार्य धेरै उपयोगी छ।"

विद्यार्थीको कोणबाट मात्र होइन, परियोजना कार्य गराउनुका पछाडि शिक्षकका आफ्नै स्वार्थ पनि हुँदा रहेछन्। त्यसको एउटा दृष्टान्त हुन् जुद्धोदयका सामाजिक शिक्षक लक्ष्मण पौडेल। उनी र उनी जस्ता माध्यमिक तहका शिक्षकलाई विद्यार्थीले एसएलसीमा आफ्नो विषयमा कसरी राम्रो अङ्क ल्याउन सक्छन् भनेर चिन्ताले सताउनु अस्वाभाविक होइन। एसएलसीमा सामाजिक शिक्षामा ८ नम्बरको प्रश्न ऐतिहासिक स्थलको बारेमा आउने भएकाले त्यसमा विद्यार्थीले राम्रोसित लेख्न सकुन् भन्ने अभिप्रायले यो ऐतिहासिक स्थलमा परियोजना कार्य राखिएको पौडेल स्वीकार गर्छन्। "एकातिर परियोजना कार्य पनि हुने, अर्कातिर एसएलसीमा पनि राम्रो नम्बर ल्याउन सक्ने दुवै फाइदा हुने भएकाले विद्यार्थीलाई यहाँ (भक्तपुरमा) ल्याइएको हो।" उनको कथन छ, "त्यसैले हामी १० कक्षाका विद्यार्थीलाई हरेक वर्ष विद्यार्थीलाई यस्तै ऐतिहासिक स्थलमा लैजान्छौं।" एक काम दुई पन्थ हुने यस्ता

# रिपोर्ट परियोजना कार्य



भक्तपुर दरबार स्क्वायरस्थित हस्तकला संग्रहालयमा कर्मचारीसँग जानकारी लिदैं जुद्धोदय मावि, काठमाडौंका विद्यार्थी।

कार्यहरू परियोजना कार्य गराउने धेरै विद्यालयहरूले गर्छन् भनेर सहजै अनुमान गर्न सकिन्छ।

## कठिनाइ पनि छन्

त्यसो त यति धेरै लाभै लाभ दिने परियोजना कार्य सम्पन्न गर्दाका आफ्नै अप्ठ्याराहरू पनि नहुने होइनन्। पहिलो कठिनाइ त जाँगर भएको र गर्न चाहने शिक्षकले चाहे जसरी गर्न नपाउने अवस्था हुँदोरहेछ। किनभने परियोजना कार्य सम्पन्न गर्नका लागि कम्तीमा केही पिरियड लाग्ने हुँदा रुटिनका अरू कक्षाहरूमा व्यवधान पुग्न जान्छ। अरु केही दिन लाग्ने र स्कूलबाट टाढै जानुपर्ने खालका परियोजना कार्य जति नै राम्रो भए पनि, समय मिलाउन कठिनाइ पर्छ। त्यसैले गर्न चाहने शिक्षकहरू पनि कक्षामै खुम्चन बाध्य हुने गर्छन्। जुद्धोदयका शिक्षक पौडल भन्छन्, "स्कूलमै गराउने बाहेकका लागि समय मिलाउन त्यति अप्ठेरो हुँदैन तर बाहिर जाने भन्ने बित्तिकै समय, अरू शिक्षकको कक्षा व्यवस्थापन गर्न कठिन हुन्छ।"

स्कूल बाहिर गएर र बढी समय लगाएर गरिने यस्ता कार्यका लागि शिक्षकहरू बीच समन्वय र सहकार्यको खाँचो पर्दछ। तर धेरैजसो सार्वजनिक स्कूलमा विविध कारणले गर्दा शिक्षकहरूबीच वाञ्छित समन्वय, सहकार्य र एकताको अभाव टड्कारो देखिन्छ। परियोजना कार्यको अर्को महत्त्वपूर्ण कठिनाइ यो पनि हो। आदर्श कन्याका शिक्षक अधिकारी भन्छन्, "धेरैजसो स्कूलमा शिक्षकहरूबीचको समन्वय र आपसी सहकार्यको अभावले यस्ता उपयोगी काम गर्न बाधा दिएका छन्।" त्रिपद्मका उमावि, ललितपुरका शिक्षक धनबहादुर कन्दङ्वा थप्छन्, "शिक्षकहरूबीचको आपसी मनमुटाव, तँ ठूलो कि म भन्ने अहङ्कारी भावना, मिलेर राम्रो गरौं भन्ने भावनको कमी र राम्रो गर्ने शिक्षकलाई प्रोत्साहनको कमीका कारण स्कूलमा परियोजना कार्यलगायत सार्थक र सृजनशील कार्यहरू स्कूलमा हुन सकिरहेको छैन।"

त्यसबाहेक परियोजना कार्यमा लाग्ने खर्च र यसको लागि लाग्ने समय पनि स्कूलका लागि टाउकोदुखाइका विषय बनेका छन्। खर्चका लागि बजेट उपलब्ध भइहाले पनि त्यसको लागि पर्याप्त समय दिन नसकिने शिक्षकहरूको अनुभव छ। विज्ञानमा एकथरी, सामाजिक शिक्षामा अर्कोथरी र भाषाको विषयमा बेग्लै खालको परियोजना कार्यहरू गराउनुपर्ने भएकाले त्यसको लागि लाग्ने समय र खर्च दुवै हिसाबले धान्न नसकिने अवस्था कैयन् स्कूलहरूले व्यहोरिरहेका भेटिन्छन्।

## खाँचो सङ्ख्या र स्तर वृद्धिको

राम्रामा दरिएका वा राम्रो गर्न प्रतिबद्ध शिक्षकहरूले आ-आफ्नो सोच, अनुभव, क्षमता र परिस्थिति अनुसार केही न केही यस्ता कार्यहरू गराउँदै आएका छन्। ठूला र व्यवस्थित तबरले चलेका थोरै स्कूलमा मात्र पूर्व निर्धारित क्यालेण्डरले निश्चित गरिए अनुसारका परियोजना कार्य हुने गरेको पाइन्छ भने बाँकी धेरै स्कूहरूमा शिक्षकको मर्जीमा हुने गरेको देखिन्छ। त्यसैले, कुनै स्कूलमा कुनै विषयमा राम्रो त कुनैमा अर्को कुनै विषय। विज्ञान विषयको परियोजना कार्य राम्रो हुने गरेकोमा अरूमा कमजोर भेटिन्छ भने सामाजिक शिक्षामा राम्रो गरिरहेको स्कूलमा भाषामा उति ध्यान नदिएको पनि हुनसक्छ। त्यसैले जुन स्कूलमा जे विषयमा यस्ता कार्यहरू कम हुन्छन् वा हुँदै हुँदैनन्, त्यहाँ यस्ता गतिविधिहरू बढी भन्दा बढी हुनु आवश्यक देखिन्छ। कुनै एउटा विषयमा धेरै राम्रो कार्य हुने तर अरूमा ठ्याक्कै नहुने वा ज्यादै कम हुँदा त्यसको मारमा सबभन्दा बढी विद्यार्थीहरू पर्न जान्छन्। अतः स्कूल प्रशासनले आफ्ना सबै शिक्षकहरूलाई सबै विषयमा परियोजना कार्यमा बढी भन्दा बढी परिचालित गर्नु आवश्यक देखिन्छ। नयाँ

## तल्लो कक्षालाई उपेक्षा नगरौं

परियोजना कार्य धेरैजसो माथिल्लो कक्षामा हुने गरेको भेटिन्छ। आदर्श कन्या, त्रिपद्म र जुद्धोदय जस्ता माथिल्लो कक्षामा परियोजना कार्य गर्ने गरेका स्कूलमा पनि तल्लो कक्षामा यस्ता अभ्यास खासै हुने गरेको पाईदैन। केटाकेटीहरूको लागि सिकाउने विधिको रूपमा त परियोजना कार्यको उपयोगिता र उपादेयता झन् ज्यादा देखिन्छ। तर दुर्भाग्यबस माध्यमिक तह चलेका स्कूलमा मात्र होइन, प्राथमिक तह मात्र भएका स्कूलमा पनि प्राथमिक कक्षामा परियोजना कार्य प्रायः हुने गरेका छैनन्। "मेरो विचारमा प्रावि तहमा ८० प्रतिशत कुरा सिकाउन स्कूल बाहिरै लैजानुपर्छ भने अवधारणा दिने र छलफल या सिकेका कुरा बताउने कामका लागि मात्र स्कूलका कक्षाकोठा उपयोगी हुन्छन्।" त्रिपद्म उच्च मावि ललितपुरका प्रअ माधव पाण्डे भन्छन्, "तर शिक्षक साथीहरूलाई कुरा बुझाउन र परिचालन गर्न नसकेका कारण हाम्रो स्कूलको प्राथमिक तह राम्रो बनाउन सकिएको छैन।"

शैक्षिक सत्रको योजना र कार्यक्रम बनाउँदाका बखत नै यस विषयलाई पनि ठोस रूपमा सम्बोधन गर्न नसकिने होइन।

सङ्ख्यासँगै परियोजना कार्यका स्तर वृद्धिको खाँचो उत्तिकै देखिन्छ। कति कार्यहरू केही स्कूलमा उत्कृष्ट तरिकाले हुने गरेको भए पनि आम स्कूलहरूको कार्यको स्तरमा सुधारको गुञ्जायस प्रशस्तै देखिन्छ। उदाहरणका लागि, भक्तपुरको कला सङ्ग्रहालयको अवलोकन गर्न गएका जुद्धोदयका विद्यार्थीलाई त्यसका लागि समय नै पुगेको थिएन। उनीहरूले त्यहाँ सरसर्ती मात्र घुमेको *शिक्षक* प्रतिनिधिले देखिरहेको थियो। एउटै समूहका बीचमा पनि समन्वयको अभाव, पूर्व तयारी राम्रो हुन नसकेको भन्दै कतिपय विद्यार्थीहरू साथीसितै असन्तुष्टि पोख्दै थिए। पुरातात्विक एवं ऐतिहासिक वस्तुहरू के के हुन् किन हुन्? भक्तपुर र यी दरबार, कला र संस्कृतिको इतिहास बारेको चाहिने जति जानकारी नभएका कारण विद्यार्थीहरूले सरसर्ती घुम्ने, केही जानकारी लिने बाहेक अरू थप ज्ञान लिन पाएनन्। कहिल्यै भक्तपुर नआएका यिनीहरूले यो ठाउँ घुम्न पाउनु आफैंमा ठूलो उपलब्धि हो तर यो पर्याप्त भने होइन। स्कूलमा उनीहरूलाई भक्तपुरका पुरातात्विक र ऐतिहासिक वस्तुहरू, कलाकृति बारे लेखिएका पुस्तकहरू पढ्न दिएर पर्याप्त छलफल गरेर ल्याइएको भए अवश्य पनि उनीहरूले धेरै जिज्ञासा बोकेर भक्तपुर पुग्ने थिए, जसले उनीहरूको ज्ञानको भण्डार फराकिलो पारिदिने थियो। त्यसैगरी, विज्ञान, सामाजिक शिक्षा, भाषा, वातावरण तथा स्वास्थ्यलगायतका विषयमा पनि स्तरीय परियोजना कार्यहरू गराउनु आवश्यक देखिन्छ।



धेरै वर्ष शिक्षक तालिम प्रशिक्षक बनेका शिक्षा मन्त्रालयका उपसचिव डा. तुलसी थपलियाका अनुसार, विकसित देशले झैं परियोजना कार्यलाई हाम्रो पाठ्यक्रमको अभिन्न अङ्गका रूपमा स्वीकार गरिसकिएको छ। र, त्यस अनुरुप परियोजना कार्यहरू के-कस्ता हुन्छन् भनी शिक्षक निर्देशिका बनाइएको छ। लामो अवधिको तालिम लिएका सबै शिक्षकहरूलाई परियोजना कार्य गर्ने तरिका सिकाइएको छ। त्यतिले मात्र नपुगेर यता आएर त विज्ञान, सामाजिक शिक्षालगायतका पाठ्यपुस्तकमा हरेक पाठको पुछारमा विद्यार्थीले एक्लै वा समूहमा मिलेर गर्ने कार्यहरूको पहिचान नै गरिदिएको छ। त्यसैले गर्न चाहने शिक्षकले पाठ्यक्रम, शिक्षक निर्देशिका र पाठ्यपुस्तक हेरेर नै धेरै गर्न सक्ने अवस्था विद्यमान छ। केही गरौं भन्ने भावना भएका शिक्षकहरूले राम्रो गरिरहेका स्कूलको भ्रमण गरेर पनि कैयन् कुरा सिक्न सक्छन्। खाने मुखलाई जुँगाले छेक्दैन भन्ने नेपाली उखान शिक्षकहरूको लागि लागू नहुने केही कारण होला र? 📖

## अतिरिक्त समयमा मेरो काम



**धन बहादुर कन्दङ्वा,** शिक्षक, त्रिपद्म उमावि

२०६२ सालमा बिएड तेस्रो वर्षको विद्यार्थी हुँदा अभ्यास शिक्षणको क्रममा यस त्रिपद्म स्कूलमा आएको थिएँ। त्यस बेलामा मेरो शिक्षण सीप र शैलीबाट प्रभावित भएर प्रअले मलाई यहाँ निजी स्रोत शिक्षकको रूपमा राख्नुभयो। एनजीओमा काम गर्न भनेर प्रस्ताव तथा प्रतिवेदन लेखनमा ६ महिने तालिम समेत लिइसकेको म द्वन्द्वकालको असुरक्षाका कारण कार्यक्षेत्रमा जान सकिनँ। त्यसपछि तत्कालको रोजगारीको रूपमा मैले शिक्षण पेशालाई स्वीकार गरेँ।

प्रावि तहको तलब दिइए पनि मलाई मावि तहमा पढाउन लगाइएको थियो। आफ्नै मनोज्ञानले विद्यार्थीलाई मैले पढाउने विषयमा परियोजना कार्य तयार गराउन शुरु गरेँ। भनेको सुनेको भन्दा आफैंले देखेको र अध्ययन गरेको कुरा राम्रो हुने एचआईभी एड्सको केस अध्ययन गर्दा अनुभव बटुल्न पाएको थिएँ। परियोजना कार्यका कखरा बिएडमै पढेकाले मैले सोचेँ, विद्यार्थीलाई स्वास्थ्य, जनसङ्ख्या र वातावरणको विषयमा अध्ययन गर्ने तरिका सिकाउनु राम्रो हो। तदनुरुप उनीहरूसित मैले छलफल गरेँ। मेरो प्रस्तावमा विद्यार्थीले उत्साहपूर्वक समर्थन जनाए। अनि मैले उनीहरूलाई ६ जनाको एउटाको दरले समूह बनाउन लगाएँ। हरेक समूहको लागि एक एक वटा अध्ययनका *टपिक*हरू छनोट, त्यसको उद्देश्य, सर्वेक्षण प्रश्नावली बनाउँदा पनि हरेक समूहमा निकै छलफल गरियो। त्यसपछि कसरी प्रश्नहरू सोध्ने भनेर पाँच वटा कक्षामा उनीहरूलाई तालिम दिइयो। अनि प्रश्नावलीहरू बोकेर विद्यार्थीहरू फिल्डमा गए। फिल्डबाट फर्केर आएपछि *डाटा टेबुलेसन*देखि विश्लेषण गर्ने तरिका सिकाइयो र अन्तिममा एक महिना जति लगाएर प्रतिवेदन लेख्न सिकाइयो।

यी सबै कार्यहरू मैले कक्षा भन्दा अतिरिक्त समयमा गराएको थिएँ। यस कार्यमा सहभागी हुँदा विद्यार्थीहरू औधी खुशी देखिन्थे। पहिलो वर्ष हस्तलिखित प्रतिवेदन नेपालीमा तयार पारियो भने दोस्रो वर्ष कम्प्युटरमा टाइप गरियो। तेस्रो वर्ष कक्षा १ देखि नै अङ्ग्रेजी माध्यममा पढेका विद्यार्थीहरू ८ मा आइपुगे। त्यही मौकामा मैले अध्ययन प्रतिवेदन लेखनको भाषा अङ्ग्रेजी बनाइदिएँ। विद्यार्थीले सामाजिक र वातावरण क्षेत्रमा मानिसहरूको भोगाइ मात्र थाहा पाएनन्, कुनै पनि सूचनाबाट ज्ञानको कसरी निर्माण हुँदोरहेछ भन्ने भेउ पनि पाए। नियमित कक्षा भन्दा बेगर यति धेरै काम गरे पनि स्कूल प्रशासन र शिक्षक साथीहरूबाट राम्रो गरिस् भन्ने तारिफ पनि नपाएपछि अर्को वर्षबाट यो काम गर्दिनँ भन्ने मन बनाइसकेका थिएँ। तर त्यसको केही दिनपछि केही अभिभावकहरूले खोज्दै मलाई स्कूलमा नै आएर भने, "त्रिविमा एमएमा पनि राम्रोसित नसिकाइने कुरा तपाईंले सही समयमा विद्यार्थीलाई सिकाइदिनुभएको रहेछ। यसले निरन्तरता पाओस्।" केही अभिभावकको त्यस्तो कुराले मलाई ठूलो ऊर्जा दियो, जसको कारण मैले त्यो काम निरन्तर अगाडि बढाएँ। हरेक वर्ष विद्यार्थीलाई नयाँ नयाँ *टपिक*मा अध्ययन गराउने गरेको छु, जसले गर्दा विद्यार्थी र म दुवैलाई हरेक साल नयाँ-नयाँ ज्ञान मिलिरहेको छ। 📖

अध्ययन

हिदर वलपर्ट गावरोन

# भोलिका लागि आजको शिक्षा

**आज सिकाइदिएका पाँच सीप– सहकार्य गर्ने; सञ्चार र संवाद गर्ने; समस्या सुल्झाउने, प्रश्न गर्ने र स्वाध्यायन गर्ने सीप विद्यार्थीलाई जीवनभर उपयोगी सावित हुन्छन् ।**



नयाँ-नयाँ ज्ञान र प्रविधिको रफ्तारसँगै शिक्षकहरूमाथि शिक्षण सीपमा सुधार ल्याउनुपर्ने दबाब बढ्दो छ। उता, विद्यार्थीहरूको 'स्कूले जीवन' र 'वास्तविक जीवन'बीचको अन्तर पनि फराकिलो हुँदै जाँदो छ।

आजका विद्यार्थीलाई भविष्यमा गृहस्थी वा पेशागत जीवनका क्रममा आवश्यक पर्ने सीपमूलक र व्यावहारिक शिक्षा दिनु हामी शिक्षकको दायित्व हो। यही दायित्व पूरा गर्ने क्रममा मैले उच्च शिक्षा अध्ययनरत र काम-व्यवसायमा लागिसकेका भूतपूर्व विद्यार्थीसँग भएका सीपका बारेमा एउटा अध्ययन गरेकी थिएँ। त्यो अध्ययनको निचोडले पनि 'स्कूले जीवन' र 'वास्तविक जीवन'मा धेरै ठूलो अन्तर रहेको पुष्टि गरेको पाएँ। अध्ययनको क्रममा व्यवसाय गरिरहेका भूतपूर्व विद्यार्थीले मसँग भनेका थिए, "अहिले हामीलाई आवश्यक परेको सीप हामीसँग छैन, तर भविष्यका विद्यार्थीले त्यस्तो सीप पनि पाउन् भन्ने चाहन्छौं।"

उक्त अध्ययनको आधारमा आजका विद्यार्थीले पारङ्गत हुनै पर्ने १३ वटा सीपको सूची बनाएर मेले भर्खरै प्रकाशित गरेको *'ट्वीन क्रयायोन्स् एण्ड कर्फ्यूज: टिप्स फर मिडल स्कूल टिचर'* (*Tween Crayons and Curfews–Tips for Middle School Teachers*) नामक पुस्तकमा राखिदिएकी छु। कुनै शिक्षकले आफ्ना विद्यार्थीलाई ती सीपहरूमा पारङ्गत गराउन चाहेमा त्यसनिम्ति आवश्यक पर्ने शैक्षणिक रणनीतिहरू पनि त्यहाँ समावेश गरेकी छु।

थप सजिलोको निम्ति मैले ती १३ बुँदालाई सामान्यीकरण गरेर पाँच बुँदामा झारेकी छु। तीमध्ये कुन चाहिँ सीप आफ्ना विद्यार्थीका लागि ज्यादा महत्त्वका होलान् भनेर शिक्षकहरूले नै रोज्नुपर्छ। यहाँ ती पाँच वटा सीपको क्रम र ती सीप सिक्न-सिकाउन आवश्यक रणनीति सङ्क्षेपमा प्रस्तुत गरेकी छु:

### सहकार्य गर्ने सीप

पहिलो कुरा, शिक्षकले अनुमानका भरमा काम गर्नुहुँदैन।

विद्यार्थीले आपसमा सहमति जुटाउन सक्छन् भन्ने अनुमान लगाएर शिक्षकको काम चल्दैन। खासमा सहमति जुटाउने प्रक्रिया ज्यादै जटिल छ। धेरैजसो वयस्कहरूले पनि यो सीप जानेका हुँदैनन्। यस्तो कुरा सिकाउँदा विद्यार्थीलाई साना-साना समूहमा

बाँडिदिनुपर्दछ र एकपटकमा एउटा समूहलाई सहमति गर्ने सीप सिकाउँदै जानुपर्दछ। यसरी सिकाउने क्रममा उनीहरूलाई असहमति जनाउने सही तरिका पनि बताइदिनुपर्दछ। अनि प्रशंसा गर्ने र आलोचना गर्ने विधि पनि सिकाइदिनुपर्दछ। त्यसपछि असहमतिका मुख्य तर्कहरूलाई सूचीबद्ध गर्न लगाउनुपर्दछ। अनि सहमतिमा नपुगिएसम्म यही प्रक्रिया जारी राख्नुपर्दछ।

दोश्रो कुरा, वरिष्ठताको परिपाटी भङ्ग गरिदिनुपर्दछ।

कक्षाकोठामा विद्यार्थीबीच पनि वरिष्ठ र कनिष्ठ वा जान्ने र नजान्ने समूहमा विभाजित भएर व्यवहार गर्ने अभ्यास रहेको हुन्छ। यस्तो अवस्था पाइएमा पहिले त्यस्तो परिपाटीलाई तोडिदिनुपर्दछ। अर्थात् सबैलाई समान तहमा राखिदिनुपर्दछ। यी विद्यार्थीले भविष्यमा विविध प्रकृतिका साथीहरूसँग काम गर्नुपर्ने हुन्छ। त्यसैले त्यसको अभ्यास पनि विद्यार्थीकालमै गरिराख्नु लाभदायी हुन्छ। माध्यमिक तहमा यो कार्य चुनौतीपूर्ण पनि हुनसक्छ। यो तहका विद्यार्थीले अत्यन्त मिल्ने साथी, सदाको शत्रु, पहिलो प्रेमी वा प्रेमिका, भर्खरका प्रेमी वा प्रेमिका अनि भविष्यका प्रेमी वा प्रेमिका जस्ता आधार बनाएर साथी समूह बनाएका हुन्छन्। यस्तो समूहलाई छिन्नभिन्न पार्न निकै सोचविचार गरेर पाइला चाल्नुपर्छ।

कक्षाको वातावरण परिवर्तन गर्न स्थान परिवर्तन वा टेबुलहरू सार्न सकिन्छ। अगाडिका विद्यार्थीलाई पछाडि र पछाडिका विद्यार्थीलाई अगाडि राखेर नयाँ साथीसँग सङ्गत गराउन सकिन्छ। यसपछि; तिनै विद्यार्थीलाई 'आजको कक्षाकोठा कस्तो लाग्यो' भनेर चर्चा गराइ सहज वातावरणको सिर्जना गरिदिनुपर्दछ। यति मात्रै काम गरेर पनि विद्यार्थीको दृष्टिकोणमा व्यापक परिवर्तन ल्याउन सकिन्छ। त्यसबाट सहमति निर्माण गर्न सजिलो हुन्छ।

## सञ्चार र संवाद सीप

**शब्द र वाक्य सञ्चार सीपः** आजका विद्यार्थीलाई भविष्य अर्थात् जीवनभर काम लाग्ने अर्को सीप हो सञ्चार र संवाद सीप। यो सीपको अभ्यास 'शब्द'को प्रयोगबाट शुरु गर्न सकिन्छ। विद्यार्थीलाई भविष्यमा पनि प्रयोगमा रहिरहने कुनै शब्द दिनुहोस्। त्यसको परिभाषा, मान्यता र उपयोगिताका बारेमा थप जानकारी लिन अन्य शिक्षक वा साथीहरूसँग संवाद गर्न लगाउनुहोस्। त्यसपछि बाहिरका मानिससँग पनि जानकारी बटुल्न लगाउनुहोस्। यस्तो अभ्यासले विद्यार्थीहरूलाई शब्दको सही प्रयोग गर्न सक्षम बनाउँछ।

शब्दको अभ्यासपछि त्यस्तै कुनै व्यावहारिक वाक्यांश दिएर परिपक्व मानिसहरूसँग संवाद गर्न लगाउनुहोस्। त्यसपछि जाँच्नुहोस्, तपाईंका विद्यार्थीमा सञ्चार र संवादकलाको सीप पहिलेको भन्दा बढेको पाउनुहुनेछ।

शुरुमा यस्ता अभ्यासहरू अप्ठ्यारा लाग्न सक्छन्।

**अध्ययनको क्रममा व्यवसाय गरिरहेका भूतपूर्व विद्यार्थीले मसँग भनेका थिए, "अहिले हामीलाई आवश्यक परेको सीप हामीसँग छैन, तर भविष्यका विद्यार्थीले त्यस्तो सीप पनि पाउन् भन्ने चाहन्छौं।"**

तर तपाईं आफ्ना विद्यार्थीमा सञ्चार र संवाद सीप बढेको देख्न चाहनुहुन्छ भने यस्ता क्रियाकलाप गर्नु अनिवार्य हुन्छ।

**दृश्य सञ्चार गर्ने सीपः** विद्यार्थीलाई कुनै दृश्य देखाउनुहोस् र, त्यो दृश्यलाई प्रभावकारी ढङ्गले वर्णन गर्ने अभ्यास गराउनुहोस्। त्यस्ता दृश्यलाई हुलाक वा सम्भव भए इमेलबाट पठाउने अथवा प्राप्त गर्ने विधि पनि सिकाइदिनोस्। विद्यार्थीहरू मध्येबाटै भ्वाइस मेल पठाउने र लिने अभ्यास पनि गराउनुहोस्। यस्ता अभ्यासले उनीहरूमा व्यावसायिक सीप विकास गर्न मद्दत गर्दछ।

**बहस गर्ने सीपः** विद्यार्थीमा बहस गर्ने सीपको विकास कक्षाकोठामै गर्न सकिन्छ। पहिले विद्यार्थीहरूलाई नै नियम बनाउन लगाउनोस्। उनीहरूलाई उत्साहित गर्न आफू पनि संलग्न हुनुहोस्। अनि सञ्चार गर्ने नियम पनि बनाउन लगाउनोस्। र, सबैलाई नियम पालना गर्न राजी गराउनुहोस्।

अभ्यासका लागि बनाइने नियमहरू अन्य प्रक्रिया र सन्दर्भमा पनि उपयोगी हुन्छन्। विद्यार्थीले आफैं थपघट गर्न पनि सक्छन्। यस्ता अभ्यासबाट विद्यार्थीले व्यावसायिक कार्यप्रणालीहरू सिक्न र बुझ्न पाउँछन्। वास्तवमा व्यावसायिक कामका नियमहरू यसरी नै बनेका हुन्छन्।

## समस्या सुल्झाउने सीप

कक्षामा विद्यार्थीका हरेक प्रश्नको सहजै उत्तर नदिनुहोस्। बरु उनीहरूलाई नै उत्तर खोज्ने अभ्यास गराउनुहोस्। यसबारेमा मैले आफ्नो पुस्तकमा सानो नोट पनि लेखिदिएकी छु, "मौनता तोड्नका लागि तत्कालै उत्तर दिनुपर्छ भन्ने छैन, मौनताले चिन्तनको द्वार पनि खोल्न सक्छ। कुनै प्रश्नको तत्काल उत्तर दिनुको साटो तपाईंले त्यसको उत्तर खोज्न विद्यार्थीलाई लगाउनुभयो भने उनीहरू आफैं पनि समाधानको बाटो खोज्न थाल्छन्।" तर समाधान खोज्ने क्रममा चाहिँ उनीहरूलाई सहयोग गर्नुपर्छ। विद्यार्थीलाई कुनै जान्ने मानिस कहाँ गएर सहजै उत्तर लिएर आउने परम्पराबाट अलग्याउनुपर्छ, त्यसको सट्टा बहस गरेर उत्तर खोज्ने सीप सिकाउनुपर्छ। उनीहरूले निकालेका निष्कर्षमा तपाईंले यति मात्र सोध्नुहोस् "... यसो भनेको के हो? त्यसो नभएमा के हुन्छ?..." आदि।

## प्रश्न गर्ने सीप

विद्यार्थीलाई कुनै जटिल प्रश्नको उत्तर दिन सक्षम बनाउनु छ भने उनीहरूलाई प्रस्तुत प्रश्नमाथि नै

**सहमति जुटाउने प्रक्रिया ज्यादै जटिल छ। वयस्कहरूले पनि यो सीप जानेका हुँदैनन्। यस्तो कुरा सिकाउँदा विद्यार्थीलाई साना-साना समूहमा बाँडिदिनुपर्दछ र एकपटकमा एउटा समूहलाई सहमति गर्ने सीप सिकाउँदै जानुपर्दछ। यसरी सिकाउने क्रममा उनीहरूलाई असहमति जनाउने सही तरिका पनि बताइदिनुपर्दछ। अनि प्रशंसा गर्ने र आलोचना गर्ने विधि पनि सिकाइदिनुपर्दछ।**

●●●

प्रश्न बनाउने सीप सिकाइदिनुपर्दछ। प्रस्तुत प्रश्न माथि उनीहरूका मनमा के जिज्ञासा उठेको छ भन्ने कुरा व्यक्त गर्न लगाउनुपर्छ। यसो गर्दा विद्यार्थीहरू प्रश्नको गहिराइमा जान र उचित उत्तर खोज्न सक्षम हुनसक्छन्। उचित उत्तर आएको खण्डमा त्यसलाई प्रशंसा गर्न सिकाउनुहोस्।

विद्यार्थीलाई मूल्याङ्कन गर्ने र स्तरीय प्रश्न गर्ने कला पनि सिकाइदिनुपर्छ। यस्तो अभ्यासले उनीहरूमा विषय ज्ञान बढाइदिन्छ। अनि प्रश्नका विभिन्न रुपहरू, जस्तै खुला उत्तर आउन सक्ने प्रश्न, विषयकेन्द्रित उत्तर आउने प्रश्न वा सिलसिलेवार प्रश्न आदिका बारेमा राम्ररी बताइदिनुपर्छ। कुनै विषयमा एकअर्काको जानकारी जाँच गर्नका लागि उपयुक्त हुने प्रश्नहरू पनि तयार गर्न लगाउनुहोस्। साथै गहकिला प्रश्न तयार गर्ने सीप सिकाइदिनोस्। विद्यार्थीले गरेका प्रश्नको वजनका आधारमा कुनै विषयमा तपाईंका विद्यार्थी कति गहिरो ज्ञान राख्छन् भन्ने थाहा पाउन सक्नुहुनेछ।

### स्वाध्यायन वा स्वतन्त्र रूपमा सिक्ने सीप

परम्परागत शिक्षकका लागि स्वाध्यायन भन्ने कुरा विद्यार्थीलाई स्वतन्त्र रूपमा पढ्ने वातावरण बनाइदिने वा त्यसो गर्न अह्राइदिने काम हुन सक्छ। तर यो अभ्यास अलि भिन्न हो। विद्यार्थीलाई स्वाध्यायनतिर लम्काउनु भनेको उनीहरूलाई कुनै सामग्री पढेर त्यसमा भएका गम्भीर कुरा वा नयाँ कुरा पत्ता लगाउने र त्यसमा गौरव गर्ने सीप र कला विकास गर्नु हो। नयाँ वा विशेष कुरा पत्ता लगाएको खुसीमा विद्यार्थीलाई 'हेर मेरो नयाँ खोज' भन्न सक्ने बनाउनु हो। यसो गर्दा विद्यार्थीको दिमाग सक्रिय हुन्छ, गहिरिएर पढ्ने बानीको विकास भइरहेको हुन्छ।

उदाहरणका लागि, विद्यार्थीका उत्तरपुस्तिकामा कुनै पनि किसिमका टिप्पणी, सुझाव वा प्रश्न लेख्दिनथें। बरु म आफैं पालैपालो गरी विद्यार्थीहरू कहाँ जान्थें र उनीहरूलाई नमुना देखाएर त्यसैका आधारमा तिनका उत्तरका बारेमा टिप्पणी लेख्न लगाउँथें। उनीहरू आफैंले नै महत्त्वपूर्ण कुराहरू पत्ता लगाउँथे र आफ्ना लागि आफैंले गहकिलो सुझाव लेख्दथे। अनि सुधारका लागि गर्नुपर्ने थप कामका लागि आफूलाई सहजै तयार पार्दथे। त्यसपछि हामी आ-आफ्ना काममा लाग्दथ्यौं। उनीहरू आफ्ना उत्तरहरू पुनरावलोकन गर्ने समय पनि आफैं तय गर्दथे। र, निश्चित समयमा काम पूरा गर्ने प्रतिबद्धता साथ थप काम गर्दथे।

आजको जमानामा स्वाध्यायनका लागि गुगलको 'एडभान्स सर्च टुल' (WWW.google.com) ले ठूलो मद्दत पुऱ्याउन सक्दछ। विद्यार्थीलाई विद्याप्रति गम्भीर र इमानदार बनाउन पनि यसले मद्दत गर्नेछ। ज्ञानको तिर्खा मेटाउनका लागि यो सुरक्षित माध्यम हो।

यदि आजका विद्यार्थीलाई माथि बताइएका पाँच प्रमुख सीप सिकाइयो भने तिनले भोलिका लागि चाहिने सीप आजै सिकिसकेका हुनेछन्।

### शिक्षकहरूले ख्याल गर्नुपर्ने थप केही बुँदाः

**निर्णय लिने क्षमताको विकास** भनेको विकल्पहरूलाई तौलन सक्ने सीपको विकास हो। यस्तो सीप भएका विद्यार्थी आफ्ना निर्णयको पक्षमा तर्कपूर्ण वकालत गर्न सक्षम हुन्छन्।

**पूर्वाग्रह (वा आग्रह) पहिचान गर्ने क्षमता** भनेको विषय वा एजेण्डाहरूको महत्त्व र संरचनाको पहिचान गर्न सक्ने हुनु हो।

**नेतृत्व विकास** भनेको अरूलाई पनि उचित तरिका सिकाउन सक्ने कला मात्र हो, आफ्नो निर्णय अरूमा लाद्ने प्रक्रिया होइन।

**सम्झौता गर्नु** भनेको कुनै कुरा छोड्नु पर्दा पनि खुसी हुन सकिने अवस्थाको खोजी गर्नु हो, मध्यमार्गी बन्नु हो। हार्नु होइन।

**सारांश निकाल्ने क्षमता** भनेको कुनै विषयका बारेमा छोटकरीमा मुख्य मुख्य बुँदा प्रस्तुत गर्न सक्ने क्षमताको विकास गर्नु हो।

**ज्ञानको ढोका खुला राख्नु** भनेको आफ्नो कमजोरी महसुस गरी अरूसँग सिक्ने अवसर पहिचान गर्न सक्ने सोचाइ वा स्थितिको निर्माण हो।

**बुझाइको क्षमता बढाउनु** भनेको संवाद गरेर वा लेखेर अरूलाई पनि सही तरिकाले बुझाइदिने क्षमताको विकास गर्नु हो।

**लक्ष्य पहिचानको क्षमता** भनेको कुनै निश्चित लक्ष्य निर्धारण गरेर त्यसमा पुग्न सक्ने मार्गको खाका तयार पार्ने सीपमा दक्ष हुनु हो।

यदि तपाईंहरूले पनि यी वा यस्ता सीप सिकाउने लक्ष्य राखेर आफ्ना विद्यार्थीलाई शिक्षा दिन शुरु गर्नुभयो भने तपाईंलाई पढाउने विषय र सामग्रीले निकै व्यस्त पार्नेछन्। तर त्यतिबेला तपाईं 'स्कूले जीवन'को शिक्षाभन्दा माथि उठेर 'वास्तविक जीवन'को शिक्षा दिइरहेको हुनुहुनेछ।

(यस लेखकी लेखिका हिदर वलपर्ट गावरोन, क्यालिफोर्नियाको सान गाब्रियल युनिफाइड स्कूल डिस्ट्रिक्टको माध्यमिक तहकी शिक्षिका हुन्। उनले भाषा सीप पढाउँछिन् र भाषण गर्ने र बहस गर्ने कलामा प्रशिक्षण दिन्छिन्। उनको लेखमा नयाँ अभ्यास प्रस्तुत भएकाले यहाँ साभार गरिएको हो।)

सरलीकृत अनुवादः **हस्त गुरूङ**

**सन्दर्भः विश्व चर्पी दिवस १९ नोभेम्बर**

**रतन बुढाथोकी**, नेपाल स्वास्थ्यको लागि पानी (नेवा)

# विद्यालयमा सरसफाइ र खानेपानी सुविधाको महत्त्व

## पृष्ठभूमि

पानी जीवन हो, सरसफाइ जीवनको पद्धति हो भने स्वस्थ रहनका लागि स्वच्छता अपरिहार्य तत्व हो। खानेपानी र सरसफाइको आधारभूत सुविधा उपभोग गर्न नपाएका, स्वास्थ्य तथा सरसफाइसम्बन्धी न्यून चेतना एवं अस्वस्थकर आनीबानी भएका क्षेत्रहरूमा दूषित खानेपानी र अपर्याप्त सरसफाइको कारणले लाग्ने सरुवा रोगहरूको प्रकोप धेरै हुने गरेको छ। झाडापखालाजन्य रोगबाट नेपालमा बर्सेनि पाँच वर्षमुनिका दश हजार पाँचसय बालबालिकाको मृत्यु हुने गरेको छ भने, अर्बौं रुपैयाँ बराबरको आर्थिक क्षति समेत भइरहेको छ।

## नीतिगत व्यवस्था

सरसफाइ र स्वच्छ खानेपानीमा पहुँच एक आधारभूत मानवअधिकार भएको तथ्यलाई अङ्गीकार गर्दै तेस्रो दक्षिण एसियाली सरसफाइ सम्मेलनको दिल्ली घोषणापत्र–२००८ मा सरसफाइलाई राष्ट्रिय प्राथमिकता दिने प्रतिबद्धता गरिएको थियो। विद्यार्थीहरूमा सरसफाइ सुविधाको हेरविचार र स्वस्थ बानीव्यहोरा विकासलाई प्रवर्द्धन गर्न विद्यालयस्तरीय पाठ्यक्रममा सरसफाइ शिक्षा पनि समावेश गरिने जस्ता कुरा उल्लेख गरिएको छ। खानेपानी र सरसफाइ क्षेत्रको विकराल अवस्थाबाट मुक्ति पाउनका लागि सन् २०१७ सम्ममा खानेपानी र सरसफाइको आधारभूत सुविधामा सबैको पहुँच पुऱ्याउने नेपालको राष्ट्रिय लक्ष्य समेत रहेको छ। नेपालले पनि प्रतिबद्धता जनाएअनुरुप *'सरसफाइ गुरुयोजना–२०६८'* तयार पारी लागू समेत गरिसकेको अवस्था छ।

शिक्षा विभागको *गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७* मा उल्लेख भए अनुसार विद्यालयको राम्रो भौतिक अवस्थाले गुणस्तरीय शिक्षा प्राप्त गर्न र बालमैत्री सिकाइ वातावरणलाई प्रभावकारी बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले भौतिक पक्षको व्यवस्थापनमा विशेष ध्यान दिनु अपरिहार्य देखिन्छ। जस अनुसार प्रति ५० छात्रछात्राको लागि दिसापिसाब गर्न छुट्टाछुट्टै चर्पी र पानीको व्यवस्था तथा विद्यालय हाताभित्र पिउनयोग्य पानीको सुविधा सुनिश्चित गर्ने कुरालाई न्यूनतम मापदण्ड मानिएको छ।




## विद्यमान अवस्था

नीतिगत व्यवस्था अत्यन्त राम्रो रहेको भएता पनि वास्तविक रूपमा सरसफाइ र खानेपानीको सहज पहुँच भने सबै विद्यालयमा अझै प्राप्त छैन। विद्यालय सरसफाइ सम्बन्धमा प्रकाशित भएका तथ्यअनुसार, नेपालका करिब ६३ प्रतिशत विद्यालयहरूमा मात्र चर्पी सुविधा रहेको छ, जसमध्ये करिब ३६ प्रतिशतमा साझा चर्पी, करिब ३४ प्रतिशतमा मात्र बालबालिकाको लागि छुट्टाछुट्टै चर्पी र करिब ३० प्रतिशतमा शिक्षकको लागि अलग्गै चर्पी सुविधा रहेको छ। यसैगरी विद्यार्थीहरूमध्ये ४७ प्रतिशत छात्र र ३१ प्रतिशत छात्राहरूको मात्र चर्पीमा पहुँच छ। बिडम्बनापूर्ण पक्ष भनेको विद्यालयमा चर्पी र पिसाब फेर्ने ठाउँ (यूरिनल) नभएको कारण उमेर पुगेका छात्राहरूले विद्यालय छोड्ने गरेका छन् र यो दर महिनावारी हुँदाको बखत बढी हुन्छ *(नेपाल सरकार सरसफाइ गुरुयोजना, २०६८)*।

विद्यालयहरूमा रहेका चर्पीको अवस्था पहिचान र आवश्यक सुधारका निम्ति चर्पी प्रयोगकर्ताहरूको अनुभव तथा सुझाव सङ्कलन गरी तथ्यपरक ढङ्गले सम्बन्धित सरोकारवालाहरूलाई अनुरोध गर्ने उद्देश्यले नेवाले खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ र अन्य साझेदार संस्थाहरूको सहकार्यमा धादिङ, बाग्लुङ, सिन्धुली र जाजरकोट जिल्लाका करिब ८६२ वटा विद्यालयहरूमा गरेको अध्ययन अनुसार अधिकांश विद्यालयमा बनेका चर्पीहरू पुन:निर्माण गर्नुपर्ने, चर्पीमा पानीको व्यवस्था हुनुपर्ने, छात्रा र महिलाहरूका लागि अनुकूल चर्पीहरूको निर्माणमा जोड दिनुपर्ने र विद्यार्थीहरूको अनुपातलाई मध्यनजर गरी चर्पी सङ्ख्या बढाउनुपर्ने जस्ता पक्षहरू पहिचान गरिएको छ।

अधिकांश विद्यालयमा पर्याप्त चर्पीको अभावले गर्दा छात्रा र महिला शिक्षकहरूलाई महिनावारी समयमा पठनपाठनमा अवरोध पुगेको पाइएको छ। बाग्लुङको अधिकारीचौर गाविसस्थित एक माविमा चर्पीको व्यवस्था नभएका कारणले विद्यार्थीहरूलाई घरबाटै दिसा गरेर आउनू भन्ने उर्दी समेत जारी गरेर कक्षा समयलाई ४५ मिनेटबाट घटाई ३५ मिनेट कायम गरिएको, बोवाङको ज्ञानोदय माविमा चर्पीको व्यवस्था नभएका कारण छात्राहरूले युनिफर्म (सर्ट पाइन्ट) लगाउन अस्वीकार गरेका उदाहरण समेत पाइएका छन्।

## उपसंहार

विद्यालय भनेको कक्षाकोठा मात्र नभई समग्र विद्यालय क्षेत्र हो। कलिला बालबालिका र शिक्षक वर्गले दिनको अधिकांश समय व्यतीत गर्नुपर्ने यस्तो स्थानमा उचित एवं पर्याप्त सरसफाइको प्रबन्ध हुनु नितान्त आवश्यक छ।

विश्व चर्पी दिवस (१९ नोभेम्बर २०११) ले सम्पूर्ण शिक्षक वर्ग, विद्यार्थी भाइबहिनी, विद्यालय व्यवस्थापन पक्ष, सहयोगी निकाय र निर्णयकर्ताहरूलाई **विद्यालयमा सरसफाइ र खानेपानी सुविधाको महत्त्व** बारे गहन रूपमा सोच्न र आवश्यक सुधार ल्याउन मद्दत गर्न सकोस् भन्ने कामना गरौं !



## नेपाल-अध्ययन

डा. तीर्थबहादुर श्रेष्ठ

# विज्ञानको आँखामा फूल

**फूल फुल्ने वनस्पतिको जीवनचक्र नियाल्यौं भने तिनको यौनक्रिया सामान्य प्राणीको भन्दा धेरै भिन्न हुँदैन। तिनको परागसेचन गरिदिन कीटपतङ्ग, पशुपन्छी, हावा, बतास, पानी आदिले सहयोग गरिदिनुपर्ने हुन्छ। धान, गहुँ, मकैको परागसेचन गर्ने काम हावाले गर्छ। गुराँसको फूललाई भीरमाहुरीहरूले परागसेचन गरिदिन्छन्। तोरीको सेचन घरमाहुरीले गर्दछ।**

'फूलको आँखामा फूलै संसार, काँडाको आँखामा काँडै संसार' गीतका गेडा पछ्याउँदै कलिला विद्यार्थीहरू कमलमणि प्रेक्षालयलाई गुञ्जाउँदैथिए- त्यही गीतका स्रष्टा कवि दुर्गालाल श्रेष्ठलाई २०६७ सालको जगदम्बाश्री पुरस्कार प्रदान गर्ने समारोहमा। *'जीवन काँडा कि फूल'* भन्ने आत्मजीवनीपरक निबन्धकी स्रष्टा झमक घिमिरे बहिनी पनि मदन पुरस्कारको सम्मानले फुल्दै थिइन् एउटा गुड्ने मेचमा। फूलकै प्रसङ्ग जोड्दा त्यस दिन (२०६८ सालको असोज १२ गते) भन्दा ४४ वर्ष पहिले अर्की नारी स्रष्टा पारिजातको कृति *'शिरीषको फूल'* ले मदन पुरस्कार जितेको स्मरण भइरहेको थियो। स्रष्टा र साहित्यकारहरूले मानव जीवनलाई फूलसँग जोडेर आ-आफ्नै आँखाले आ-आफ्नै दृष्टिले हेरे र देखे पनि। लक्ष्मीप्रसाद देवकोटाले आफ्नो पुष्पमोह मुनामदनमा पोख्दा धेरैपल्ट गुलाबको प्रसङ्ग उठाए। उनको निबन्ध *'फूल'* त अझै विशिष्टकै भयो।

उता असोज ४ गते (२०६८) नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानको प्रेक्षालयमा फूलकै प्रसङ्ग चल्दैथियो। त्यहाँ नेपालमा फूल फुल्ने वनस्पतिको वैज्ञानिक वैभव, *फ्लोरा अफ नेपाल* नामक पुस्तकको विमोचन हुँदैथियो। विज्ञानको आँखामा फूल भन्नु शिवलिङ्गको प्रतिमूर्ति हो- प्रकृति र पुरुषको समायोजन। सृष्टिको आधार। प्रत्येक फूलको मूल धर्म सृष्टि हो। नयाँ फल हो। नयाँ बिजन हो। त्यसैकारण फूलको आकृति र संरचनाले प्रेम, वासना र सम्भोगप्रति आकर्षित गर्छ। सामान्यतया अधिकांश फूल उभय-लिङ्गी (दुई लिङ्गी) हुन्छन्; अर्थात् स्त्री अवयव एवं पुरुष अवयव साथसाथै हुन्छन्; लौकिक चक्षुमा दृष्टिगोचर हुने पीठिकामा ठडिएको शिवलिङ्ग जस्तै। वस्तुतः फूल भन्नु सृष्टिकै प्रतीक हो। त्यहाँ जीवनका तीनै आयाम 'सत्यम्, शिवम्, सुन्दरम्' उजागर भएका हुन्छन्।

सामान्य फूलको आकृतिमा मण्डलाकार चक्रभित्र चक्र-चक्र गरी चार चक्र हुन्छन्। फूलको कोपिला अवस्थामा बाहिरी

परागसेचनको तयारी अवस्थामा गुराँसको फूल



**फूल फुल्ने बिरुवामा दोहोरो गर्भाधानको प्रावधान हुन्छ। एकले भ्रूण तयार गर्छ, अर्कोले त्यसको खाना। प्राणीजगतमा यस्तो हुँदैन। त्यहाँ शुक्रकीटको सङ्ख्या तीन होइन अनगिन्ती हुन्छ तर एउटैले मात्र गर्भाधान कार्य गर्न सफल हुन्छ।**




**फूलको विभिन्न अवयवको काल्पनिक चित्र**

चक्रका हरिया दलहरूले फूललाई सुरक्षित हुर्काउने काम गर्दछन्। कमल फूलका कोपिलामा यस्ता हरिया बाहिरी दल प्रस्ट दृष्टिगोचर हुन्छन्। कोपिला फुट्न थालेपछि त्यसभित्रको चक्रमा सुन्दर रङमा सजिएका पुष्प-पत्रहरू फक्रन थाल्छन्। ती पत्रहरूमा पानी वा शीतका थोपा मोती झैं शोभायमान हुन्छन्। यस्ता पुष्पपत्रले माधव घिमिरेबाट 'तरेली'को संज्ञा प्राप्त गरेका छन्- *'शीतको थोपा अलमलियो फूलको तरेलीमा, तिम्रो आँसु छिपेको छ मेरै परेलीमा।'*

केतकी, जाई, जुही, चम्पा, चमेली वा गुराँस, कुसुम, जपाकुसुम वा आरुका फूलमा पनि तरेलीहरू सर्वोत्कृष्ट रूपमा प्रकट भएका हुन्छन्। माहुरी, भमरा, बारुला, पुतली र विभिन्न कीटपतङ्गहरूलाई आकर्षण गर्ने प्रतिस्पर्धामा तल्लीन हुन्छन् तिनीहरू। यी तरेलीभन्दा भित्री चक्रमा पुंकेशरहरूको राज हुन्छ। एउटा फक्रेको कमलको फूलमा सयौं पुंकेशरहरूको झुप्पै हुन्छ। ती सबै भाले अवयव हुन्। सलाइको काँटी जस्तो प्रत्येक छेस्काको टुप्पोमा परागकोष विराजमान हुन्छ। परागकण त्यही कोषभित्र उत्पादन हुन्छ। रजोगुण शक्तियुक्त पराग कणहरू पुष्प पुलिङ्गका मूल वंशवाहक हुन्। यिनले शुक्रकीटले झैं वंशाणु बोकेका हुन्छन्। तिनमा वंशाणुको सङ्ख्या भने अरू अवयवमा भन्दा आधा मात्र हुन्छ। आधा वंशाणु स्त्रीलिङ्गबाट प्राप्त गरेर नवजात भ्रूणलाई वंशाणुगत पूर्णाङ्गमा पुऱ्याउने यो एक जैविक रणनीति हो।

कमलको फूलकै कुरा गर्दा केन्द्रस्थलमा कमलको गट्टा हुन्छ जसमा बीउ लाग्छ कालान्तरमा। त्यो अवयव स्त्रीलिङ्ग हो। त्यहाँ अण्डाशयहरू हुन्छन् र भित्र अण्डहरू पनि। यसप्रकार सृष्टिको निमित्त आवश्यक सम्पूर्ण अवयवको पुञ्ज नै पुष्प हो। हिन्दू धर्ममा सृष्टिको कुरा गर्दा कमलनाभ विष्णु वा अब्जयोनी ब्रह्माको प्रसङ्गबाट सबै कुरा प्रारम्भ हुने गर्दछ। त्यस्तै; बुद्ध धर्मावलम्बीहरू पनि 'ॐ मणि पद्मे हुँ'कै मन्त्रले प्रारम्भ गर्दछन् आफ्ना सबै धर्म-कर्म। नेपाल मण्डलाका कुरा गर्दा पनि कमलको माझमा उत्पन्न भएको स्वयम्भूको प्रसङ्ग पहिले उठ्ने गर्छ। त्यसैले सृष्टिका प्रतीक हुन् प्रत्येक फूल।

हामी फूलको प्रसङ्गमा छौं र फूल फुल्ने वनस्पतिका कुरा गर्दैछौं। यस्ता वनस्पतिको जीवनचक्र नियाल्यौं भने तिनको यौनक्रिया सामान्य प्राणीको भन्दा धेरै भिन्न हुँदैन। तिनको यौन सम्पर्क अर्थात् परागसेचन गरिदिन कीटपतङ्ग, पशुपन्छी, हावा, बतास, पानी आदिले सहयोग गरिदिनुपर्ने हुन्छ। धान, गहुँ, मकैको परागसेचन गर्ने काम हावाले गर्छ। गुराँसको फूललाई भीरमाहुरीहरूले परागसेचन गरिदिन्छन्। तोरीको सेचन घरमाहुरीले गर्दछ। चिउरीका फूलमा माहुरी मात्र होइन चमेरो पनि पल्कन्छ। सिमलका फूलमा सुगा, मैना र अनेकौं कीटपतङ्ग झुम्मिने गर्दछन् परागसेचनका लागि।

सामान्य फूलको मध्यभागमा अण्डाशय बसेको हुन्छ। प्रायः अण्डाशयको लामो र मसिनो सुराइदार गर्दन हुन्छ र त्यसको टुप्पोमा पराग थाप्ने अवयव। त्यो एकप्रकारको योनीद्वार नै हो। त्यहाँ योनीरस पनि रसाएको हुन्छ। थुप्रै परागकण त्यहाँ टाँसिन्छन्। त्यस रसको रसायन (हर्मोन)ले गर्दा परागकणहरू पटपट फुट्न थाल्दछन्। परागकणको भित्रबाट परागनली विस्तारै बाहिर निस्कन्छ र योनीद्वारबाट त्यो नलीभित्र छिरेर अण्डाशयको गर्दनी भाग पार गर्दै अण्डाशयको केन्द्रस्थलमा पुग्दछ। त्यहाँ निसेचनका लागि तयारी अवस्थामा रहेका अण्डहरूमध्ये एउटा अण्डलाई छेडेर त्यो परागनली भित्र पस्दछ। त्यस नलीको साथमा अगाडि बढ्दै जाने तीनवटा शुक्रकीटहरू हुन्छन्। एकले बाटो देखाउने काम गर्दछ। आफ्नो काम सकिएपछि त्यो

# नेपाल-अध्ययन



कमलको फूलमा
परागसेचन

**लप्सीको भाले बोट र पोथी बोट भिन्दाभिन्दै हुन्छन्। त्यसैले कुनै कुनै बोटमा फल लाग्दैन। फल नलाग्ने बोटले पराग र वीर्य प्रदान गर्दछन्। तर कुनै लप्सीको वनमा एउटा पनि भाले बोट भएन भने अरू बोटमा पनि फल लाग्दैन। पोथी लप्सीका फूल थारो अवस्थामै झरेर जान्छन्।**

●●●

त्यत्तिकै विलाएर जान्छ। दोस्रो, शुक्रकीट बीज बन्ने वास्तविक अण्डसँग समावेश हुन पुग्छ। त्यही अण्ड भ्रूण बन्छ र बिरुवाका मौलिक बीउको रूपमा स्थापना हुन्छ। त्यस भ्रूणको लागि खाद्य पदार्थको आवश्यकता पर्दछ। त्यसका लागि तेस्रो शुक्रकीटले अण्डभित्रको अर्के दुईवटा सहायक जीवाणु केन्द्र (nucleus) सँग संसर्ग गरेर खाद्यवस्तु तयार गर्दछ। हामीले खाने नरिवलको दूध त्यस्तै खाद्यपदार्थ हो। चामल, मकै, भटमास, बदाम, काजु वा कटुस आदि सबै खाद्य पदार्थ त्यही भ्रूणखाद्य (endosperm) बाट प्राप्त हुने हो।

यसरी फूल फुल्ने बिरुवामा दोहोरो गर्भाधानको प्रावधान हुन्छ। एकले भ्रूण तयार गर्छ, अर्कोले त्यसको खाना। प्राणीजगतमा यस्तो हुँदैन। त्यहाँ शुक्रकीटको सङ्ख्या तीन होइन अनगिन्ती हुन्छ तर एउटैले मात्र गर्भाधान कार्य गर्न सफल हुन्छ। एक स्वस्थ मानिसबाट प्रत्येक सम्भोगमा २० देखि ६० करोड शुक्रकीट प्रवाहित हुन्छन्; तर गर्भाधान एउटाको मात्र उपयोग हुन्छ। मानिस, पशुपन्छीमा सामान्यत: एक ज्यानले एकपटकमा धेरै सन्तान जन्माउन सक्दैन; तर बिरुवामा त्यसो हुँदैन। त्यहाँ विभेद ठूलै देखिन्छ। एउटा आँपमा एउटै बियाँ वा कोसा हुन्छ। त्यसबाट एउटै बोट हुर्किन्छ। बदाम, भटमास वा केराउका कोसामा दुई-चार वटा वा अलि बढी बीउ हुन्छन्। त्यस्तै सिमलको कोसा फुट्दा कैयौं विजनहरू उडेर छताछुल्लै हुन्छन्। सुनगाभाका फूलमा सयौं बीज हुन्छन्। वनस्पति प्रजाति अनुसार बीजको सङ्ख्या घटबढ हुन्छ। फूलबाट उत्पादन हुने बीउ र त्यसबाट हुर्कने बिरुवाका लागि छोरा र छोरीको झञ्झट हुँदैन। प्राय: प्रत्येक बिरुवा वा प्रत्येक फूलमा नै भाले र पोथी अवयव हुन्छन्। त्यसमा थोरै अपवाद पनि छ। जस्तै: लप्सीको भाले बोट र पोथी बोट भिन्नाभिन्नै हुन्छन्। त्यसैले कुनै कुनै बोटमा फल लाग्दैन। फल नलाग्ने बोटले पराग र वीर्य प्रदान गर्दछन्। तर कुनै लप्सीको वनमा एउटा पनि भाले बोट भएन भने अरू बोटमा पनि फल लाग्दैन। पोथी लप्सीका फूल थारो अवस्थामै झरेर जान्छन्।

फूलको कुरा गर्दा बगैंचामा सिंगारिने अनगिन्ती प्रकारका फूल, तिनका सुवास एवं सौन्दर्यलाई थोरै भए पनि कोट्याउनुपर्ने हुन्छ। आजभोलिका बगैंचामा अथवा स-साना बाटिकामा रोपिने फूलका बिरुवा प्राकृतिक रूपमा भेट्न गाह्रो छ। वैज्ञानिकले र मालीहरूले तिनलाई विभिन्न तरिका अपनाएर प्राय: कृत्रिम बनाइसकेका हुन्छन्। तिनका फूलमा बीउ लाग्दैन। यसको ज्वलन्त उदाहरण गुलाब हो। गुलाबका अनेकौं रुप र रङ हुन्छन् बगैंचामा; तर त्यस्ता गुलाबमा भमरा वा माहुरी झुम्मिँदैनन् किनभने त्यहाँ परागसेचनको अवसर हुँदैन। ती गुलाब नपुंसक हुन्छन्, थारो हुन्छन्। तैपनि प्रेमको प्रतीक बनेर 'भ्यालेन्टाइन'मा अत्यधिक प्रयोग भने यसकै हुँदै आएको छ। बीउ लाग्ने फूलहरूमा पनि ज्यादातर वर्णशङ्करका बीउ हुन्छन् र ती बीउबाट राम्रो फूल फुल्दैन। यस्तो व्यापारिक चलाखी पुष्पबजारमा व्याप्त छ। जेहोस्, फूल भनेपछि तिनलाई प्रकृतिको वरदान नै सम्झन्छौं हामी।

नेपालमा ६,५०० भन्दा बढी प्रजातिका फूल पाइन्छन्। नेपालको वनस्पति वैभव अर्थात् *फ्लोरा अफ नेपाल* सम्पादनका क्रममा यी वैज्ञानिक तथ्यहरू अङ्कित छन्। ती सबैमा बीउ लाग्छन्। लेकाली बुकीपाटनका फूल हुन् वा मधेश तराईका वन फूल; तिनलाई बगैंचामा फुलाउने काम भने ज्यादै न्यून छ। काठमाडौंको बगैंचामा फुल्ने फूलहरूको कुरा गर्दा ९७ प्रतिशतभन्दा बढी फूल आयातीत हुन्। लालुपाते, सयपत्री, मखमली, गुलाब, गोदावरी, बैगनबेली, नीलो शिरीष, रातो कल्की वा पहेंला काँगियो सबै विदेशी हुन्, अतिथि हुन्। काठमाडौंको पुष्पमेला वा प्रदर्शनीमा गयौं भने हाम्रा रैथाने नेपाली फूलका बिरुवा प्राय: शून्य नै भेटिन्छन्। त्यसैले वास्तविक नेपाली फूलको रसस्वाद बगैंचामा होइन वनमा या बुकीपाटनमा मात्र गर्न सकिने अवस्था छ। र, ती सबै फूल रजोगुण सम्पन्न सृष्टिका प्रतीक भई फुल्दछन्। 📖

# See the world differently this morning.

## The best global and local news, in one simple package.

**Subscribers will get**

**free access to NYTimes.com**

Call : 4268656 subs@myrepublica.com



भरत अधिकारी

# हामी कति सभ्य ?

**विश्व स्वास्थ्य सङ्गठन र युनिसेफको *संयुक्त अनुगमन प्रतिवेदन-२010* अनुसार चर्पी बाहिर दिसा गर्ने देशमध्ये नेपाल विश्वमा आठौं स्थानमा पर्दछ। यो तथ्याङ्कले हामी आधुनिक सभ्यताको दौडमा अझै निकै पछि छौं भन्ने कुरा देखाउँछ।**

नेपाल सरकारले २०६७ मा प्रकाशित गरेको तथ्याङ्कअनुसार ४३ प्रतिशत नेपाली मात्र चर्पी प्रयोग गर्ने गर्दछन्। यसको अर्थ अझै पनि प्रत्येक दिन १ करोड ५० लाख नेपाली खुल्ला ठाउँमै दिसापिसाब गर्छन्। विश्व स्वास्थ्य सङ्गठन र युनिसेफको *संयुक्त अनुगमन प्रतिवेदन-२010* अनुसार चर्पी बाहिर दिसा गर्ने देशमध्ये नेपाल विश्वमा आठौं स्थानमा पर्दछ। यो तथ्याङ्कले हामी आधुनिक सभ्यताको दौडमा अझै निकै पछि छौं भन्ने कुरा देखाउँछ।

पाँच वर्षअघि धादिङ जिल्लाको कार्कीडाँडाका केटाकेटीले 'खुल्ला ठाउँमा दिसा, यमराजको भिसा' भन्दै लगाएको नारा तुकबन्दी मात्र होइन, तथ्यहरूले देखाएको सत्य पनि हो। युनिसेफका अनुसार झाडापखालाजन्य रोगव्याधीले प्रत्येक वर्ष पाँच वर्ष उमेर नपुगेका १०,५०० नेपाली बालबालिकाको ज्यान लिने गर्दछ। अर्थात् हरेक दिन औसत २९ जना नेपाली बालबालिका मर्छन्। तर यो 'मौन क्षति'लाई सरकार या सञ्चारमाध्यम कसैले पनि गम्भीरतापूर्वक लिने गरेको पाइँदैन।

चर्पी, दिसापिसाब जस्ता शब्दलाई हामी फोहोरी मान्छौं र यस्ता विषयमा छलफल गर्न पनि रुचाउँदैनौं। सरसफाइ प्रवर्द्धनमा लागेका व्यक्ति र संस्थाहरूले यस्तो चर्चा गरिहाले भने पनि त्यसलाई उनीहरूको 'ड्यूटी'का रूपमा मात्र लिइन्छ। त्यसैले शिक्षक, विद्यार्थी, पत्रकार, कर्मचारी सबैले सरसफाइका लागि आवाज नउठाएसम्म यो विषय उपेक्षामा नै परिरहने निश्चित छ।

हालसम्म सरसफाइको मुख्य सूचक 'चर्पी सङ्ख्या' मात्र मानिए तापनि सरसफाइ भनेको चर्पीमा दिसा गर्नु मात्र होइन। चर्पीको उचित प्रयोग, सरसफाइ र आवश्यक परेका बेलामा ठीकसित साबुन-पानीले हात धुने, नुहाइधुवाइ गर्ने, सफा खानेकुरा खाने जस्ता स्वच्छताका अन्य पक्षहरू पनि सरसफाइको अवधारणाभित्रै पर्छन्।

## सरसफाइ र जीवनको मूल्य

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)का अनुसार २०६६ सालको बर्खायाममा जाजरकोटलगायतका मध्यपश्चिमका पहाडी जिल्लाहरूमा फैलिएको झाडापखालाले तीन महिनाको अवधिमा ४७४ जनाको ज्यान लियो। यो महामारीबाट जाजरकोट जिल्लामा मात्रै २३६ जनाको मृत्यु भयो, जबकि एकदशक लामो सशस्त्र द्वन्द्वकालमा यो जिल्लामा २०९ जना मात्र मारिएका थिए। तर पनि; सरसफाइलाई प्राथमिकता दिने कुरामा हामी अझै उदासीन छौं।

रुढिवादी चालचलनले पनि हामीलाई सुग्घरी हुनदिएको छैन। तराईका कतिपय गाउँमा महिलाहरू दिनको उज्यालोमा दिसापिसाब गर्न पाउँदैनन्। घरमा चर्पी नहुने भएकाले घाम नझुल्कँदै वा घाम अस्ताइसकेपछिको अँध्यारोमा घरबाट निस्कन बाध्य यी 'उज्यालोका कैदीहरू' जङ्गली जनावरको वा बलात्कारको सिकार भएका समाचारहरू पनि आउने गर्छन्। कतिपय ठाउँमा ससुरा-बुहारी वा जेठाजु-बुहारीले एउटै चर्पी प्रयोग गर्नुहुँदैन भन्ने चलन समेत छ। जे जस्ता कारणले भए पनि चर्पीमा दिसा गर्ने चलन नहुँदा नेपालीहरूको स्वास्थ्य र आत्मसम्मानमा चोट पुगिरहेकै छ।

नेपाल सरकारले एकदशकअघि गरेको अनुमान अनुसार, सरसफाइको अभावले लाग्ने रोगव्याधीबाट मानिस बिरामी हुँदा उसको उपचारमा लाग्ने धनराशि, खेर जाने उत्पादनशील कार्य-दिन तथा उसलाई रेखदेख गर्ने मानिसको समयको समेत हिसाब गर्दा प्रत्येक वर्ष रु.१० अर्ब बराबरको घाटा हुने गरेको छ।

## महिला बढी पीडित

लामो दूरीको यात्रामा होस् वा विद्यालय र अन्य सार्वजनिक स्थानहरूमा, शौचालय सुविधा नहुँदाको सबैभन्दा ठूलो मार महिलाहरूलाई पर्दछ। पुरुषलाई जता पनि उभिन वा बस्न छुट छ, तर महिलाहरूले छेलिने ठाउँ भेट्न पनि गाह्रो हुन्छ। चर्पीको सुविधा नभएका विद्यालयका किशोरी छात्राहरू महिनावारी हुँदा पढाइ माया मारेर घरै बस्न बाध्य हुन्छन्।

## चुनौतीपूर्ण बन्दैछ सरसफाइको लक्ष्य

सरकारले २०७३ सालसम्ममा सबै नेपालीलाई आधारभूत सरसफाइ र खानेपानीको सुविधा उपलब्ध गराइसक्ने लक्ष्य राखेको छ। यो लक्ष्य तोकिएपछिको करिब एकदशक ठोस उपलब्धि विना नै बितिसक्यो। लक्ष्य पूरा हुने अवधि पाँच वर्ष बाँकी रहँदा सरकारले




**एउटा हिसाब गरेर हेरौँ– हरेक २४ घण्टामा १५ मिनेटका दरले चर्पीमा बिताउने मानिसले ६५ वर्षको उमेरसम्ममा चर्पीभित्र मात्रै २४७ दिन बिताउँदोरहेछ। तर हामीले जीवनको यति लामो समय बिताउने ठाउँको सरसफाइको अवस्था कस्तो हुन्छ ? अझ विद्यालयहरूमा चर्पीको अवस्था अति नाजुक हुन्छ।**

बल्लतल्ल यतिखेर सरसफाइसम्बन्धी गुरुयोजना पारित गरेको छ। तर गुरुयोजना पारित हुँदैमा लक्ष्य पूरा हुनसक्दैन। दुई-चार वर्षअघिदेखि गाउँ, टोल र गाविसलाई खुला दिसामुक्त क्षेत्र बनाउने अभियान त शुरु भएका छन् तर त्यतिकै भरमा लक्ष्य हासिल हुनसक्ने देखिँदैन। ३९०० भन्दा बढी गाविसमध्ये हालसम्म १३८ गाविस र दुईवटा जिल्ला मात्र खुला दिसामुक्त क्षेत्र घोषित भएका छन्। तर ती क्षेत्रमा पनि समग्र सरसफाइको अवस्था सन्तोषजनक र दिगो किसिमको छ भन्ने कुरामा ढुक्क हुन सकिने अवस्था छैन।

### सरसफाइको क्षेत्रमा भएका प्रयास र उपलब्धि

सरसफाइको अवस्था उत्साहजनक नभए पनि केही आशलाग्दा कामहरू भने भएका छन्। सबैभन्दा महत्त्वपूर्ण कुरा नयाँ संविधानको मस्यौदामा खानेपानी र सरसफाइको सुविधालाई नागरिकको मौलिक अधिकारका रूपमा संलग्न गरिएको छ। नयाँ संविधान जारी भएको खण्डमा सरसफाइ नागरिकको मौलिक अधिकार हो भन्ने कुराका लागि कुनै अदालती व्याख्याको आवश्यकता पर्ने छैन।

केही वर्षदेखि सरसफाइका लागि बजेट विनियोजन हुन थालेको छ। 'एक घर एक चर्पी' कार्यक्रमलाई सरकारले अङ्गीकार गरेको छ। गाविस तथा जिल्लाहरू खुल्ला दिसामुक्त क्षेत्र घोषणा गर्ने कार्ययोजना बनाउन लागिपरेका छन्। जाजरकोटमा फैलिएको महामारीपछि सरकारका विभिन्न मन्त्रालय र विभागबीच थोरै भए पनि समन्वय बढेको छ। कुरा यति मात्र हो, यी प्रयास पनि पर्याप्त छैनन्। सबैको चासो र सक्रियताले मात्र सरसफाइको लक्ष्य पूरा हुनसक्छ।

### विश्व चर्पी दिवस र सरसफाइ

दिनैपिच्छे जस्तो मनाइराखिने 'दिवस'हरूको लहरमा सन् २०१० देखि थपिएको चर्पी दिवस नामैले त्यति रमाइलो नलाग्न सक्छ। तर सिङ्गापुरमा स्थापित विश्व चर्पी सङ्गठनको आह्वानमा प्रत्येक वर्ष नोभेम्बर १९ का दिन मनाइने यो दिवसले 'चर्पी'को महत्त्व सम्झाउने काम भने गर्दै आएको छ। चर्पी दिवसको सन्दर्भ पारेर अरू बेला चर्चा नगरिने केही कुराहरू हामी विद्यार्थी भाइबहिनी र उनीहरूका अभिभावकसँग गर्न सक्छौं। एउटा हिसाब गरेर हेरौं- हरेक २४ घण्टामा १५ मिनेटका दरले चर्पीमा बिताउने मानिसले ६५ वर्षको उमेरसम्ममा चर्पीभित्र मात्रै २४७ दिन बिताउँदोरहेछ। तर हामीले जीवनको यति लामो समय बिताउने ठाउँको सरसफाइको अवस्था कस्तो हुन्छ? अझ विद्यालयहरूमा चर्पीको अवस्था अति नाजुक हुन्छ। यो अवस्थामा सुधार ल्याउन यो दिवसले हामीलाई केही तातो लगाउन सक्छ कि? विद्यालयमा छात्र र छात्राका लागि बेग्लाबेग्लै चर्पी बनाउने, शिक्षक/शिक्षिकाले पनि छात्रछात्राले प्रयोग गरेकै चर्पी प्रयोग गर्ने, प्रत्येक विद्यार्थीले आ-आफ्ना घरमा चर्पी बनाउन अभिभावकलाई अनुरोध गर्ने खालका काम त विद्यालयबाटै शुरु गर्न सकिन्छ।

सरसफाइ र स्वच्छताको महत्त्वबारे विद्यालय तहदेखि नै स्तरीय पाठ्यक्रम तर्जुमा गर्ने, चर्पीलाई आवश्यकता मात्रै नभएर मानिसको प्रतिष्ठासँग पनि जोडेर हेर्ने चलनको विकास गर्नु आवश्यक छ। सरसफाइका लागि आज गरिएको '१ रुपैयाँ लगानीले ९ रुपैयाँ प्रतिफल दिन्छ' भन्ने विश्व स्वास्थ्य सङ्गठनको अनुसन्धान प्रतिवेदनको निष्कर्षलाई सरकारी पक्ष र सरोकारवालाहरूले मनन गर्नुपर्दछ। हामीकहाँ चर्पीको उचित प्रयोग गर्ने चलन भइदिएको भए धेरै नेपालीले अकालमा ज्यान गुमाउनुपर्ने थिएन।

राम्रो कुराको अनुसरण गर्न हिच्किचाउनुहुँदैन। भारतमा राष्ट्रपतिद्वारा खुला दिसामुक्त समुदायहरूलाई दिइने 'निर्मल ग्राम पुरस्कार'ले त्यहाँका हजारौं समुदायहरू छोटै अवधिमा सरसफाइको बाटोमा अघि बढेका छन्। यस्ता उदाहरणलाई हेरेर हामीले पनि राज्य स्तरबाटै सरसफाइ प्रवर्द्धनका उत्प्रेरणामूलक कदमहरू चाल्न सके र नागरिक समाजबाट समेत सरसफाइलाई मानिसको प्रतिष्ठाको विषय बनाउन सके सरसफाइको लक्ष्य पूरा गर्न ठूलो बल मिल्नेछ।

# राष्ट्रिय दलित आयोग सम्बन्धी प्रस्तावित विधेयक, २०६६

## १. प्रस्तावना

राष्ट्रिय दलित आयोग सम्बन्धी प्रस्तावित विधेयकको प्रस्तावनामा सशक्तिकरण, सार्वजनिक सहभागितामा वृद्धि, राष्ट्रिय मूलप्रवाहमा समाहित गराउने जस्ता कुरामा बढी जोड दिइएको छ। विधेयक संशोधनको यो प्रस्तावमा दलित समुदायको मानवअधिकारको संरक्षण गर्ने विषयलाई स्पष्ट रूपमा उठाइएको छ।

## २. परिभाषा

विधेयकमा जातीय भेदभाव र छुवाछूतको अलग-अलग परिभाषा गरिएको छ। यसलाई यसरी अलग गर्नु आवश्यक छैन। यो संशोधन प्रस्तावमा जातीय भेदभाव तथा छुवाछूतको एउटै परिभाषा गरिएको छ। तल दिइएको प्रस्तावित परिभाषालाई जस्ताको तस्तै राखिनु उचित हुन्छ:

"जातीय भेदभाव तथा छुवाछूत भन्नाले 'कुनै पनि व्यक्ति, समूह, संघ-संस्था, निकाय वा वर्ग समुदायले कसैलाई पनि जुनसुकै नियतले होस् जन्म, वंश, वर्ण, जातजाति, पेशा तथा जातीय उत्पत्तिका आधारमा कुनै पनि तरिकाले, कुनै पनि रूपमा, कुनै पनि स्थानमा जातीय भेदभाव तथा छुवाछूत, बहिष्कार, अस्वीकार, अवहेलना, अपमान, प्रतिबन्ध, निषेध, नाकाबन्दी, निष्कासन, जातीय प्राथमिकता वा यस्तै अन्य कुनै प्रकार वा तरिकाले जातीय भेदभाव तथा छुवाछूत वा कुनै पनि उपभोगका वस्तुहरू तथा सेवा-सुविधाहरू प्रयोग गर्नबाट बञ्चित गर्ने वा जन्म, वंश, जातजाति, पेशा तथा जातीय उत्पत्तिका आधारमा मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरूको उपभोग गर्न कमजोर बनाउने वा रोक लगाउने कुनै पनि जातीय भेदभाव तथा छुवाछूतजन्य व्यवहार' सम्झनुपर्दछ।"

## ३. आयोगको क्षमता र स्तर

आयोगमा कुन-कुन क्षेत्रबाट कस्ता व्यक्तिहरूलाई नियुक्त गर्ने, शैक्षिक योग्यता र कार्य अनुभव के कति हुनुपर्ने, गठन प्रक्रिया कस्तो हुने, कसले सिफारिस गर्ने, सरकारसँगको सम्पर्क कुन माध्यमबाट गर्ने, के कस्तो सेवा-सुविधा हुने भन्ने जस्ता कुराले आयोग कुन स्तरको र कस्तो क्षमताको बनाउने भन्ने कुरा निर्धारण गर्दछ। यही मापदण्डका आधारमा विद्यमान विधेयकमा राष्ट्रिय दलित अधिकार आयोग कस्तो बनाउन खोजिएको छ र कस्तो हुनुपर्दछ भन्ने विश्लेषण गरिएको छ:

**(क) आयोगको पदाधिकारी कुन समुदायको हुनेः** प्रस्तावित विधेयकको दफा ३(१)(क) मा आयोगका पदाधिकारी कुन समुदायका हुने भन्ने कुरा स्पष्ट छैन।

**सुझावः** विधेयकको दफा ३(१)(क) मा दलित आयोगको अध्यक्ष र सदस्यहरूका लागि दलित समुदायकै व्यक्ति हुनुपर्ने स्पष्ट व्यवस्था गरिनुपर्दछ।

**(ख) क्रियाशीलताको अवधि मापनः** अध्यक्षका लागि सात वर्ष र सदस्यहरूका लागि पाँच वर्ष दलित समुदायको हकहितको क्षेत्रमा क्रियाशील भएको हुनुपर्ने व्यवस्था अव्यावहारिक छ। यस प्रकारको क्रियाशीलता नाप्ने मापदण्ड के हो? यस्तो क्रियाशीलता कुन क्षेत्रमा हो भन्ने स्पष्ट भएमा मात्र मापन गर्न सकिन्छ। त्यस्तै प्रस्तावित विधेयकमा एक जना महिला र एकजना मधेशीको प्रतिनिधित्व सुनिश्चित गरिएको भए पनि कुन-कुन क्षेत्रबाट सदस्यहरूको प्रतिनिधित्व गराउने भन्ने बारेमा अन्योल छ। पेरिस सिद्धान्त अनुसार आयोगमा बहुल क्षेत्रको प्रतिनिधित्व वा समावेशीकरणको सुनिश्चितता गरिनुपर्दछ।

**सुझावः** मानवअधिकार, कानुन व्यवसाय, न्याय, प्रशासन, शिक्षण तथा प्राध्यापन, पत्रकारिता, अध्ययन अनुसन्धान, राजनीतिक तथा सामाजिक सेवाका क्षेत्रमा अध्यक्ष पदका लागि कम्तीमा दश वर्ष र सदस्य पदका लागि कम्तीका ७ वर्ष निरन्तर सेवा गरी अनुभव प्राप्त गरेको हुनुपर्ने व्यवस्था हुनुपर्दछ। यसका साथै दलित समुदायभित्रको आन्तरिक समावेशीकरका लागि कम्तीमा दुई जना दलित महिला र एक जना मधेशी दलितको अनिवार्य प्रतिनिधित्वको व्यवस्था गरिनुपर्दछ।

**(ग) नियुक्ति प्रक्रियाः** प्रस्तावित विधेयकको दफा ६ ले अध्यक्ष र सदस्यको नियुक्तिका लागि स्थानीय विकास मन्त्री वा राज्यमन्त्रीको अध्यक्षतामा राष्ट्रिय योजना आयोग (सम्बन्धित क्षेत्र हेर्ने) सदस्य र दलित समुदायको हकहितसँग सम्बन्धित क्षेत्रमा कार्यरत व्यक्तिहरूमध्ये नेपाल सरकारले तोकेको एकजना व्यक्ति सदस्य रहने गरी सिफारिस समिति गठन हुने र सोही समितिको सिफारिसमा नेपाल सरकारबाट नियुक्ति हुने व्यवस्था रहेको छ। समितिको कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुने व्यवस्था गरेको छ। तर समितिको छनोट र सिफारिस गर्ने प्रक्रिया स्पष्ट छैन। पेरिस सिद्धान्त अनुसार सरकारले आयोगलाई पर्याप्त आर्थिक कोष उपलब्ध गराउनुपर्ने र आवश्यक भौतिक पूर्वाधार तयार गरिदिनुपर्ने हुन्छ। तर प्रस्तावित विधेयकमा पर्याप्त आर्थिक कोष र भौतिक पूर्वाधारको कुनै सुनिश्चितता गरिएको छैन। बरु दफा १२(३) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ-संस्था वा व्यक्तिबाट रकम प्राप्त गर्नुअघि आयोगले नेपाल सरकारको पूर्व स्वीकृत लिनुपर्ने, दफा २६ ले आयोगले आर्थिक व्ययभार पर्ने विषयमा निर्णय गर्नुपूर्व अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने र दफा २७ मा आयोगले पारिश्रमिक तथा सुविधासम्बन्धी नियमहरू बनाउँदा नेपाल सरकारको परामर्श लिनुपर्ने व्यवस्था गरी आयोगलाई आर्थिक रूपमा राज्यले नियन्त्रण गर्ने प्रावधान राखेको छ। विधेयकको संशोधन प्रस्तावमा उक्त दफा १२(३) पूरै हटाउने प्रस्ताव गरिएको छ।

**सुझावः** विधेयकको दफा १२ मा आयोगलाई सरकारले पर्याप्त रकम उपलब्ध गराउने र आयोगले आवश्यकता अनुसार अन्यत्रबाट स्वतन्त्र रूपमा रकम जुटाउन सक्ने व्यवस्था राख्नुपर्दछ।

## ४. आयोगको काम, कर्तव्य र अधिकार

(क) विधेयकको दफा ९ ले आयोगलाई अनुगमन गर्ने, सिफारिस गर्ने, सुझाव पेश गर्ने, प्रभावकारी भए वा नभएको विश्लेषण गर्ने, कानूनी सहायता प्रदान गर्न आवश्यक व्यवस्था गर्ने, सार्वजनिक सुनुवाइ गर्ने र जनचेतना जगाउने अधिकार प्रदान गरेको छ।

**सुझावः** संशोधन प्रस्तावमा भएको देहायको व्यवस्थालाई विधेयकमा समावेश गर्नेः

- दफा ९(१): "दलित समुदायको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको प्रत्याभूति, उनीहरूको हकअधिकारको संरक्षण तथा सम्वर्द्धन, सशक्तिकरण र मूलप्रवाहीकरणका लागि सम्पूर्ण कार्य गर्ने" भन्ने वाक्यांश थप गर्ने।
- दफा ९(१)कः "मानवअधिकारको मापदण्डअनुसार दलित समुदायको मानवअधिकार, हक तथा हितका लागि कार्य भए/नभएको अनुगमन गर्ने र सो बमोजिम कार्य गर्न सरकार तथा आवश्यक सम्बन्धित सबैलाई सुझाव तथा सिफारिस गर्ने।"
- दफा ९(१)गः "कुनै अन्तर्राष्ट्रिय वा क्षेत्रीय महासन्धिको पक्ष बन्न नेपाल सरकारसमक्ष सिफारिस गर्ने।"

- दफा ८(१)छः "समुदायको हक, अधिकार तथा हितको संरक्षण तथा सम्वर्द्धन, सशक्तिकरण तथा मूलप्रवाहीकरणका लागि आवश्यक पर्ने कानुनका लागि कानुनी अनुसन्धान तथा" थप गर्ने।
- दफा ८(१)झः "आयोगको समन्वय र संलग्नतामा नेपाल सरकारले तयार गर्नेछ। उक्त प्रतिवेदन सम्बन्धित समिति/निकाय/नियोगमा पठाउनुभन्दा पहिले आयोगको अन्तिम राय लिनुपर्नेछ।" र "आयोगको सिफारिस बमोजिम नपठाएको पाइएमा सम्बन्धित समिति/निकाय/नियोगमा लेखिपठाउने" दफा ८(१) को उपखण्डहरूको मिलान गरी निम्नानुसारका उपखण्डहरू थप गर्नेः
- जातीय भेदभाव तथा छुवाछुतका घटनाको, दलित समुदायको हकअधिकार उल्लङ्घन, दुरुपयोग वा त्यसको दुरुत्साहन भएकोमा पीडित व्यक्ति आफैं वा निजको तर्फबाट कसैले आयोगसमक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारी वा आयोगको आफ्नै स्वविवेकमा त्यसको छानबिन तथा अनुसन्धान गर्ने, गराउने।
- नेपालमा दलित समुदायको समग्र स्थितिको समय समयमा समीक्षा गर्ने र प्रतिवेदन सार्वजनिक गर्ने।
- मानवअधिकार तथा दलित समुदायको हकअधिकार संरक्षण, सम्वर्द्धन, विकास, सशक्तिकरण तथा मूलप्रवाहीकरणका लागि कार्यरत गैर-सरकारी संघसंस्थाहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने, उनीहरूसँग समन्वय र सहकार्य गर्ने।
- दलित समुदायको हकअधिकारको उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालना गर्न उदासीनता देखाएमा त्यस्तो पदाधिकारीउपर ऐन बमोजिम कारबाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने।
- दलित समुदायका व्यक्ति, परिवार तथा सामूहिक रूपमा भएका जातीय भेदभाव तथा छुवाछूतका घटनाउपर अनुसन्धान तहकिकात गरी अदालतमा मुद्दा दायर गर्ने।
- दफा ८(३) मा "जातीय भेदभाव तथा छुवाछूतको घटनाको, दलित समुदायको हकअधिकार उल्लङ्घन, दुरुपयोग वा त्यसको दुरुत्साहन भएकोमा छानबिन तथा अनुसन्धान र" थप गर्ने र "आयोगलाई" पछि "अदालतलाई भएसरह" थप गर्ने र "देहाय" शब्दपछि "लगायतका" भन्ने शब्द थप गर्ने।
- दफा ८(८) को सट्टा दलित अधिकारको उल्लङ्घन, दुरुपयोग वा त्यसको दुरुत्साहनको दाबी समाविष्ट भएको कुनै अदालतमा विचाराधीन रहेको कुनै कारबाही सम्बन्धमा सम्बन्धित अदालतको अनुमति लिई अध्ययन वा छानबिन र अनुसन्धान गर्ने।

**दफा ८(८) पछि थप गर्नेः**

(१) **ध्यानाकर्षण गराउन सक्नेः**

(क) आयोगले दलित अधिकारको संरक्षण र सम्वर्द्धनसँग सम्बन्धित कुनै विषयमा आवश्यकता अनुसार कुनै निकाय वा पदाधिकारीको ध्यानाकर्षण गराउन सक्नेछ।

(ख) खण्ड (क) बमोजिम आयोगले ध्यानाकर्षण गराएकोमा सम्बन्धित निकाय वा पदाधिकारीले सो विषयमा आवश्यक कारबाही गरी आयोगलाई जानकारी दिनुपर्नेछ।

(ग) आयोगले माग गरेको सूचना, कागजात वा प्रमाण जानीजानी उपलब्ध नगराउने, आयोगको सिफारिस, आदेश वा निर्णय जानी जानी पालना नगर्ने, आयोगको कार्यमा जानी जानी असहयोग गर्ने वा आयोगले उपस्थितिको लागि बोलाएकोमा विनाकारण अनुपस्थित हुने पदाधिकारी उपर विभागीय कारबाही चलाउन आयोगले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

"तर दलित समुदायको हकअधिकारको उल्लङ्घन भएको बारे अदालतमा विचाराधीन मुद्दाका विषयमा सम्बन्धित अदालतको अनुमति लिई छानबिन गरी प्रतिवेदन पेश गर्न सक्नेछ" थप गर्ने।

(२) **नाम सार्वजनिक गर्ने र अभिलेख राख्नेः**

क) आयोगले दलित अधिकारको उल्लङ्घनका सम्बन्धमा गरेको सिफारिस, आदेश वा निर्देशनको जानी जानी पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम दलित अधिकार उल्लङ्घनकर्ताको रूपमा सार्वजनिक गर्नेछ।

(ख) आयोगले खण्ड (क) बमोजिम नाम सार्वजनिक गर्नुअघि त्यस्ता पदाधिकारी, व्यक्ति वा निकायलाई सफाई पेश गर्न पन्ध्र दिनको म्याद दिई लेखी पठाउनुपर्नेछ।

(ग) खण्ड (ख) बमोजिम लेखी पठाएकोमा म्यादभित्रै सम्बन्धित पदाधिकार, व्यक्ति वा निकायले सफाइ पेश नगरेमा वा पेश गरेको सफाइ मनासिव नदेखिएमा त्यस्ता पदाधिकारी, व्यक्ति वा निकायको नाम आयोगले खण्ड (क) बमोजिम सार्वजनिक गर्नेछ।

(घ) खण्ड (क) बमोजिम नाम सार्वजनिक गरेपछि आयोगले त्यस्ता पदाधिकारी, व्यक्ति वा निकायको नाम अभिलेख गरी राख्नुपर्नेछ।

(ङ) खण्ड (क) बमोजिम नाम सार्वजनिक गरिएको व्यक्तिलाई कुनै सार्वजनिक पदमा नयाँ नियुक्तिका लागि सिफारिस गर्दा सम्बन्धित निकायले खण्ड (घ) बमोजिमको अभिलेखलाई समेत आधार लिन सक्नेछ।

(च) खण्ड (क) बमोजिम नाम सार्वजनिक गरिएको पदाधिकारीलाई नयाँ जिम्मेवारी दिँदा निजको कार्यक्षमताको सम्बन्धमा सम्बन्धित निकायले खण्ड (घ) बमोजिम राखिएको अभिलेखलाई समेत आधार लिन सक्नेछ।"

(३) **छानबिन गर्नेः** कुनै पनि विषयको छानबिन र अनुसन्धान आयोग आफैंले वा नेपाल सरकारको निकाय वा कर्मचारी वा कुनै व्यक्तिमार्फत गर्न/गराउन सकिनेछ।

(४) **बहिर्क्षेत्रीय अधिकारः** आयोगले नेपाल बाहिर भएको दलित समुदायको अधिकार उल्लङ्घन, दुरुपयोग वा त्यसको दुरुत्साहनसम्बन्धी उजुरी ग्रहण गरी कारबाही चलाउन सक्ने।

(५) **मुद्दा दायर गर्न सिफारिस गर्नेः** दलित अधिकारको गम्भीर उल्लङ्घन, दुरुपयोग वा त्यसको दुरुत्साहन गरेको कारणले कुनै व्यक्तिका विरुद्ध मुद्दा चलाउनुपर्ने आवश्यकता भएको ठहर गरेमा आयोगले त्यस्तो व्यक्तिका सम्बन्धमा मुद्दा चलाउन महान्यायाधिवक्तासमक्ष सिफारिस गर्ने।

(६) **क्षतिपूर्ति दिन आदेश दिनेः** दलित मानवअधिकार उल्लङ्घन, दुरुपयोग वा त्यसको दुरुत्साहनबाट पीडित भएको व्यक्तिलाई आयोगले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिन आदेश दिन सक्ने।

- ऐन, नियम र व्यवहारमा संशोधन तथा सुधार गर्न सम्बन्धित निकायलाई सिफारिस गर्ने अधिकार।
- राज्य पक्ष भएको अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी अनुबन्धका आधारमा राष्ट्रिय कानुन, निकाय र व्यवहारलाई 'हार्मोनाइज' गर्न सिफारिस गर्ने।
- संयुक्त राष्ट्रसंघीय, क्षेत्रीय तथा अन्य देशका मानवअधिकार आयोगहरूसँग सहकार्य गर्ने।
- देशभित्रका राष्ट्रिय मानवअधिकार आयोग, महिला आयोग र अन्य अधिकार आयोगहरूसँग सहकार्य गर्ने।
- कुनै पनि निकायको सरकार दलित समुदायमा प्रभाव पार्ने सबै महत्त्वपूर्ण नीति सम्बन्धी मामलामा आयोगसँग अनिवार्य परामर्श गर्नुपर्ने।
- दलितसँग सम्बन्धी सम्पूर्ण संवैधानिक, कानुनी, नियमावलीले दिएको अधिकारको कार्यान्वयन सम्बन्धी अनुगमन गर्ने।
- आरक्षण, समानुपातिक प्रतिनिधित्व र क्षतिपूर्तिको अधिकार र नियुक्ति आदिको कार्यान्वयनको अनुगमन गर्ने।

(अधिवक्ता यामबहादुर किसानद्वारा नेपाल कन्स्टिट्युसन फाउण्डेसनका लागि तयार गरिएको यो अनुसन्धान तथा सुझावपत्रलाई महिला, जनजाति, मधेशी, युवा तथा अन्य क्षेत्रका दबाब समूहहरूको 'इनपुट'का आधारमा अन्तिम रुप दिइएको छ। यस सम्बन्धमा यो फाउण्डेसन राष्ट्रिय दलित आयोगका अध्यक्ष बिजुल विश्वकर्मा, सोही आयोग सचिव जीवन परियार, रञ्जु ठाकुर, टेक टमाटा, दीपक नेपाली, परशुराम घिमिरे, मधुसूदन तामाङ, किशोर विश्वकर्मा, गौरा नेपाली, भानु अधिकारी, फुर्पा तामाङ, अभिषेक अधिकारी तथा डा. विपिन अधिकारी समेतप्रति आभार व्यक्त गर्दछ।

*यो अध्ययन एसिया फाउन्डेसनको सहयोगमा गरिएको हो तर यसमा व्यक्त विचारले फाउन्डेसनको विचार र दृष्टिकोणलाई प्रतिनिधित्व नगर्न सक्छन्।)*

# *शिक्षक* का केही प्रमुख बिक्रेता/वितरक

१. दार्चुला
चौलानी पुस्तक पसल, गोकुलेश्वर
०९३-६९०३३८,९८४८८३७०११

२. बैतडी
सप्तसोदार सामान्य भण्डार
गोठलापानी
०९५-५२०५००

३. डडेलधुरा
तारापुञ्ज स्टेशनरी, बागबजार
०९६-४२०१९५, ९७४१-०४७५४०

४. कञ्चनपुर
महाकाली समाचार केन्द्र
महेन्द्रनगर
०९९-५२१६५३, ९८४८७-२१४८७
नेहा पुस्तक भण्डार, महेन्द्रनगर
०९९-५२४७५९, ९७४९-५०५८७३

५. हुम्ला
रोकाया सपिङ्ग सेन्टर,
सिमीकोट
०८७-६८००३२, ९८४८-३०९१९९

६. बझाङ
सगुन स्टेशनरी, चैनपुर
०९२-४२१२३२

७. डोटी
जगत पुस्तक पसल, पिपल्ला
०९४-४४००११, ९८४८४३१४६८
विष्णु सुमन पुस्तक पसल
मल्लोबजार, सिलगढी
०९४-४२०२४७, ९८४८४-३४७२६

८. कैलाली
नेपाल पुस्तक पसल, लम्की
०९१-५४०१३४, ९७४९०-००१३४
ज्योति बुक्स एण्ड स्टेशनरी
टीकापुर
०९१-५६०८१५, ९८५८४-२१५२०
प्रभात स्टेशनरी, धनगढी
०९१-५२३६७७, ९७४९०-७५४३६
बिपिन स्टेशनरी, धनगढी
०९१-५२१६१५
गणेश पुस्तक पसल, सुखड
९८४८४२५४४७
निलम न्यूज सेन्टर, अत्तरिया
०९१-५५०७३८, ९८५८४-२०७३८

९. बाजुरा
सृजना स्टेशनरी, मार्तडी
०९७-५४१०३४, ९७५९०-
०२२६२,९८४८-४३२२६३

१०. अछाम
भावुक स्टेशनरी, साँफेबगर
०९१-६९५७६५, ९७४१-११९२९७

११. मुगु
त्रिशक्ति स्टेशनरी सेन्टर,
गमगढी
०८७-४६००२९, ९८५८-९०००२७

१२. जुम्ला
शाही जनरल स्टोर, खलङ्गा
०८७-५२००५८, ९८४८३-००९८०

१३. कालीकोट
बराल विजनेश सेन्टर
मान्म, कालिकोट
०८७-४४००४२

१४. दैलेख
शर्मा स्टेशनरी, नयाँबजार
०८९-४२००७४, ९८४८०-६२८९६,
९७४८०-२१९५८

१५. जाजरकोट
मातृभूमि स्टेशनरी, जाजरकोट
०८९-४३०००२४, ९७४८०१४४१७

१६. सुर्खेत
सृष्टि पुस्तक पसल, बुद्धपथ
अल्फा स्टेशनरी, बुद्धपथ
०८३-५२११३७, ९८४८०-
५०६८३/३११६२
न्यू प्रभात स्टेशनरी, बुद्धपथ
०८३-५२००७५, ९८४८०-३९९०५
